बुद्ध धर्म र आधुनिक विज्ञान

बौ.द.४३६

सम्पादक तथा अनुवादक

आर. बि. वन्द्य

प्रकाशक

नन्द सिद्धि गुभाजु

चौ. द. 436

[illegible]

बुद्ध धर्म र आधुनिक विज्ञान

Presented by:
Nanda Siddhi
Kathmandu

सम्पादक तथा अनुवादक
आर. बि. वन्द्य

प्रकाशक
नन्द सिद्धि गुभाजु

प्रकाशक

नन्द सिद्धि गुभाजु
मखं बही, मखन टोल
काठमाडौं, नेपाल ।
फोन : २२१८८०

प्रथम संस्करण १००० प्रति

सर्वाधिकार सम्पादकमा सुरक्षित

Acc. 9069/1061

बुद्ध सम्बत्	–	२५३१
नेपाल सम्बत्	–	११०७
विक्रम सम्बत्	–	२०४४
ईश्वी सम्बत्	–	१९८७

मुद्रक

शारदा प्रिन्टिङ्ग प्रेस
२१३, न्हूसाल (धर्मपथ);
काठमाडौं, नेपाल
फोन : २२२५२७

बुद्ध धर्म संघ

प्रकाशक

नन्द सिद्धि

श्रीमती कयो मय्जु

यं परे सुखतो आहु तदरिया आहु दुक्खतो ।
यं परे दुक्खतो आहु तदरिया सुखतो विदू ।।

(सुत्तनिपात)

अर्थ

साधारण लोकजनले जुन कुरालाई सुख भनी भनिआएका छन् । त्यसलाई आर्यहरू र सन्त सत्पुरुषहरूले दु:ख भनी भनेका छन् ।

विषय सूची

विषय	पृष्ठ
प्राक्कथन	क
शुभेच्छाका दुई शब्द	ज
मन्तव्य	ञ
दुई शब्द	ठ
प्रकाशकीय निवेदन	न
बुद्ध वाणी — अनु. आर. बि. वन्द्य	१ – ९
बौद्ध धर्मका प्राथमिक सिद्धान्तहरू — अनु. आर. बि. वन्द्य	१० – ३८
धर्म र विज्ञान — अनु. आर. बि. वन्द्य	३९ – ४८
बुद्ध धर्म र अन्य वाद बीचका भिन्नताहरू एक परिचय — अनु. आर. बि. वन्द्य	४९ – ११०
बुद्ध धर्म र आधुनिक विज्ञान	१११ – १४९
शुद्धिपत्र	

समर्पण

नेपालमा सद्धर्मको संरक्षण, सम्बर्द्धन र प्रवर्द्धनको कार्यमा

आफ्नै किसिमले

सतत: प्रयत्नशील रहनु भएका

प्रात: स्मरणीय

महोपकारी पूज्य दिवंगत पिता

श्री चिढी रत्न शाक्यको

पुण्य स्मृतिमा सादर

साञ्जलो समर्पित

आर. बि. वन्द्य

प्राक्कथन

बुद्ध शासनलाई उन्नति वृद्धि गरी जगत संसारका सत्व प्राणीको हितार्थ जिन शासनलाई चिरस्थायी बनाइराख्ने पुनित उद्देश्यले विभिन्न समयमा बौद्ध विद्वान्हरूले आ–आफ्ना राष्ट्रिय भाषामा बुद्ध धर्मका ग्रन्थहरू लेख्ने र अनुवाद गर्ने कार्यमा बेला बेलामा विशेष ध्यान दिइआएको देखिन्छ ।

श्री आर. बि. वन्द्यज्यूले पनि त्यही आदर्श र परम्पराको अनुशरण गर्दै विशेष गरीकन आजकलका शिक्षित युवा पिंढीलाई शुद्ध बुद्ध धर्म अववोध गराउनको लागि अनेक बौद्ध विद्वान्हरूका रचनालाई संग्रह गर्नु भई राष्ट्र भाषा नेपालीमा अनुवाद गरी यो पुस्तक प्रकाशनमा ल्याउनु भएको छ ।

आधुनिक पश्चिमी सभ्यता र शिक्षा दिक्षाको प्रभावको कारणले गर्दा आजकलका शिक्षित युवा वर्ग पुराना ग्रन्थ र परम्परालाई स्वत: अकाट्य प्रमाण मान्न स्वभावत: हिच्किचाउँछन् । उनीहरू आफ्ना पौराणिक ग्रन्थहरूमा लेखिएका कुराहरूलाई पनि आफै अध्ययन र अनुसन्धान गरी तिनका सत्यता र तथ्यताको परीक्षण गरीकन मात्र ग्रहण वा परित्याग गर्न रूचाउंछन् । आजका शिक्षित युवाहरू स्वर्गको आकर्षण र नरकको भयको कारणले होइन धर्म र दर्शनको वैज्ञानिकता, सत्यता, उपादेयता र नैतिक मूल्य र सार्थकताको आधारमा अनुशरण र अनुकरण गरिनु पर्दछ भन्ने मतमा वढी विश्वास राख्न मन पराउंछन् । आज अन्ध आस्तिकवाद होइन शृजनात्मक समालोचनाको कदर गर्ने प्रबृतिले बढ्दो मात्रामा प्रश्रय पाउने गर्दछ । कालामहरूलाई

उपदेश दिनु हुंदा स्वयं भगवान बुद्धले पनि धर्मको नाउंमा अन्ध आस्तिकवादलाई होइन अपितु श्रृजनात्मक अध्ययन र समालोचनात्मक दृष्टिकोणलाई बढी प्रोत्साहित गर्नु भएको आभास हामी पाउंछौं। किनभने तथागत अन्ध निष्ठा र अन्ध विश्वासलाई होइन प्रज्ञावानहरूको श्रृजनात्मक श्रद्धा र प्रबुद्ध आस्था र निष्ठालाई बढी कदर गर्नु हुन्थ्यो।

आधुनिक विज्ञानका नवीनतम खोज र आविष्कारहरूको आधारबाट उपलब्ध भएको नयाँ नयाँ ज्ञान र जानकारी संग पुराना धर्म र दर्शनका परम्परागत मान्यता र प्रचलनको तुलनात्मक अध्ययन र अनुसन्धान गर्नाले रूढीवादी मत र गलत सिद्धान्तमा आधारित मतमतान्तरलाई पन्छाई शुद्ध, परिष्कृत र स्वस्थ धर्म र परम्परालाई फलाई फुलाई अगाडि बढाउन र त्यस्ता धर्म र दर्शनको अनुशीलन, अनुशरण र परिपालन गराउन निकै नै मदत र सघाउ पुग्न जाने आशा र अपेक्षा गर्न सकिन्छ। भगवान बुद्धको धर्म बास्तवमा यथार्थवाद, कर्मवाद, हेतुवाद र विभज्जवादमा आधारित धर्म भएको हुंदा बुद्ध धर्मलाई वैज्ञानिक दृष्टिकोणबाट पनि अध्ययन अनुसन्धान गर्न सजिलो हुंदो रहेछ भन्ने कुरा याहाँ स्पष्ट हुन्छ। २५७६ बर्ष अघि सम्यक् सम्बुद्धले प्रतिपादन गर्नु भएको धर्म र दर्शन कति महान्, कति प्रगाढ र कति सार्थक रहेछ भन्ने तथ्य आधुनिक विज्ञानको नवीनतम खोज र ज्ञानसंग बुद्ध धर्मलाई तुलनात्मक रूपबाट अध्ययन गर्दा अरू स्पष्ट हुंदो रहेछ भन्ने सत्यलाई यस पुस्तकबाट प्रष्ट देखाउंछ।

प्रस्तुत पुस्तकको अध्ययनबाट के स्पष्ट हुन्छ भने आधुनिक विज्ञानले बुद्ध धर्मको कुनै पनि आधारभूत दर्शन र मान्यतालाई खण्डन गर्न सकेको छैन। केवल विज्ञानले बुद्ध धर्मको सत्यता र तथ्यलाई नै मात्र आफ्ना नवीनतम खोजबाट बढ्दो मात्रामा समर्थन गर्दै यस धर्म र दर्शनको प्रामाणिक विशेषतालाई बढ्दो मात्रामा उघार्दै गएको देखिएको छ।

विज्ञान र प्रविधिको हालसम्मको चमत्कारपूर्ण विकासको बावजूद पनि आधुनिक विज्ञानले बुद्ध धर्म र बौद्ध दर्शनको अनित्यवाद सम्बन्धी केही केही पक्ष र सिद्धान्तलाई नै मात्र हाल सम्म बुझ्न सकेको देखिएको छ। अनात्मवाद जस्तो बुद्ध धर्मको महत्वपूर्ण सिद्धान्तलाई त विज्ञानले अझै सम्म राम्ररी पत्ता लगाउन सकेको छैन। बुद्ध धर्ममा पञ्च इन्द्रीयले स्पर्श गर्न नसक्ने नाम धातुलाई मात्र वेदना, संज्ञा, संस्कार र विज्ञानको रूपबाट चार स्कन्धमा विभाजित गरी अनेक प्रकारको चित्त र चैतसिक-हरूको रूपमा तिनलाई सूक्ष्मातिसूक्ष्म रूपमा सविस्तार विभाजन र विश्लेषण गरिएको मात्र होइन कि रूप धातुलाई पनि पृथ्वी, आप, तेज, वायु र आकास जस्ता पञ्च महाभूतको रूपमा अति सूक्ष्मतर विस्तारका साथ विश्लेषण गरेर पनि नपुगी कर्म, चित्त, ऋतु र आहारबाट बनेका रूप कलापहरूको विस्तृत विश्लेषण गर्नाको साथै चतुर्महाभूतको अन्योन्याश्रितपनाको सविस्तार विभाजन र विश्लेषण गरी आधुनिक विज्ञानको भौतिक ज्ञान क्षेत्र भन्दा अझै पररहेको सूक्ष्मातिसूक्ष्म विश्लेषण गरिएको यस धर्ममा पाइन्छ। अनुवादक श्री वन्द्यज्यूबाट अनुदित "पञ्च आलोक" नामक पुस्तकको आद्योपान्त अध्ययन गर्नाले यस तथ्यलाई अझ स्पष्ट रूपमा बुझ्न सकिने छ।

बुद्ध धर्मको यसरी तुलनात्मक अध्ययनबाट के थाहा पाइन्छ भने भगवान सम्यक् सम्बुद्धको गोचर सामान्यजनको निम्ति अचिन्तनीय नै हुंदो रहेछ। त्यति मात्र होइन, ध्यानीको ध्यान विषय, कर्मको विपाक र लोकको उत्पत्ति विषय पनि सामान्य-जनको निमित्त अचिन्तनीय नै हुने भएकोले अचिन्त्य सूत्रमा भगवान बुद्धले यसरी भन्नु भएको हामी पाउंछौं।

अचिन्त्यं सूत्र

भिक्षुहरू! यी चार विषयहरू अचिन्तनीय छन्। यिनीहरू-को विषयमा चिन्तन गर्नु हुंदैन। यिनीहरूको विषयमा चिन्तन

गर्नाले उन्माद र चित्त-विघात अर्थात् नैराश्य मात्र प्राप्त हुन्छ। ती चार कुराहरू कुन कुन हुन् त ?

१) भिक्षुहरू ! बुद्धहरूका गोचर (बुद्ध विषय) अचिन्तनीय अविचार्य छ। यस विषयमा चिन्तन गर्नु हुंदैन। यस विषयमा चिन्तन गर्नाले उन्माद र नैराश्य, चित्त - विघात मात्र प्राप्त हुन्छ।

२) भिक्षुहरू ! ध्यानीजनको ध्यान विषय अविचार्य छ, अचिन्तनीय छ। यस बिषयमा चिन्तन गर्नु हुंदैन। यस विषयमा चिन्तन गर्नाले उन्माद र नैराश्य मात्र प्राप्त हुन्छ।

३) भिक्षुहरू ! कर्म-विपाक अचिन्तनीय, अविचार्य छ। यस विषयमा चिन्तन गर्नु हुंदैन। यस विषयमा चिन्तन गर्नाले उन्माद र नैराश्य प्राप्त हुन्छ।

४) भिक्षुहरू ! लोकको उत्पत्ति विषयको चिन्ता अचिन्तनीय, अविचार्य छ। यस विषयमा चिन्तन गर्नु हुंदैन। यस विषयमा चिन्तन गर्नाले उन्माद र नैराश्य, चित्त - विघात मात्र प्राप्त हुन्छ।

भिक्षुहरू ! यो चार विषयहरू अचिन्तनीय, अविचार्य छन्। यिनीहरूका विषयमा चिन्तन गर्नु हुंदैन। यिनीहरूका विषयमा चिन्तन गर्नाले लोकजनलाई उन्माद (पागलपन) र नैराश्य (चित्तको हार) मात्र प्राप्त हुन्छ।

(अंगुतर निकाय, चतुक्क-निपात, अपण्णक वर्ग ७ अचिन्तेय्य सूत्र)

बुद्ध धर्ममा नाम रूपको विषयमा गरिएको सूक्ष्मातिसूक्ष्म विश्लेषण, विभाजन र विवेचना पनि चर्म चक्षुको आधारमा गर्न सकिएको होइन। त्यो त दिव्य चक्षु-प्रज्ञा चक्षु-बुद्ध चक्षुबाट मात्र सम्भव भएको हो भन्ने तथ्य याहाँ बिर्सनु हुन्न।

श्री आर. बि. वन्द्यज्यूले वर्माका भूतपूर्व प्रधान मन्त्री श्री ऊ नु ज्यूले लेख्नु भएको रचनाको अनुवाद गरि राख्नु भएको छ भन्ने कुरा मैले सुनेको थिएँ। एकदिन श्री वन्द्यज्यूको घरमा जांदा यस विषयमा चर्चा गरें। उहाँले श्री ऊ नु ज्यूले लेख्नु भएको रचनाको अनुवादको साथै अन्य विभिन्न देशका बौद्ध विद्वान्‌हरूले लेख्नु भएका रचनाहरूको अनुवाद गरि राख्नु भएको रचनाहरूको संग्रहको पाण्डुलिपी नै ल्याई मलाई देखाउनु भयो। प्रकाशक कोही भए प्रकाशनमा ल्याउनुहोस् भनी सो पाण्डुलिपी नै मलाई सुम्पिदिनु भयो। म कहाँ पनि केही श्रद्धालु उपासक-हरूले केही गतिलो पुस्तक भए ह्रामी छापी दिन्छौं भनी भन्न आइराखेको हुंदा म त्यो पाण्डुलिपी लिई विहारमा आएं। ६, ७ महीना सम्म मेरो पनि कार्य व्यस्तताको कारणले मैले यस तर्फ कोशिस गर्न सकेको थिइन। त्यसपछि एक दुई जना इच्छुक व्यक्तिहरूसंग संम्पर्क राखी यस विषयमा कुरा गर्दा एउटै व्यक्तिले प्रकाशन गर्ने श्रद्धा त्यति व्यक्त भएको महशूस गरिन। एकदिन साहु श्री नन्द सिद्धिज्यू कहाँ गई यो पाण्डुलिपी एक पटक देखाएको थिएं। साहुजीले पुस्तक एक पटक आद्योपान्त हेर्छु भनि लिनु भयो। केही दिन पछि साहुजीको घरमा जाँदा उहाँ यो पुस्तक हेरी निकै प्रसन्न हुनु भई यो पुस्तक म प्रकाशित गर्छु भनी उहाँ सहर्ष अग्रसर हुनु भयो। म पनि हर्षले प्रफुल्लित भएं। युवा पिंढोका आजका शिक्षित समुदायको हितलाई ध्यानमा राखी सम्पादन गरिएको प्रस्तुत पुस्तकको प्रकाशनबाट बुद्ध धर्मको तुलनात्मक ज्ञान प्राप्त गर्न आजकलका शिक्षित युवा वर्गलाई निकै सघाउ पुग्ने हुनाले यो हर्ष एवम् सन्तोषको कुरो हुनु स्वाभाविक नै थियो। त्यस माथि यस पुस्तकमा संग्रहित भएको महत्वपूर्ण लामो रचनाका मूल लेखक वर्माका भूतपूर्व प्रधान मन्त्री श्री ऊ नु ज्यू ३, ४ महीना अघि काठमाडौं आई शेराटन होटेल-मा बस्नु हुंदा उहाँ संग भेटघाट हुंदा श्री ऊ नु ज्यूले आफू बुद्ध धर्मको प्रचारको सिलसिलामा हाल पश्चिमी देशहरूको भ्रमणमा

जान लागेको समाचार सुनाउनु हुँदै आगामी कार्तिक मार्ग महीना तिर पश्चिमको भ्रमणबाट फर्की नेपालमा केही दिन व्यतीत गर्ने कार्यक्रम भएको कुरा सुनाउनु भएको थियो । श्री ऊ नुञ्यू काठमाडौंमा पुनः पाल्नु हुंदा उहाँलाई यो पुस्तक एउटा पनि लेखक र प्रकाशकहरूका तर्फबाट उपहार स्वरूप प्रदान गर्न सकिने सुअवसर प्राप्त हुने कुरोले पनि म हर्षले प्रफुल्लित भएको थिएं ।

तिनताका नै धातु भेदानुपस्सना पुस्तक पनि साहु श्री नन्द सिद्धि गुभाजुकै तर्फबाट प्रकाशित हुन प्रेसमा गइरहेको थियो । त्यसैले यो पुस्तकको मुद्रण गर्ने काममा केही ढिलाई हुनु अस्वाभाविक थिएन । मैले पनि कार्यव्यस्तताको कारणले दुई तीन महीना सम्म पनि यस विषयमा खोज खबर लिन सकेको थिइंन ।

एक दिन काठमाडौंमा निमन्त्रणाको सिलसिलामा बाटोमा परी प्रस्तुत पुस्तकका सम्पादकको घरमा जाँदा थाहा पाएं पुस्तकको मुद्रण कार्य करीव करीव सकिनै लागेको रहेछ । प्रस्तुत पुस्तकका सम्पादक एवम् अनुवादक श्री वन्द्यज्यूले मुद्रित प्रति १ देखाउंदै मलाई यस पुस्तकको निम्ति प्रावकथन लेखिदिने आग्रह गर्नु भयो ।

श्री आर. वि. वन्द्यज्यूले विभिन्न बौद्ध विद्वान्हरूका अमूल्य रचनाहरूको संग्रह गर्नु भई अंग्रेजी भाषाका विभिन्न रचनाहरूलाई नेपाली भाषामा साह्रै स्तर युक्त अनुवाद गर्नु भई "बुद्ध धर्म र आधुनिक विज्ञान" को नामबाट एउटा महत्वपूर्ण पुस्तव को सम्पादन गर्नु भएको देख्ता उहाँलाई हार्दिक साधुवाद एवम् मंगल कामना व्यक्त नगरी रहन सक्तिन । प्रस्तुत पुस्तकले नेपाली भाषाको बौद्ध वाङमयमा एउटा ठूलो खांचोको पूर्ति गर्नमा निश्चय पनि एउटा महत्वपूर्ण सहयोग पुऱ्याएको छ भन्न सकिन्छ । भविष्यमा अन्य अमूल्य बौद्ध ग्रन्थहरूको अनुवाद कार्य पनि यसरी नै सम्पादन गर्दै जान सकोस् भनी हार्दिक शुभेच्छा पनि सम्पादकलाई दिन चाहन्छु ।

यस्तो अमूल्य बुद्ध धर्मको पुस्तक प्रकाशित गर्नु हुने साहु श्री नन्द सिद्धि गुभाजुज्यूलाई पनि म हार्दिक साधुवाद दिन चाहन्छु। भविष्यमा पनि यसरी नै अमूल्य बुद्ध धर्म र दर्शनका ग्रन्थलाई प्रकाशित गर्दै जान सकोस् भनी शुभ मंगल कामना व्यक्त गर्दछु।

प्रस्तुत पुस्तकका अनुवाद र सम्पादन देखि मुद्रण र प्रकाशन कार्य सम्ममा प्रत्यक्ष एवम् परोक्ष रूपमा सहयोग गर्ने सद्धर्मप्रेमी महानुभावहरू धन्यवादका पात्र हुनु हुन्छ।

यथापि रहदो गम्भीरो विपस्सन्नो अनातिलो।
एवं धम्मानि सुलौंन विप्पसीदन्ति पण्डिता॥

अर्थात्

अथाह गम्भीर तालको जल निर्मल काञ्चन भए जस्तै सद्धर्मको श्रवण गरो पण्डितजनले आ–आफ्ना चित्तलाई सुप्रसन्न राख्तछन् भन्ने बुद्ध वचनलाई स्मरण गर्दै भगवान बुद्धको प्रगाढ प्रज्ञा ज्ञानलाई जति सक्यो चाँडो जान्ने बुझने सदीच्छा राख्ने सद्धर्म पिपासु महानुभावहरूलाई "बुद्ध धर्म र आधुनिक विज्ञान" नामक प्रस्तुत पुस्तकको अध्ययनबाट निश्चय पनि केही आशा र विश्वासको संचार प्राप्त भई ठूलो हितोपकार प्राप्त हुने विश्वास मैले लिएको छु।

निब्बानस्स पच्चयो होतु।

अन्तर्राष्ट्रिय बौद्ध भावना केन्द्र
नयाँ बानेश्वर, संखमोल, कामाडौं।
२०४४ भाद्र २९ गते

भिक्षु बुद्धघोष महास्थविर
केन्द्रीय परीक्षा नियन्त्रक
नेपाल बौद्ध परियति शिक्षा

शुभेच्छाका दुई शब्द

"बुद्ध-वाणी" सबैको ध्यानाकर्षण गरिने शब्द हो। बुद्ध-तथागत सम्यक् सम्बुद्ध द्वारा उपदेशित अमृतोपदेशलाई बुद्ध-वाणी भनिन्छ। यस वाणीलाई श्रवण गर्ने शौभाग्य पाउँन सक्नु ठूलो भाग्यको कुरा हो। किनकि सद्धर्म श्रवण अति दुर्लभ छ। यस वाणी सुन्न लालायित प्राणीहरू मनुष्य मात्र होइनन् देव ब्रह्मादि समस्त भूमण्डलका पूजित मानित अग्रगण्य प्राणीहरू सबै यसमा सम्मिलित छन्। कारण यस वाणीमा सदैव उत्कृष्ट विशुद्ध सत्यताले भरिपूर्ण परम पवित्र अनुपम शान्तिको अविपरीत सन्देश प्रतिध्वनित भइराखेको छ जसलाई सबैले स्वानुभूतिपूर्ण खोजबीनद्वारा स्वयं साक्षात्कार गर्न सकिन्छ।

यो वाणीको प्रत्येक कुना कुनामा ज्ञानको ज्योति जगमगाउने बुद्धि, विवेक र सही प्रज्ञाको स्वच्छ, शीतल निर्मल आभा छरिएको छ। यथार्थ संकल्पको मार्ग दर्शन भरिएको छ। मन, वचन, कर्म सुधारको सन्देश वैरिएको छ। सम्यक् प्रयत्नको सही मूल्यांकन खोलिएको छ। सतत: जागरूकताको महिमा गाइएको छ। सुपरिशुद्ध मन मस्तिष्कको लागि नभई नहुने मन्त्रणा सुनाइएको छ र अनन्त भवचक्रबाट मुक्ति दिलाउने उपाय दर्शाइएको छ। तसर्थ यो वाणी अमूल्य छ।

यसै कुरालाई आलोकित पार्न अन्तर्राष्ट्रिय क्षेत्रमा बहुचर्चित, प्रतिष्ठित, कीर्ति सम्पन्न, बौद्ध धर्म विषयमा परिष्कृत मस्तिष्क-धारी विद्वान् लेखकहरू द्वारा परिमार्जित सार रूपमा रचित बुद्ध-वाणी विषय सम्बन्धी उच्चस्थ रचनाहरू संकलन गरी पाठक

वर्ग समक्ष प्रस्तुत गरिएको यो 'बुद्ध-वाणी' हो । यसमा उल्लेखित रचनाहरूको अध्ययन अन्वेषण चिन्तन मनन द्वारा बुद्ध वाणीको महत्व बुझन र सार पहिल्याउन पाठक वृन्दहरूलाई षतै कुनै कठिनाइ उत्पन्न हुने छैन । यसमा संकलित प्रत्येक रचनाहरू एक से एक अनुसन्धानात्मक, गम्भीर अर्थ प्रदर्शक, सूक्ष्म भाव वबोधक, तीक्ष्ण ज्ञान प्रवर्द्धक छन् । यसको सही मूल्यांकन भएको खण्डमा प्रत्येक नेपालीको लागि बुद्ध वाणी अववोध गर्ने क्षेत्रमा यो एउटा अनर्घ रत्न नै हुनेछ भन्नुमा कुनै आशंका जगाउनु पर्ने छैन ।

यस किसिमको पुस्तक प्रकाशमा ल्याई बुद्ध-वाणीको सही दृश्यावलोकन गराउन खोज्नु सानो कुशल कर्म यो होइन । अनेकन प्रज्ञा भूमि लाभको निमित्त अवश्यमेव यो ठूलो हेतु र प्रत्यय हुने छ । बुद्ध-वाणीको गहन अध्ययनमा सदा अभिरत श्री नन्द सिद्धि गुभाजुको अन्तरदृष्टिलाई हृदयंगम गर्दा वहाँको जस्तै विवेक पूर्ण विचारधारा र गतिशील क्रियाकलाप हाम्रा अन्य नेपाली पूर्खा-हरूमा पनि भइ दिएमा नेपालको अध्यात्म क्षेत्र भविष्यमा कति उज्ज्वल हुने होला, मिथ्या धारणा मिथ्या संकल्प हटाउन यसले कति सहयोग पुऱ्याउने होला, असहायलाई उत्साहित गर्न, अज्ञानी-लाई ज्ञान दिन, नीचलाई उठाउन र सज्जनलाई सुप्रतिष्टित पार्न कति सघाउ गर्ने होला भन्न सकिन्न ।

वस्तुतः वहाँ श्री नन्द सिद्धि गुभाजुकै प्रेरणाले यो 'शुभेच्छाका दुई शब्द' लेख्ने मौका मैले पाएँ । यसको लागि वहां प्रति म अत्यन्त आभारी छु । यस्तै यस्ता अमूल्य ग्रन्थ-रत्नहरू प्रकाशमा ल्याई नेपाली मात्रको आँखा सही दिशातिर ढ्घानमा उहाँ सदा सफलता पूर्वक अघि सरिरहन सकून् भन्ने शुभाकांक्षाका साथै यो दुई शब्द यहीं अन्त गर्न चाहन्छु ।

चिरं तिट्ठतु सद्धम्मो !

विश्व शान्ति बिहार — भिक्षु ज्ञानपूर्णिक
मीन भवन, नयाँ वानेश्वर ।
मितिः- २०४४/५/१९

मन्तव्य

विश्वमा जुनसुकै धर्मको प्रादुर्भाव विश्व शान्तिकै लागि नै भएको हो। आजको विश्वव्यापी आणविक शस्त्रास्त्रको होडवाजी, नक्षत्र युद्ध (स्टार वार) योजना, रासायनिक बर्षा इत्यादिको वढ्दो प्रकोपले मानव समुदायलाई तनावग्रस्त पारेको छ। यस्तो स्थितिमा विश्व शान्तिको लागि धर्म वाहेक अरू कुनै विकल्प देखिदैन। यसमा पनि बुद्ध धर्मले व्यापक तथा वैज्ञानिक रूपले विश्वलाई नै "बसुधैव कुटुम्बकम्" को पुनित भावनाले एकै सूत्रमा आबद्ध गरिराख्न सक्षम भएको हामी पाउंछौं। यस्तो धर्मको वैज्ञानिकता तथा अन्य धर्म समेतको तुलनात्मक अध्ययन प्रकाशन आजको सन्दर्भमा अपरिहार्य देखिन्छ।

"बुद्ध धर्म र आधुनिक विज्ञान" नामक प्रस्तुत पुस्तकमा विभिन्न देशका विशिष्ट विद्वान् महानुभावहरूका गहन लेखहरू संकलित छन्। आजको वैज्ञानिक युगमा मानिस यति यान्त्रिक भएको छ कि उसलाई ठण्डा दिमागले मानवको अस्तित्व र निदान वारेमा सोच्ने प्रवृति नै कहाँ छ? आज मानिस घरायसी समस्या देखि लिएर राष्ट्रिय तथा अन्तर्राष्ट्रिय समस्याले समेत जेलिएको छ। यस स्थितिमा आज पनि लगभग अढाई हजार वर्ष पूर्व नेपालका धरतिमा जन्मेर विश्वमा नै बुद्ध धर्म र दर्शनको कीर्तिमान राख्ने एशियाका ज्योति भगवान बुद्धका उपदेशहरू झन् वढी मननीय र उपादेय बन्न पुगेका छन्। विज्ञानले ल्याएको भौतिक सम्पदामा पञ्च शील र आर्य सत्यका जस्ता निर्देशक बुंदाहरूको समायोजन गर्न सकियो भने यही नै महान् उपलब्धि

हुनेछ। निःशस्त्रीकरण, अ-हस्तक्षेप र पारस्परिक सहयोगका अन्तर्राष्ट्रिय मान्यताहरूमा पनि बुध्द दर्शनका मूलभूत बुंदा बांचेकै जस्तो लाग्दछ। त्यसो हुनाले विज्ञान र प्रविधिसंग बुध्द धर्म र दर्शनका सारतत्वलाई समायोजन गर्नु आजको आवश्यकता छ।

उपर्युक्त सन्दर्भमा प्रस्तुत पुस्तकले दोहोरो भूमिका निर्वाह गरेको छ। यसले एकातिर विज्ञानको महत्व र उपादेयतालाई त्यतिकै आवश्यक भएको तथ्य पुष्टि गर्दछ भने अर्कातिर बुध्द धर्मद्वारा निर्देशित मानवीय मूल्य र विश्व भ्रातृत्वलाई साथमा समाहित गर्न खोजेको छ। यस खालको ग्रन्थलाई सकलनका रूपमा ल्याएर सम्पादक महोदयले नेपाली समाजलाई ठूलो गुण लगाउनु भएको सम्झेको छु।

साथै प्रस्तुत पुस्तकमा परेका गहन विचार र विवेकलाई नेपाली भाषाको माध्यमबाट बहुसंख्यक नेपाली समक्ष पुऱ्याउनु हुने विद्वान् लेखक श्री आर. बि. वन्द्यलाई धन्यवाद नदिई रहन सकिन्न। श्री वन्द्यज्यूले यस पुस्तक भन्दा अगाडि पनि बुद्ध धर्मको वैज्ञानिक विवेचना समावेश गरी केही महत्वपूर्ण पुस्तकहरू अनुवाद तथा सम्पादन गरी जन समक्ष प्रकाशनमा ल्याई सराहनीय योगदान पुऱ्याउनु भएको छ। यस खालको विज्ञान र ज्ञानको समायोजन गर्ने पुस्तकहरू प्रकाशित हुंदै जाउन् यही मेरो शुभकामना छ।

डा. रामेश्वर प्रसाद सिंह
अध्यक्ष,
प्राणी शास्त्र विभाग
अमृत क्याम्पस, त्रिभुवन
विश्व विद्यालय, काठमाडौं।

भाद्र शुक्ल एकादशी
१९–५–२०४४

दुई शब्द

आजको युग विज्ञानको युग हो। वैज्ञानिक चिन्तन, वैज्ञानिक खोज र आविष्कार, वैज्ञानिक सोचाइको युग हो। विज्ञान र प्रविधिको द्रुततर विकासले आज मानव जीवनको कुनै पनि पक्ष अप्रभावित, अछुटो रहन सकेको छैन। सामाजिक, आर्थिक, राजनैतिक, सांस्कृतिक, नैतिक र मनोवैज्ञानिक देखि लिएर धार्मिक र दार्शनिक क्षेत्रमा समेत आज वैज्ञानिक दृष्टिकोण, वैज्ञानिक पद्धतिको सोचाइ र वैज्ञानिक विश्लेषण र विवेचनाकै बढ्दो मात्रामा प्रयोग र परिपालना भइरहेको छ। आजका प्रबुद्ध जाग्रत शिक्षित समुदाय र अझ खास गरीकन आजका पश्चिमी शिक्षा र सभ्यताको पूर्ण प्रभावमा हुर्केका युवा पिंढीका बुद्धिजोवीजन त विज्ञान द्वारा सहमति र समर्थित नभएका कुनै पनि कुरालाई मान्न हम्मेसी तयार हुंदै हुंदैनन्। यो कुरा, यो प्रबृति र यो प्रवाह नेपाली युवा वर्गमा पनि उत्तिकै लागू हुन थालेको छ जति विश्वका अन्य युवा पिंढीलाई लागू हुने गर्दथ्यो। तसर्थ धर्म, संस्कृति र सभ्यताका उच्च सम्पदाका निकै धनी नेपाली युवा वर्गलाई आफ्ना पूर्खाले आर्जेर छाडेर गएको आध्यात्मिक सम्पदा तर्फ आकर्षित गर्ने हो भने रूढीवादी दृष्टि र आदेश उपदेशको जोर जुलुमको भरमा होइन प्राचीन धर्म र दर्शनको वैज्ञानिक महत्ता र उपादेयतालाई सम्झाई बुझाई एकोहोरो भौतिकबादी पश्चिमी सभ्यताको अन्धानुकरणको प्रबृति भन्दा आध्यात्मिक शान्ति लाभलाई परम पूज्य आदर्श मान्ने आफ्नै पुर्खौंली समुन्नत जीवन शैलीलाई समयानुकूल सुधार गर्ने

प्रवृति र परम्परा बढी श्रेयस्कर, बढी सामयिक र बढी सन्तुलित हुन सक्ने तथ्यको वोध गराउनु आवश्यक र उपयोगी हुने देखिन्छ। त्यसैले आज धर्म र दर्शनको अध्ययन र अनुसन्धानमा पनि वैज्ञानिक पद्धतिको उपयोग र प्रयोग सामयिक ठहर्छ।

विज्ञान र प्रविधिको अभूतपूर्व विकासले आज मानिसको हातमा अद्भूत भौतिक शक्तिको अथाह भण्डारको सांचो सुम्पेको छ। किन्तु आध्यात्मिक नियन्त्रणवाट सर्वथा मुक्त रहेका महत्वाकांक्षी भौतिकवादी व्यक्तिहरूको हातमा आज त्यस अपार शक्तिको सूत्र केन्द्रित हुन आएकोले विश्वका सम्पूर्ण मानव जातिको समुन्नति र विकासको लागि व्यापक रूपमा सदुपयोग हुन सक्ने त्यस ज्ञान, शीप र शक्तिलाई आज शक्ति पिपासु केही स्वार्थी तत्वहरूले आफ्नो मुट्ठीमा राखी शक्ति आर्जन र प्रदर्शनको औजारको रूपमा प्रयोग गरी विनाशकारी शस्त्रास्त्र निर्माणको होडवाजीमा दुरूपयोग गरेको कारणले आजको मानिस सुख शान्तिको वदला युद्ध, अशान्ति र तनाववाट सन्त्रस्त भएर वांच्न विवश भएको छ। भौतिक सम्पदाको भोगलाई नै मानव जीवनको अन्तिम उद्देश्य र उत्कृष्ट सभ्यताको सार हो भनी मान्ने भ्रम र मोहमा परेका मानिसहरूका हातमा आज विज्ञान र प्रविधिको अथाह शक्ति केन्द्रित हुन पुगेकोले वस्तुतः अहिले मानव सभ्यता मात्र होइन, मानव जीवनको अस्तित्व नै समेत खतरामा परिसकेको छ। आजको यस्तो गम्भिर खतराको परिस्थितिबाट मानव सभ्यतालाई जोगाउन संसार र जीवन प्रतिको यथार्थ दृष्टिकोणको सर्वथा खांचो छ। तसर्थ आजको भौतिकवादी शक्तिसम्पन्न मानिसलाई आध्यात्मिक दृष्टिकोण र धार्मिक विवेकको नियन्त्रणको सख्त जरूरत छ। जीवनको खास उद्देश्य र मनुष्यताको सही लक्षको यथार्थ पहिचान र सही दिशावोधको अत्यन्त खांचो छ।

याहाँ छेउ धर्म र दर्शनको ठूलो महत्व देखा पर्दछ। अपरापरिय वेदनीय कर्म र पुनर्जन्मवादको यथार्थतालाई बुझन

खोज्ने र कुशल कर्मले कुशल फल र अकुशल कर्मले अकुशल फललाई नै पैदा गर्दछ र मानिसले आफ्नो कर्मको बिपाक भोग्नैं पर्दछ भन्ने सत्य कुरा थाहा पाउने व्यक्तिबाट अनर्थकारी कार्य बढ्दै जान सक्दैन । विश्वका सम्पूर्ण हेतुद्वारा उत्पन्न वस्तुहरू मात्र नाशबान होइनन् कि मानव जीवन र सम्पूर्ण संस्कार नै पनि क्षण क्षण परिबर्तनशील स्वभाववाला अनित्य हुन् र स्वयं संसार नै अनित्यताका शिकार हुनाको कारणले दु:खमय छ भन्ने कुराको यथार्थ ज्ञान रहेका व्यक्तिबाट लोभ, द्वेष र मोह जस्ता अकुशल मूलहरूलाई अरू संरक्षण, सम्बर्द्धन र प्रवर्द्धन हुन कठिनै हुन्छ ।

बुद्ध धर्ममा संसारको अनित्यता, दु:खमय प्रकृति र अनात्म स्वभावको बारेमा यथार्थ रूपमा प्रज्ञा ज्ञानको विकास हुने गरी फारी फारीकन, केलाई केलाई, प्रत्येक नाम रूप धातु स्वभावलाई अलग अलग छुट्टिने गरी छुटचाई छुटचाई सविस्तार व्याख्यान, विश्लेषण र विवेचना गरिएको हुंदा शुद्ध बुद्ध धर्मको यथार्थ ज्ञान र प्रज्ञा हासिल गर्ने पुद्गलहरूबाट हिंसा, क्रोध, प्रतिशोध, ईर्ष्या, द्वेष आदिलाई परिपोषित हुने कामहरू गरिने सम्भावना स्वत: कम हुंदै जाने भएकोले यस धर्म र दर्शनको इमान्दारिपूर्ण अनुशीलन, अनुशरण र परिपालनबाट मैत्री, करूणा, मुदिता, उपेक्षा जस्ता ब्रह्म विहारमा निवास गर्ने प्रवृति बढ्दै जानाले व्यक्ति व्यक्तिमा, गाउं ठाउंमा, नगर महानगरको समाजमा मात्र शान्ति र सुख छाउने होइन कि राष्ट्र राष्ट्र र सम्पूर्ण विश्वको शान्ति स्थापनामा र विश्व शान्ति र अन्तर्राष्ट्रिय भ्रातृभावको संरक्षण, सम्बर्द्धन प्रवर्द्धन गर्ने प्रवृति र परम्परामा ठोस रूपमा सकारात्मक योगदान पुग्न जाने तथ्य सुनिश्चित छ । बुद्ध धर्मको इतिहासको अध्ययनले पनि यस धर्म र दर्शनका परिपालक एवम् परिपोषक महान् व्यक्तिहरूबाट शान्ति र अहिंसाको रचनामा ठूला ठूला योगदान भए गरिएका ऐतिहासिक तथ्य प्रष्ट हुन्छ ।

प्राणी मात्रको नैसर्गिक स्वभाव हो दु:खलाई मन नपराउनु। किन्तु दु:खलाई मन नपराउंदा नपराउंदै, अकुशल कर्मको विपाकबाट टाढा भाग्न खोज्दा खोज्दै पनि सम्यक् दृष्टिलाई अंगिकार गर्न नसकेको कारणले सत्काय दृष्टिलाई छोड्न नसकेकै कारणबाट सम्पूर्ण प्राणी मात्रले अज्ञानतावश, अनायासै, स्वत: कुशलाकुशल कर्मको भोगलाई आफैं निम्त्याइ रहेका हुन्छन् र अनन्त अकुशल कर्मको विपाकलाई भोग्ने परिस्थिति आफैं श्रृजना गर्दै आफ्नो इच्छाको विपरीत आफ्नो लागि दु:खको खाडल आफैं खन्दै गरेका हुन्छन्, नरकको मार्ग आफैं प्रशस्त पारिरहेका हुन्छन्, अपाय गतिको पथलाई आफैं निर्माण गरिरहेका हुन्छन् भन्ने वास्तविक तथ्यलाई यथार्थ रूपमा जान्न, बुझ्न र महशूस गर्न बुद्ध धर्म र दर्शनको गहन अध्ययनको जरूरी हुंदो रहेछ, बुद्ध धर्मानुकूल सम्यक् दृष्टिको अंगिकार र प्रज्ञा ज्ञानको अभ्यासको जरूरी हुंदो रहेछ, र संक्षेपमा भन्ने हो भने बुद्ध धर्मानुकूल बिपश्यना भावनाको साधनाको जरूरी हुंदो रहेछ ।

बुद्ध धर्मको मुख्य मुख्य केही आधारभूत तत्वहरू हुन् :-

१) कर्मवाद
२) पुनर्जन्मवाद
३) हेतुवाद
४) विभज्जवाद र
५) यथार्थवाद

बुद्ध धर्मका उपर्युक्त आधारभूत कुराहरू निम्न दार्शनिक स्तम्भशीलामा आधारित छन् :-

१) अनित्य २) दु:ख र ३) अनात्मा

बुद्ध धर्म र दर्शनका अन्य आधारहरूको तुलनामा अनात्मवादलाई बुझ्न सदैव साह्रै कठिन भएको अनुभव सर्वत्र गरिएको

पाइन्छ। किन्तु अपरापरिय वेदनीय कर्मको फलाफलवाट बच्न अनात्मवादलाई नबुझी धरै हुंदो रहेनछ भन्ने तथ्यलाई बहुतै मार्मिक ढंगवाट विश्लेषणात्मक तरीकासंग विश्वमा अग्ग महा पण्डित डाक्टर लेडि सयाडोको नाउंबाट सुविख्यात हुनु भएका वर्मी वौद्ध विद्वान् भिक्षु ऊ. ञाण महास्थविरले 'पञ्च आलोक" नामक आफनो ग्रन्थको "अनत्तानिसंस" परिच्छेदमा सविस्तार चर्चा गर्नु भएको छ। तसर्थ यस महत्वपूर्ण विषयमा सविस्तार हेर्न चाहनु हुने महानुभावहरूले लेखकको अनुदित पुस्तक "पञ्च आलोक" को अध्ययन गर्नु उपयोगी हुनेछ।

"बुद्ध धर्म र आधुनिक विज्ञान" नामक प्रस्तुत ग्रन्थमा अनुदित भदन्त डा. के. श्री धम्मानन्द, अनागारिक पि. सुगतानन्द र भदन्त प्रो. वालपोल श्री राहुलका रचनाहरू मलेशियावाट प्रकाशित "भ्वाइस अफ बुद्धिज्म" नामक प्रकाशनबाट लिइएका हुन्। प्रस्तुत प्रकाशनमा समावेश भएका उत्कृष्ट रचनाहरू नेपाली भाषामा अनुवाद गरी जनसमक्ष पुर्‍यांउन अंग्रेजी भाषाको सो किताव एक प्रति उपलब्ध गराई प्रेरणा प्रदान गर्नु हुने श्रद्धेय भदन्त कुमार काश्यप महास्थविरज्यूलाई हार्दिक साधुवाद टक्र्याउन चाहन्छु। "भ्वाइस अफ बुद्धिज्म"का प्रकाशकलाई यसै शुभ अवसरमा हार्दिक धन्यवाद दिनु उपयुक्त ठान्दछु। विश्व भरि विशिष्ट बौद्ध विद्वान्को रूपमा सुपरिचित हुनु भएका वर्माका लब्ध प्रतिष्ठित व्यक्तित्व एवम् भूतपूर्व प्रधान मन्त्री ऊ. माउङ नुज्यूको अंग्रेजी पुस्तक "दि प्रिन्सिपल्स अफ बुद्धिज्म" बाट बुद्ध धर्म र अन्य धर्महरूका बीचको विभेद सम्वन्धी अंश झिकी प्रस्तुत पुस्तकमा अनुवाद गरिएको छ। विशिष्ट वर्मी बौद्ध विद्वान् ऊ नुज्यूले विपश्यना भावनाको विषयमा सविस्तार चर्चा गरी लेख्नु भएको उपर्युक्त सम्पूर्ण पुस्तक नै निकै पठनीय मननीय सामग्रीवाट युक्त भएको हुंदा जिज्ञासुहरूका निम्ति सो पुस्तकको अध्ययन निकै उपयोगी हुने देख्दछु।

भगवान बुद्धले भन्नु भएको छ :-

अप्पमादो अमत पदं पमादो मच्चुनो पदं ।
अप्पमत्ता नमीयन्ति ये पमत्ता यथा मत्ता ॥

अर्थात्

अप्रमादी हुनु अमृत समानको निर्वाण मार्गमा लाग्नु हो। प्रमादी हुनु मृत्युको मार्ग हो । प्रमादीहरू मृत्यु भए झैं अप्रमादीहरू मृत्यु हुंदैनन् ।

अप्रमाद सम्बन्धी यही शिक्षाको आधारमा कालाशोक नामबाट पुकारिने सम्राट धर्माशोकको नाउंबाट विश्व विख्यात हुनु भएको ऐतिहासिक तथ्य बुद्ध धर्मको इतिहासमा स्वर्णाक्षरमा अङ्कित छ । आधुनिक विज्ञानसंग तुलना गर्दै लेखिएका बुद्ध धर्मका रचनाहरूबाट विज्ञ पाठकजनमा पनि अप्रमादको अमूल्य शिक्षा हासिल गर्न केही मात्रामा भए पनि अवश्य सघाउ पुग्ने अपेक्षा याहाँ पनि गरिएको छ ।

प्रस्तुत पुस्तकलाई प्रकाशनमा ल्याउने कार्यमा पूज्य भदन्त बुद्धघोष महास्थविरज्यूको ठूलो योगदान रहेको हुंदा प्रस्तुत पुस्तकको सम्पादक तथा अनुवादकको साथ साथै विद्वान् पाठकहरू पनि उहाँ प्रति अवश्यमेव अनुगृहित हुने विश्वास मैले लिएको छु । नेपालमा परियति शासनको उन्नति बृद्धि कार्यमै सदैव सतत: प्रयत्नशील भई लागि रहनु हुने भदन्तज्यूले बेफुसंदीको बीचमा पनि केही अमूल्य समय निकाल्नु भई यस पुस्तकको लागि प्राक्कथन लेखी सहयोग गर्नु भएकोमा म पूज्यवर भदन्त बुद्धघोष महास्थबिरज्यूमा पुन: हार्दिक साधुवाद सह कृतज्ञता ज्ञापन गर्दछु ।

प्रस्तुत पुस्तकको पाण्डुलिपी आद्योपान्त हेर्नु भई नेपाली धर्म पिपासुहरूलाई सद्धर्मको यथार्थ ज्ञान दिलाउने महान् उद्देश्य

लिई पुस्तक प्रकाशन गर्न सहर्ष अग्रसर हुनु भएका सहृदयी सज्जन प्रकाशक श्री नन्द सिद्धि गुभाजुलाई पनि हार्दिक धन्यवाद ब्यक्त गर्न चाहन्छु। प्रकाशक श्री गुभाजुज्यूको आग्रहमा बुद्ध वाणीको महत्व छर्लङ्ग देखिने गरी विद्वतापूर्ण मन्तव्य व्यक्त गर्नु हुंदै शुभेच्छाका दुई शब्द लेखि दिनु हुने श्रद्धेय भिक्षु ज्ञानपूर्णिक-ज्यूमा आभार प्रकट गर्नु म आफ्नो कर्तव्य ठान्दछु।

अत्यन्त कार्यव्यस्तताको बीचमा पनि अमूल्य समय निकाल्नु भई प्रस्तुत पुस्तकको लागि सारयुक्त मन्तव्य अभिव्यक्त गर्नु हुने अमृत साइन्स क्याम्पसका प्राणी शास्त्र विभागका अध्यक्ष डा. श्री रामेश्वर प्रसाद सिंहज्यूमा हार्दिक आभार र धन्यवाद ज्ञापन गर्न चाहन्छु।

प्रस्तुत पुस्तकको राम्रो मुद्रण कार्यमा विशेष अभिरूची लिनु हुने शारदा प्रिण्टिङ्ग प्रेसका प्रोप्राइटर एवम् उहाँका सुपुत्रहरू धन्यवादका पात्र हुनु हुन्छ। पुस्तकको मुद्रण कार्यमा र प्रूफ ल्याउने र लाने काममा समेत तन मन परिश्रम लगाई काम गर्ने सो प्रेसका कम्पोजिटरहरू र प्रिण्टरहरूलाई समेत धन्यवाद नदिई रहन सकिन्न।

यस पुस्तकको अनुवाद कार्य सुसम्पन्न गर्न र अन्य सम्पादन कार्य पूरा गर्न श्रम सहयोग, विचार सहयोग, प्रेरणा सहयोग र समय सहयोग प्रदान गरी प्रोत्साहित गर्ने मेरो भान्जा ईञ्जि-नियर श्री ज्ञान काजि शाक्य लगायत मेरा दुई जना भाइहरू प्रकाश राज शाक्य र तेज रत्न शाक्य प्रति म आभारी छु।

मुद्रणको क्रममा देखिएका साना तिना त्रुटीहरूको अलावा प्रस्तुत पुस्तकमा अज्ञानता वा प्रमादवस केही त्रुटीहरू समादेश भएको देखिएमा विज्ञ पाठक बृन्दबाट त्रुटीको संशोधनार्थ सूचना दिनु भएमा अनुगृहित हुने नै छु।

प्रस्तुत पुस्तकले पाठकहरूमा भौतिक विज्ञानको तुलनामा वोधि ज्ञानको स्तर निकै उंचा हुंदो रहेछ भन्ने आभास दिलाई धर्म र दर्शनको क्षेत्रमा अझ अध्ययन र अनुसन्धान गर्ने प्रेरणा मात्र दिन सकेमा पनि म आफ्नो प्रयास सफल भएको ठान्नेछु।

भगवान बुद्धले धर्म रसको महत्ता सम्वन्धमा आज्ञा भएको पनि छ - "सब्बं रसं धम्मरसो जीनाति।" अर्थात् धर्म रसले अन्य सम्पूर्ण रसलाई जित्दछ। मतलव रस मध्ये धर्म रस नै सर्वश्रेष्ठ हो। अस्तु।

प्यूखा, काठमाडौं | विनीत
२०४४ भाद्र २९ गते सोमवार | आर. वि. वन्द्य

प्रकाशकीय निवेदन

नेपालको लुम्बिनीमा जन्म ग्रहण गरी भारतको बुद्धगयामा सम्यक् सम्बोधि लाभ गर्नु भई विश्वकै ज्योति सम्यक् सम्बुद्ध हुनु भएका शाक्यमुनि तथागतको धर्म र दर्शन प्राणी मात्रको लागि भव चक्र रूपी सागरबाट पार गराउन सकिने सूक्ष्मातिसूक्ष्म गम्भीरातिगम्भीर अर्थ र व्यञ्जनद्वारा संयुक्त भएको सुपरिष्कृत परिशुद्ध ब्रह्मचर्य धर्म भएकोले यसलाई "ओपनेय्यिको" अर्थात् निर्वाण मार्गमा निश्चित रूपमा पुऱ्याउने धर्म भनी भनिएको छ। भूतकालमा पनि कल्याण कारक, वर्तमान समयमा पनि कल्याण-कारक र भबिष्य कालमा पनि निश्चित रूपमा कल्याण हुने शुद्ध अर्थ र व्यञ्जन मात्रले भरिपूर्ण भएको परिशुद्ध ब्रह्मचर्य धर्मको प्रतिपादन भएको यस तथ्यलाई सुप्रकाशित गर्ने परम्परा हाम्रो देशमा पहिले देखि चलि आएकोले कुनै पनि मंगलमय काम कुरा गर्दा पवित्र पावन मंगलमय आशिष वचनको रूपमा नेपालमा "आदौ कल्याणं मध्ये कल्याणं पर्यवसान कल्याणं स्वर्थं सुव्यञ्जनं केवलं परिपूर्ण परिशुद्ध पर्यवदात ब्रह्मचर्य संप्रकाशयतिस्म:" भन्ने गाथा वाचन गर्ने महायानी परम्परा पनि विकसित भए गरेको पाइन्छ। यसबाट बुद्ध धर्मको जुन सुकै सम्प्रदायमा पनि परिशुद्ध ब्रह्मचर्य धर्ममा उत्तिकै जोड दिइंदो रहेछ भन्ने तथ्य छर्लङ्ग हुन्छ।

पूज्यवर भदन्त बुद्धघोष महास्थविरज्यू संगको सत संगतको परिणाम स्वरूप भगवान बुद्धको धर्म र दर्शनको गम्भीराति-गम्भीर सूक्ष्मातिसूक्ष्म पक्ष समावेश भएको अभिधर्मको गहन अध्ययन, मनन र चिन्तन गर्ने सुअवसर मैले पाए देखि मेरो चित्त

स्वभावत: स्थविरवादी शुद्ध बुद्ध धर्ममा क्रमश: बढ्दो मात्रामा अभिरमण गर्न लागेको मैले महशूस गरेको छु र उहाँ भदन्तज्यूकै विशुद्ध प्रेरणा र प्रोत्साहनबाट मैले "जीवनको प्रत्येक घडीमा अभिधर्मको उपयोग", "पञ्च आलोक" र "धातु भेदानुपस्सना" जस्ता गम्भीर अभिधर्म विषयका ग्रन्थहरू प्रकाशित गर्ने सौभाग्य प्राप्त गरेको छु ।

२५७६ वर्ष अघि प्रतिपादन गर्नु भएको भगवान बुद्धको धर्म र दर्शन आर्य मार्गका विशुद्ध अनुयायी साधक योगी र विद्वत्वर्गका लागि मात्र आस्था, निष्ठा र श्रद्धाका पात्र रहि आएको होइन कि आजका विशुद्ध वैज्ञानिकहरूका लागि पनि यो धर्म र दर्शन अति नै पठनीय, मननीय र सह्राहनीय रही आएको हामी पाउँछौं । त्यसैले गर्दा आज विश्वका सम्पूर्ण भागमा र अझ खास गरोकन विज्ञान र प्रविधिको अथाह भण्डारको विकास भइरहेका पश्चिम युरोप र अमेरिकाली महाद्विपहरूमा यो धर्म र दर्शन दावानल झैं फिजिदै फैलिदै गइरहेको हामी देख्तछौं । संसारको सबभन्दा लोकप्रिय धर्म मध्येको गणनामा आज बुद्ध धर्मको स्थान रहिआएको छ । विज्ञान र प्रविधिको विकासबाट उत्पन्न नयाँ नयाँ ज्ञान, खोज र आविष्कारहरूबाट भगवान बुद्धको धर्म र दर्शनमा समुल्लेख भएका सत्य एवम् तथ्यहरू बढ्दो मात्रामा वैज्ञानिक रूपमा प्रमाणित हुंदै गइरहेको हुंदा वैज्ञानिकहरूले श्रद्धाका साथ अध्ययन, मनन र अनुशरण गर्ने धर्म यो हुन थालेको छ ।

प्रस्तुत पुस्तकमा संग्रहित विभिन्न वौद्ध विद्वान्हरूको रचनाहरूवाट भगवान बुद्धको धर्म कति वैज्ञानिक रहेछ भन्ने तथ्य मात्र सुआलोकित भएको होइन कि भगवान बुद्धको गोचरको सामु आजका वैज्ञानिकहरूका ज्ञानको क्षेत्र र भण्डार अझ निकै सीमित छ, पछाडि छ र अतुलनीय रूपगा पिछडिएको छ भन्ने सत्य पनि प्रष्ट हुन आएको छ । त्यसैले नै होला अचिन्त्य

सूत्रमा भगवानले आज्ञा भएको पनि थियो - सामान्य लोकजनका निम्ति कर्मको विपाक, ध्यानीको ध्यान, बुद्धका गोचर र लोकको उत्पत्ति विषय अचिन्तनीय हुन्छन् । बौद्ध भाषामा भन्ने हो भने आजका विशिष्ट वैज्ञानिकहरूलाई अभिधर्मको दृष्टिमा अझै पनि सामान्य लोकजनकै परिभाषा भित्र समावेश हुन करै लाग्दछ ।

यस बिश्वमा व्याप्त सम्पूर्ण महत्वपूर्ण धर्महरू मध्ये अनात्मवादी धर्मको रूपमा बुद्ध धर्म र दर्शनको आफ्नै एक्लो उच्च स्थान रहन्छ भन्ने तथ्य सम्म त विज्ञ जनलाई थाहा नभएको कुरो होइन । किन्तु बुद्ध धर्म र अन्य धर्महरूका बीच के कुन क्षेत्रमा के कति हदसम्म के कति मात्रामा विभेद वा भिन्नता छन् त भन्ने कुरा आजका विश्वका लब्ध प्रतिष्ठित विशिष्ट बौद्ध विद्वान् एवम् वर्माका भूतपूर्व प्रधान मन्त्री श्री ऊ. नुज्यूले आफ्नो रचनामा जसरी प्रकाश पार्नु भएको छ त्यसरी एकै ठाउँमा संक्षेपमा सर्वसाधारणले बुझ्ने भाषामा एकै पटक प्रकाशित भए गरिएको पाइनु दुर्लभ छ । सम्पादकज्यूले यस पुस्तकमा अन्य बौद्ध विद्वान्हरूका लेखका साथै श्री ऊ. नुज्यूको महत्वपूर्ण लेख पनि समावेश गरी निकै स्तरीय अनुवाद प्रस्तुत गर्नु भएको हुंदा यस्तो महत्वपूर्ण विषय समावेश भएको यो पुस्तक प्रकाशित गर्ने शुभ अवसर पाएकोमा म हर्ष विभोर भएको छु । प्रसन्न प्रफुल्लित र सन्तुष्ट भएको छु ।

प्रस्तुत पुस्तकको अध्ययनबाट बुद्ध धर्म र दर्शनको वैज्ञानिक प्रामाणिकताको ज्ञान लाभ गरी नेपालका युवापिढीका शिक्षित समुदायले बुद्ध धर्म र आधुनिक विज्ञानको तुलनात्मक अध्ययन गर्ने दिशामा अझ बढी प्रेरित र प्रोत्साहित हुने आशा मैले लिएको छु । आजका वैज्ञानिकको ज्ञान र आविष्कार भन्दा २५७६ वर्ष अघि प्रतिपादित बुद्धको धर्म अझै निकै अगाडि, निकै गहन र निकै सूक्ष्म र गम्भीर रहेको तथ्यलाई महशूस गरी बुद्ध धर्मानुकूल आचरण र अभ्यास गर्दै विश्व शान्ति र वहुजन हितार्थ,

बहुजन सुखार्थ, लोकानुकम्पार्थ, कुशलको संग्रह, संरक्षण र प्रवर्द्धन गर्ने दिशामा आजका शिक्षित विद्वत् वर्ग सश्रद्धा कार्यरत हुने छन् भन्ने विश्वास मैले लिएको छु। भगवान बुद्धले आज्ञा भएको पनि छ – "किच्छो मनुस्सो पटिलाभो" अर्थात् मनुष्यको जुनी दुर्लभ छ।

यस प्रकारको समय सापेक्ष समयोपयोगी पुस्तक प्रकाशित गर्ने अवसर प्रदान गर्नमा निर्णायक भूमिका निर्वाह गर्नु हुने मेरा गुरू पूज्यवर भदन्त बुद्धघोष महास्थविरज्यूमा म हार्दिक साधुवाद र आभार व्यक्त गर्दछु। प्रस्तुत पुस्तकलाई प्रकाशित गर्न अनुमती दिनु हुने यस किताबका सम्पादक तथा अनुवादक श्री आर. बि. वन्द्यज्यूलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछु। यस पुस्तकको लागि "शुभेच्छाका दुई शब्द" लेखि प्रोत्साहित गर्नु हुने श्रद्धेय भिक्षु ज्ञान पूर्णिकज्यूमा पनि हार्दिक कृतज्ञता टक्र्याउंछु। साथै यस पुस्तकको लागि मन्तव्य लेखी प्रेरित गर्नु हुने त्रिभुवन विश्व विद्यालय, अमृत साइन्स क्याम्पसका प्राणी शास्त्र विभागका प्राध्यापक श्री डा. रामेश्वर प्रसाद सिंहज्यूलाई पनि धन्यवाद ज्ञापन गर्न चाहन्छु।

यस पुस्तकको मुद्रण कार्यमा तन मन लगाई शिघ्रताका साथ मुद्रण कार्य सम्पन्न गर्नु हुने शारदा प्रिण्टिङ्ग प्रेसका प्रोप्राइटर लगायत सम्पूर्ण कम्पोजिटरहरू र प्रिण्टरहरूलाई समेत धन्यवाद दिंदै मेरो प्रकाशकीय निवेदन यहीं टुंग्याउने अनुमति चाहन्छु।

भवतु सब्ब मंगलम्।

ताहाचल, काठमाडौं — विनीत

२०४४ भाद्र ३० गते मंगलवार — नन्द सिद्धि गुभाजु

बुद्धका अमृत वचन

यो सहस्सं सहस्सेन सङ्गामे मानुसे जिने ।
एकं च जेय्यमत्तानं स वे सङ्गामजुत्तमो ।।

धम्मपद ८, ३ ।।४।।

अर्थ

संग्राममा गई हजारौं हजार मानिसहरू (सैन्यहरू) लाई जित्न सक्ने व्यक्तिलाई भन्दा आफूलाई (अर्थात् आफ्नो एउटा मनलाई) जित्न सक्नेलाई संग्रामजीत भनिन्छ ।

अन्धभूतो अयं लोको तनुकेत्थ विपस्सति ।
सकुन्तो जालमुत्तो'व अप्पो सग्गाय गच्छति ।।

धम्मपद १३, ७ ।।८।।

अर्थ

अन्धा भइरहेका यी लोकजनहरूमा ज्ञान चक्षु हुनेहरू त अल्प मात्र हुन्छन् । जालबाट अभिमुक्त भएर जाने पंक्षीहरू झैं विरलै मात्र स्वर्गमा जान्छन् ।

साधु दस्सनमरियानं सन्निवासो सदा सुखो ।
अदस्सनेन बालानं निच्चमेव सुखी सिया ।।

धम्मपद १५, ८ ।।१०।।

अर्थ

आर्यहरूको दर्शन कल्याणकारी हुन्छ । उहाँहरू संगको सत्संगत सुखकर हुन्छ । मूढहरूको मुख नदेखिनु पनि सदैव सुखने हुन्छ ।

यतोयतो सम्मसति खन्धानं उदयब्बयं ।
लभति पीतिपातोज्जं अमतं तं विजानतं ।।

धम्मपद २५, ७ ।।१५।।

अर्थ

पञ्चस्कन्धको उत्पत्ति र विनाशको बारेमा विचार गरी रहनाले ज्ञानीहरूलाई प्रीति र प्रमोद रुपी अमृत पद प्राप्त हुने गर्दछ ।

बुद्ध वाणी

– भदन्त डा. के. श्री धम्मानन्द

करीव २५०० वर्ष अगाडि साधारण चीवर वस्त्र पहिरन गर्नु भएका एक महान राजकुमारले भारतको विहार राज्य अन्तर्गत पर्ने बुद्धगयामा बोधि वृक्ष मुनि बोधिज्ञान प्राप्त गर्नु भयो। उहाँले वाराणसीको ऋषिपत्तन मृगदावनमा सर्वप्रथम आफ्नो मृदु कर्णप्रिय सुरिलो वाणीबाट अन्तिम सत्य (निर्वाण) को घोषणा गर्नु भयो। त्यस बखतमा तथागतको यो वाणी श्रवण गर्ने सौभाग्य केवल पाँच जवान उहाँका शिष्यहरू (पञ्च भद्र वर्गीय भिक्षुहरू) लाई प्राप्त भएको थियो। आज विश्वका पाँच खण्डका एक खण्ड मानिसहरूले सर्वप्रथम घोषित गर्नु भएको यो वाणीको सत्यलाई स्वीकार गरी अनुशरण गरिआएका छन्। अन्य असंख्य प्रशंसकहरूले तथागतको यो वाणीलाई प्रशंसा र सह्राहना गरिआएका छन्।

तथागतको यो वाणी भयावह दैवी शक्तिको दिव्य ध्वनि थिएन। यो त विशुद्ध मानव आवाज थियो जुन आवाजले चित्तको परिशुद्धि र प्रज्ञाको माध्यमबाट अन्तिम विमुक्ति खोजी लिन लोकजनहरूलाई आह्वान गरिरहेको थियो। आज अद्यापि यो वाणी ह्यामीहरूको कानमा प्रतिध्वनित भइरहेकै छ र यो वाणीले हामीलाई यो पनि सम्झाईं रहेको छ कि हामीले आफ्ना इच्छा शक्ति र चित्तको एकाग्रताको अभ्यास गर्दै लान सकेको खण्डमा तथागतले स्वयं साक्षात्कार गर्नु भएको त्यस सत्यलाई हामीहरू पनि अववोध गरिलिन सक्छौं।

भगवान सम्यक् सम्बुद्धको त्यो वाणी आशा, विश्वास र साहसको सन्देश हो। यो सन्देशले द्वेषले द्वेषलाई कदापि समाप्त गर्न सकिन्न, केवल मैत्रीद्वारा मात्र द्वेषलाई अन्त्य गराउन सकिन्छ भन्ने तथ्यलाई सम्झाई रहेको छ। उक्त महान् वाणी एक यस्तो महान् व्यक्तित्वको श्रीकण्ठबाट प्रस्फुरित भएको थियो जो प्रथमतः एक समयमा क्रमशः योद्धा, शाही युवराज, एक ऋषि वा योगि, एक प्रव्रजित हुनु हुन्थ्यो भन्ने सबै भन्दा पछि आएर उहाँ स्वयं सम्यक् सम्बुद्ध नै हुनु भयो।

सम्पतीको नाउंमा हातमा केवल भिक्षापात्र एक बाहेक अरू केही सम्पती नहुने यस पवित्र महानुभावलाई नै संसारका सबै भन्दा सुखी र साँच्चिकै सन्तोषी व्यक्ति भनी मानिएको थियो। संसारको सम्पूर्ण आवाजहरू मध्ये सबैभन्दा मृदु र कोमल आवाज नै तथागतको वाणी थियो। परन्तु सत्यलाई उद्घोषण गर्नु हुदा परम सत्य अटल-सत्यलाई साक्षात्कार गरिएको विश्वासबाट अभि-प्रेरित भएको त्यो वाणी नै सिंहनाद सरह घन्किएको थियो।

राजा महाराजाहरू, मन्त्रीहरू, करोडपति-अरबपतिहरू उहाँको दर्शन गरो तथागत प्रति श्रद्धा भक्ति प्रदर्शित गर्न र उहाँ-बाट मार्ग दर्शन शिक्षा उपदेश प्राप्त गर्न उहाँ कहाँ आइनै रहन्थे। किन्तु उहाँले भने कुचिकारहरू, चर्मकारहरू, चोर, डांका जस्ता दुष्ट र अनैतिक जीवन यापन गरी हिंडेका अत्याखौं मनुष्यहरूलाई समेत ज्ञान बोध गराई उनीहरूको पतित जीवनलाई सुधार गरी भद्र जीवन यापन गर्न गराउन आफ्नो उत्प्रेरक वाणीलाई सदुपयोग गर्दै गर्नु हुन्थ्यो।

यो यस्तो वाणी हो जसलें न चिरस्थायी दिव्य सुख उपलब्ध गराई दिने प्रतिज्ञा गरी लोकजनलाई प्रलोभन दिन खोज्यो, न त नरकको अग्नि कुण्डलको बृतान्तको वर्णन गरी सांसारिक जनलाई भयभित पार्न नै खोज्यो। यो त्यस्तो वाणी थियो जसले जीवनको

यथार्थ वस्तुस्थिति र संसारको वास्तविक सत्यलाई चिनाउने बुझाउने ज्ञान दिनु वाहेक लोकजनलाई धर्म परिबर्तन गराउने प्रयास समेत कहिल्यै भरेन ।

त्यो वाणीले ल्याएको सन्देश हो – चतुरार्य सत्य नै मात्र केवल नित्य र सत्य अटल हुन् । चतुरार्य सत्यको अववोध गरिए पछि मात्र मानव समस्याहरू र मानव दुःखको हल हुन सक्ने छ । आर्य अष्टाङ्गिक मार्गको उपदेश पनि यही वाणीवाट भएको थियो । मानिसहरूलाई कल्याणकारी, अभिवादनीय, नैतिक, शान्तिपूर्ण र परिशुद्ध भद्र जीवन व्यतीत गरी जीवनको उद्देश्य र अन्तीम लक्ष पहिल्याउन पनि यही वाणीले परामर्श दियो, अभिप्रेरित गऱ्यो ।

भगवान बुद्धको वाणीवाट यस जगतलाई संसार बिषयको अभिनव धारणा नै प्रदान भयो र बुद्धत्वमा उपलब्ध हुने पूर्णता र चिर सुख-अनन्त-अपरिमित-सुखानन्द विषयको सर्वथा नूतन दृष्ट पनि प्रदान भयो । यो वाणीले सम्पूर्ण अनित्यताको परिधि भन्दा वाहिरको नित्यताको मार्ग, सम्पूर्ण भवचक्रको अनन्त दुःखको घेरावाट विमुक्त रहेको विमुक्तिको मार्ग, निर्वाणको मार्गलाई इङ्गित गरेर देखाइदियो । यो वाणीबाट प्रवाहित वस्तुतः वहुतै सरल एवम् सारयुक्त सन्देश हो – "सम्पूर्ण पापादि अकुशललाई निर्मूल गर्नु ; कुशल कर्म जतिको सम्पादन गर्नु ; मनलाई परिशुद्ध पार्नु ।"

अर्थात्

सब्ब पापस्स अकरणम्, कुशलस्स उपसम्पदा ।

सचित्त परियो दपनम्, एतम् बुद्धानुशासनम् ।। बुद्ध वाणीको सार सन्देश यही हो ।

बुद्ध वाणीले हामीलाई सम्पूर्ण सांस्कारिक वस्तुमा लागू हुने हेतु प्रत्ययको नियमलाई व्याख्यान गरिदियो । कर्म र विपाक, हेतु र फलको अनन्त चक्रबाट मुक्ति लाभ गर्ने मार्ग र उपायलाई पहिल्याउनु नै जीवनको मूल उद्देश्य हो ।

बौद्ध धर्मले आत्म सम्मानको भावनालाई जगाइदिनाको साथै असंख्य लोकजनहरूको मानव बुद्धिलाई विकसित पारिदिने हुनाले यो धर्म यस संसारमा महान सभ्यता प्रदान गर्ने श्रोत र शक्तिको रूपमा विद्यमान रहिरहेको छ । यसले मानव चिन्तन शक्तिलाई जागृत गराई आध्यात्मिक प्रगतिको ढोका उघारिदिन्छ। धार्मिक साम्प्रदायिक तथा राष्ट्रिय संकीर्णता एवम् उन्मादबाट अभिमुक्त रहने अति उपदेश दिई बुद्ध धर्मले मानव जातिमा आपसमा सहीष्णुताको भाव प्रबर्द्धन गरि दिन्छ । यसले असभ्य-लाई सुविनित बनाई दिन्छ भने सुसंस्कृतलाई अरु परिशुद्ध पारि दिन्छ । संक्षेपमा भन्ने हो भने "अत्ता हि अत्तनो नाथो," मानिसको आफ्नो भाग्य आफ्नै हातमा छ र जीवनको सर्वोच्च लक्ष हासिल गर्नलाई आवश्यक पर्ने शक्ति र प्रज्ञा पनि मानिसमा आफू संगै निहित रहेको हुंदा आफूसंग भएको यही शक्ति र प्रज्ञालाई विकास गरी मानिसले आफ्नो जीवनको सर्वोच्च लक्ष प्राप्त गर्न सक्तछ भन्ने तथ्यको पैरवी गरी बुद्ध धर्मले मानव जातिमा आत्म-निर्भताको भावलाई समुचित रूपबाट प्रवर्द्धन गरिदिन्छ । दीन हीन र निराशजनलाई जीवनको संग्रामबाट पलायन गर्ने होइन बल्कि यथार्थवादी भइकन वस्तुस्थिति संग सामना गर्नु पर्छ भनी आह्वान गर्ने देदीप्यमान वाणी बुद्धवाणी हो ।

भगवान बुद्धको सदुपदेशबाट लोकजनको प्रयत्नलाई अनन्त इच्छा आकांक्षाहरू र कहिल्यै तृप्त नहुने तृष्णाहरूको तृप्तिका लागि तन मन धनले समर्पित संलग्न रहने स्तरबाट माथि उठाई मानव प्रयासको स्तरमै अभिबृद्धि गरिदिने भएकोले बुद्धको उपदेश-हरूले मानवजातिको लागि सबैभन्दा सुसमृद्ध आध्यात्मिक साधन-हरूको रूप लिएका पाइन्छन्। बुद्धोपदेशका परिपूर्णताको कारणले गर्दा भगवान बुद्धको जीवन प्रतिको नयाँ धारणाले अन्य सार–विहीन सिद्धान्तहरू र विचारहरूको अध्ययन अनुसन्धानमा संलग्न रही जीवन देखि नै थाकिसकेका अन्य प्रबुद्धवर्गको ध्यान पनि

आकर्षित गरेको छ । किन्तु भगवान बुद्धको यो दृष्टिको प्रतिफल बौद्धिक रूपबाट आफूलाई थकित पारिसकेका प्रबुद्धवर्गलाई केवल शान्त्वना दिने किसिमको बौद्धिक खेलको अभ्यास मात्र भने अवश्य पनि होइन । कारण बुद्ध धर्म व्यावहारिक धर्म हो र यसले संसार र जीवनको यथार्थ चित्र चित्रित गर्दछ ।

मानव जातिको पुष्पको रूपमा रहनु भएका भगवान बुद्ध यस संसारमा हाल विद्यमान नहुनु भएतापनि उहाँको वाणीबाट निःसृत कोमल कम्पन संसार भरि नै व्याप्त हुने गरी फैलिएका छन् । यसको मलमसरिको व्यापक प्रभावबाट विश्वका लाखौं करोडौं सत्वलाई शान्ति र आराम प्रदान भइरहेको छ । यो वाणी जहाँ जहाँ फैलिदै गएको छ त्यस त्यस क्षत्र सम्मका श्रोताहरूलाई यसले हर्ष र उत्साह प्रदान गर्दै गएको पाइन्छ । उहाँको सन्देशले विश्वका लाखौं करोडौं मानिसहरूको चित्तलाई समाउन सकेको कारण के हो भने बुद्ध धर्मको प्रचार जहाँ पनि भयो प्रेम र करूणाको माध्यमबाट नै भयो । यसको प्रचारमा तलवारको शक्ति वा राज्य शक्ति वा कुनै पनि अन्य किसिमको सांसारिक शक्तिको प्रयोग कहीं पनि भएको छैन । बुद्ध धर्मले प्रेमको न्यानो हातबाट विजय प्राप्त गर्दछ, भय र त्रासको चीसो हातको डरले होइन ।

कुनैपनि जीवधारी प्राणीहरूलाई किञ्चित मात्रामा पनि कष्ट नदिने र यज्ञादि पूजाकर्ममा समेत प्राणीघात नगर्ने श्रुति मानव इतिहासमा सर्वप्रथम भगवान बुद्धकै वाणीबाट निस्केको हो । यो कोमल वाणीबाट विचरा सुरक्षा विहीन तिर्यक योनीका प्राणीहरू सम्मका लागि करुणाको प्रदर्शन भएको छ भन्ने कुरो निश्चय नै शोचनीय बिषय छ, कल्पना योग्य कुरो छ । भगवान बुद्धको असीमित करुणा र ममताको क्षेत्र भित्र जमीन मुनि घिस्रेर हिंड्ने सामान्य जीवहरू समेत समाविष्ट हुन्छन् ।

बिश्वले देखेका महान् विजेताहरू मध्ये भगवान बुद्ध सर्वश्रेष्ठ विजेता हुनुहुन्छ । उहाँले करूणा र प्रज्ञाको अचूक अस्त्रबाट

संसार माथि विजय हासिल गर्नु भयो। मानव मात्रलाई अन्धकार, द्वेष र दु:खको संसारबाट ज्योति, प्रेम, सुख र सुरक्षाको ससारमा पदार्पण गर्ने सुमार्ग उहाँकै उपदेशबाट लोकजनलाई लाभ भयो।

विश्वको सामु यस्तो भद्र पुरुष, मुक्तिदाता, समाज सुधारक, प्रजातन्त्रवादी एवम् प्रेरणाश्रोत उपलब्ध भयो जसले मानवजातिलाई भद्र जीवन यापन गर्ने अजीवको सम्पदा छाडेर जानु भयो।

महाकारुणिक तथागतको वाणी सर्वप्रथम गुन्जायमान भएदेखि यता व्यतीत भइसकेका विगत २५०० बर्षको अवधिभित्र यस संसारमा अनेकौं परिवर्तनहरू प्रवर्तित भइसकेका छन्। कैयन् राज्यका उदय र पतन भइसकेका छन्। कैयन् राष्ट्रहरू उन्नतिको शिखरमा पुगी पुन: ह्रासको स्थितिमा पुगिसकेका छन्। अनि आजको विश्वले कैयन प्राचीन सभ्यताहरूलाई त विस्मृतिको सागरमा नै डुवाई दिई पनि सकेको छ। किन्तु भगवान बुद्धको वाणी भने अद्यापि लाखौं करोडौं लोकजनको हृदयमा अझै पनि स्पष्टत: गुंजिरहेकै छ। उहाँले रचना गर्नु भएको धर्म साम्राज्य अझ पनि सबल र स्थिर रहिन रहेको छ। उहाँ तथागतकोसम्मानमा निर्माण गरिएका कयन् मन्दिरहरू, चैत्यहरू, मूर्तिहरू र यस्तै अनेकानेक धार्मिक कृतिहरू कतिपय विनष्ट नै भइसकेका छन् वा अनित्यताको नियमको शिकार भइसकेका छन्। तथापि उहाँको आर्य उपदेश र उहाँको प्राचीन सन्देश लोकजनका हृदयमा निष्कलंकित भई स्थिर नै भइरहेको छ। उहाँको वाणी नयाँ नयाँ देशहरूमा र नयाँ नयाँ मनुष्यहरूका बाच गुंजि नै रहेको छ, घन्कि नै रहेको छ।

सम्यक् सम्बुद्धको वाणीले दु:खी दीन हीन जनलाई सहयोग प्रदान गरेको छ भने शोक संतप्तहरूलाई शान्त्वना प्रदान गरेको छ। यो वाणीले भ्रममा परी अलमलिएका मनुष्यहरूका जीवन सुधार गरेको छ भने अपराधीहरूको भ्रष्ट जीवनलाई सुधारेको छ। बुद्ध वाणीले असहायलाई उत्साहित गरेको छ, अज्ञानीलाई ज्ञान दिएको छ, नीचलाई उठाएको छ र अनि सज्जनलाई सुप्रतिष्ठित गरिदिएको छ।

बुद्धको असल उदाहरण सबैका लागि प्रेरणाको श्रोत रहि आएको छ। उहाँको दृढ संकल्प, गम्भीर प्रज्ञा, विश्व प्रेम, असीमित करुणा, निस्वार्थ सेवा, ऐतिहासिक त्याग, पूर्ण विशुद्धता र भव्य व्यक्तित्वले गर्दा उहाँलाई विश्व वन्द्य शास्ता – महान् शास्ताको रूपमा सम्मानित गर्न प्ररित गरेको छ।

उहाँले बोल्नु भएका बचन, गर्नु भएका काम र व्यतीत गर्नु भएको जीवन सम्बन्धमा जस्तो सुकं परीक्षा विधिबाट उहाँलाई जांच गरिएमा पनि उहाँ आफ्नो युगको सर्वश्रेष्ठ पुरूष थिए भन्ने कुरोलाई बुद्धले राम्ररी प्रदर्शित गर्नु भयो। उहाँले सेवाको धर्म, त्यागको मन्त्रणा र निर्वाण लाभको उपदेश को घोषणा गर्नु भयो।

ठूला ठूला दिग्गज दार्शनिकहरू र पूर्वाग्रहरहित विचारकहरूका लागि उहाँ एक जना सांसारिक स्थितिलाई यथाभूत रुपबाट जानी बुझी चिन्नु भएका शास्ता गुरू हुनुहुन्छ। आचारशास्त्रीहरूका लागि उहाँले उच्चतम आचार संहिता प्रदान गर्नु भएको छ र उहाँ पूर्णताको प्रतिक नै हुनुहुन्छ। विवेकशीलहरूका लागि चिन्तापूर्ण मानवीय समस्यालाई बुझने सबभन्दा उदारहृदयी धार्मिक शास्ता उहाँ नै हुनुहुन्छ। स्वतन्त्र चिन्तकहरूका लागि धार्मिक अन्धविश्वासमा निर्भर नरही स्वतन्त्र रूपबाट चिन्तन गर्न लोकजनलाई उत्साहित तुल्याउने उहाँ धर्मगुरू हुनुहुन्छ। अज्ञानबादीहरूका लागि उहाँ एक अत्यन्त दयालु, समझदार एवम् बुद्धिमान पुरूष हुनुहुन्छ।

भगवान बुद्धको कल्याणकारी वाणी कुनै पनि किसिमको हिंसाबाट विरत भई समय र स्थानको परिधिलाई पार गर्दै बिस्तार बिस्तारै प्रसारित हुंदै गए। बुद्धको धर्मको नाउंमा एक थोपा मात्र पनि रगत यस संसारमा आज अद्यापि बगाउनु परेको छैन।

धर्मोपदेशको उहाँको उदार शैलीको सामु धर्मोन्मत्तताको लागि किञ्चित स्थान पनि शेष रहन्न । महोपकारी शास्ताले न कठोर व्यवहारलाई सहन गर्नु हुन्थ्यो न निर्दयतालाई क्षम्य मान्नु हुन्थ्यो । उहाँले केवल असीमित अपरिमित प्रेम र करुणालाई मात्र जान्नु हुन्थ्यो । उहाँले आफ्ना अनुचर शिष्यहरूलाई पनि आफूले जस्तै व्यवहार गरोस् भन्ने चाहना राख्नु हुन्थ्यो । किन्तु शिष्यहरूले पनि तल्लो स्तरको दासत्व भाव प्रदर्शन हुने गरी आफ्नो धर्मलाई अन्धाधुन्ध तरीकाबाट श्रवण र अनुशरण गरोस् भन्ने कामना उहाँ कहिल्यै पनि राख्नु हुन्नथ्यो । उहाँले आफ्ना शिष्यजनलाई पनि आफैले अनुभव गरी जानी बुझीकनै मात्र धर्म ग्रहण गर्ने सल्लाह दिनु हुन्थ्यो ।

मानिसको भाग्यलाई अज्ञात वाह्य शक्तिको स्वेच्छिक नियन्त्रण भित्र आवद्ध गरी सर्वशक्तिमान शक्तिको अधीनमा मानिसलाई राख्नुको सट्टा उहाँले उपदेश गर्नु भएको धर्मले मानवजातिको प्रतिष्ठा उठाइ दिई मनुष्यजातिलाई आफ्नो बुद्धि विवेकको क्षमतालाई सुहाउंदो तरीकाबाट आवश्यक मान सत्कार प्रदान गरेको पाइन्छ। अन्यान्य धार्मिक गुरुहरूको असख्य ध्वनिको बीचमा एकलै रहेर पनि बुद्ध वाणीले मानिसलाई हालसम्म दमन गरी राखिएको मानव क्षमता (सम्भाव्यता) लाई सुविकसित गर्ने तरीकाको शिक्षा प्रदान गरेको पाइन्छ ।

बुद्ध धर्मले मानिस धर्मको लागि होइन, धर्मले मानिसको सेवा गर्नु पर्दछ भन्ने तथ्यलाई सिकाई दिएको छ । यसको अर्थ हो:-कुनैपनि धर्मको दास नवनी मानिसले आफ्नो उन्नति र मुक्तिको लागि धर्मको सदुपयोग गर्नु पर्दछ ।

महाकारूणिक तथागतको यो वाणी आज पनि हामीहरूको साथैमा विद्यमानै छ। अरू मानव हृदयमा जुनबेला सम्म किञ्चित मात्र पनि कुशल, किञ्चित मात्र पनि प्रेम, किञ्चित मात्रामा पनि दयालुपन शेष रहिरहने छ त्यतिञ्जेल सम्मको लागि महाकारूणिक

तथागतको यो वाणी हामी संगै विद्यमान रहि नै रहने छ । अनि यो बुद्ध वाणीले हामीलाई धैर्य प्रदान गरि नै रहने छ । बोध गराइ नै रहने छ । सम्झाइ नै रहने छ । शान्त्वना दिइ नै रहने छ । हामीलाई शान्ति र शीतलता प्रदान गरि नै रहने छ ।

मानिस आफ्नो भाग्यको स्वयं निर्माता हो (— अत्ताहि अत्तनो नाथो) भन्ने सिद्धान्तको साथै मानव प्रतिष्ठाको समर्थनमा मानव इतिहासमा गुंजायमान भएको सबै भन्दा शक्तिशाली आवाज नै भगवान बुद्धको आवाज हो, बुद्ध वाणी हो ।

धन्य हो यो वाणी, जुन वाणीको कारणले गर्दा साधारण लोकजनले आफ्ना श्रद्धा र विश्वासलाई विकास गर्न सकेका छन्, शिक्षित वर्गले चिन्तन गर्नको निमित्त सामाग्री प्राप्त गर्न सकेका छन्, अनि प्रबुद्ध वर्गले आ-आफ्ना दृष्टि र धारणालाई सुसमृद्ध गर्न सकेका छन् । दिग्भ्रममा परेका पथभ्रान्त पथिकहरुले यसै वाणीले गर्दा आफ्ना भ्रामक दृष्टि र भूलेको मार्गलाई सुधार्न सकेका छन् । अन्धविश्वासमा निर्भर रहेका लोकजनले सत्यको प्रष्ट झलक प्राप्त गर्न सकेका छन् । नास्तिकहरू माथि तर्क र विवेकको यो वाणीले विजय प्राप्त गरी धर्मको अनुशरण गर्न लगाएको छ । श्रद्धालु भक्तजनले ज्ञान, बुद्धि र दुःखबाट मुक्ति लाभ गरेका छन् ।

यही नै बुद्ध धर्मको वाणी हो, प्रतिध्वनि हो ।

बौद्ध धर्मका प्राथमिक सिद्धान्तहरू

– अनागारिक भि. सुगतानन्द

आजको विज्ञान दर्शन शास्त्र (Philosoply) र अध्यात्म शास्त्र (Metaphysics) को यत्ति नजदीक सम्म आइपुगिसकेको छ कि यसलाई हेर्दा यत्ति त अवश्यमेव भन्न सकिन्छ कि विज्ञान– लाई र दर्शनशास्त्र एवम् अध्यात्म शास्त्रलाई हालसम्म परस्परमा छुट्याई यी दुईका बीच केही हद्सम्म विरोधाभाषको स्थिति समेत उत्पन्न गराई राखेको तगारो अब आगामी केही दशक भित्रै- मा टुट्नै पर्ने अवस्थामा छ। आज ज्ञानको जुन अवस्थामा हामी आइपुगेका छौं यस अवस्थामा हामो आफैंलाई इमान्दारिताका साथ के प्रश्न गर्न सक्तछौं भने जीवन र यसका समस्याहरू प्रतिको वैज्ञानिक र धार्मिक दृष्टिकोणमा जे जति मात्रामा अन्तर विरोध छ भनी भन्ने गरिएको छ - के त साँच्चिकै आजको जीवन र जीवनका समस्याहरू प्रतिको वैज्ञानिक र धार्मिक दृष्टिकोण त्यति नै विरोधाभाषपूर्ण छ? हामीलाई के भनिएको छ भने धर्म निष्ठा विश्वास माथि अडेको छ भने विज्ञान विवेकपूर्ण अनुसन्धान माथि अडेको छ। किन्तु यथार्थमा यो कुरा अंशतः मात्र सत्य छ किनभने मानव मनका प्रवृतिहरू उपर्युक्त सामान्य अनुमान (धारणा) ले संकेत गरे जस्तै स्पष्ट रुपमा विभाजित छैनन्।

वैज्ञानिक ज्ञान भनेको घट्ना वा दृष्टि बिषयको वस्तुगत अध्ययनबाट मात्र उपलब्ध हुन्छ अथवा ती बिषयका सम्बन्धमा प्रत्यक्ष अनुभवमा आधारित व्यापक अध्ययनबाट उपलब्ध सामान्य अनुमान (Inductive generalisation) बाट मात्र उपलब्ध

हुन्छ भन्नु वास्तवमा मनका साह्रै जटील प्रक्रयालाई अतिशय सामान्यीकरण गर्नु हो। किनभने मनको यस प्रक्रयामा स्वतन्त्र चिन्तन, बिचारले पनि आफ्नो भूमिका निभाएको हुन्छ। प्रमुख वैज्ञानिक बिकासहरू मानव मनका स्वतन्त्र गतिविधिबाट उत्पन्न भएका छन्। उदाहरणार्थ आधुनिक बिचारमा सबैभन्दा बढी क्रान्तिकारी योगदानको रुपमा प्रस्तुत आइन्स्टाइन र उनका सापेक्षताको सिद्धान्तलाई नै लिन सकिन्छ। आइन्स्टाइनले आफैले के भन्नु भएको छ भने उहाँले सापेक्षताको सिद्धान्त (General Theory of Relativity) पत्ता लगाउन दार्शनिक सिद्धान्तहरू मध्ये खास गरीकन सह–भिन्नता (Co-variance) का गुण समावेश भएका गणितका समीकरणहरू (Mathmatical Equations) लाई छनोट गरी बिचारको स्वतन्त्र सृजनाबाट आफ्नो अध्ययन शुरु गर्नु भएको थियो र प्रकृति भनेको अति सामान्य रुपमा सोच्न सकिने गणितजन्य बिचारहरूको प्रत्यक्षीकरण हो भन्ने छुट्टै दार्शनिक सिद्धान्त माथि काम गर्दै तो गणितका समीकरणहरू मध्येबाट पनि अरु आफ्नै छनोट उहाँले गर्नु भएको थियो। यस सिद्धान्तको आधारमा अल्वर्ट आइन्स्टाइनले अन्ततोगत्वा: समीकरणहरूको एक समूह, सेट नै फेला पार्नु भएपछि ती समीकरणहरूका सेटलाई नै उहाँले यस जगतका सामान्य समीकरणहरूको रुपमा विश्वको सामु प्रस्तुत गर्नु भएको थियो।

आफूले यसरी प्रतिस्थापित गरेको प्रणालीलाई पूर्ण रुपमा सिद्ध गर्नको लागि अल्वर्ट आइन्स्टाइनलाई प्रशस्त गणित कार्यहरू गर्नु परेको थियो। यी समीकरणहरूबाट के कस्ता परीक्षणीय परिणामहरू (अर्थात् निश्कर्षहरू) लाई पत्ता लगाउन सकिन्छ भन्ने कुरा पनि उहाँलाई निकाल्नु परेको थियो। किन्तु अन्तमा गएर उहाँले केही निश्चित क्रयाकलापहरूको विषयमा भविष्यवाणी गर्न उहाँ समर्थ हुनुभयो, जुन कुराहरू, उहाँको आफ्नो सिद्धान्त मुताबिक, नभई नहुनु पर्ने खालका थिए, जस्तै - सूर्यद्वारा प्रकाश–किरणहरू (light-rays) को बङ्ग्याइनु। ती कुराहरू

कस्ता थिए भने तिनलाई निरीक्षणको वैज्ञानिक प्रक्रयाद्वारा परीक्षण गर्नु पर्दथ्यो र परीक्षण गर्न सकिन्थ्यो । तर याहाँ जोड दिन खोजिएको मुख्य कुरो के हो भने अल्वर्ट आइन्स्टाइनले आफ्नो वैज्ञानिक अध्ययन शुरु गर्दा वस्तुगत तरीकावाट परीक्षण गर्ने कार्य यस प्रक्रयाको प्रारम्भमा आएको थिएन । वल्कि सम्पूर्ण प्रक्रयाको अन्तिम चरणमा मात्र आएको थियो । प्रारम्भिक अवस्थामा सापेक्षताको सिद्धान्त विशुद्ध रुपमा एउटा बौद्धिक संरचना थियो र त्यसताका परीक्षण र प्रयोगले कुनै भूमिका निर्वाह गरेको थिएन । यो कुरालाई स्वयं अल्वर्ट आइन्स्टाइनले पनि जोड दिनु भएको छ । –"केही अर्थमा, तसर्थ"- श्री आइन्स्टाइन भन्नु हुन्थ्यो- " म के कुरालाई सत्य हो भनी विश्वास गर्दछु भने शुद्ध बिचारले मात्र पनि वास्तविकतालाई ग्रहण गर्न सकिन्छ ।"

बुद्ध धर्मले पनि यही कुरा भन्दछ र विगत दुई अढाई हजार वर्ष अघिदेखि नै यस कुराको घोषणा गरेको छ। विश्वलाई प्रवाह मात्रको अस्थोर अवस्थामा रहेको भनी चित्रण गर्ने आधुनिक वैज्ञानिक विचार र बौद्ध दार्शनिक बिचारधारामा धेरै बिषय र तरीकामा सामीप्य रहिआएको छ । परन्तु के के विषयमा सामीप्य छन् भन्ने विषयले स्वयं एउटा विस्तृत क्षेत्र नै ओगट्ने भएकोले प्रस्तुत एउटा रचनामा यसको चर्चा गर्न सकिन्न । यस प्रकारको चर्चा राम्ररी गर्नलाई त ठेलीका ठेली पुस्तकहरू लेखिनु पर्ने हुन्छ । किन्तु यस बिषयलाई यथार्थ रुपमा राम्ररी सम्झन चाहनेले सम्पूर्ण विषयलाई तीनवटा परिभाषाहरूबाटै बुझन सक्तछन् । ती हुन् – " अनित्य, दुःख र अनात्मा " । अनित्य भनेको सांसारिक प्रवाह हो । दुःख भनेको सांसारिक अस्थिरता हो । अनात्मा भनेको संस्कृत बिषयवस्तु र सम्बन्ध बिचारहरूमा अपरिवर्तनीय वस्तुत्वको अभाव हो ।

माथिका प्रसंगबाट के स्पष्ट हुन्छ भने विज्ञान पनि प्रयोग सिद्ध, अनुभूत परीक्षणमा मात्र आधारित छैन । सबै धर्महरू पनि अन्धबिश्वास र अनधिकृत अनुमानमा मात्र स्थापित छैनन् ।

विज्ञानमा पनि आफ्नै अनुमानको अंश हुन्छ। धर्ममा पनि वस्तुगत अनुसन्धानको हिस्सा हुन्छ। विज्ञान र धर्ममा यसरी आपसमा जोडिनु पर्ने बिन्दु छ। तथागत भगवान बुद्ध द्वारा उपदिष्ट सिद्धात नै त्यो बिन्दु हो। किनभने बुद्धोपदिष्ट सिद्धान्त एउटा तर्कपूर्ण सिद्धान्त हो जुन सिद्धान्तले व्यक्तिगत तथा वस्तुगत तथ्य-हरू (सत्यहरू) को पहिचानवाट अगाडि बढाई बौद्धिक समझदा-रीको सीमा भन्दा परको सत्यको प्रत्यक्षीकरण र साक्षात्कार सम्म ल्याई पुऱ्याउंछ।

भारतवर्षमा प्राचीनकाल देखि नै दर्शनशास्त्र, धर्मशास्त्र र विज्ञान आपसमा निकै घनिष्ठताका साथ गाँसिएका हुन्थे। तिनीहरूका बीच जुन भिन्नताहरू आज हामी खडा गर्दछौं त्यस्ता विभेद त्यसबेला ज्ञात थिएन। कुनै कुनै विचारधारा वा मतको सम्प्रदायमा यो अवश्य साँचो हो, कि यस प्रकारको सम्मिश्रणले ज्यादै नै भ्रान्तिजनक अस्पष्ट सिद्धान्तको उत्पत्ति गरायो र यसले गर्दा सत्य र काल्पनिक अनुमानको बीचको भेद नै धुमिल्याई दिएको थियो। कल्पनाहरूले रहस्यवादमा पुगी अनेक उपद्रव कार्य पनि गर्दथे र यसले गर्दा भगवान बुद्धले "सिद्धान्तहरूको जगल" भनी भन्नु भएको आध्यात्मिक, रहस्यमय र स्पष्टतः भौतिकवादी सिद्धान्तहरू खडा हुन आए।

बुद्ध धर्ममा त्यसैले विवेकमाथि ठूलो जोड दिइएको छ र अन्ध र अनुत्तरदायी विश्वासमा आधारित अन्य धर्महरूका विपरीत तथागतद्वारा स्वयं बहुत जोड दिई प्रतिस्थापित गरिएको यस विवेक माथिको जोड नै शुरूदेखि हालसम्म पनि बुद्ध धर्मको विशिष्ट विशेषता रहिआएको छ। तर्कपूर्ण नैतिकताको परिधि भित्र रहेको व्यक्तिगत बिचारको स्वतन्त्रता र आत्मनिर्णयको छुट नै बुद्ध धर्मको यस्तो विशिष्ट लक्षण हो जसले गर्दा हामीले आज बुझ्ने गरिआएको जीवन प्रतिको वैज्ञानिक दृष्टिकोण संग मौलिक रूपबाट बुद्ध धर्मलाई मिलान गराउंछ।

विगत आधा शताब्दीको अवधिमा वैज्ञानिक विचारले लामो मार्गको यात्रा गरिसकेको छ। भौतिकवाद नै वैज्ञानिक विश्वासको अन्तिम कृत्य हो भन्ने कुरामा विश्वास गर्ने व्यक्तिहरूलाई समयले निकै पछाडि घचेटिदिइ सकेको छ। विश्व विख्यात दार्शनिकहरू र वैज्ञानिकहरू आज आएर जीवनका अझै अज्ञात रहिआएका पक्षहरूका विषयमा क्रमशः बढ्दो मात्रामा परिचित हुंदै आएका छन्। तिनीहरू आज पनि प्रकट धर्मका कोरा सिद्धान्त सबलाई स्वीकार गर्न तयार छैनन् तर तिनीहरू भौतिक ज्ञानको क्षेत्रभन्दा परका प्रदेशहरूको अस्तित्व पनि छन् भन्ने कुरालाई मान्न अब हिच्किचाउंदैनन्। बास्तवमा आधुनिक भौतिक शास्त्रको परिप्रेक्षमा धेरै जनाले केवल भौतिकबादी दृष्टिकोणलाई अस्वीकार्य भनी घोषित गरिसकेका छन्। वैज्ञानिक सिद्धान्तको रुपमा त भौतिकवादको मृत्यु नै भइसकेको छ। यो बाँचेको छ भने राजनैतिक सिद्धान्तको रुपमा बाँचेको छ र यसलाई समर्थन गर्नको खातिर विशुद्ध वैज्ञानिकहरूले पचास वर्ष अघि राजनैतिक धर्मको रुपमा अवलम्वन गरिएको जीर्ण मत (पुरानो सिद्धान्त) संग मिलान खुवाउने प्रयत्न गर्ने सिलसिलामा आफ्ना आविष्कारहरूलाई तोड मतोड गरी झुट्टा सावित गरी प्रस्तुत गर्न वाध्य हुन परिरहेका छन्।

वैज्ञानिक विचार र धर्मका बिचार दुबैलाई पूर्ण स्वतन्त्रता प्रदान गरिएका संसारका विभिन्न मुलुकहरूमा मानसिक संक्रमण (Telepathy), दिव्य चक्षु, दिव्य श्रोत, अध्यात्मवादी प्रकाशहरू र अन्य प्रकारका मनोवैज्ञानिक क्रयाकलापहरूका बिषयमा अध्ययन अनुसन्धान गर्न डाक्टरहरू, भौतिक शास्त्रीहरू, जीव–शास्त्रीहरू, मनोवैज्ञानिकहरू र अन्य विशिष्ट क्षेत्रका विशेषज्ञहरू समावेश भएका (संयुक्त) अनुसंधानका निकायहरूका स्थापना गरिएका छन्। तिनका परिणामहरू र उपलब्धिहरू पनि अत्यन्त गम्भीर महत्वका सिद्ध भएका छन्। मानसिक संक्रमण (बिचार स्थानान्तरण) को प्रमाण अहिले आएर यति मजबुतिका साथ

प्रतिस्थापित भइसकेको छ कि मानसिक संक्रमणको खास वास्तविक स्वभाव अझै पूर्ण रुपमा जानिइ नसकिएता पनि यसलाई अन्य मानसिक गतिविधिहरूको वैज्ञानिक व्याख्या गर्ने काममा अहिले नै प्रयोग गर्न थालिसकिएको छ । हाले इङ्गलाण्डमा अध्यात्मवादको अनुसन्धानको निमित्त गठित यस्तै एउटा (संयुक्त) समितिको एकजना वैज्ञानिकले दिएको आफ्नो प्रतिवेदनमा समाधिको अवस्था (trance state) को "माध्यम" द्वारा घटित हुने धेरै जसो कुराहरूलाई मानसिक संक्रमण सित सम्बन्धित गराउन सकिन्छ र ती कुराहरू हुनुबाट अमर आत्माको अस्तित्वको प्रमाण हो भनी कदापि मान्न सकिंदैन भनी जिकिर लिइएबाट यस बिषयमा निज वैज्ञानिकको खोजले एउटा नौलो उदाहरण नै प्रस्तुत हुन आएको छ । बुद्ध धर्ममा अमर आत्माको अस्तित्वलाई मान्यता नदिइने हुंदा बुद्ध धर्मावलम्वीको लागि वैज्ञानिक खोजको परिणाम स्वरुप अमर वस्तुको अस्तित्वलाई अस्वीकार गरिएकोमा सो प्रतिवेदनको कुराको त्यति महत्व छैन (जुन कुरा बुद्धको उपदेश अनुकूल नै छ) जति कि एउटा वैज्ञानिकले भौतिक साधनबाट अलग्गै रही स्वतन्त्र पूर्वक कार्य गर्ने अज्ञात मानसिक शक्तिको अस्तित्व पनि छ भनी वस्तुगत तथ्यलाई स्वीकार गरिएकोबाट सो खोजको कुरा महत्वपूर्ण हुन आउंछ । यसरी वैज्ञानिक खोजबाट मानसिक संक्रमणलाई मात्र स्वीकार गरिएको होइन कि अमेरिकामा गरिएका प्रयोगहरूबाट त निर्विवाद रुपबाट के पनि सिद्ध भइसकेको छ भने चित्तमा देह (शरीर) लाई प्रभावित पार्न सक्ने शक्ति रहनाको अतिरिक्त विना कुनै भौतिक सम्बन्धबाट पनि टाढा रहेका वस्तुलाई कुनै निश्चित हदसम्म नियन्त्रण गर्न सक्ने शक्ति पनि चित्तमा समाहित रहेको हुन्छ। यस्ता परीक्षणहरू तासका पत्ताहरू र औजारहरूका माध्यमबाट छानिएका वस्तुहरू माथि सञ्चालन गरिन्छन् ।

दिव्य चक्षु, दिव्य श्रोत र मानसिक संक्रमण (आदेशना प्रातिहार्य) हरूलाई अहिले आएर यस्ता वस्तुगत यथार्थताहरूको

रुपमा प्रमाणित गरिसकेका छन् कि तिनीहरुलाई अधिक इन्द्रीय ज्ञानहरू (इ. एस्. पी. अर्थात Extra-Sensory Perception) को शीर्षक अन्तर्गत वैज्ञानिक रुपबाट समूहिकृत गरिएका छन् र विज्ञानलाई जानकारी भएका तर हालसम्म पनि व्याख्यान हुन नसकेका अन्य प्राकृतिक नियमहरू संगै तिनीहरुलाई पनि वर्गीकरण गरिएका छन् ।

पचास वर्ष अघिका भौतिकवादी वैज्ञानिक आफ्नो सीमित ज्ञानको क्षेत्र भन्दा पर कुनै पनि कुराको अस्तित्व हुन्छ भन्ने कुराको विश्वासलाई स्वीकार्न तयार थिएन । आजको विद्वान मानिस बढी बुद्धिमान छ – उसलाई थाहा छ र ऊ स्वीकार पनि गर्दछ कि उसलाई साह्रै थोरै कुराको मात्र जानकारी छ । तर पनि उसले अतीतमा विज्ञानलाई आफ्नो ज्ञान क्षेत्र विस्तार गर्न सहयोग पुऱ्याएका अनुसन्धानका तरीकाहरुलाई बिल्कूलै त्याग्न नचाहनु एक प्रकारले ठीकै र स्वाभाविकै कुरा हो । किनभने अनुसन्धानका तिनै वैज्ञानिक तरीकाहरुबाट मात्रै हामीले स्वयं आफूलाई वैज्ञानिक खोजको नाउंमा भ्रमका शिकार त बनाइरहेका छैनौं भन्ने कुरालाई यकिन रुपमा सुनिश्चित गर्न सकिन्छ । यसै कारणले गर्दा आधुनिक वैज्ञानिकहरूका लागि कुन किसिमको धार्मिक आस्था र विश्वास अध्ययन र अनुसन्धानको निम्ति स्वीकार योग्य हुन्छ त भन्दा त्यस्तो धार्मिक विश्वास जुन धार्मिक विश्वासले आफ्ना सम्पूर्ण पक्षहरूलाई अनुसन्धानको लागि खुल्ला राख्न सक्तछ र जुन विश्वासले बुद्धिजीवीहरुका प्रश्नहरुलाई पन्छाउन नखोज्ने मात्र होइन कि मानव समुदाय संग आज सुलभ उच्चतम सर्वोत्कृष्ट ज्ञान संग तुलना गरेर धर्मलाई परीक्षण गर्न आमन्त्रण समेत गरेर आधुनिक आत्मविश्वासी बुद्धिजीवीहरूका प्रश्नलाई उत्प्रेरित पनि गर्न सक्तछ, त्यस्ता धार्मिक आस्था तथा विश्वास मात्र आजका वैज्ञानिकहरूका लागि स्वीकार्य हुनेछ । अरु पनि हुन सक्छ, धर्मका समस्याहरुमा वैज्ञानिक तरीकाको

उपयोग नै मानव जातिको आध्यात्मिक प्रगतिको दिशामा पश्चिमा जगत्को सबभन्दा ठूलो योगदान हुन पुगोस् ।

माथि चर्चा गरिए जस्तो धर्म हो बुद्ध धर्म – भगवान बुद्ध द्वारा २५०० बर्ष अघि प्रतिपादन गर्नु भएको सत्य । किनभने बुद्ध धर्म नै विशिष्ट किसिमको चित्तको विज्ञान हो । निर्मलता र ज्ञानको यस औजारको सहयोगले विश्वलाई नै कुप्लुक्क निल्न खोज्ने अविद्याको अन्धकारलाई हामी फारिदिन सक्छौं र धर्मको राज्यको पुनर्स्थापना गर्न सक्छौं । धर्मको संरक्षणको निम्ति बौद्ध भूमिका नवयुवकहरूलाई हामी आह्वान गर्दछौं । किनभने धर्मको भविष्य नै यिनीहरूको हातमा छ । यिनीहरूको हातमा अहिले नयाँ हतियार र नयाँ शक्ति सुलभ छन् । राम्रो वा नराम्रो कुनै पनि कार्यमा प्रयोग गर्न सकिने वैज्ञानिक एवम् प्राविधिक ज्ञानको ठूलो राशी यिनीहरूलाई उत्तराधिकारको रूपमा उपलब्ध छ । तर यो कुरा पनि यहाँ अविस्मरणीय छ कि यिनै युवाहरू नै कुनै पनि सांसारिक ज्ञान भन्दा बढी श्रेष्ठोत्तम रहेको वा कुनै पनि सांसारिक ज्ञानलाई अतिक्रमण गर्न सक्ने ती महान् तथा अपरिवर्तनीय प्रज्ञा ज्ञानका उत्तराधिकारी पनि हुन्, धर्मको जुन ज्ञानको प्रयोग र सम्यक् दृष्टिले मात्र यिनीहरूले आफ्ना अन्य ज्ञानलाई राम्रा कार्यतिर मोड्ने निर्देशन र प्रेरणा प्राप्त गर्दछन् । मानव जातिको भविष्य बुद्ध धर्ममा अडेको छ । किनभने बुद्ध धर्म नै मात्र त्यस्तो स्वच्छताको पवित्रताको मार्ग हो जुन मार्गले शान्तिको मार्गमा डो-याउंछ, मानवताको लागि एकमात्र सत्य र चिरस्थायी शान्तिको मार्गलाई पहिल्याउंछ । सम्पूर्ण प्राणीमात्रलाई सुख र मुक्ति दिलाउन सम्यक् दृष्टि र बिश्वव्यापी उपकारको यस पावन प्रकाशले संसार नै सबै ढाकियोस् !

प्रस्तुत रचनामा हामीले प्राथमिक सिद्धान्तहरूको विवेचना गर्न थालेको हुंदा हामीले सर्वप्रथमत: बुद्ध धर्म भनेको के हो भन्ने परिभाषाबाटै शायद लेखनी शुरू गर्नु वेश होला । कयन् पश्चिमा

लेखकहरूले प्रश्न उठाएका छन् – उनीहरूले धर्म भन्नाले जे बुझने हो त्यस अर्थमा के बुद्ध धर्म साँच्चिकै धर्म नै हो त ? पश्चिमा विद्वानहरूले यसरी प्रश्न उठाउनु एक प्रकारले स्वाभाविकै पनि छ। किनभने भगवान शास्ताले प्रतिपादन गर्नु भएको सिद्धान्त जो छ, अनेक किसिमवाट संसारमा विद्यमान अन्य धर्महरू भन्दा यो सिद्धान्त मौलिक रुपमा भिन्नै खालको छ। यस सिद्धान्तको नजिकैको सामीप्य कुनै धर्म दर्शन संग छ भने हिन्दु धर्मको उन्नत रुप जस्तै वेदान्त वा अद्वैतवाद संग हुन आउंछ। तर याहाँ पनि राम्ररी माथिल्ला सतह देखि भित्री तहसम्म पुगी केलाएर हेर्ने हो भने याहाँ पनि महत्वपूर्ण भिन्नताहरू थुप्रै पाइन्छन्।

बहुसंख्यक व्यक्तिहरूको लागि धर्मको अर्थ हो निष्ठा भक्तिको आधारमा केही मतहरूको समूह माथि गरिनु पर्ने विश्वास जस्तं – विश्वका सृष्टिकर्ता परमेश्वर माथिको विश्वास, अमर आत्मा र यस्को पुनर्जन्म सम्बन्धी निश्चित सिद्धान्तहरू माथिको विश्वास, व्यक्तिगत रक्षक र भविष्यवक्ताहरू र परमेश्वरको इच्छा वोकी हिंड्ने देवदूतहरू र प्रधान देवदूतहरू जस्ता अलौकिक जीवहरूको समूह माथिको विश्वास इत्यादि।

बुद्ध धर्ममा यी सबै केही पनि छैनन्। बुद्धधर्मका देवता-हरू पनि अन्य धर्मका ईश्वर जस्ता होइनन्। वलिक मानिसहरू जस्तै हेतु र विपाकको नियममा बाँधिएका हामी जस्तै सत्वहरू हुन्। यी देवगणले मानव जातिको भाग्य निर्धारण गर्दैनन्, न त उनीहरू अजर अमर नै हुन्छन्। भगवान शास्ताले उपदेश दिनु भएको धर्ममा अनुभव द्वारा परीक्षण गर्न नसकिने कुनै पनि कुरा-मा विश्वास गर्नु पर्छ भन्ने जस्ता कुरा केही छैनन्। किन्तु अन्य धर्ममा स्व-ज्ञान र स्व-अनुभव द्वारा परीक्षण गर्न नसकिए पनि परमेश्वरको अस्तित्वमा बिश्वास गर्नै पर्छ भन्ने हुन्छ। तसर्थ धर्म-हरूको बीचमा बुद्ध धर्मको आफ्नै किसिमको अभिनव-अद्वितीय बिशेषता रहिआएको छ र वैज्ञानिक मनको समालोचनात्मक

अनुसन्धान एवम् खोजको सामु पनि आफूलाई अडिग रुपमा जीवित राख्न सक्ने धार्मिक उपदेश पनि यही बुद्ध धर्म मात्र रहेको छ ।

राजकुमार सिद्धार्थले सत्व प्राणी मात्रका हितको लागि दु:खको कारण र सोको निरोध हुने मार्ग पहिल्याउने पवित्र उद्देश्यले आफ्नो राजकीय सुख सुविधा र आरामलाई परित्याग गरी आफ्नै स्वेच्छाले ६ बर्ष सम्म कठोर तपस्या (कठोर मानसिक एवम् शारीरिक अनुशासनको अभ्यास) को अवलम्वन गरी सत्यको लागि खोजी शुरू गरी प्रारम्भ भएको सत्य धर्म नै बौद्ध धर्म हो । बुद्ध धर्मले यो मौलिक विशेषता युक्त लक्षण र स्वभावलाई अझै सम्म सुरक्षित राखेकै छ। अझै पनि बुद्ध धर्म भनेको पूर्ण वैज्ञानिक सिद्धान्तहरूमा संचालित प्रत्येकले आफ्नो लागि गरिनु पर्ने सत्यको खोजी नै हो। यसरी खोजी गर्दा हाम्रा मार्ग दर्शनको लागि तथागत सम्यक् सम्बुद्धले प्रतिपादन गर्नु भएको सम्यक् दृष्टिको नियमानुसार खोजी गर्नु पर्दछ ।

बुद्ध धर्म जुन सिद्धान्तहरूमा आधारित छन् ती वैज्ञानिक सिद्धान्तहरू हुन् भन्नाको मतलब के हो भने अन्य धर्म जस्तै बुद्ध धर्म कुनै ईश्वर वा प्रथम कारण सम्बन्धी आधारहीन काल्पनिक सिद्धान्तबाट शुरू हुंदैन र यस धर्मले दैवी आकाशवाणीको रुपमा ईश्वरको दर्शन हुने भन्ने जस्ता कुराबाट मानव जातिको आध्यात्मिक सफरको शुरू र अन्त सम्बन्धी सम्पूर्ण सत्यलाई नै प्रस्तुत गर्ने दावो पनि गर्दैन। तपाई हामीलाई थाहा नै छ कि वैज्ञानिकले कुनै पनि ज्ञानको क्षत्रमा अध्ययन गर्न शुरू गरी आफ्ना पूर्वजहरू भन्दा ज्ञानलाई अघि बढाउन खोज्दा आफ्नो अध्ययन र अनुसन्धानको अन्तमा यस्तो कुरा फेला पार्छु भनी अपेक्षा गरी कुनै मत वा सिद्धान्तलाई अवलम्वन गरी वैज्ञानिकले प्रारम्भ गरेको हुदैन। बढी से बढी एउटा वैज्ञानिकले गर्ने कुरा के हुन्छ भने उसले एउटा अनुमान वा एउटा सिद्धान्तलाई अगाडि सारी व्यावहारिक प्रयोगहरूबाट त्यो अनुमान वा सिद्धान्त ठीक छ कि छैन भनी पत्ता

लगाउन कोशिस गर्दछ। त्यस प्रकार प्रयोग र प्रयास गर्दा फेला पारेका तथ्यहरू संग पूर्व अनुमान वा सिद्धान्तको तालमेल खाँदो रहेन छ भन्ने कुरा उसले पत्ता लगायो भने कुनै हिच्किचाहट बिना वैज्ञानिकले त्यो सिद्धान्तलाई तृण समान परित्याग गरी नयाँ र राम्रो सिद्धान्तको पक्षमा ऊ लागेको हुन्छ। एउटा वैज्ञानिकले आफ्नो मत संग मिलान गराउने उद्देश्यले तथ्यहरूलाई कुनै पनि हालतमा वङ्ग्याउने वा मोड्ने कोशिस गर्दैन। किनभने उसलाई के थाहा छ भने एउटा वैज्ञानिकले यस्तो प्रयास गरेको खण्डमा ऊ कहिल्यै पनि सत्य छेउ आइपुग्न सक्ने छैन। वैज्ञानिक तालीमले हामीलाई के सिकाउंछ भने हामीले काम गरिरहेका तथ्यहरू हाम्रा अनुभव द्वारा हर क्षत्रमा प्रमाणित गरुञ्जेल मात्र हामीले अपनाइ आएको सिध्दान्त साँचो हुन सक्छ।

वैज्ञानिक विचारधारा र अधिकांश धार्मिक विचारधाराको बीचमा मौलिक भिन्नता नै यही हो। आफ्नो धर्म वा वादलाई सत्य हो भनी प्रदर्शित गर्न वा सत्य हो भनी स्वीकार गराउनको लागि वास्तविकताहरू र तथ्यहरूलाई तोडमरोड गरेर भए पनि आफ्नो सिध्दान्तलाई कुनै पनि हालतमा ठीक हो भनी प्रमाणित गराउने उद्देश्य लिई धर्म गुरुले आफ्नो मतबाट प्रारम्भ गरेको हुन्छ। वर्तमान शताब्दीमा धर्मको कमजोरी नै यही हो। अनुभवले यस्ता अनेकौं मतहरूलाई र दैवी श्रोतबाट प्रतिपादन भएका भनिएका तथाकथित सिध्दान्तहरूलाई झुठा साबित गरिदिएको छ। परन्तु भगवान बुद्धले यस्तो मार्ग र तरीकाको अवलम्बन गर्नु भएन। संसारका समस्याहरू र तिनमा अन्तर्निहित रहेका अन्तिम सत्य कुरा पत्ता लगाउनमा आधुनिक वैज्ञानिक सदृश वैज्ञानिक तरीकालाई अवलम्बन गर्ने केवल बुद्ध मात्र एकजना धर्मगुरू हुनु हुन्थ्यो। उहाँले केवल निष्ठा र विश्वासको आधारमा मात्र अपनाउनु पर्ने कुनै पनि मतहरू र धारणाहरूलाई प्रतिस्थापित गर्नु भएन। अपितु आधुनिक युगका वैज्ञानिकहरूले गरे झैं उहाँ आफै सत्यको खोजी र अनुसन्धानमा लाग्नु भयो र यथार्थ

सत्यलाई खोजी पत्ता लगाउनु भयो र यसरी पत्ता लगाई सक्नु भए पछि आफूले अनुसन्धान गर्नु भएको सिद्धान्तहरूको प्रतिपादन गर्नु भयो, ताकि इच्छा हुने अरूले पनि सोही तरीकाको अनुशरण अवलम्बन गरीकन आफैं अन्तिम सत्यलाई पत्ता लगाउन सकून् । यसै कारणले गर्दा नै बुद्धले अरू कुनै धर्म गुरुको उपदेशमा पनि उपलब्ध नभएको वचन प्रकाश गर्न सक्नु भएको हो । अन्य धर्म गुरुहरूले जहाँ " मैले भनेको कुरामा विश्वास गर्नै पर्छ म माथि विश्वास राख्नै पर्छ " भनी भन्नु भएको छ भने भगवान बुध्दले भन्नु भएको छ कि "धर्मका कुराहरूमा मनमा सन्देह उत्पन्न हुनु स्वाभाविक छ । कुनै पनि कुरालाई ग्रहण गर्दा केवल परम्पराबाट यो कुरा आएको हो भन्ने आधारमा वा अतीतमा यो कुरा ठूलो महात्माले पनि भन्नु भएको थियो भन्ने आधारमा वा प्राय: सबैले विश्वास गर्ने कुरा हो भन्ने आधारमा वा अरूले यो कुरा भनेको हो भन्ने आधारमा वा तथागत स्वयले नै भन्नु भएको हो भन्ने कुराको आधारमा मात्र कुनै पनि कुरालाई ग्रहण वा विश्वास गर्नु हुँदैन। परन्तु जुन कुरा ग्रहण गर्न वा विश्वास गर्न भनिएको हुन्छ सो कुराको सम्बन्धमा आफू स्वयंले आफ्नै अनुभवको कसौटीमा घोटी परीक्षा गरेर हेर्नु पर्छ कि यो धर्म कुशल छ कि छैन, निर्दोष छ कि छैन, विज्ञ–प्रशंसित छ कि छैन, यो धर्म प्राप्त गर्नाले जीव सत्व प्राणीहरूको हित सुख हुन्छ कि हुन्न र यदि यस प्रकारले परीक्षा गर्दा पनि आफूलाई ग्रहण वा विश्वास गर्न भनिएको धर्म ठीक ठहर्छ भने मात्र त्यस्तो धर्मलाई सत्य धर्म भनी राम्ररी ग्रहण गरी धारण पालन गर्नु पर्दछ र सोही धर्म अनुसार काम गर्नु पर्दछ ।"

[कालामहरूलाई दिनु भएको उपर्युक्त धर्मोपदेशमा भगवान तथागतले धर्मको बिषयमा पूर्ण आत्म स्वतन्त्रता मात्र दिनु भएको होइन कि धर्मको कुशलतालाई परीक्षा गर्ने वस्तुगत स्वतन्त्र तरीकाको पनि स्पष्ट मार्ग दर्शन दिनु भएको छ। भगवान

बुद्धको उपर्युक्त उदानलाई संक्षेपमा भन्ने हो भने जुन धर्मले आफूलाई र परलाई समेत अतीतकाल, वर्तमान काल र भविष्यमा समेत हित सुख मङ्गल प्राप्त हुन सक्छ त्यस प्रकारको अर्थपूर्ण सुव्यञ्जन युक्त परिशुद्ध धर्मलाई मात्र मानिसहरूले छानी धारण र पालन गर्नु पर्दछ ।]

यसरी आज भन्दा पच्चीस सय वर्ष अघि नै भगवान बुद्धको उपर्युक्त थोरै शब्दहरूमा धर्म र दर्शन जस्तो उत्कृष्ट उच्चतम ज्ञानको विषयमा प्रयोग गरिने वैज्ञानिक विचार पद्धतिको पूर्ण वर्णन सुपरिभाषित भइसकेको हामी पाउंछौं। विवेकपूर्ण औचित्यको यो यस्तो परिभाषा हो र सबैभन्दा प्रभावकारी एवम् दूरगामी महत्वको यो यस्तो उदान–कथन हो जुन कुरालाई बुद्ध धर्मले बाहेक अन्य कुनै पनि धार्मिक चिन्तनका जगतले कहिल्यै पनि व्यवहारमा उतार्न सकेको छैन । बुद्धका अनुयायीलाई कुनै पनि धर्मको आधारभूत तथ्यहरूका बारेमा आफूलाई प्रष्ट ज्ञान नभए सम्म र आफ्नै अन्तरज्ञान दृष्टिमा सो कुरा स्पष्ट अवबोध भई त्यसलाई सहजै स्वीकार गर्न सकिने स्थिति खडा नभएसम्मको लागि सो धर्मको विषयमा सन्देहको दृष्टिले परीक्षा गर्न पाउने अधिकार प्रदान गरिएको छ । धर्मको परिभाषाहरू मध्ये एउटा अति सुन्दर परिभाषा के हो भने बुद्ध धर्म "एही पस्सिको" छ, जुनसुकै व्यक्तिलाई आफैं आई हेर र जाँच भनी यस धर्ममा आह्वान गरिएको छ ।

बुद्ध धर्म भन्नाले हामीले बुझ्ने कुरा यही हो । बुद्ध धर्म वास्तवमा वस्तुगत ज्ञान र आत्म चिन्तनको साथै अनुभवका सम्पूर्ण आधारहरूको विश्लेषणमा आधारित भएको सुव्यवस्थित दृष्टिकोण हो, चिन्तनको अभिनव शैली हो । अनन्त संसारमा दुःखको भूमरीमा सदैव रूमल्लिरहनु पर्ने गरी हामीलाई आबद्ध गरिराखेको मोह वा अविद्याको पर्दालाई फारी यसको हरेक बन्धनबाट मुक्ति दिलाउन सकिने उच्चत्तम प्रज्ञा ज्ञानको लाभ गर्नु नै बुद्ध धर्मको उद्देश्य हो ।

शाक्यमुनि बुद्धलाई आफ्नो लक्ष हासिल गर्न बुद्ध जीवन मैं ६ बर्ष लाग्यो तर व्यक्तिगत बुद्धत्वको इतिहास हेर्ने हो भने सोको इतिहास त यो भन्दा निकै टाढा पुग्दछ र दीपङ्कर तथागतको पादकमलमा प्रथम पटक बुद्धत्वको लागि प्रार्थना गरे देखि असंख्य कल्पहरू सम्म यसले ढाक्न पुग्दछ। याहाँ हामी पालि ग्रंथमा उल्लेख भएका बुद्धका अन्तिम जीवनका विवरण संग मात्र बढी सरोकार राख्दछौं। किनभने म याहाँ सबभन्दा महत्वपूर्ण कुरा के बुझाउन चाहन्छु भने शाक्यमुनि तथागतले आफ्नो बोधिसत्वको जीवनकालमा बाहिरबाट कसैको परामर्श र मार्ग दर्शन नपाईकनै आफ्नो खोजीको काम प्रारम्भ गर्नु भएको थियो। उहाँले कुनै दैवी आकाशवाणी प्राप्त गर्नु भएको थिएन। उहाँले आफूलाई स्वयं-परिशुद्ध र स्वयं मुक्त भएको मानव व्यक्तित्व भन्दा बढी केही कुराको दावी कहिल्यै गर्नु भएन। ज्ञात कुराहरूबाट अज्ञात निश्कर्षको खोजोमा लाग्ने वैज्ञानिक खोजीको जुन चेष्टा हुन्छ ठीक त्यस्तै चेष्टा अनुरुप भगवान बुद्धले पनि ज्ञात तथ्यहरू र आधारभूत सिद्धान्तहरूबाट अगाडि बढी बोधिज्ञानको आफ्नो महान खाजी शुरू गर्नु भएको थियो।

जीवनको वास्तविक स्वभावको यो अनुसन्धानमा लाग्न उहाँले शुरू गर्नु भएको प्रवेश-विषय के थियो त? त्यो हो दु:खको पहिचान। भनाइको मतलब के हो भने भगवान बुद्धले के महान सत्यलाई महशूस गर्नु भयो भने संसारका यावत् सत्व प्राणीहरू मानसिक एवम् शारीरिक अनेक दु:खबाट घेरिएका छन् तिनीहरू जरा, व्याधि, दु:ख, सन्ताप र अन्ततोगत्वा: मृत्युका शिकार हुन्छन्। नाम र रुपको अस्तित्व रहुञ्जेल सम्म यी दु:खबाट उम्कन सकिने कुनै बाटो छैन। बुद्धमतमा दु:खको यस वास्तविकता र यथार्थता र यसको विश्वव्यापी स्वभाव माथि जोड दिइएको हुंदा नै अधिकाँश पश्चिमा आलोचकहरूका आँखामा बुद्ध धर्म "नैराश्यवादी धर्म" ठहरिएको छ। तर यथाभूत रुपबाट यो विषयलाई हेर्ने हो

भने बुद्धको सदुपदेशमा नैराश्यवाद छंदै छैन। यो त विशुद्ध यथार्थ-वाद मात्र हो। जीवनको स्वभावलाई, शेक्सपियरको भाषामा भन्ने हो भने "चर्मले सकानु पर्ने दुःखहरू" लाई गम्भिरताका साथ विचार गर्ने जोसुकैलाई यत्ति त स्वीकार्न कर लाग्छ कि यावत सत्व प्राणीहरूका सुखको राशीलाई दुःखको महान् राशीले हालसम्म उछिनेकै छ। पूर्व र पश्चिमका अनेकन् दार्शनिकहरूले पनि यही निश्कर्ष निकालेका छन् तर भगवान बुद्धले दुःखबाट मुक्ति पाउने मार्ग पहिल्याउनु भए झैं अन्य दार्शनिकहरूले समस्या-को कुनै समाधान निकाल्न सकेका छैनन्। परिणामस्वरूप संसार-का अन्य वादहरू यस जीवनलाई केवल नैराश्यमा त्यागी मृत्यु पछि पाइने शंकास्पद स्वर्गको आशामा कुण्डिन मानवजातिलाई सल्लाह दिन मात्र समर्थ रहन सकेका देखिन्छन्।

साँच्चिकैको नैराश्यवाद वास्तवमा यही हो र सम्पूर्ण दैवी धर्महरूमा समान रूपमा व्याप्त रहेको यही निराशापूर्ण दृष्टिकोण-को कारणले गर्दा नै मार्क्सको प्रसिद्ध कथन—"धर्म भनेको जनता-को अफिम हो" भन्ने कुरालाई जन्म दियो। किनभने ती धर्महरूले जनतालाई आफ्ना जीवनका नैराश्यपूर्ण दुःखहरूको भ्रामक क्षति-पूर्ति स्वरूप धर्मलाई अगाडि सारेका थिए। साँच्चकै भन्ने हो भने सो धर्मबाट लोकजनलाई यस संसारमा केही कुराको आशा नराखीकन (अन्ध) विश्वास र (अन्ध) भक्तिको बदलामा प्राप्त हुने भनी प्रतिज्ञा गरिएको भबिष्यको उज्वल संसार (स्वर्ग) मा आस्था राख्न सल्लाह दिइन्थ्यो।

उपर्युक्त कुराको ठीक विपरीत बुद्धले बुद्धधर्मले यही नै यसै जीवनमा सुख शान्ति प्राप्त हुने कुराको घोषणा गर्नु भयो र यसै जीवनमा स्वर्गको सुख भन्दा महान र विपुल सुखको लाभ गर्न सकिन्छ भनी भन्नु भयो।

बिरामीलाई उपचार गर्न भनी बोलाइएको डाक्टरको पहिलो काम नै बिरामीलाई लागेको रोगको प्रकृतिको परीक्षा गर्नु

हो । रोगको परीक्षा गरिसकिएपछि डाक्टरले सो रोग लाग्नाको कारण पत्ता लगाउंछ र यही हेतु (कारण) को ज्ञानले नै त्यस रोगको उपचारको लागि के कस्तो औषधोपचारको आवश्यकता पर्छ भन्ने कुरा डाक्टरले यकिन गर्दछ । भगवान बुद्धको तरीका पनि ठीक चिकित्सककै जस्तो छ । संसारको महान् चिकित्सकको रूपमा रहनु भएका भैषज्य तथागतको नामले सुविख्यात शाक्य-मुनि बुद्धले पनि सर्वप्रथम संसारकै रोगको परीक्षा गरी यसको उत्पत्ति हुनाको हेतु (कारण) पत्ता लगाउनु भयो र अनि रोगको निदानको लागि उपयुक्त उपचारको व्यवस्था गर्न उहाँ सक्षम हुनु भयो । "वैद्य, आफूलाई नै निको पार" भन्ने पुरानो उखान छ । यो उखान शारीरिक रोगको उपचार गर्नेलाई भन्दा आध्यात्मिक रोगको उपचार गर्छु भनी दावी गर्ने महानुभावहरूलाई बढी उपयुक्त हुन आउछ । किनभने यो संसारमा तथाकथित आध्या-त्मिक उपचारकहरू आफ्नै मानसिक दुःखका श्रोतहरूको निरा-करण गर्ने काम आइपर्दा प्रायः निलज्जताका साथ अयोग्य साबित हुन आउंछन् । किन्तु भगवान बुद्धले भने यस किसिमको परीक्षामा पनि जांच पास गर्नु भयो । उहाँले प्रथमतः स्वयं आफैलाई उपचार गर्नु भयो र आफैलाई सफलताका साथ रोगको निदान र उपचार गरिसकेपछि मात्र उहाँले अरूको रोगको निदान गर्ने प्रयास गर्नु भयो ।

चतुरार्य सत्य मध्येका प्रथम सत्य दुःख सत्यलाई अर्थात् जाति दुःख छ र जरा, व्याधि, मृत्यु, प्रियसंगको वियोग र अप्रिय संगको संयोग – यी सबै दुःखका कारण हुन् भन्ने सत्यलाई महशूस गरिसकेपछि उहाँले सो दुःखको कारण पत्ता लगाउने प्रयास गर्नु भयो र तृष्णामा दुःखको कारण रहेको भेट्टाउनु भयो । याहाँ पनि उहाँको विश्लेषण बिलकुल उचित र वैज्ञानिक थियो । किनभने उहाँको निश्कर्षको सत्यलाई कुनै पनि व्यक्तिले परीक्षा गरी आफै प्रमाणित गर्न सक्तथ्यो । आधुनिक मनोविज्ञान शास्त्र-

को अध्ययनले पनि हामीलाई के देखाउँछ भने हाम्रा सम्पूर्ण क्रयाकलापहरू तृष्णाद्वारा उत्प्रेरित हुन्छन् र त्यस इच्छालाई परिपूर्ति गर्ने हाम्रा प्रयासद्वारा निर्देशित हुन्छन् । जब हामी सो इच्छा पूर्ति कार्यमा असफल हुन्छौं अनि हामी दुःखी हुन्छौं । यही विज्ञान - मनोविज्ञानले हामीलाई के पनि बताउँछ भने जीवधारी सत्व प्राणीहरूको जीवनको एउटा मूल आवश्यक आधार तृष्णा (इच्छा) हो । तर यसलाई कुनै पनि इन्द्रीयगत अनुभवबाट (भोगबाट) तृप्त गर्न भने सकिन्न । किनभने एक प्रकारको इच्छा तृप्त हुन नपाउंदैमा अर्को इच्छाको उत्पत्ति भइसक्छ । सम्पूर्ण जीवन नै तृष्णाका विभिन्न अवस्थाहरूको अटूट शृङ्खलाबद्ध निरन्तर क्रम हो । सबै तृष्णाहरू इन्द्रीयहरूका क्षेत्रका वरिपरि केन्द्रित भई हेतु र फलको उही चक्रलाई अविच्छिन्न रूपमा दोहो-याई रहन्छन् । अर्को विज्ञान – जीव शास्त्रको विकासले पनि तृष्णा नै जीवनको आधार हो भन्ने उपदेशलाई प्रमाणित गर्दछ । हामीलाई थाहा छ कि प्राणीहरू कुनै ईश्वरद्वारा सृष्टि गरिएका होइनन्, न त उनीहरू कुनै अलौकिक तरीकाबाट नै सृजना गरिएका हुन् । अपितु जीवहरू ती प्राकृतिक नियमहरूका परिणाम हुन् जुन नियमका प्रक्रयालाई राम्ररी पहिल्याउन सकिन्छ । विकासको मूल उत्प्रेरक हेतु नै इच्छा (तृष्णा) हो भन्ने कुरालाई पहिचान गर्न नसकेसम्म जीवशास्त्रीय विकासले अवलम्बन गरेको सम्पूर्ण प्रक्रया नै अर्थहीन प्रतीत हुन्छ। आमोवा भनिने एकदमै साधारण खालको जीवाणु प्राणीबाट विकसित हुंदै आएका जीवहरूका अनेकौं जातिहरूको सिंहावलोकन र अध्ययनबाट स्पष्टतः देखिन्छ कि कसरी असंख्य करोडौं वर्षको दौरानमा अघिल्लो रूपबाट पछिल्लो जीव रूपमा बिकसित हुंदै आउंदा जीबहरूले कुन् कुन् जटील जीवधारी रूपको धारण गर्दै अघिल्लो रूपबाट पछिल्लो रूपमा क्रमिक रूपमा इन्द्रीय उपभोग बढी हुने अवस्था प्राप्त गर्दै आएका छन् । सम्पूर्ण यस जटील प्रक्रयाको पछाडि मुख्य गतिशील शक्ति केही रहेको छ भने त्यो

हो बढ्दो इन्द्रीय उपभोगको तृष्णा, जुन तृष्णाको तृप्तिको लागि मन र शरीरका उन्नत शक्तिहरू प्राप्त गरिनु जरूरी थियो ।

हामीले बास गरिरहेको संसार, जुन संसारको अभिन्न अंग हामी छौं, यो संसार वस्तुतः सुव्यवस्थित प्राकृतिक नियमहरुद्वारा अनुशासित छ । यस संसारमा हेतु विना कुनै पनि काम हुंदैन । आधुनिक विज्ञानले यस संसारमा संयोगवश वा स्वतन्त्र रूपवाट कुनै पनि कुराको उत्पत्ति हुन्छ भन्ने कुराको अपेक्षा राख्न नहुने कुराको शिक्षा दिन्छ । त्यही कुरा बुद्ध धर्मले पनि भन्दछ । तृष्णामा आधारित क्रमिक विकासको सिद्धान्त (Law of Evolution) ले पनि सत्व प्राणीहरूको एक जीवनबाट आर्को जीवनमा उत्पत्ति र संक्रमण हुने विषयलाई विधान गर्ने त्यस अदृष्य नियमको स्पष्ट संकेत प्रदान गर्दछ । त्यो पनि तृष्णावाट शासित छ । तृष्णामा आधारित पूर्व कर्महरूले नै पुद्गलको पुनर्जन्म गराउंछ र त्यही तृष्णाले नै जीवित रहुन्जेल सम्मको अवधिमा पुद्गलको जीवनलाई थामि राख्दछ । पुद्गलको मृत्यु भए पछि हेतु र विपाकको नियमले तृष्णाको त्यो अनुशय, त्यस पुद्गलको कर्मका संचितिहरू र मानसिक प्रबृतिका सम्भाव्यतालाई समेटी साथै लगेको हुन्छ र तिनै कारणले गर्दा पुद्गलको उपयुक्त भूमिमा पुनर्जन्म हुन्छ । यसलाई बुद्ध धर्ममा "कर्म" भनिन्छ । हामीले सूक्ष्म रूपबाट र आवश्यक ज्ञानको बलमा राम्ररो परीक्षण गरी जांची हेर्ने हो भने स्वयं भौतिक संसारले पनि के कुराको अकाट्य प्रमाण प्रस्तुत गरेको पाउंछौ भने भौतिक जगत मात्र यस विश्वव्यापी नियमको अधीनस्थ रहेको होइन कि वास्तवमा स्वयं यो जगत् नै यस नियमको बाह्य र स्पष्ट प्रदर्शन हो । जहाँ कहीं पनि वर्तमान प्रभावहरू पूर्व कारणहरू (हेतुहरू) का उपज हुन् । उत्पत्ति भए जति कुराको विनाश अवश्यम्भावी छ । यस संसारमा केही पनि स्थीर छैन र कुनै कुरा पनि नित्य छैन भन्ने कुरा प्राकृतिक नियम नै हो । यसरी

जीवनको प्रकृति, स्वभाव माथि तेश्रो चरणको अनुसन्धानवाट के महशूस हुन आउंछ भने दुःखलाई अन्त्य गराउन सकिन्छ। चतुरार्य सत्यको तेश्रो आर्य सत्य – दुःख निरोध यही हो। किन्तु पुद्गल, व्यक्तिको अस्तित्व रहेसम्म दुःखको समूल निरोध हुन सक्तैन। भनाइको मतलव के हो भने नाम रूपको अविच्छिन्न उत्पत्ति भइरहेसम्म दुःखको चक्र जारी नै रहन्छ। तसर्थ दुःखको चेतना नरहने स्थितिको लागि त नाम रूपबाट विलकुल मुक्त नै हुनु पर्दछ। यस्तो स्थिति हुन व्यक्तिगत सत्तासित अभिन्न रूपमा सम्वन्धित जाति, जरा, व्याधि र मृत्युको उत्पत्तिको सम्भाव्यता भन्दा पर पुग्नु पर्दछ। त्यसैले "निर्वाण"लाई "निरोध" भनिन्छ। निर्वाण भनेको सम्पूर्ण यस्ता तत्वहरू र ती तत्वहरूलाई आवद्ध गरिराख्ने सम्पूर्ण बन्धनको पूर्ण विनाशलाई भनिन्छ। कुनै पनि अरहन्त आफ्नो अन्तिम जीवनवाट परिनिबृत हुंदा उनलाई पूर्व जन्महरूसंग आवद्ध गरिराख्ने मूल बन्धन नै उनको टुटिसकेको हुन्छ। किनभने अरहन्तले आफ्नै इच्छाले आफू जीवित छंदैको अवस्थामा नै तृष्णाको उच्छेद नै गरिसकेको हुन्छ।

निर्वाणको यथार्थ स्वभाव कस्तो हुन्छ भन्ने सम्वन्धमा केही पनि बताउन सकिन्न। किनभने मनद्वारा चिन्तन गर्न सकिने वा शव्दद्वारा वर्णन गर्न सकिने कुनै पनि विषय भन्दा एकदम भिन्न अवस्था हो निर्वाण। हाम्रो भाषाले त हाम्रा आफ्ना इन्द्रीयहरूद्वारा ज्ञान गर्न सकिने क्रयाकलापहरूलाई मात्र व्यवहृत गरेको छ र यसै संसारको मानसिक एवम् वस्तुगत सम्वन्धहरूको परिधि भित्र भाषा पनि आवद्ध र सीमित रहेको छ। यसले गर्दा यी कुराहरूदेखि सर्वथा भिन्न र परको अवस्थाको लागि त हाम्रो भाषामा कुनै शव्दावली नै छैन। त्यसैले भगवान बुद्धले निर्वाणको स्वभाव विषयक प्रश्नहरूको उत्तर दिन अस्वीकार गर्नु भयो। किनभने कुनै पनि लौकिक शव्दले निर्वाणको यथार्थ चित्रण प्रदान गर्न सक्तैन। तर कमसे कम हामीलाई यति त थाहा छ

कि यसै जीवनमा निर्वाणलाई प्राप्त गर्न सकिन्छ र तृष्णा र आवेशको सर्वथा अभाववाट खडा हुने विशुद्ध पूर्ण सुखानन्दको त्यस स्थितिलाई अनुभव गर्न सकिन्छ। अन्य धर्महरूले चिर-स्थायी भनी विश्वास गर्न लगाउन खोजिएको स्वर्ग झैं (जुन स्वर्गलाई बुद्ध धर्ममा अनित्य वाहेक केही मानिएको छैन) मृत्यु पछि मात्र पाउन सकिने अस्पष्ट आश्वासन मात्रको विषय निर्वाणको अवस्था होइन। वल्कि यसै जीवनमा यथार्थमा अनुभव गर्न सकिने वास्तविकता निर्वाण हो। निर्वाणलाई केवल विश्वास-को भरमा ग्रहण गर्न भनिएको छैन। हामीलाई आफैले आई खोजी यसलाई पत्ता लगाउने आह्वान बुद्ध धर्ममा गरिएको छ।

अब प्रश्न खडा हुन्छ – के त बुद्ध धर्ममा कुनै पनि किसिम-को निष्ठाको अपेक्षा गरिन्न त? यसमा पनि अन्य कुनै पनि धर्मले प्रदान गर्ने भन्दा भिन्नै खालको उत्तर पाइन्छ। अनु-सन्धानको अभिनव क्षेत्रमा कुदेको वैज्ञानिकवाट अपेक्षा गरिने निष्ठा केही छ भने त्यो हो अनुसन्धानको क्रममा उसका गुरुहरू र पूर्वजहरूले अनुशरण अवलम्वन गरेका तर्कविधि र प्रयोगको तरीका माथिको निष्ठा। कुनै पनि वैज्ञानिकले अघिनै प्रयोग र परीक्षा गरी सकिएको तर्कयुक्त प्रवेशको माध्यमवाट ज्ञात तथ्यहरूवाट अज्ञात निश्कर्षहरू निकाल्ने मार्गको अवलम्वन गर्नु पर्दछ। यस प्रकारको वैज्ञानिक अनुसन्धानको तरीकाको अनुशरण गरेर मात्र कुनै पनि वैज्ञानिक आफ्नो आविष्कारहरूको उपयुक्तता र विश्वसनियता माथि निश्चिन्त र विश्वस्त हुन सक्तछ। बुद्धका अनुयायीहरूका लागि पनि कुरो यस्तै छ। बुद्धका अनुयायीले बुद्ध र पहिलेका अरहन्तहरूले आफूले लाभ गरेका मार्ग फलको प्रष्ट प्रमाणको आधारमा प्रदान गरेका धर्मका विधि माथि श्रद्धा राख्नु पर्दछ। यसो गर्नु र कुनै सैद्धान्तिक कथन माथि स्वतः विश्वास राख्नुमा ठूलो अन्तर छ। भगवान बुद्धले जोड दिएर भन्नु भएको छ कि हरेक व्यक्तिले आफ्नो मुक्ति आफैले खोज्नु पर्दछ। बुद्धहरू – तथागतहरू त केवल पथ प्रदर्शक मात्र हुन्।

यसले बुद्ध धर्मका प्राथमिक सिद्धान्तहरूको रूपमा रहेको चतुरार्य सत्यको अन्तिम आर्य सत्य निर हामीलाई त्याई पुऱ्याउंछ – त्यो हो दु:ख निरोध गामिनी प्रतिपद। यो कुरा आर्य अष्टाङ्गिक मार्गमा प्रस्तुत गरिएको छ। आर्य अष्टाङ्गिक मार्ग भनेको शील, समाधि र प्रज्ञा नामक तीन वर्गमा विभाजित मानवको प्रगतिको लागि आवश्यक पर्ने सम्यक् दृष्टि जस्तो प्रथम मार्ग देखि लिएर सम्यक् समाधिको लाभ जस्तो अन्तिम र सर्वोच्च स्तरसम्मको आन्तरिक र बाह्य गुणहरू समेत समाविष्ट रहेको जीवनको व्यापक योजना हो। सम्यक् सम्बुद्धद्वारा उपदेशित जीवनको गम्भीर र सर्वोतोमुखी ढाँचाको यो आर्य अष्टाङ्गिक मार्गको विषयमा धेरै लेखिसकिएका छन्। दार्शनिकहरूले यसको गहन मनोवैज्ञानिक परिज्ञानलाई भुरी भुरी प्रशंसा गरेका छन् भने आचारशास्त्रीहरूले मानव जातिलाई थाहा भए सम्ममा आध्यात्मिक जीवनको सर्वोच्च स्तरको रूपमा रहेको यसको उच्च आचार सम्बन्धी उपदेशलाई अतिशय प्रशंसा गरेका छन्। आर्य अष्टाङ्गिक मार्गको सिलसिलावद्ध व्याख्यान गर्ने हो भने कम से कम यस्ता लेखहरू धेरै लेखिनु जरूरी हुन्छ। व्यक्तिगत रूपमा म केमा बिश्वास गर्छु भने गुरूको निर्देशनमा रही निजी अध्ययन र भावनाको अभ्यास गरेमा यो विषय राम्ररी बुझिन्छ। किनभने आर्य अष्टाङ्गिक मार्गका धेरै जस्ता पहलुहरू बुझनको लागि यस्ता कुराको ज्ञान हुनु जरूरी हुन्छ जुन विषयलाई शब्दबाट यथार्थ रूपमा व्याख्यान गरिनु गाह्रो छ। यसले हामीलाई यस्तो चिन्तनको क्षेत्रमा लगिदिन्छ जुन क्षेत्रले सामान्य मानवीय व्यवहारको प्रचलनको भाषा क्षेत्र प्रज्ञप्तिलाई नै नाघेर जान्छ। प्रस्तुत लेखमा प्राथमिक सिद्धान्तहरूका विषयमा मात्र विवेचना गर्न लागिएको हुंदा याहाँ सम्यक् दृष्टिको विषयमा मात्र केही विवेचना गरिने छ।

ठीक लाइनमा हामी गइरहेका छौं कि छैनौं भन्ने कुरा यकिन गर्न हामीले कसरी शुरू गर्नु पर्ने हो त? हाम्रो दृष्टि, हाम्रो

सोचाइलाई कसरी सीधा पार्ने हो त ? हामीले प्रारम्भमा नै गल्टी गऱ्यौं भने निश्चित छ कि त्यसको परिणाम पनि अनन्तोगत्वा: गलत नै निस्कने छ । बिग्रेको कम्पास (दिशा मापक यन्त्र) को सहारावाट घना जंगलको वाटो पहिल्याउन खोजिरहेको मानिस जस्तै हामी पथ भ्रान्त हुने छौं । तसर्थ हामी के देख्छौं भने बुद्धले पनि प्रथम सिद्धान्तबाट शुरू गर्नु भयो । उहाँले आफ्नो मनवाट सम्पूर्ण भ्रान्तिमूलक विचारहरूलाई निकाल्नु भयो र जीवनका आधारभूत तथ्यहरू पत्ता लगाउन कसिसनु भयो र तिनैलाई आफ्नो पहिलो आधार वनाउनु भयो ।

बुद्धले पत्ता लगाउनु भयो कि सम्पूर्ण संस्कार अनित्य छन्, सबै दु:खका शिकार छन् र निरापवाद रूपमा आत्मारहित हुन् – सब्बे संखारा अनिच्चा, सब्बे संखारा दुक्खा, सब्बे धम्मा अनत्ता । दु:ख निरोधको हाम्रो लक्षलाई प्राप्त गर्ने सही दिशामा हाम्रा आफ्ना चिन्तन शैलीलाई उपयोग गर्नाको निमित्त यस वास्तविकतालाई पहिचान गर्नु नै पहिलो आवश्यकता हुन्छ ।

सम्पूर्ण संस्कार अनित्य छन् । यस ध्रुव सत्यका दुइटा पक्षहरू छन् । पहिलो पक्ष त हामी सबैले थाहा पाएकै प्रत्यक्ष कुरो हो कि हाम्रो व्यक्तित्व सम्बन्धी तत्वहरू देखि लिएर सम्पूर्ण कुराहरू हेतु र फलको नियम मुताविक उत्पत्ति र विनास हुन्छन् । तिनीहरूको वर्तमान अस्तित्व पूर्व संस्कारमा आधारित छन् । प्राणीहरूको उत्पत्तिको विषयलाई प्रतीत्य समुत्पादको सिद्धान्तमा राम्ररी विश्लेषण गरिएको छ । भौतिक तथा अभौतिक सम्पूण क्रयाकलापहरूको उत्पत्ति र विनाशलाई नियन्त्रण गर्ने नियमहरूमा प्रतीत्य समुत्पादको आर्को रूप रहेको छ । यस संसारमा कुनै पनि कुरा स्थिर छैनन्, केही पनि चिरस्थायी छैनन् । अनित्यताको नियमको आर्को पक्ष भने गुप्त पक्ष छ जसलाई प्रज्ञाद्वारा मात्र पत्ता लगाउन सकिन्छ । संसारमा जुनसुकै नियमको दुइटा पक्ष हुन्छन् – एउटा पक्ष हो सामान्य अनुभवद्वारा सवैलाई स्पष्ट हुने

पक्ष र आर्को पक्ष हो सोही पक्ष अनुरूपकै भए पनि उच्च स्तरीय प्रज्ञाद्वारा मात्र अववोध गर्न सकिने पक्ष। यसको उदाहरणमा विनाश र अनित्यताको नियमको प्रत्यक्ष पक्ष चाहिं पानीको सतह माथि देखा पर्ने बगिरहेको वरफको पहाडको आठौं खण्ड जस्तै मात्र हो। बरफको पहाडको ठूलो र महत्वपूर्ण खण्ड त पानीको सतह मुनि नदेखिने गरीं लुकि राखेको हुन्छ।

तथापि वीसौं शताब्दीका मानिसहरू हामीलाई हाम्रा आफ्ना पूर्वजहरू भन्दा केही थप फाइदा निश्चित रूपमा उपलब्ध छन्। विज्ञानले आज हामीलाई मदत गर्न सक्ने भएकोले अनित्यताको नियमको गुप्त पक्षको वारेमा पनि केही कुराको समझदारी वृद्धि गर्न हामीले प्रज्ञाकै विकासमा मात्र पूर्णतः भर पर्नु अवस्था अहिले छैन। अनित्यताको नियम विज्ञानको मौलिक सिद्धान्त नै हो। भौतिक शास्त्रले हामीलाई बताउंछ कि सम्पूर्ण भौतिक पदार्थहरू परमाणुहरू वा विद्युत कणहरूवाट बनेका छन्। परमाणुहरू न्यूट्रन, प्रोटन, इलेक्ट्रनका विभिन्न समूहवाट बनेका छन् र तो सबै नै अविच्छिन्न रूपवाट निरन्तर परिवर्तनका अवस्थामा रहन्छन्। हाम्रा चर्म चक्षुको सामु ठोस पदार्थ वस्तुका रूपमा रहेका सबै पदार्थहरू वास्तवमा नित्य प्रवाहको अवस्थामा रही असंख्य शिघ्रताका साथ उत्पत्ति विनाश हुंदै निरन्तर परिवर्तनका अवस्थामा रहेका यिनै विद्युत कणहरू (न्यूट्रन, प्रोट्रन, इलेक्ट्रन) बाट निर्मित हुन्छन्। बुद्ध धर्मको दार्शनिक शिक्षा अभिधर्ममा भौतिक जगतको संरचना सम्बन्धी विषयमा यही कुरा भनिएको छ। हाम्रा व्यक्तित्वका भौतिक र मानसिक अंगहरू पनि यही नियम अनुसार संचालित छन्। जब हामी कुनै पनि सत्व प्राणीको अंग प्रत्यंगहरूका बारेमा विश्लेषण गरी हेर्न थाल्छौं हामी केवल सत्व प्राणीमा पंच स्कन्धको प्रक्रया वाहेक केही ठोस भूत बस्तुलाई फेला पार्दैनौं – अर्थात् सत्व प्राणी भन्नु रूप स्कन्ध, वेदना स्कन्ध, संज्ञा स्कन्ध, संस्कार स्कन्ध र विज्ञान स्कन्ध देखि भिन्न केही कुरा होइन। रूप भनेको भौतिक गुणहरू

हुन् । वेदना भनेको अनेक अनुभूतिहरू हुन् । संज्ञा भनेको गोचरहरू हुन्, संकेतहरू हुन् । संस्कार भनेको पूर्व कर्मका कारण उत्पत्ति भएका मानसिक धर्महरू हुन् र विज्ञान भनेको विभिन्न किसिमका चेतन, चेतना हुन् जुन चेतनाहरू पूर्व हेतु र वर्तमान हेतुहरूका कारण उत्पत्ति हुन्छन् । वास्तवमा जीव मात्रको बिश्लेषणमा पाइने कुरा नै यिनै पंच स्कन्धका समूह हुन् र यी सबै धर्महरू पल पलमै परिवर्तनका शिकार छन् ।

आधुनिक वैज्ञानिकले जसरी पदार्थको पुरानो स्थिर धारणा-लाई परित्याग गरी पदार्थलाई ठोस र नित्य वस्तुको रूपमा ग्रहण गर्नुको सट्टा समय र स्थानको क्रममा एक आर्काको कारणले आपसमा सम्बद्ध रहेका घटनाहरूको लहरको रूपमा देखिने भौतिक क्रियाकलाप हो भनी मान्दछ त्यस्तै मानव व्यक्तित्व (पुद्गल) लाई पनि सम्झनु पर्दछ । पुद्गल भनेको जन्मको वडीदेखि मरणतक हेतु र फलको क्रमवद्ध गतिदेखि बाहेक केही होइन र कर्मको यही क्रमवद्ध गति नै यस जन्मदेखि दोस्रो जन्ममा पनि स्थानान्तरण र संक्रमण हुन्छ । पुद्गलको बनोटमा स्कन्धहरूको समूह जो छ त्यसमा आत्मा वा कुनै स्थिर तत्व भनेको केही छैन । आत्मा नामक केही स्थिर तत्व प्राणीमा केही नभएकै कारणले यसलाई अनात्मा भनिन्छ । सम्यक् दृष्टिको खोजीमा संलग्न रहने व्यक्तिले थाहा पाउनु पर्ने पहिलो तथ्य यही हो र यो कुरा भौतिक शास्त्र विज्ञान र आधुनिकतम अनुसन्धानसित एकदमै मेल खान्छ ।

सृष्टिकर्ता परमेश्वर वा अमर आत्मा माथि विश्वास गर्न आह्वान नगरिएको एउटै मात्र धर्म हो बुद्ध धर्म । धर्मका यो सिद्धान्तहरू संग अभ्यस्त भइसकेको हुंदा बौद्धहरूलाई यो कुरा कुन खास महत्वको हो भन्ने महशूस नहुन सक्छ तर यो कुरा आजको संसारको लागि ठूलो महत्वको कुरा हुन आएको छ । किनभने वैज्ञानिक भौतिकवादले मुख्यतः आत्मा नामक कुराको

विश्वासमा लाग्न कुनै जायज औचित्य नरहेको भन्ने आधारमा नै आज धर्मलाई आक्रमण गर्ने गरेको छ तर पनि यिनै विश्वास र यस्तै सिद्धान्तहरूको आधारमा, बलमा नै अधिकांश धर्महरू खडा हुने वा पतन हुने अवस्थामा छन्। बुद्ध धर्मले यस्ता सिद्धान्तहरूबाट बिलकुल अलग रही वैज्ञानिक विचारधारा अनुरूप हेतु र फलको विश्वव्यापी नियमको उपदेश दिने भएकोले यही धर्म नै एक मात्र यस्तो धर्म हुन आएको छ जसले आजका नास्तिक भौतिकवादीका बहस जिकिरहरूलाई पनि सन्तुष्ट पार्न सक्तछ। तसर्थ संसारमा धार्मिक चिन्तनको सम्पूर्ण भविष्य न बुद्ध धर्ममा आधारित छ भन्नुमा अतिशयोक्ति हुने छैन। सम्यक् दृष्टिको सार के हो भने हामीले आत्मा सम्बन्धी कुरा गर्दा हामी प्रज्ञप्तिको भाषामा मात्र कुरा गरिरहेका छौं भनी बुझ्नु पर्दछ। बास्तवमा पुद्गल सत्व प्राणी विषयको अन्तिम विवेचनामा आत्मा भनी ग्रहण गर्न सकिने कुनै कुरा छैन। केवल मानसिक एवम् भौतिक हेतु प्रत्ययका तत्वहरूको कारण उत्पत्ति र विनाश हुने प्रकृया मात्र छ। विशुद्धि मार्गमा भनिए झैं याहाँ कर्मका कर्ताहरू छैनन्। कर्मले नै अहं भावको कल्पनालाई धारणालाई एक चित्त घडीबाट आर्कोमा सार्दछन्।

"कम्मस्सा" – कृत्यहरूका कर्ता कोही छैनन्। केवल रिक्त क्रयाकलापहरू गुड्दछन्।"

यसरी जीव मात्रका त्रि लक्षणहरू – अनित्य, दुःख र अनात्मा नै बास्तवमा उही सत्यका तीन पक्षहरू हुन् भन्ने कुरा प्रष्ट हुन्छ। जुन कुरो अनित्य छ त्यो स्वतः दुःखको कारण हुनु पर्छ। यसको दुःख यसको उत्पत्ति र विनाशमै निहित रहन्छ। एकदम गहिरो अनुसन्धानबाट हामी के पाउंछौ भने वेदना सम्पूर्ण नै अनेक मात्राका दुःख मात्र हुन्। जुन कुरो अनित्य छ, क्षण क्षण पल पलमै परिवर्तनशील छ र एक घडीबाट आर्को घडी सम्म पनि जुन कुरोले आफ्नो साविकको स्वरूपलाई संरक्षण

गर्दैन भने त्यो कुरो अवश्यसेव अनात्मा हुनुपर्छ भन्ने कुरा पनि स्पष्ट हुन्छ । आत्मालाई पहिचान गर्न र छुट्याउन सकिने गरी कुनै किसिमको यसको आफ्नो स्वरूप वा स्थायी लक्षण छ भनी भन्न सकिन्न । यो वास्तवमा हेतुवादको नियमको अनुशरणमा उत्पत्ति र विनाश हुने रिक्त घटनाक्रमको परम्परा – शुद्ध धर्म मात्र हो । अनित्य, दुःख र अनात्माका सत्यलाई बुझन किन आवश्यक हुन्छ ? किनभने दुःखको मूल हेतु निरोध गर्नको लागि हामीले तृष्णावाट आफूलाई मुक्त राख्न सक्नु पर्दछ । तृष्णाले भने आत्मा सम्बन्धी गलत धारण, भौतिक लाभ र इन्द्रीय सुखको भोगको इच्छामा जरा हालेको हुन्छ । यी कुराहरूले कहिल्यै पनि नित्य सन्तुष्टि वा तृप्ति ल्याउन सकिदैन भन्ने तथ्यलाई स्पष्ट रूपमा बुझनुमै सम्यक् समझदारी निहित रहेको हुन्छ । किनभने भौतिक लाभ र इन्द्रीय सुख तथा तिनलाई भोग गर्ने विज्ञान दुवै नै वास्तवमा अनित्य छन् । भौतिक लक्षको अनुगमन-बाट चिरस्थायो सुख प्राप्त गर्न सकिन्छ भनी कलपना गर्ने भौतिकवादी दार्शनिकहरूका लागि बौद्ध जवाफ यही हो । कुनै कुरावाट विचलित तुल्याउन नसकिने सच्चा चिरस्थायी सुख आनन्द बाह्य बस्तुहरूबाट प्राप्त हुंदैन, न त यसलाई अस्थीर, सदा परिवर्तनशील जीवनको वातवरणमा कहीं भेट्टाउनै सकिन्छ। सांच्चिकै चिरस्थायी सुख आनन्द त आफैं भित्रैबाट आउंछ, लोभ र तृष्णाको प्रहीनताबाट आउंछ अर्थात् मनको स्वतन्त्रता र विमुक्तिबाट आउंछ ।

उपर्युक्त भनाइको तात्पर्य सांसारिक अवस्थाको सुधार गर्ने प्रयास नै हामीले बन्द गर्नु पर्दछ भन्ने कुरा कदापि होइन । भगवान बुद्धले निष्क्रयता र नकारात्मक धर्मको उपदेश त गर्नु भएकै छेन । हाम्रा आफ्ना सहजीवी सहचर व्यक्तिहरूका आध्यात्मिक एवम् भौतिक दुवै सुख र कल्याणको निम्ति हामी जे जति पनि प्रयास गर्दछौं ती सबै सम्यक् कमान्तको शीर्षक

अन्तर्गत समाहित हुन्छन् र ती सम्यक् कर्मान्तहरू आत्म अनुशासनको एउटा महत्वपूर्ण भाग हुन्। निस्वार्थ भाव र परोपकारको भावनाबाट सम्पादन गरिने यस्ता कर्महरूबाट इह लोक र परलोकमा पनि राम्रा फलहरू पाइन्छन्। तर हामीले सदा सर्वदा मनमा राखि छोड्नु पर्ने कुरा के हो त भने यस प्रकारका कृत्यहरूबाट हामी जुन किसिमका सुख दिन्छौं वा लिन्छौं ती सुख वास्तवमा सापेक्ष सुख मात्र हुन। बढी से बढीमा यसले सांसारिक प्राणीहरूको केही दु:ख र हैरानीलाई मात्र राहत प्रदान गर्ने हुन्छ। भौतिक उपायहरूकै अनुशरणबाट मानव जातिको लागि नं यस पृथ्वीलाई स्वर्गमा परिणत गर्न सकिन्छ भनी चिन्तन गर्ने भ्रममा हामी कहिल्यै पनि पर्नु हुँदैन। वर्तमान भौतिक उन्नतिको इतिहासले पनि यस तथ्यलाई स्पष्ट रूपमा अवबोध गराइ सकेको छ। विज्ञानले आज हामीलाई महान् शक्ति प्रदान गरेको छ। मानब जातिले यस अघि कहिल्यै उपभोग गरे भन्दा बढी प्राकृतिक नियम माथिको नियन्त्रण आज हामीसंग छ। तर पनि हामीले मानव जीवनबाट भय, त्रास, दु:ख, दर्द र खतरालाई निर्मूल गर्न सकेका छैनौं। त्यसैले तथागत सम्यक् सम्बुद्ध भगवान बुद्धको अन्तिम वाक्य हो – "हन्ददानी भिक्खवे, आमन्तयामी वो. वय धम्मा संखारा, अप्पमादेन सम्पादेथ।" सांचिचकैको सुख कहाँ कसरी पाउन सकिन्छ भन्ने कुरालाई हामीले प्रष्ट रूपपा बुझनु पर्दछ र त्यसलाई प्राप्त गर्ने मार्गबाट हामी कहिल्यै बिचलित हुनु हुंदैन।

अन्तमा, विश्व प्रवाह सम्बन्धी बौद्ध दर्शन विषयको निबन्धमा प्रो. सत्करि मुखर्जीले लेख्नु भएका शब्दहरूलाई याहाँ म उद्धृत गर्न चाहन्छु ; "भगवान बुद्ध संसारमा सबैभन्दा उच्च स्तरको विवेकवादी र प्रबुद्ध विद्वान् हुनु हुन्छ। उहाँले आपना अनुयायीहरूलाई कुनै पनि कुरालाई मात्र विश्वासको आधारमा ग्रहण गर्ने सल्लाह कहिल्यै दिनु भएन।" जसरी सुवर्णकारले

सुनलाई आगोमा राखी पोलीकन, टुक्रा पारीकन कसौटीमा घोटी गुणको परीक्षण गर्दछ त्यसरी नै भिक्षुहरू ! तिमीहरूले मेरा वचनहरूलाई पनि गुण दोष जांचीकन मात्र ग्रहण गर्नु पर्दछ, म प्रतिको भक्ति भावको कारणले मात्र ग्रहण गर्ने होइन। "बुद्धका यी शब्दहरूले नै सम्पूर्ण बौद्ध युगमा बौद्ध दर्शनको सच्चा भावनालाई बुझ्ने सांचो प्रदान गरिरहेको छ। भगवान बुद्ध स्वयंद्वारा प्रेरित यही स्वतन्त्र चिन्तनको कारणले नै गर्दा बुद्ध धर्ममा अनेक मत मतान्तर र बौद्ध विहारहरूका अनेक मतभेदहरू देखा पर्न सकेका हुन्। किन्तु यस कुरालाई दुःखको कारणको रूपमा सोचिनु हुन्न। वरू हामीले जिउंदो जीवनको लक्षणको रूपमा यस कुरालाई ग्रहण गर्नु पर्दछ।"

अतीतमा धेरै जस्तो सिद्धान्तवादी र आस्तिकवादी धर्मले स्वतन्त्र चिन्तनलाई दबाएर उन्नतशील भएको हामी पाउछौं। बुद्ध धर्मले यस्तो कहिल्यै गरेको छैन। बुद्ध धर्मको उन्नति बृद्धि भएको छ भने आफ्ना मौलिक सिद्धान्तहरूका आन्तरिक गुणकै आधारमा यस धर्म शासनको उन्नति बृद्धि भएको छ र यो कुरा बौद्ध दर्शनका सबै सम्प्रदायमा समान रूपमा लागू हुन्छ। अहिले आएर धर्मको विरूद्ध वैज्ञानिक प्रतिक्रयाले यो चक्रलाई फनक्क पूरै चक्कानै घुमाइदिएको छ र भौतिकवादका अनुयायीहरू धार्मिक चिन्तनको स्वतन्त्रतालाई दबाउने प्रयास गरिरहेका छन्। आजको विश्वको सामु उपस्थित ठूलो खतरा यही छ। कर्मको बौद्ध सिद्धान्त अनुसार हरेक मानिस आफ्नो भाग्यको निर्माण आफै गर्न स्वतन्त्र हुनु पर्दछ र केही आधुनिक वादहरूले घोषित गरे मुताबिक मानिस आर्थिक वा राजनैतिक शक्तिको अन्ध औजार होइन। ऊ एक स्वतन्त्र प्रतिनिधि हो र उसको स्वतन्त्रताको संरक्षण हुनु पर्दछ। किनभने यही बाटोबाट मात्र व्यक्तिगत र सामूहिक रूपका सच्चा प्रगति सम्भव हुन्छ।

प्रस्तुत लेखमा बौद्ध दर्शनका मूल तत्वहरूका केही महत्वपूर्ण पक्षका छेउछाउ स्पर्श गर्ने बाहेक केही गर्न सकिएको छैन।

विषयबस्तु स्वयं संसार जस्तै यति विशाल र व्यापक छ कि कुनै एक स्थान र कालमा यो सीमित छैन, न त यो बिचार वा दृष्टिकोण बाह्य फेशनमा नै निर्भर छ। एक जना विख्यात बास्तुकलाविदले आफूलाई समाधिस्थ गर्नको लागि बनाएको आफ्नै चिहानमा यस्ता कुराहरू कुंड्न लगाएका थिए रे – "यदि तिमी उसको चिहानलाई हेर्न चाहान्छौ भने आफ्नै चारैतिर हेर।" भगवान बुद्धको सम्बन्धमा पनि यसरी नै भन्न सकिन्छ। "यदि तिमी भगवान बुद्धद्वारा उपदेशित शिक्षाको सत्यतालाई यकिन गर्न चाहान्छौ भने आफ्नै वरिपरिको संसारलाई हेर र संसार भित्रैबाट यसको जवाफ तिमी भेट्टाउने छौ।"

किनभने भगवान बुद्धले नै भन्नु भएको छ – "भिक्षुहरू ! यही साढ तीन हात भरको लम्बा संज्ञायुक्त शरीरमा चित्त तथा चेतसिकहरूद्वारा संयुक्त रहेकै अवस्थामा नै म लोक (संसार) को प्रज्ञप्ति गर्दछु, लोक-समुदयको, लोक-निरोधको र लोक निरोध तिर लैजानेवाला मार्गको प्रज्ञप्ति गर्दछु।"

"सब्ब पापस्स अकरणम्
कुशलस्स उपसम्पदा॥
सचित्त परियो दपनम्
एतम् बुद्धानुशासनम्।"

अर्थात्

"सम्पूर्ण पापलाई परित्याग गर्नु,
कुशल मात्रको सम्पादन गर्नु,
मनलाई ऐना जस्तै विशुद्ध पार्नु -
यही बुद्धहरूका शिक्षा हो।"

धर्म र विज्ञान

– भदन्त प्रो. वालपोल श्री राहुल

आजको युग विज्ञान र प्रविधिको क्षेत्रमा उपलब्ध भएको अभूतपूर्व उपलब्धिहरूबाट अत्यधिक मात्रामा प्रभावित छ। हामी सबै सांच्चिकै मानव जातिका यी उपलब्धिहरूबाट गौरवान्वित हुन सक्छौं। मानिसले आज चन्द्रमामा पाइलो हालिसकेको छ र हाम्रा पूर्वजहरूले पौराणिक ग्रन्थहरूको आधारमा देवलोक भनी मान्यता गरिएको ठाउंमा आज मानिसले पैदल यात्रा गरिसकेको छ। मानिस आज महीनौं अन्तरीक्ष यानहरूमा व्यतीत गर्दछ। टाढा टाढाका ग्रहहरू र ताराहरूको ऊ अध्ययन गरिरहेको छ। यी सबै चमत्कारहरू वैज्ञानिक ज्ञान र प्रविधिको शक्तिद्वारा सम्पादन गरिएका छन्। हाम्रा दैनिक जीवन र यसको हरेक पक्ष विज्ञान द्वारा प्रतिबेधित छ। हामी क्रण्डै विज्ञान र प्रविधिका जीवहरू वा दासहरू नै भइसकेका छौं। चांडै नै हामी यसलाई पूजा गर्न थाल्ने छौं। यसका पूर्व लक्षण-हरू के हुन् भने हामीले हाम्रा धर्महरूको उपयुक्तता सिद्ध गर्न, औचित्य प्रमाणित गर्न र ती धर्महरूलाई आधुनिक, अद्यावधिक, सन्मानयोग्य र ग्राह्य तुल्याउन विज्ञानबाट समर्थन खोज्न थालेका छौं।

तसर्थ यस कुरामा आश्चर्य मान्नु पर्ने केही छैन कि सदाशय युक्त केही बौद्ध भिक्षुहरू र बौद्ध उपासकहरू पनि बौद्ध धर्मलाई वैज्ञानिक धर्म हो भनी प्रमाणित गर्ने अनावश्यक प्रयास गरिरहेका छन्। यो सत्य हो कि बौद्ध दर्शन र आधुनिक विज्ञान बीच केही

समानान्तरहरू र केही समानताहरू छन्। यिनीहरू बौद्धिक दृष्टिमा साह्रै प्रेरणादायी, रोचक, उत्साहवर्धक र आश्चर्यजनक छन्। किन्तु ती कुराहरू बाह्य कुराहरू मात्र हुन् र तिनले बौद्ध धर्मको मुटु, अन्तःस्करण, केन्द्र र आवश्यक अंश पनि हुंदैनन्।

यो समानान्तरहरू र समानताहरू के के हुन् भन्ने कुरामा एकछिन हामी विचार गरौं।

चौथौं शताब्दीको महान् महायानी बौद्ध दार्शनिक भिक्षु असंगले परमाणुको विषयमा बोल्दै के भन्नु हुन्थ्यो भने परमाणुको कुनै भौतिक काय वा शारीरिक रूप छैन (निहशरीर)। परमाणुलाई पदार्थको अन्तिम विश्लेषणको क्रममा बुद्धिद्वारा मात्र पहिचान गरिन्छ वा बोध गरिन्छ। आधुनिक भौतिक शास्त्रमा परमाणुको जो परिभाषा छ त्यो सोह्र सय बर्ष अघि संस्कृतमा लेखिएको पुरातन बौद्ध दार्शनिक ग्रन्थमा दिइएको परमाणुको परिभाषासंग मिल्न आउंछ।

मलाई एक चोटी पेरिसबाट अधिक दूरीमा नरहेको परमाणु अनुसन्धान केन्द्र, सल्केमा एउटा वैज्ञानिक मित्रलाई भेट्न आउने निमन्त्रणा प्राप्त भएको थियो। त्यस वखत त्याहाँ काम गरिरहेका भौतिक शास्त्रीहरूलाई परमाणुको यो बौद्ध परिभाषालाई देखाएर मैले उनीहरूलाई यस विषयमा बिचार प्रकट गर्न अनुरोध गरें। उनीहरूले के भने अहिले पनि तिनीहरू या परिभाषा भन्दा पर जान सकेका छैनन्। परमाणु भन्ने बस्तुको भौतिक रूप हुंदैन, यसलाई देख्न वा स्पर्श गर्न सकिन्न, यसको अस्तित्वलाई मनद्वारा मात्र जान्नु पर्छ र परमाणु भनेको वास्तवमा एउटा धारणा मात्र हो भन्ने कुरा ठीक सांचो हो भन्ने कुरामा उनीहरू सहमत थिए।

चारौं शताब्दीका बौद्ध भिक्षुले कसरी आधुनिक भौतिक शास्त्रको परिभाषा संग मिल्दो जुल्दो हुने गरी परमाणुको

परिभाषा दिन सके भन्ने कुरा निश्चय नै आश्चर्यजनक कुरा हो। उनी न भौतिकशास्त्री थिए न त भौतिक विज्ञानमा अभिरूची नै राख्दथे। उनी त एकजना अध्यात्मवादी मान्छे, दार्शनिक थिए जो जुन सुकै कुरालाई यथाभूत रूपमा देख्दथे। यस्तो परिभाषामा उनी कसरी आइपुगे होला त ? अवश्य पनि कुनै वाह्य जटील औजारको सहाराले त यस्तो परिभाषा उनले गरेका थिएनन्। उनले प्रयोग गरेका औजार त भावनाद्वारा विकसित र परिष्कृत गरिएको प्रज्ञा नै थियो होला।

अभिधर्म समुच्चयमा उनै असंगद्वारा व्याख्या गरिएको बौद्ध धर्म अनुसार काल (समय) भन्नु पनि एउटा नामकरण मात्र हो हेतु र फलको अविच्छिन्न शृङ्खलाको निम्ति (हेतु फल प्रवन्ध प्रबृति) एउटा प्रज्ञप्ति मात्र हो। जहाँ सम्पूर्ण गतिविधिहरू अर्थात् हेतु र फलको निर्विघ्न निरन्तरता (सर्वकृत्य - अवकाशता) रहन्छन् त्यही आकाश हो। यसको अर्थ के हो सर्वकृत्य अवकाशता रहने आकाशवाट भिन्न समय (काल) भनेको केही छैन। काल र आकाश दुवै छुट्याउनै नसकिने गरी आपसमा आवद्ध र आपसमा सम्बद्ध छन्। काल नामको केही कुरा अलग्गै छैन।

के यो उन्नाइसौं शदीका उत्तरार्ध काल र बीसौं शदीका पूर्वार्धकालका वैज्ञानिकहरूलाई पनि सम्झन बुझ्न गाह्रो परेको आइन्स्टीनको सापेक्षताको सिद्धान्त (General Theroy of Relativity) को सोह्र सय वर्ष अघि नै प्रतिपादन गरिएको पूर्वज्ञान होइन त ? आइन्स्टीनले व्याख्या गर्नु भएको थियो कि काल (समय) भनेको अलग कुरा होइन। समय (टाइम) र स्थान (स्पेश) आपसमा आवद्ध र सम्बद्ध कुराहरू हुन्। सापेक्षताको सिद्धान्तमा हामी समयको कुरा नगरीकन स्थानको कुरा गर्न सक्तैनौं र स्थानको कुरा नगरीकन समयको कुरा गर्न सक्तैनौं। त्यसको अर्थ हो समय भन्ने छुट्टै बस्तु केहीं छैन।

बौद्ध धर्म यहीं आएर अवरूद्ध हुन्न। बल्कि एक पाइला अघि गएर के भन्छ भने हेतु र फल देखि परको, समय - स्थान देखि परको (अकालिक, कालविमुक्त) पनि अवस्था छ। त्यो हो अन्तिम, पूर्ण सत्य निर्वाण जुन कुरा भौतिक ज्ञानको क्षेत्र भन्दा पर रहेको छ।

उन्नाइसौं शदी पहिलेका वैज्ञानिकहरू जसले सापेक्षताको सिद्धान्तमा निहित रहेका विचारहरूलाई बुझन सकेका थिएनन्, तो वैज्ञानिकहरूले यो विश्वलाई एउटा यन्त्रको रूपमा देखे। परिमाण सम्बन्धी यन्त्र विद्या (Quantum mechanics) को आविष्कार पछि खास गरी परमाणु र अर्ध पारमाणविक तहहरूमा विश्व प्रतिको यान्त्रिक दृष्टिकोणलाई क्रकं परित्याग गर्नु पर्‍यो। त्यस पछि उत्पत्ति भएको नयाँ वैज्ञानिक दृष्टिकोणले विश्वलाई अलग अलग बस्तुहरू मिली वनेको यन्त्रको रूपमा नदेखोकन विश्वलाई एउटा सम्पूर्ण रचना वा सम्वन्धहरूको एउटा जाल, एउटा संरचनाकै रूपमा देखे जुन रचनामा पर्यवेक्षक स्वयं पनि अभिन्न रूपमा संलग्न हुन्थ्यो।

तर याहाँ उल्लेखनीय कुरा के छ भने विश्व प्रतिको यो अत्याधुनिक वैज्ञानिक दृष्टिकोण बौद्ध दर्शनको लागि कुनै नयाँ कुरा होइन। किनभने आज भन्दा पच्चीस सय वर्ष अघि भगवान बुद्धले यो विषयलाई प्रतीत्य समुत्पादको सिद्धान्तमा राम्ररी स्पष्ट रूपमा उपदेश दिनु भएको थियो। यो सिद्धान्त अनुसार, हाम्रो जीवन लगायत सम्पूर्ण संसार नै हेतु र फलको आपसी सम्बन्धहरूको एउटा संरचना हो। एउटा बस्तुको उत्पत्ति र विनाशको भरमा आर्को बस्तुको उत्पत्ति र विनाश हुन्छ। यो सम्पूर्ण संसारमा जीव वा निर्जीव जे सुकै होस् कुनै पनि वस्तु स्वतन्त्र छैन, केही कुरा, एउटा कण मात्र पनि आफैंमा अलग भएर रहन सक्तैन। सम्पूर्ण घटनाहरू, सम्पूर्ण बस्तुहरू अन्योन्याश्रित र आपसमा सम्बद्ध छन्।

अब मनद्वारा मात्र बुझन सकिने तर देख्न र छून नसकिने परमाणु जस्तो विषयलाई लिएर कुरा गर्ने हो भने के भन्न सकिन्छ भने यो संसार नै परमाणुहरूद्वारा बनेको हुनाले संसार भनेको पनि सारतः, अन्तत्वोगत्वाः एउटा धारणा देखि बाहेक केही होइन ।

यो विचारलाई आधुनिक विज्ञानको जन्म हुनु भन्दा कयौं शताब्दी अघि बौद्ध दर्शनमा असंगको कान्छा भाइले स्पष्ट रूपमा विस्तारका साथ चर्चा गरेका थिए। उनको नाउँ हो वसुबन्धु, समान रूपमा सम्मानित एक बौद्ध दार्शनिक भिक्षु (चारौं शताब्दी), जसले बुद्धको मूल उपदेशको अनुकूल नै विज्ञप्ति-मात्रता अथवा चित्तमात्रताको दर्शन प्रतिपादन गरे । विज्ञप्ति - मात्रताको अर्थ हो "वर्णन मात्र" "नाउं मात्र" वा "केवल नाउं" । चित्त मात्रताको अर्थ हो "केवल विचार", "केवल एक चिन्तन", "एउटा विचार मात्र" । निकै उच्च स्तरमा विकसित भएको बौद्ध दर्शनको यस शाखाले सविस्तार के देखाउछ भने संसार, जगत् भनेको केवल एउटा वर्णन, एउटा नाम मात्र, एउटा विचार मात्र हो । एक कदम अगाडि गएर यसले के सिद्ध गर्छ भने बाह्य जगत् मात्र होइन कि हाम्रो मन समेत पनि केवल एउटा वर्णन, केवल नाम मात्र हो ।

माथि भनि सकिएको छ कि यी कुराहरू बौद्धिक वादविवाद निम्ति रोचक र उत्साहवर्धक अवश्य छन् तर तिनले खास धर्मलाई स्पर्श मात्र पनि गर्दैन । तसर्थ धार्मिक तथ्यहरूलाई प्रमाणित गर्नको लागि विज्ञानबाट समर्थन खोज्ने काम फलविहीन निरर्थक कुरा हो । जहाँसम्म हामीलाई ज्ञान छ सम्पूर्ण धर्महरू के कुरामा सहमत छन् भने प्रेम घृणा भन्दा श्रेष्ठ, उच्च र ग्राह्य कुरा हो । यसलाई धर्मको प्राणको रूपमा लिन सकिन्छ । तर सम्पूर्ण धर्महरूले मान्यता गरेको यो जस्तो साधारण, आधारभूत नैतिक सत्यलाई पनि प्रयोगशालामा जांचेर यसको नैतिक

मूल्यलाई विज्ञानले प्रमाणित गर्न सकेको छैन। प्रयोगशालामा शारीरिक योग र अन्य मनोवैज्ञानिक प्रभावहरूमा आएका परिवर्तनहरूलाई जांच गरीकन भौतिक रूपमै घृणा नोक्सानदायी छ र प्रेम हितकारक छ भनो प्रमाणित गर्न सकिन्छ। तर यसबाट प्रेम वा घृणाको अर्थ नैतिक मानेमा के हुन्छ भन्ने कुरामा हामीलाई ज्ञान प्राप्त हुन सक्दैन। धर्ममा यसको क्षेत्र विस्तृत छ। धमले प्रेम र घृणा के हुन्, र तिनीहरूको नैतिक र आचारगत मूल्यहरू के हुन्छन्, प्रेम र घृणाको आफै माथि, आफ्ना परिवार र नाता गोता माथि, आफ्ना छरछिमेक माथि र आफ्ना समाज माथि समेत के कस्तो कुशल र अकुशल प्रभाव पर्दछ भन्ने कुराको व्याख्या गर्दछ र प्रेम घृणा भन्दा श्रेष्ठोत्तम कुरा हो भन्ने सामान्य नैतिक सत्यलाई प्रमाणित गरिदिन्छ। यो कुरा विज्ञानको क्षेत्र भन्दा पर छ। भगवान बुद्ध भन्नु हुन्छ अन्तिम सत्य जो हो त्यो तर्कबाट पर (अतक्कवचर) छ। त्यसरी नै धार्मिक सत्यहरू विज्ञानको क्षेत्रभन्दा पर छन्। वैज्ञानिक धारणाहरू बेला बेलामा बदलिरहन्छन् तर धार्मिक सत्यहरू वदलिंदैनन्। परिवर्तनशील वैज्ञानिक धारणाहरूको आधार लिई साश्वत धार्मिक सत्यहरूलाई समर्थन गर्न वा प्रमाणित गर्न खोज्नु अनुपयुक्त र अयोग्य कुरा हुन्छ।

विज्ञान र धर्म भनेको कुरा दुई भिन्ना भिन्नै बस्तुहरू हुन्। तिनीहरूको उद्देश्य र कृत्यहरू पनि फरक फरक छन्। विज्ञान वस्तुतः भौतिक संसारको सूक्ष्म विश्लेषण र अध्ययनमा अभिरूची राख्तछ। यसको मुटु छैन, प्राण छैन। यसले प्रेम वा करूणा, धर्म वा मनको परिशुद्धि बारेमा केही थाहा पाउंदैन। यसले नैतिक, सदाचार र आध्यात्मिक मूल्य र मान्यताहरू संग कुनै सम्बन्ध राख्तैन। यसले मानिसको आन्तरिक, आध्यात्मिक संसारको विषयमा केही थाहा पाउंदैन। विज्ञान केवल आफ्नो वरिपरिको वाह्य भौतिक विश्वलाई मात्र जान्दछ। यसको

विपरीत, धर्म, खास गरीकन बौद्ध धर्मले मानिसको आन्तरिक संसार - आचारगत, आध्यात्मिक, मनोवैज्ञानिक र बौद्धिक संसारको खोज र अध्ययन गर्ने लक्ष्य राख्तछ। बौद्ध धर्म भनेको मानिसलाई पूर्ण रूपमा व्यवह्लित हुने एउटा आध्यात्मिक एवम् मनोवैज्ञानिक अनुशासन हो। यो एउटा आफैमा जीवन पद्धति हो, यो अनुगमन र अभ्यास गर्ने एउटा बाटो नै हो। यसले निर्वाणलाई साक्षात्कार गर्ने हेतुले कसरी नैतिक एवम् सदाचारी चरित्रको विकास गर्नु पर्छ (शील), कसरी आफ्नो मनलाई अनुशासित र भावित गर्नु पर्छ (समाधि), र कसरी ज्ञान प्राप्त गर्नु पर्छ (प्रज्ञा) भन्ने कुरा मानिसलाई सिकाउंछ। यसले मानिसलाई पापबाट वञ्चित रहन, कुशल मूलको अभ्यास गर्न र मनलाई परिशुद्ध पार्ने कुराको शिक्षा दिन्छ। बौद्ध धर्ममा अध्ययन र ज्ञान (परियत्ति) मात्र होइन, अभ्यास (प्रतिपत्ति) पनि छ र सत्य धर्मको साक्षात्कार (प्रतिवेध) पनि समावेश छ। परियत्ति, प्रतिपत्ति र प्रतिवेध शासनहरू तीनवटा खम्बाहरू हुन् जस माथि बौद्ध धर्म रूपी भवन अडेको छ।

अभ्यास विनाको ज्ञानलाई अनुपयोगी र लाभ रहित भनी दुत्कारिन्छ। भौतिक विज्ञानले यी आध्यात्मिक विषयहरू सग सम्वन्ध राख्दैन र यस्तो सम्बन्ध राख्ने दावी पनि गर्दैन।

जुन सीमित रूप रेखा वा परिधि भन्दा बाहिर गई कदम चाल्न स्वयं वैज्ञानिकहरू डराउछन् त्यस रूपरेखा घेरालाई पनि नाघ्ने गरी वैज्ञानिक आविष्कारहरूलाई अगाडि बढाउनु बुद्धिमानी कुरा हुने छैन। त्यसैले यस्तो प्रपञ्चलाई हटाउन हामीले होसियारीपूर्वक प्रयास गर्नु पर्दछ।

वैज्ञानिकहरूले मानव जातिको भौतिक उन्नतिको क्षेत्रमा ठूलो सेवा पुऱ्याएको छ (जुन कुरा ज्यादै महत्वपूर्ण पनि छ) भन्ने कुरा कदापि बिर्सनु हुन्न र हामीहरू वैज्ञानिकहरू प्रति आभारी पनि हुनु पर्दछ। तर बुद्ध र ईशु क्राइस्ट जस्ता अन्य

धर्म गुरूहरूले मानवताको लागि जे जति गरेका छन् ती अझ गहन र श्रेष्ठोत्तम छन्। उहाँहरूकै उपदेशले गर्दा मानिसलाई मानवपना र प्रतिष्ठा प्राप्त भएको छ। यदि हामीले तो महान् अध्यात्म गुरूहरूले प्रशस्त पार्नु भएको नैतिकताको बाटो-लाई बिर्सिने हो भने, धर्म र न्यायको ती मार्गबाट हामी पर सरी हिंड्ने हो भने हामीहरू पनि एक दिन आपसमा मानवोचित प्रतिष्ठा र भद्रता प्रतिकूल व्यवहार गर्न थाल्ने छौं, हामीले एक अर्कालाई पशुवत् व्यवहार गर्न थाल्ने छौं र एक आर्कालाई घृणा गर्दै, प्राचीन बौद्ध ग्रन्थ (चक्रवर्ति सिंहनाद सूत्र) मा भनिए झैं एक आर्कालाई हतियारहरूको प्रयोग गरी विनाश गर्ने छौं। आचार शास्त्र बिनाको प्रविधिको विकासले आज विनाशकारी मार्ग अपनाउन थालेकोबाट पनि भविष्य के कस्तो हुनेछ भन्ने केही झलक हामी अहिले नै प्राप्त गर्न सक्छौं। मानवताको संरक्षण विज्ञानले गर्न सक्ने होइन। यदि सम्भवै भएमा पनि, यिनै नैतिक उपदेशहरूले नै विज्ञान र प्रविधिको प्रयोगलाई बिनाशको लागि होइन रचनात्मक कार्यको निम्ति प्रयोग गर्ने कुरामा प्रभाव पार्न सक्ने छन्। यदि यो नैतिक मार्गलाई बिर्सिने, उपेक्षा गर्ने र परित्याग गरिदिने हो र मानवतालाई विज्ञानकै हेरचाहमा छाडिदिने हो भने मुटु भन्ने नभएको, करूणा भन्ने नभएको, नैतिक मूल्य केही नभएको विज्ञानले मानवतालाई विनष्ट पारिदिने छ। अहिले नै विज्ञान बास्तवमा यस लक्षतिर अग्रसर भइरहेको देखिन्छ। आजका बहुसंख्यक वैज्ञानिकहरू र इन्जिनियरहरूको खर्च सैनिक द्रव्य कोषहरूबाट व्यहोरिन्छन् र तिनीहरू यसबाट अक्सर अनभिज्ञ रही सैनिक उद्देश्य प्राप्ति निमित्त अहिले नै काम गरिरहेका छन्। तिनीहरू विनाशको लागि अझ महान् शक्तिशाली शस्त्रास्त्रको निर्माण गर्न आफ्ना सृजनात्मक शक्तिको सम्भाव्यतालाई उपयोग गरिरहेका छन्।

धार्मिक सत्यहरूलाई प्रमाणित गर्न विज्ञानवाट समर्थन खोज्नु र धर्मलाई वैज्ञानिक हुनु पर्छ भन्नु असम्बन्धित कुरा हो। धर्म भनेको विज्ञान भन्दा माथि, बिज्ञान भन्दा परको कुरा हो र यी दुइटा दुई भिन्न भिन्न तह र क्षेत्रमा छन्। धर्म र विज्ञानको वीचको संयोग स्वभावतः अविचारणीय कुरा हो।

केही मानिसहरू जसरी आधुनिक विज्ञानको सहाराले बौद्ध धर्मलाई वैज्ञानिक छ भनी प्रमाणित गर्न खोज्दै छन्, त्यसरी नै आधुनिक व्यावसायिक दार्शनिकहरू र लेखकहरूलाई उद्धृत गरी बुद्धको उपदेशको उपयुक्ततालाई प्रमाणित गर्न खोज्ने लोकप्रिय धर्मोपदेशकहरू र लेखकहरू पनि नभएका होइनन्। यी महानुभावहरूले राम्रो नियत राखीकनै २५०० बर्ष भन्दा अघि बुद्धले उपदेश गर्नु भएको कुरा सही हो भनी प्रदर्शन गर्न आधुनिक दार्शनिकहरू र लेखकहरूको प्रकरणहरु र कथनहरूलाई उद्धृत गर्छन्। तर तिनीहरू यो कुरालाई महशूस गर्दैनन् कि उनीहरूले बुद्धलाई मान्य तुल्याउन वा सुरक्षा गर्न आधुनिक दार्शनिक वा लेखकलाई साक्षी प्रमाणको रुपमा प्रस्तुत गर्दा स्वयं बुद्ध भन्दा साक्षी बढी महत्वपूर्ण र बढी भरपर्दा हुन्छन्। आधुनिक दार्शनिकहरू जसलाई यो मानिसहरू प्रमाणको रुपमा उद्धृत गर्छन् यिनीहरूले बुद्धको कथनसंग सहमत नभएमा के हुन्छ त? के त्यस अवस्थामा बुद्ध गलत थिए र आधुनिक दार्शनिकहरू ठीक हुन् भन्ने कुराको निष्कर्ष उनीहरू निकाल्छन् त? सम्यक् सम्बुद्ध तथागतको लागि ती दार्शनिकहरू, सांसारिक दार्शनिकहरू र लेखकहरूको समर्थन वा सुरक्षाको कुनै आवश्यकता छैन। तथागत स्वयं एक्लै खडा हुन सक्षम हुनु हुन्छ। ती दार्शनिकहरू बुद्ध संग सहमत भएको खण्डमा त्यति नै राम्रो कुरा मात्र हो।

अझ, कुनै कुनै विद्वानहरूत बुद्ध र केही आधुनिक दार्शनिकहरूलाई सोही क्षेत्रको अध्ययनमा कार्यरत समानहरू वा सहयोगीहरू सरह मानी अध्ययन गर्न पनि चाहन्छन्। बुद्धलाई र जति

सुकै मान्यता प्राप्त भएपनि अन्य दार्शनिक वा वैज्ञानिक लाई समान तह वा समान मञ्चमा राख्नाले महान् शास्तालाई भयंकर अनादर हुन्छ भन्ने कुरा उनीहरू महशूस गर्न सक्तैनन् । बुद्धलाई आधुनिक दार्शनिक संग तुलना गर्नासाथ हामीले अतुलनीय शास्ताको महान्ता र छवीको महत्व नै घटाएका हुन्छौं। भगवान बुद्ध महा-करुणा र महा-प्रज्ञाको प्रतिमूर्ति हो ।

बुद्धलाई दार्शनिकहरू र वैज्ञानिकहरुका साथै राख्नु हुन्न । उहाँ मानव मात्रलाई दुःखबाट मुक्तिको मार्ग देखाउनु हुने असमान अनुपम आध्यात्मिक गुरू हुनु हुन्छ । उहाँ लाभ रहित व्यर्थका दार्शनिक र अध्यात्म ज्ञान विषयका बहसहरूमा अभिरुची राख्नु हुन्नथ्यो । वास्तवमा यो सर्वज्ञात विषय हो, कि उहाँले अनेकौं वेलामा यो संसार नित्य हो कि अनित्य हो भन्ने जस्ता अर्थहीन प्रश्नहरूको बारेमा यस्ता प्रश्नहरू दुःखबाट मुक्ति प्राप्त गर्ने मानव समस्याको निम्ति, स्वतन्त्रता र शान्ति लाभको निम्ति र निर्वाणलाई साक्षात्कार गर्नको निम्ति उपयुक्त छैन भन्ने आधारमा बहस गर्न इन्कार गर्नु भएको थियो ।

बुद्धका उपदेशहरूलाई आधुनिक विज्ञान र लौकिक दर्शनसंग तुलना गर्नाले बौद्ध धर्मलाई पनि युनानी दार्शनिक मतहरू जस्तै केवल एक प्रकारको दार्शनिक मत मात्रमा घटूवा गर्ने सूक्ष्म खतरा पनि नभएको होइन । यसबाट यो पनि एउटा बौद्धिक मनोरञ्जन मात्र हुन सक्ने सम्भावना रहन्छ । प्राचीन युनानी दर्शन वा आधुनिक पश्चिमा दर्शन केवल अध्ययन र बौद्धिक शास्त्रार्थको लागि हो। यो खास गरीकन अभ्यासको लागि होइन न त जीवनको पथको रूपमा अनुगमन गर्नको निम्ति नै हो। बौद्ध धर्म प्रगाढ बौद्धिक अध्ययनको विषय मात्र होइन, यो त मुख्य रूपमा, प्राथमिक रूपमा र अत्यावश्यक रूपमा जीवनको नै एउटा अभ्यास हो, अवलम्बन गर्ने एक मार्ग हो, अनुशरण गर्ने बाटो हो र बांच्नको लागि जिउनुको लागि उपदेश हो ।

बुद्ध धर्म र अन्य वाद बीचका भिन्नताहरू – एक परिचय

–उ. माउँ. नु.

परिचय भाग - १

सप्त विभेदहरू

बुद्ध धर्म र अन्य धर्महरूका बीचमा सात मौलिक भिन्नताहरू पाइन्छन् । ती भिन्नताहरू हुन् :

प्रथम विभेद

अन्य धर्महरू

अन्य धर्महरूमा एकदम शक्तिशाली परमात्माको अस्तित्वको मान्यता पाइन्छ जसलाई ईश्वर वा अल्लाह वा यहोवा वा विष्णु, शिव, ब्रह्मा भनी पुकारिन्छ ।

यिनै परमात्माले संसारको सृजना गर्दछ ।

संसार भनेको नाम र रूपको संयोग भन्दा भिन्न कुरा नहुंदा परमात्माले नै नाम रूपको सृजना गर्दछ भन्न सकिन्छ ।

बुद्ध धर्म

बुद्ध धर्ममा नाम रूपलाई सृजना गर्ने परमात्माको अस्तित्वको मान्यता छैन । बुद्ध धर्मानुसार याहाँ केवल प्रकृतिका ६ नियमहरू मात्र छन्, यथा,

१) पथवीको नियम अर्थात् पृथ्वी धातु स्वभाव

२) आपोको नियम अर्थात् आप धातु स्वभाव

३) तेजोको नियम अर्थात् तेज धातु स्वभाव

४) वायोको नियम अर्थात् वायु धातु स्वभाव
५) आकाशको नियम अर्थात् आकाश धातु स्वभाव
६) मनोको नियम अर्थात् नाम धातु स्वभाव

प्रकृतिमा यो ६ नियमहरूबाहेक संसारमा अन्य कुरा केही छैन।

१) घनत्व वा ठोसपनाको रूपमा प्रस्तुत हुनु पथवीको नियम हो। आर्को शब्दमा भन्ने हो भने साह्रोपना वा नरमपनालाई जनाउनु पृथ्वीको स्वभाव हो।
२) तरलीकृत हुनु वा गर्नु आपोको नियम हो। अर्थात् संयोग वा तरलतालाई जनाउनु आप धातुको स्वभाव हो।
३) उष्णता वा शीत प्रदान गर्नु तेजोको नियम हो। आर्को शब्दमा भन्ने हो भने गर्मी वा ठण्डीको रूपमा प्रकट हुनु तेज धातुको स्वभाव हो।
४) गति प्रदान गर्नु वायोको नियम हो। अर्थात् गति वा दवावको रूपमा प्रकट हुनु वायु धातुको स्वभाव हो।
५) स्थान बनाउनु आकासको नियम हो। अथवा स्थान वनाउनु आकाश धातुको स्वभाव हो।
६) चित्त वा मनको अबिच्छिन्न प्रक्रयालाई कायम राख्नु मनोको नियम हो। भनाइको मतलब चित्तको निरन्तरतालई कायम राख्नु मन धातुको स्वभाव हो।

बुद्ध धर्मानुसार नाम रूपको सृजना कसैले गर्ने होइन। नाम र रूप यिनै ६ धातु स्वभावहरूको प्रतिफल हुन् वा तिनै प्रकृतिका ६ नियमहरूका परिणाम हुन् नाम र रूप।

रूप (पदार्थ)

पृथ्वी, आप, तेज र वायु प्रकृतिका ४ भिन्ना भिन्नै नियमहरू हुन् तापनि तिनीहरू आपसमा अभिन्न छन्, अन्योन्याश्रित छन् र पृथक् पृथक् रूपमा छुटयाउन नसकिने खालका छन्। यसै अपृयक्करणीयताको कारणले गर्दा नै परमाणु नामक सूक्ष्मातिसूक्ष्म रजहरूको अनन्त रूपमा निर्माण हुंदै रहन्छन्। यी

ए-प्र
१०५५१

परमाणुहरू यति सूक्ष्म हुन्छन् कि यिनीहरूलाई नांगो चर्म चक्षुले देख्न सकिंदैन। रूप भनेको यिनै परमाणुहरूको संरचना मात्र हो। यी परमाणु देखि भिन्न कुरा होइन। किन्तु, आकाशको नियमको कारणले गर्दा कुनै पनि रूप पदार्थमा रहेका यी परमाणुहरूले एक अर्कालाई स्पर्श गरेका हुंदैनन्। ती परमाणुहरू प्रत्येकको बीचमा आकाश रहन्छ। अर्थात् अर्को शब्दमा भन्ने हो भने आकाश धातुद्वारा परिच्छेद गरिएको कारणले गर्दा नै परमाणुहरू एक अर्कासंग अलग रहन सक्दछन्।

परमाणु धेरै समय सम्म रहंदैन। यसको निर्माण हुना साथै विघटन वा विनाश भइ हाल्छ। परन्तु निरन्तर रूपमा परमाणुहरूको निर्माण भइनै रहने भएकोले कुनै कुनै पदार्थ यथावत् कायमै रहेको जस्तो देखिन्छ भने कुनै कुनै पदार्थ बृद्धि भएको जस्तो देखिन्छ। परमाणुहरूको विघटन हुने प्रक्रयालाई भावनाको अभ्यास नगर्ने कसैले पनि देख्न सक्तैन।

कुनै पनि परमाणुको विघटन वा विनाश हुने प्रक्रयाको गति यति तिव्र हुन्छ कि क्षण भरमा कैयन् हजारौं पटक परमाणुको उत्पत्ति र विनाश भइसकेको हुन्छ।

रूप भन्नु पृथ्वी, आप, तेज, वायु र आकाश यी पांच धातु स्वभावहरूको संरचना देखि बाहेक केही होइन। तसर्थ रूपका अन्तिम विश्लेषण गर्दा त्यहां न तरल, न ठोस, न रज, न वस्तु केही पाइन्छ। परमाणुको अन्तिम विश्लेषणमा केवल ५ धातु स्वभावहरू, यिनै प्रकृतिका पांच नियमहरू मात्र भेट्टाइन्छन्।

नाम (मन)

नाम वा चित्तको विषयमा सोच्दा मन सम्बन्धी निम्न ५ कुराहरूलाई सम्झिराख्नु पर्दछ।

प्रथम कुरा

मुटु भित्रै कतै मनले बास गर्ने घर हुन्छ। यस घरलाई पालिमा हृदय-वत्थु अर्थात् हृदय वस्तु भनिन्छ।

दोश्रो कुरा

अधिकांश व्यक्तिहरूमा सम्पूर्ण प्राणी मात्रमा जन्म देखि मृत्यु सम्म एउटै मात्र चित्त हुन्छ भन्ने धारणा रहेको पाइन्छ। तर वास्तविकता त्यो होइन। बुद्ध धर्मको अनुसार, चित्तको उत्पत्ति हुना साथ त्यो चित्तले आर्को चित्तलाई उत्पत्ति गर्दछ र स्वयं सो चित्तको विनाश, मृत्यु हुन्छ। त्यो जन्मेको चित्तले पनि आर्को चित्तलाई उत्पत्ति गर्दछ र त्यो चित्तको विनाश हुन्छ। चित्तको उत्पत्ति र विनाश हुने प्रक्रयाको गति यति तिव्र हुन्छ कि क्षण भरमा कैयौं हजार पटक यसरी चित्तको उत्पत्ति र विनाश भइसकेको हुन्छ।

नाम र रूप दुवै साह्रै छिटो छिटो विघटन हुन्छन् भन्ने कुरो माथि भनि सकिएको छ। किन्तु नाम (चित्त) भन्दा रूप (पदार्थ) को अस्तित्व लामो समय सम्म रहन्छ। नाम (चित्त) को भन्दा रूप (पदार्थ) को आयु दोब्बर बढी हुन्छ। अर्थात् १७ नामको आयु वराबर एउटा रूपको आयु हुन्छ। बुद्ध धर्मानुसार, सत्वको मृत्यु (च्यूति) पछि पनि एउटा चित्तले आर्को चित्तलाई उत्पत्ति गर्ने क्रम वा प्रक्रयाको अन्त्य हुंदैन। मृत्यु पछि पुनर्जन्म हुनाको कारणै यही हो।

वर्तमान संसार भन्दा अघि पनि असंख्य संसारहरू याहाँ थिए। पहिलो संसारको उत्पत्ति कहिले भएको हो भन्ने कुरोको जानकारी कसैलाई पनि छैन। त्यस्तै पहिलो प्राणीहरूको उत्पत्ति कहिले भएको हो भन्ने कुरा पनि कसैलाई थाहा छैन। असंख्य युगहरूको दौरानमा कुनै पनि एउटा प्राणीका जन्म र मृत्यु भएको संख्या पनि यत्ति बढी हुन्छ कि त्यसलाई गणना गर्न सम्म पनि सकिंदैन। एकपटक भगवान बुद्धले एउटा भिक्षुलाई उसको एक जना प्रिय आफन्तको मृत्यु भएकोमा विलाप गरि-रहेको अवस्थामा देख्नु भयो। अनि भगवान बुद्धले भन्नु भयो कि त्यो भिक्षुले आफ्ना पूर्व जन्महरूमा आफ्ना मन पर्ने बन्धु

बान्धवहरूको मृत्यु हुंदा बहाइ आएको आंसु मात्रलाई संचित गर्न सकिएको भए सम्पूर्ण महासागरहरूको पानी भन्दा पनि ती आंसुको परिमाण बढी भई सक्थ्यो होला। भगवान बुद्धको यस धर्मोपदेशबाट असंख्य कल्पहरूको दौरानमा कुनै एक जना प्राणी मात्रको पनि जन्म र मृत्युको संख्या कति हुंदो रहेछ भन्ने कुराको अनुमान सहजै लगाउन सकिन्छ।

चित्तमा लोभ, द्वेष र मोह जस्ता क्लेशहरू रहि रहे सम्म एक चित्तले आर्को चित्तलाई उत्पत्ति गर्ने प्रक्रया र त्यसको परिणाम स्वरूप कायम रहने अनन्त पुनर्जन्म र मृत्युको प्रक्रया अनन्त काल सम्म जारी नै रहने हुन्छ। क्लेशहरू सम्पूर्णतः समूल नष्ट भइसकेपछि मात्र मृत्यु पछि आर्को जन्म लिने प्रक्रयाको अन्त्य हुने हुन्छ र परिणाम स्वरूप मृत्यु पछि पुनर्जन्म हुने र पुनर्जन्म साथै सहगत रहने दुःखहरू जस्तै जरा, व्याधि, मृत्यु, प्रिय संगको वियोग इत्यादिको अन्त्य हुने हुन्छ।

तेश्रो कुरा

चित्त आफ्नै आधारमा मात्र खडा हुन सक्तैन। चित्त अवस्थित हुनको निम्ति केही कुरा हुनु पर्दछ। यस्तो चित्त अवस्थित हुने केही कुरालाई आरम्मण वा आलम्बन भनिन्छ। आलम्वन जम्मा ६ किसिमका हुन्छन्। ती हुन्:

१) दृष्य वा वर्ण
२) शब्द
३) गन्ध
४) आस्वाद वा रस
५) स्पर्श र
६) धर्म वा बिचार।

यी ६ आलम्बनहरू मध्ये धर्मले मात्र चित्त संग सीधै सम्पर्क वा स्पर्श कायम राख्न सक्तछ। अन्य पाँच आलम्वनहरूलाई

चित्त संग सम्पर्क वा स्पर्श गर्नको निमित्त केही अन्य द्वारहरू रहनु पर्ने हुन्छ। रंग वा वर्णको लागि देख्न सकिने चक्षु रहनु आवश्यक हुन्छ। शब्दको लागि श्रवण गर्न सकिने कर्ण रहनु आवश्यक हुन्छ। गन्धको लागि सुंघ्न सकिने घ्राण रहनु जरूरी हुन्छ। आस्वादको लागि रसास्वादन गर्न सकिने जिह्वा रहनु जरूरी हुन्छ र स्पर्शको लागि अनुभव गर्न सकिने काय रहनु पर्ने हुन्छ।

चक्षुलाई देख्न सकिने, कर्णलाई सुन्न सकिने, घ्राणलाई सुंघ्न सकिने, जिह्वालाई रसास्वादन गर्न सकिने र कायलाई स्पर्शको अनुभव गर्न सकिने बनाउने वस्तु जुन हो त्यसलाई पालिमा 'पसाद' अर्थात् प्रसाद रूप भनिन्छ।

चौंथो कुरा

चित्तको चार गुण हुन्छन्। ती हुन् :

१) वेदना वा बेदना
२) सञ्ञा वा संज्ञा
३) सङ्खार वा संस्कार
४) विञ्ञाण वा विज्ञान।

पालि ग्रन्थहरूमा, चित्तका ती चार गुणहरूलाई माथि लेखिएको क्रममा उल्लेख गरिएका हुन्छन्। किन्तु, नयाँ साधकहरूको लाभको निमित्त म उपर्युक्त क्रमलाई निम्न बमोजिम परिवर्तन गर्न चाहन्छु :-

१) विज्ञान
२) संज्ञा
३) वेदना
४) संस्कार।

१) विज्ञान:- यो आलम्बनहरू प्रति चित्तलाई अग्रसर गर्ने गुण हो। उदाहरणार्थ, चक्षुको प्रसादमा रूप पर्न आउना

साथै विज्ञानले नै चित्तलाई रूपतिर अग्रसर गराउंछ। त्यसरी नै कर्णको प्रसादमा शब्द पर्न आउना साथै, घ्राणको प्रसादमा गन्ध पर्न आउना साथै, जिह्वाको प्रसादमा रस पर्न आउना साथैं, कायको प्रसादमा स्पर्श पर्न आउना साथै र धर्म (चिन्तन) को उत्पत्ति हुना साथै चित्तको यही गुण-विज्ञानले नै चित्तलाई शब्द, गन्ध, रस, स्पर्श र धर्म तिर लेजान्छ वा अग्रसर गराइ दिन्छ।

विज्ञानको कारणले चक्षु प्रसादको रूप संग चित्तको सम्पर्क कायम हुन्छ र अनि मात्र रूपलाई देख्दछ। त्यो रूप कुन किसिम-को हो भन्ने कुराको जानकारी चित्तलाई दिन सक्ने क्षमता चाहिं विज्ञानमा रहंदैन। शब्द, गन्ध, रस, स्पर्श र धर्मको सम्बन्धमा पनि चित्तले केवल सुन्दछ, सुंघ्दछ, रसास्वादन गर्दछ, स्पर्श गर्दछ र चिन्तन गर्दछ।

विज्ञानको काम चाहिं चित्तलाई आलम्बनहरू अर्थात् रूप, शब्द, गन्ध, रस, स्पर्श र धर्म तिर अभिमुख गराइ दिनु मात्र हो।

२) संज्ञाः- चित्तको यो गुण संज्ञाले मात्र सो चित्तले देखेको, सुनेको, चाखेको, स्पर्श गरेको र चिन्तन गरेको कुरो के हो भन्ने कुरालाई स्मृतिमा अंकित गरी चित्तलाई थाहा दिने कार्य गर्दछ।

३) बेदनाः- चित्तको यो गुणले मात्र चित्तलाई अनुभव गराइ दिन्छ। बुद्ध धर्मको अनुसार बेदना तीन प्रकारका हुन्छन् जस्तै सुख बेदना, दुःख बेदना र उपेक्षा वेदना अर्थात् न-सुख - न-दुःख बेदना।

४) संस्कारः- चित्तको यो गुण - संस्कारले अनि यकिन गर्दछ, आज्ञा दिन्छ, आग्रह गर्दछ।

रूप, शब्द, गन्ध, रस, स्पर्श र धर्म जस्ता आलम्बनहरू चितको सम्पर्कमा आउना साथै क्षण भरमा चित्तमा यी चार

गुणहरू कैयन् हजार पटक प्रवर्तित हुन्छन् । यी चार गुणहरूको कृत्यहरूको दृष्टान्त दिनको लागि निम्न उदाहरण दिइनु पर्दछ । भनौं जोनको एउटा मित्र जेम्स जोनको घरको सामु हिँड्दै छ । विज्ञानको कारणले जोनले आफ्नो घरको अगाडि कुनै व्यक्ति लाई देख्तछ । संज्ञाको कारणले जोनले थाहा पाउंछ कि उसले वर अगाडि देखेको मान्छे जेम्स हो, आफ्नो मित्र । जोन प्रसन्न हुन्छ । वेदनाले गर्दा जोनलाई प्रसन्नताको अनुभव हुन्छ । अनि जोन एकै पटक चिच्याउंछ – हे जेम्स, कफी खान घर आउंदैनौं? संस्कारले गर्दा नै जेम्सलाई यसरी बोलाउन लगाउंछ । यदि जेम्स भनौं, जोनको शत्रु भइ दिएको खण्डमा, विज्ञानले गर्दा जोनले आफ्नो घर अगाडि कोही व्यक्तिलाई देख्तछ । संज्ञाले गर्दा आफूले देखेको कोही व्यक्ति आफ्नो वैरी जेम्स नै हो भन्ने कुरा जोनले थाहा पाउंछ । जोनले आफ्नो वैरी जेम्स हो भन्ने कुरा थाहा पाए पछि जोन रीसले भुतुक्क हुन्छ । यसरी रिसाउनु वेदनाको काम हो । अनि एकदमै घरबाट दगुरेर गएर जेम्सलाई जोनले धक्का दिएर हटाई दिन्छ । संस्कारले गर्दा जोन घरबाट दगुरेर गएर जेम्सलाई धक्का दिन पुग्दछ । जेम्स-लाई प्रथम पटक देखे देखि जोनले गएर जेम्सलाई धक्का दिन पुगुन्जेलको समयमा मुश्किलले आधा मिनेट पनि व्यतीत भएको हुंदैन होला । किन्तु, त्यस छोटो समयको भित्रमा पनि, यी चार गुणहरू हुने चित्तहरू कैयौं हजार बार प्रवर्तित भैसकेका हुन्छन् ।

१) कुरा गर्ने, उपदेश दिने, गाना गाउने जस्ता हरेक वाचिक कार्यमा,

२) गाडी हांक्ने, मुक्का हान्ने, दगुर्ने, मार्ने, चोर्ने, कामभोग गर्ने, सुरापान गर्ने, मन्दिर जाने, दान प्रदान गर्ने जस्ता हरेक कायिक काममा,

३) योजना तर्जुमा गर्ने, समस्या समाधान गर्ने, धर्म माथि निष्ठा राख्ने जस्ता प्रत्येक मानसिक क्रियकलापमा, यिनै चार चित्तका गुणहरू देखि बाहेक अरू केही कुरा पाइने छैनन्।

चित्तलाई मात्र एक्लै छाड्ने हो भने चित्तको केही शक्ति हुन्न। आलम्वनहरू चित्तको संसर्गमा आएपछि मात्र चित्तका यी चार गुणहरूलाई कृत्य गर्ने अवसर प्राप्त हुन्छन्। यी गुण-हरूले काम गरेपछि मात्र कुशल वाचा वा अकुशल वाचा, कुशल कर्म वा अकुशल कर्म, कुशल विचार वा अकुशल विचारहरू उत्पन्न हुन सक्छन्।

पांचौं कुरा

प्रथम बुंदा भन्दा नै माथि चित्त भनेको हृदय वस्तु भनिने मुटु भित्र वर्त रहने गृहमा वास गरेको हुन्छ भन्ने कुराको चर्चा गरि सकिएको छ। तेश्रो बुंदामा चित्त आफ्नै आधारमा प्रवर्तित हुन सक्दैन, यसलाई रहन आलम्बन भनिने केही कुरा चाहिन्छ भन्ने कुराको उल्लेख पनि गरि सकिएको छ। तसर्थ चित्त भनेको मुटु भित्र वर्त रहने हृदय वस्तुको आलम्बनमा अवस्थित रहेको हुन्छ भन्ने कुरा याहाँ भन्नु पर्दछ। वर्तमान जीवन अवधिमा उपलब्ध हुने ६ प्रकारका आलम्बन जस्तो यो आलम्बन चाहिं होइन। यो आलम्वन त पूर्व जीवनबाट प्राप्त गरेका आलम्बन हो। वर्तमान जीवन अवधिमा उपलब्ध हुने ६ किसिमका आलम्बनहरूबाट यो आलम्बनलाई अलग्ग छुट्टिने गर्नको लागि यस आलम्बनलाई "पुरानो आलम्बन" भनिने छ। यो पुरानो आलम्बन भनेको के किसिमको आलम्वन हो भन्ने कुराको वर्णन पछि नै गरिने छ।

६ आलम्बनहरू मध्ये कुनै पनि आलम्बन संग चित्तको संसर्ग नहुंदा चित्त यही पुरानो आलम्बनमा रहिरहेको हुंछ। पुरानो आलम्बनमा रहंदाको अवस्थामा चित्त मस्त निद्रामा सुतिरहेकै प्रतीत हुन्छ। ६ आलम्बनहरू मध्ये कुनै एक

आलम्बनले चक्षु प्रसाद वा कर्ण, घ्राण, जिह्वा वा काय प्रसादमा स्पर्श गरे पछि वा धर्म आलम्बनको हकमा चित्तमै सीधा स्पर्श गरे पछि, चित्त जाग्रत हुन्छ र पुरानो आलम्बनलाई त्यागी चित्त नयाँ आलम्बनमा रहन पुग्दछ। अनि चित्तको त्यस आलम्बन संगको सम्पर्क छुट्ना साथै फेरि मुटु भित्र रहेको हृदय वस्तुको आलम्बनमा उडर आउंछ र मस्त निद्रामै सुतेको प्रतीत हुन्छ। फेरि कुनै आलम्बनले स्पर्श गरी प्रकम्पित गर्ना साथै चित्त पुनः जाग्रत भई सो आलम्बनमा रहन पुग्दछ। यो कुरालाई देहाय बमोजिम वर्णन गर्न सकिन्छ :

भनौं कि जोनले एक मिनेट सम्म एउटा चित्रलाई हेरि रहेको छ। जोन त्यो एक मिनेट सम्म लगातार अटूट रूपमाने आफूले सो चित्र हेरि रहेको छु भन्ने कुराको विश्वास गर्दछ। बास्तवमा भन्ने हो भने जोनले त्यो एक मिनेटको समय सम्म अटूट रूपमा त्यो चित्रलाई निरन्तर हेरेकै हुंदैन ।

उसले चित्र हेरि रहंदाको वखत, त्यो चित्रको वर्ण उसको आंखाको प्रसादमा पर्न आउंछ। त्यो वर्ण रूप भएको हुंदा त्यो रूप पछिको १७ चित्तहरूको अवधि भर कायम रहन्छ। अनि सत्रौं चित्तको उत्पत्ति भएर निरोध हुंदा सो निरुद्ध हुने चित्तको साथ साथै त्यो वर्ण रूप पनि विनाश हुन्छ। प्रथम चित्त चाहिं चक्षु प्रसादमा सो रूपको स्पर्श हुना साथ उत्पन्न हुने चित्त हो भन्ने कुरा स्वतः स्पष्ट छ। अठारौं चित्तको लागि कुनै आलम्बन बांकी नरहेकोले पुरानो आलम्बनमै उडेर फिर्ता जान्छ र त्यहीं मस्त निद्रामा सुत्दछ। अनि त्यो चित्रको आर्को वर्ण दृष्यले चक्षु प्रसादमा स्पर्श गर्दछ। त्यो दृष्यले चित्तलाई प्रकम्पित गर्दछ र चित्त पुनः जाग्रत भई पुरानो आलम्बन त्यागी नयाँ आलम्बनमा रहन पुग्दछ। त्यो रूप दृष्यको विनाश भए पछि चित्त पुनः पुरानो आलम्बनमै फर्केर गईकन मस्त निद्रामा सुत्दछ।

क्षण भरमा, त्यो चित्रको खण्डित दृष्यहरूले जोनको चक्षु प्रसादमा कैयन् हजार पटक ठक्कर दिएका वा स्पर्श गरेका हुन्छन् त्यो दृष्यले जोनको चक्षु प्रसादमा जब जब स्पर्श गरेको हुन्छ, चित्त आफ्नो निद्रावाट विउंझी जाग्रत हुन्छ र पुरानो आलम्बन त्यागी नयाँ आलम्बनमा अवस्थित हुन पुग्दछ। जब जब त्यो दृष्य निरूद्ध हुन्छ, चित्त पुनः आफ्नो पुरानै आलम्बनमा उडेर पुग्छ र साविकमा झैं मस्त निद्रामा सुत्दछ।

चक्षु प्रसादमा दृष्यले ठक्कर खाएको वा स्पर्श गरेको घडी देखि उत्पन्न हुने १७ चित्तहरू मध्ये एउटा चित्तले मात्र त्यो रूप दृष्यलाई देखेको हुन्छ। यो बुंदालाई अब याहाँ उदाहरण सहित चर्चा गरिने छ। किन्तु चक्षु प्रसादमा स्पर्श गर्ने रूपको गति साह्रै तिव्र हुने भएकोले जोनलाई आफूले त्यो चित्र अटूट रूपमा लगातार हेरिरहेको छु भन्ने धारणा रहिरहेको हुन्छ।

माथि भनि सकिएको छ कि रूपको आयु १७ चित्तहरूका आयु बरावर हुन्छ। तसर्थ रूपको आयुवधिमा कुन कुन प्रकारका चित्तहरू प्रवर्तित हुन्छन् भन्ने कुरालाई हेरौं।

१, २, ३, ४, ५, ६, ७, ८, ९, १०, ११, १२, १३, १४, १५, १६, १७, माथि देखाइएका संख्याहरूले एउटा रूपारम्मणको उत्पत्ति र स्थिति कालमा प्रवर्तित हुने चित्तहरूको संख्याहरूलाई जनाउंछन्। चक्षु प्रसादमा स्पर्श हुना साथ रूप तत्कालै देखिने हुन्न। वल्कि चक्षु प्रसादमा रूपले स्पर्श गरे पछि कमसे कम एउटा चित्त निरोध भई सकेपछि मात्र त्यो रूप देखिने हुन्छ। कहिले कांही त २ वटा देखि ११ वटा सम्म चित्तहरूको निरोध नहुञ्जेल पनि त्यो रूपारम्मण नदेखिने हुन्छ। चक्षु प्रसादमा कुनै रूपले ठक्कर खान आए पछि कति वटा चित्तको निरोध भइसके पछि सो रूपारम्मण देखिने हुन्छ भन्ने कुरा वस्तुको आकार, प्रकाशका प्रर्याप्तता चक्षु प्रसादको गुण आदि

धेरै कुराहरूमा निर्भर गर्दछ । तसर्थ याहाँ व्याख्यानलाई सजिलो पार्नको लागि हामी के मानौं भने रूपले चक्षु प्रसादमा स्पर्श गरे पछि प्रथम चित्तको निरोध भएपछि मात्र रूप देखिने हुन्छ ।

रूप यसरी दृष्टि गोचर भए पछि यसले दोश्रो चित्तलाई प्रकम्पित गर्दछ । किन्तु त्यो चित्त मुटु भित्रको हृदय वस्तुमा अवस्थित पुरानो आलम्बनमा मस्त निद्रामा रहेको हुंदा सो दोश्रो चित्तको जाग्रत हुन नपाउंदैमा यसले तेश्रो चित्तलाई उत्पत्ति गरी निरूद्ध भएर जान्छ । त्यो रूपले तेश्रो चित्तलाई प्रकम्प्रित गरि रहन्छ । तेश्रो चित्त पनि मस्त निद्रामा रहंदा यो पनि जाग्रत नभई कनै चौंथो चित्तलाई उत्पत्ति गरी आफू निरूद्ध हुन्छ । अव चौंथो चित्त मात्र पूर्णत: जागरूक हुन्छ र यसले चक्षु प्रसादमा ठक्कर खाइरहेको चित्तलाई जांच बुझ गर्दछ । पांचौं चित्तले त्यो रूपलाई देख्तछ ।

छैंठौं र सातौं चित्तले त्यो रूपको विषयमा थाहा भए जति सबै कुराहरूमा विचार गर्दछ ।

आठौं चित्तले त्यो रूप असल, खराब, राम्रो, नराम्रो, धोकेवाज आदि जे जस्तो छ सो को निर्णय गर्छ ।

नवौं चित्त देखि पन्ध्रौं चित्त सम्मलाई "जवन" चित्त भनिन्छ। कहिले काहीं केवल ६ वटा जवनहरू प्रवर्तित हुन्छन् । मृत्युको समय आइपुग्दा शारीरिक शिथीलताको कारण ५ वटा जवनहरू मात्र उत्पत्ति हुन्छन् । किन्तु सामान्यत: सातवटा जवनहरू उत्पन्न हुने गर्दछन् ।

जवन भनेको के हो त ? अन्य चित्तहरूको विपरीत जवन भनेको त्याग वा बासना, अलोभ वा लोभ, प्रेम वा घृणा, करूणा वा क्रोध, सम्वोधि वा अविद्या, दया वा निर्दयता जस्ता कुशल मूल वा अकुशल मूल सहगत भएका चित्त हुन् । अन्य चित्तहरू उत्पत्ति भएर निरूद्ध हुंदा ती चित्तहरूहरूले केही कुरालाई

छाडी गएका हुंदैनन् । किन्तु जवन चित्त निरूद्ध हुंदा यसले आफ्नो प्रभावलाई छाडेको हुन्छ । कुशल जवनले कुशल प्रभावलाई र अकुशल जवनले अकुशल प्रभावलाई छाडेका हुन्छन् । प्राणीहरू सम्पूर्णको सम्पती वा गरीवी, सौन्दर्य वा कुरूपता, जेहेन्दारिता वा लोसेपना, जन प्रियता वा जन विरोध, प्रसिद्धि वा अप्रसिद्धि, प्रभाव वा प्रभावको शून्यता, दीर्घ जीवन वा अल्पायुपना, सुख वा दु:ख इत्यादिको साथै २० ब्रह्म लोक, ६ देव लोक, १ मनुष्य र ४ अपाय गति समेत प्राणीहरू उत्पत्ति हुने ३१ भूमिहरू मध्ये कुनै पनि भूमिमा पुनर्जन्म गराउने कृत्य यिनै जवनहरूको कृत्य हुन्, अन्य चित्तको होइन । बुद्ध धर्मानुसार, जीवन भनेको नै यिनै जवनहरूको विभिन्न रूपको प्रस्तुतीकरण हो । जवनहरूलाई बुद्ध धर्ममा "कर्म" भनी भनिन्छ । कुशल जवनलाई कुशल कर्म र अकुशल जवनलाई अकुशल कर्म भनिन्छ ।

एक मिनेट एक पलामै कयन् हजार जवनहरू प्रवर्तित हुन्छन् । एकजना सत्वको जीवन कालमा कति जवनहरू उत्पन्न हुदा रहेछन् भन्ने कुराको अनुमान यसैवाट सहजै लगाउन सकिन्छ । तथापि एउटा पुद्गलको अवधिमा नै सम्पूर्ण यस्ता जवनहरू प्रवर्तित हुन सम्भव हुन्न । केही जवनहरू प्रकट हुन्छन् र यसरी प्रकट भइसकेका, उत्पन्न भइसकेका जवनहरूको लगत कट्टा हुन्छन् । सो जीवन कालमा उत्पन्न हुन मौका नपाएका अन्य थुप्रो जवनहरूलाई अगाडि जीवनको लागि सारिन्छन् । असंख्य कल्पहरूको दौरानमा प्रत्येक सत्व प्रत्येक पुद्गलले यसरी यस्ता जवनहरूको असंख्य राशीलाई संचित गरेको हुन्छ । यसरी संचित रहेका ती जवनहरूलाई अपरापरिय वेदनीय कम्म भनिन्छ । असंख्य कल्पहरू व्यतीत हुंदाको समयमा जवनहरूको यस महान राशी मध्येवाट केही जवनहरू समय समयमा उत्पन्न हुंदै गर्छन र जवनको यस्तो महान् राशीलाई संचित गरि राख्ने

पुद्गल वा सत्वको पुनर्जन्मलाई चतुर्थ मार्ग अर्थात् अरहन्त मार्गले नि:शेष रूपबाट निरूद्ध नगरे सम्म यस्तो प्रक्रया जारी नै रहन्छ ।

यी जवनहरूको अवस्थालाई छैठौं, सातौं र आठौं चित्तको प्रवृतिद्वारा प्रभावित गरेका हुन्छन् । तिनीहरूको प्रवृति राम्रो भएमा वा योनिसो मनसिकार भएमा, जवनहरू कुशल जवन वा कुशल कर्म हुन्छन् । तिनीहरूको प्रवृति अकुशल भएमा वा अयोनिसो मनसिकार भएमा, जवनहरू अकुशल जवन वा अकुशल कर्म हुन्छन् । उदाहरणार्थ, भनौं, जोनले विरामी वैरीलाई देख्तछ । यदो छैठौं, सातौं र आठौं जवनहरूले वैरीलाई पनि माया गर्नु पर्दछ भनी विचार गरी सोही बमोजित निर्णय गरेको खण्डमा स्वभावतः त्यो विरामी मान्छेको शिघ्र निको होस् भन्ने असल कामनाबाट जवनहरू सम्प्रयुक्त हुने छन् । उसमा यस्तो कुशल कामना मात्र भएमा यसलाई मनो कुशल कम्म भनिन्छ । यस असल कामनाको कारणले गर्दा जोनले त्यो विरामी मान्छेको शिघ्र निको होस् भनी प्रार्थना गरेको खण्डमा उसले वची कुशल कम्म लाभ गरेको सम्झिने छ । यदी त्यस देखि अतिरिक्त सो विरामी मान्छेको शिघ्र उपचारको लागि उसले केही कार्य गरेको खण्डमा उसले मनो कुशल कम्मको र वची कुशल कम्मको साथ साथै काय कुशल कम्म पनि लाभ गर्दछ । छैठौं, सातौं र आठौं जवनहरूले त्यो विरामी मान्छे त आफूलाई धेरै कष्ट दिने वैरी हो भनी चिन्तन गरी सोही बमोजिम निर्णय गरेमा, स्वभावत: ती जवनहरू त्यो विरामी मान्छेको शिघ्र मृत्यु होस् भन्ने अकुशल कामनाबाट सम्प्रयुक्त हुने छन् । जोनमा त्यस प्रकारको अकुशल इच्छा मात्र भएमा यसलाई मनो अकुशल कम्म भनिन्छ । यस अकुशल इच्छाको कारण उसले त्यो बिरामी मान्छेलाई श्राप दिन्छ भने मनो अकुशल कम्मको अतिरिक्त उसले वची अकुशल कम्म पनि गरेको सम्झिन्छ । सो देखि अलावा

जोनले त्यस विरामी मान्छेको शिघ्र मृत्यु होस् भनी केही कार्य पनि गरेमा उसले मनो अकुसल कम्म र वची अकुशल कम्मको अतिरिक्त काय अकुशल कम्म पनि गरेको हुन्छ।

बुद्ध धर्मानुसार कुशल मनसिकारको अंगिकार गरिनु साह्रै महत्वपूर्ण कुरा हुन्छ। यस्तो कुशल प्रवृतिलाई योनिसो मनसिकार भनिन्छ। सदा सर्वदा यही योनिसो मनसिकारलाई अगिकार गर्न सकिने क्षमतालाई प्राप्त गर्ने किसिमले हरेक व्यक्तिले आफुलाई निरन्तर प्रशिक्षित गर्नु पर्दछ। नत्र भने आफूले हटाउन सकिने अकुशल मध्ये कुनै नैं कुनै मनो वा वची वा काय अकुशल कम्मलाई अनावश्यक रूपमै सम्पादन गर्ने हुन्छ।

सोह्रौं र सत्रौं चित्तहरूले तिनै जवनहरू माथि विचार गरेका हुन्छन्।

भवंग र विथी

चित्तहरू पुराना आलम्बनहरूमा अवस्थित रहुन्जेल ती चित्तहरूलाई भवंग चित्तहरू भनिन्छ। जोवनको प्रवाहलाई यथावत् कायमै राख्ने भएकोले ती चित्तहरूलाई भवंग चित्त भनिएका हुन्। चारौं चित्त देखि सत्रौं चित्त सम्मका १४ वटा चित्तहरूलाई वीथि चित्त भनिन्छ। योजना अनुसार यी षित्तहरू प्रवर्तित हुने भएकोले यिनीहरूलाई वीथि चित्तहरू भनिएका हुन्। शरीर र मनलाई धारण गर्ने सम्पूर्ण सत्व प्राणीहरूमा भवंग चित्तहरू र वीथि चित्तहरू बाहेक अरू हुंदैन। भवंग चित्तहरू विद्यमान हुंदा वीथि चित्तहरू हुंदैनन् र वीथि चित्तहरू हुंदा भवंग चित्तहरू हुदैनन्।

जीवनको पहिलो चित्त - प्रतिसन्धी चित्त र अन्तिम चित्त च्यूति चित्त पनि भवंग चित्त नै हुन्। तसर्थ यी तीनैवटा चित्तहरू सम्पूर्ण जीवन अवधिमै एउटै आलम्बनमा मात्र रहेका हुन्छन्।

रूपारम्मणको सम्बन्धमा चित्तहरूले कसरी कार्य गर्दछन् भन्ने कुरा हामीले माथि चर्चा गरि सकेका छौं। शब्द, गन्ध,

रस, स्पर्श र धर्मका आलम्बनका सम्बन्धमा पनि चित्तहरूले उसै गरी कार्य गर्दछन् ।

गीत सुनि रहंदा वा गन्ध सुंघि रहंदा वा कुनै पनि गांस चपाइ रहंदा वा आफ्नो मित्रसंग स्पर्श गरि रहंदा वा मनमा कुनै विचार उत्पत्ति भइरहंदा माथि वर्णन गरिए अनुसार नै एक विपला भरिको अवधि, एक क्षण भरको अवधिमानै भवंग चित्त-हरू र वीथि चित्तहरू कैयन् हजारौं पटक प्रवर्तित हुन्छन् ।

सामान्यतया चित्तहरू भवंग निद्रामा खुसुक्क प्रवेश गरेका कुरालाई प्राणीहरूले देख्न जान्न नसक्ने हुन्छन् । किन्तु विपश्यना भावनाको अभ्यासको क्रममा माथिल्लो स्तरको समाधि लाभ भइ सकेपछि मात्र योगिले आफूले देखे, सुने, सुंघेको कुराहरूमा, आस्वाद लिएका र स्पर्श गरेका कुराहरूमा रोकावटहरू भएका कुरालाई महशूस गर्दछन् ।

कुनै पनि सत्व सुतिरहंदाको समयमा वा अचेतावस्थामा रहेको समयमा वा चित्तहरूले भोग गरेका आलम्वनहरू निरूद्ध भएका अवस्थामा भवंग चित्तहरू प्रवर्तित हुन्छन् । ६ आलम्वन-हरू मध्ये कुनै आलम्बन संग चित्तहरूको ससर्ग भइरहको अवस्थामा चित्तहरू उत्पन्न हुन्छन् ।

याहाँ छेउ आएर हामीले एउटा बडो रोचक कुरालाई पनि याद गर्नु पर्दछ । एक वीथिमा हुने १४ चित्तहरू मध्ये केवल ५ वटा चित्तहरूले मात्र चक्षु, कर्ण, घ्राण, जिह्वा र काय प्रसादहरू-मा स्पर्श गरेका हुन्छन् । बांकी चित्तहरू त हृदय वस्तु भनिने मानसिक गृहमा उत्पन्न हुन्छन् । किन्तु वीथिको क्रममा, चित्तहरूले पुराना आलम्वनलाई त्यागीकन नयाँ आलम्बनहरूमा वास गरेका हुन्छन् ।

वीथिको १४ चित्तहरू मध्ये केवल ७ जवनहरू मात्र कुशल कर्म वा अकुशल कर्म हुन सक्तछन् । बांकी न कुशल कर्म हुन सक्छन् न त अकुशल कर्म नै ।

भवंग चित्तहरूले पुरानो आलम्वन मै वास गर्दछन् भन्ने कुरोको चर्चा माथि गरि सकिएको छ । पुरानो आलम्वन भनेको कुन किसिमको आलम्वन हो त ? वीथिहरू कसरी उत्पन्न र लोप हुन्छन् भन्ने कुरा अब हामीले थाहा पाइसकेका छौं । प्राणीको मृत्यु हुनु भन्दा अगाडि उत्पन्न हुने वीथि चित्तलाई मरणासन्न वीथि भनिन्छ । मरणासन्न वीथि पछि कुनै अरू वीथि चित्तको उत्पत्ति हुंदैन । केवल अन्तिम चित्त, जसलाई च्यूति चित्त भनिन्छ, मात्र उत्पन्न हुन्छ । च्यूति चित्तको निरोध हुना साथ प्राणीको मृत्यु हुन्छ । किन्तु च्यूति चित्तको निरोध हुनुभन्दा अगाडि यसले प्रति सन्धि चितलाई उत्पत्ति गराउंछ । पुरानो जीवन र नयाँ जीवनका बीच सम्बन्ध स्थापना गर्ने चित्त हुंदा यसलाई प्रतिसन्धि चित्त भनिएको हो । नयाँ जीवनको प्रथम चित्त हुंदा प्रतिसन्धि चित्तलाई जाति पनि भनिन्छ ।

मरणासन्न वीथिको पछि पछि च्यूति र जाति उत्पन्न हुन्छन् भन्ने कुरालाई हामीले सम्झिराख्नु पर्छ ।

मृत्यु हुनु भन्दा केही क्षण अगाडि कैयन् हजार वीथिहरूले धर्म आलम्बनको रूपमा केही कुरालाई विचार गरि रहेका हुन्छन् । उदाहरणको लागि भनौं कि त्यो केही कुरा भनेको रिभलभर विषयको चिन्तन आलम्वन रहेछ रे । मरणासन्न वीथि उत्पत्ति हुदा यसले यही रिभलभरको चिन्तनलाई नै आफ्नो आलम्बनको रूपमा स्वीकार गर्दछ । किन्तु अन्तिम चित्त च्यूति उत्पत्ति हुंदा यो भवंग चित्त हुनाले यसले रिभलभरका चिन्तन-लाई आफ्नो आलम्बनको रूपमा ग्रहन गर्न सक्तैन । त्यसैले सो भवंग चित्त आफ्नै पुरानो आलम्वनमै फर्कन्छ । किन्तु प्रति सन्धि वा जाति उत्पत्ति हुंदा भने मरणासन्न वीथिले ग्रहण गरेको आलम्वन जो छ अर्थात् रिभलभरको चिन्तनको आलम्वन जो छ त्यसैलाई ग्रहण गर्दछ । त्यसैले अब सम्पूर्ण नयाँ जीवनको अवधि भर नै रिभलभरको सम्बन्धी जुन चिन्तन - धर्म आलम्बन

थियो सोही पुरानो आलम्बनको रूपमा रहन्छ र सो जीवनमा उत्पत्ति हुने सम्पूर्ण भवंग चित्तहरू र अन्तिम चित्त - च्यूतिको पनि बास गर्ने ठाउं सोही आलम्बन हुन जान्छ ।

छैठौं विच्छेद

अन्य धर्महरू

अन्य धर्महरूमा सत्व प्राणीहरूको निम्ति चार लोकहरू छन् भनी मानिन्छ । यथा:

१) ईश्वर र दिव्य लोकका प्राणीहरू रहने लोक
२) मनुष्य लोक
३) पशु लोक
४) पतित पापीहरू रहने लोक ।

बुद्ध धर्म

बुद्ध धर्मानुसार जम्मा ३१ लोकहरू हुन्छन् । यथा:

१) २० ब्रह्म लोकहरू
२) ६ देवलोकहरू
३) १ मनुष्य लोक
४) ४ अपाय लोक अर्थात् असुरकाय, प्रेत, तिर्यक योनी र नरक लोकका प्राणीहरू रहने भूमिहरू ।

याहाँ यो ३१ लोकहरूको विषयमा संक्षेपमा चर्चा गरिने छ ।

अपाय गतिका प्राणीहरू साह्रै दीन दुःखी हुन्छन् । ती मध्ये नरक गतिमा रहने सत्वहरूका अवस्था सबै भन्दा खराब हुन्छ । नरक बासीहरूको दांजोमा, पशु पंक्षीहरू कम दुःखी हुन्छन् । पशु पंक्षीहरूले आफ्ना जीवनमा मोजमज्जा, आमोद प्रमोद गर्ने केही क्षणहरू प्राप्त गर्दछन् । प्रेत र असुर कायहरू पनि साह्रै दीन दुःखी हुन्छन् । किन्तु प्रेत र असुर लोकवासीहरू आफूले इच्छा गरेमा कुशल कर्म लाभ गर्न सक्ने क्षमता पनि तिनीहरूमा भएको हुंदा माथि भनिएका दुई प्रकारका सत्वहरू

जस्तै नरक वासी र पशु पंक्षीहरू भन्दा पछिल्ला सत्वहरूको अवस्था राम्रो मानिन्छ ।

प्राणी हत्या गर्ने, अदत्त दान लिने, आपना पुरूष वा स्त्री देखि परुरूष वा परस्त्री संग सहवास गर्ने, असत्य भाषण गर्ने र सुरापान गर्ने पुद्गलहरू यी ४ अपाय गति मध्ये कुनैं एक गतिमा उत्पन्न हुन्छन् ।

हामीलाई मनुष्य गति सम्बन्धमा जानकारी भएकैं हुंदा अब हामी ६ देवलोकहरू विषयमा चर्चा गर्नें छौं ।

देवताहरूको लागि जम्मा निम्न ६ दिव्य लोकहरू हुन्छन् जस्तैं –

१) चतुमहाराजिक
२) तार्वतिस्स
३) यामा
४) तुसिता
५) निम्मान रति
६) परनिम्मित वसवित्त

यी ६ लोकहरू मध्ये पहिलो दुईटा भूमिहरू चाहिं हाम्रो संसार संग सम्वन्धित छन् । बांकी आकाशमा, एकको माथि आर्को लोक छन् । सबभन्दा तल्लोमा यामा लोक अवस्थित छ । देवताहरूको आयु एकदमै लामो हुन्छ सबभन्दा तल्लो देव भूमिमा पनि देवताहरू दशौं लाख वर्ष आयुका हुन्छन् ।

तिनीहरूको काम सुखको आनन्द पनि भयानक किसिमले नै बढी हुन्छ । कैयन् देव पुरूषहरूका त कैयन् सय स्त्रीहरू हुन्छन् । सबंभन्दा साधारण खालका देवताहरूको पनि केही दर्जन स्त्री नभएका हुंदैनन् । अधिक काम वासनाको उपभोगको कारण बराबर देवताहरूको मृत्यु पनि हुने गर्दछ । निम्मानरति र परनिम्मित वसवत्ति देव भूमिहरूमा देवताहरू विवाह

गर्दैनन् । निम्मानरति देवलोकका पुरूष वा स्त्री देवताहरू आफूलाई काम भोगको इच्छा भएका वखत आफै आफ्ना प्रेयसी वा प्रियतमाहरूको सृष्टि गर्दछन् । परनिम्मित वसवत्ति लोकमा, स्त्री वा पुरूष कुनै देवी देवताहरू यति शक्तिशाली हुन्छन् कि तिनीहरू आफ्नो आनन्द सुखको लागि आफै केही कुरा वा व्यक्तिको सृष्टि गर्दैनन् । तिनीहरूका सहायकहरूले तिनीहरूको लागि यस्तो काम गरि दिनु पर्ने हुन्छ ।

देवताहरू पनि मनुष्यहरूले जस्तै उस्तै ढंगले काम भोग गर्दछन् । किन्तु मनुष्यहरूको विपरीत, देवताहरू वीर्य पतन नगरीकनै काम भोगको उच्चानन्द प्राप्त गर्दछन् ।

देवताहरू साह्रै नै चित्ताकर्षक रूपबाट मनमोहक हुन्छन् अर्थात् आर्को शब्दमा भन्दा मोहित हुने किसिमले आकर्षक हुन्छन् । तिनीहरू आजीवन युवक नै देखिन्छन् । तिनीहरूको खाना यस्तो सूक्ष्म हुन्छ कि तिनीहरूलाई दिशा पिसाब गर्ने आवश्यकता नै हुन्न ।

स्त्रीहरू अर्थात् देवीहरूमा पनि मासिक धर्महरू हुंदैनन् । देवताहरू कसरी जन्मिन्छन् त ? के देवताहरू पनि मनुष्य योनीमा जस्तै जन्मिन्छन् ? होइन । मनुष्य योनीमा, पुरानो जीवनको अन्तिम चित्त-च्यूति चित्तको निरोध हुनु भन्दा अगाडि यसले आर्को चित्तलाई जन्म दिन्छ अर्थात् उत्पत्ति गर्दछ । पुरानो जीवन र नयां जीवनको बीच सम्बन्ध जोड्ने चित्त हुंदा त्यो चितलाई प्रति सन्धि चित्त भनिन्छ । नयां जीवनको प्रथम चित्त यसलाई जाति पनि भनिन्छ । प्रथम चित्त उत्पन्न भएको घडी देखि बच्चाको जन्म हुञ्जेल सम्ममा कंयन् महीनाहरू व्यतीत हुनु पर्ने हुन्छ । त्यसरी नै बच्चाको जन्म भए देखि पुरूष तथा स्त्रीलाई पूर्ण पुरूषत्व वा स्त्रीत्व विकसित हुञ्जेल सम्ममा कंयन् वर्षहरू व्यतीत हुनु पर्ने हुन्छ । यस प्रकारको जन्म हुनुलाई बुद्ध धर्ममा संस्वेदज जन्म भनिन्छ ।

ब्रह्माहरू, देवताहरू, असुरहरू, प्रेतहरू र नरकका सत्वहरूको हकमा, नयाँ जीवनको प्रथम चित्त प्रति सन्धि वा जातिको उत्पत्ति हुना साथै यसले पूर्ण परिपक्वता प्राप्त गरि सक्दछ र पूर्ण विकसित पुद्गलको रूपमा नै प्रति सन्धि चित्तको उत्पत्ति हुन्छ । यस किसिमको जन्मलाई ओपपातिक जन्म भनिन्छ ।

देवताहरूका निवासहरू पनि साह्रै भव्य हुन्छन् । उद्यानहरू र कुण्डहरू पनि साह्रै सुन्दर हुन्छन् । देव भूमिलाई देवताहरूका लागि वढ्दो सुखानन्दको श्रोत तुल्याउन ती सबै कुराहरूले सहयोग गरेका हुन्छन् । उद्यानहरूका सफरमा निस्किरहेका प्रेमी - प्रेमिकाहरू र दम्पतीहरू उद्यानहरूमा भव्य किसिमले फुलिरहेका रंगी विरंगी फूलहरू संग प्रतिस्पर्धा गरिरहेका समान देखिन्छन् । देवताहरू आफ्नो च्यूति अर्थात् मृत्युको समय थाहा पाउंछन् । मृत्यु काल आइ पुगे पछि मनलाई शान्तवना दिन धेरै जसो देवताहरू ती उद्यानहरू र दहहरू घुम्ने गर्दछन् ।

देव लोकहरूमा देवताहरूको चित्तलाई आकर्षित गर्न सक्ने खालका किसिम किसिमका वाद्य बादनका साधनहरू र अन्य आमोद प्रमोदका साधनहरू प्रशस्तै हुन्छन् ।

देवता वन्नु गाह्रो कुरो होइन । आफूले सक्दो दान प्रदान गर्ने गरेका पुद्गलहरू सामान्यतः मृत्यु पछि विभिन्न देवलोकहरू मध्ये कुनै न कुनै देवलोकमै पुनर्जन्म ग्रहण गर्दछन् । पंचशीलको पालना गर्ने र आजीवन आफ्नो प्राणको वाजी राखेर पनि पञ्च शीललाई उल्लंघन नगर्ने सत्वहरू सामान्यतः मृत्यु पछि कुनै न कुनै देव लोकमानै अवसर पुनर्जन्म ग्रहण गर्दछन् ।

२० ब्रह्म लोकहरू

२० ब्रह्म लोकहरू निम्न बमोजिमका हुन्छन् :—

१) प्रथम ध्यान लाभ गर्ने ब्रह्माहरूको लागि तीनवटा ब्रह्मलोकहरू
२) द्वितीय ध्यान प्राप्त ब्रह्माहरूको लागि तीनवटा ब्रह्मलोकहरू

३) तृतीय ध्यान लाभी ब्रह्माहरूको लागि तीनवटा ब्रह्मलोकहरू
४) चतुर्थ ध्यान लाभी ब्रह्माहरूको लागि दुईवटा ब्रह्मलोकहरू
५) अनागामी मार्ग फल प्राप्त ब्रह्माहरूको लागि पांचवटा ब्रह्मलोकहरू
६) रूप रहित नाम मात्र भएका अरूपी ब्रह्माहरूको लागि चारवटा ब्रह्मलोकहरू

ब्रह्मा हुन चाहने पुद्गलले ध्यानको अभ्यास गर्नु पर्दछ। ध्यान भनेको मनको दृढ एकाग्रता हो भनी सजिलै संग सक्न यस किताबमा समाधि विषयको परिच्छेदमा, ध्यान लाभ गर्ने केही उपायहरूको चर्चा गरिएको छ।

ध्यान जम्मा ८ प्रकारका हुन्छन्। यथा :

१) प्रथम ध्यान
२) द्वितीय ध्यान
३) तृतीय ध्यान
४) चतुर्थ ध्यान
५) र अन्य चार ध्यानहरू।

च्यूतिको समय सम्म पनि प्रथम ध्यानलाई कायम राख्न सक्ने व्यक्तिहरू मृत्यु पछि प्रथम ध्यान वाला ब्रह्मलोक ३ मध्ये कुनै एक ब्रह्मलोकमा पुनर्जन्म ग्रहण गर्दछन्।

च्यूतिको समय सम्म पनि द्वितीय ध्यानलाई ग्रहण गरि राख्न सक्ने व्यक्तिहरू मृत्यु पछि द्वितीय ध्यानवाल ३ ब्रह्मलोकहरू मध्ये कुनै एक ब्रह्मलोकमा पुनर्जन्म ग्रहण गर्दछन्।

च्यूतिको समय सम्म पनि तृतीय ध्यानलाई ग्रहण गरि राख्न सक्ने व्यक्तिहरू मृत्यु पछि तृतीय ध्यान वाला तीन ब्रह्मलोकहरू मध्ये कुनै एक ब्रह्मलोकमा पुनर्जन्म ग्रहण गर्दछन्।

च्यूतिको समय सम्म पनि चतुर्थ ध्यानलाई कायमै राख्न सक्ने व्यक्तिहरू मृत्यु पछि चतुर्थ ध्यान वाला दुइटा ब्रह्मलोक मध्ये कुनै एक ब्रह्मलोकमा पुनर्जन्म ग्रहण गर्दछन्। चतुर्थ

ध्यान वाला ब्रह्मलोकहरूमा नाम र रूप दुवै हुने ब्रह्माहरू-का अतिरिक्त रूप मात्र हुने नाम भने नहुने ब्रह्माहरू पनि हुन्छन् । ब्रह्मा हुनु भन्दा अघि मन (नाम धातु) लाई सम्पूर्ण दु:खका मूल हेतु हुने भनि सम्झिने व्यक्तिहरू हुन तिनीहरू । मन प्रतिको यस्तो घृणालाई कायमै राखी तिनीहरूले चतुर्थ ध्यान सम्मको अभ्यास गरेका हुन्छन् । तसर्थ तिनीहरू मृत्यु पछि चित्त रहित ब्रह्माहरू हुन्छन् । (वास्तवमा नाग धातु स्वभावको निशेषं रूपमा निरूद्ध हुने त होइन । तर नाम धातुलाई यत्तिका दमन गरिएको हुन्छ कि मन वा नाम धातु नै नरहेको जस्तो देखा पर्दछ ।)

चतुर्थ ध्यान वाला दुई ब्रह्मलोकहरूको समूहमै सुद्धावास नामक ५ लोकहरू पनि हुन्छन् । ती ब्रह्मलोकहरूमा अनागामी मार्ग फल प्राप्त गरि सकेका व्यक्तिहरू मात्रले पुनर्जन्म ग्रहण गर्दछन् ।

नाम मात्र भएका तर रूप नभएका ब्रह्माहरूको लागि चार ब्रह्मलोकहरू हुन्छन् । ब्रह्मा हुनु भन्दा अघि रूपलाई नै सम्पूर्ण दु:खका मूल हेतु हुने भनी सम्झिने व्यक्तिहरू हुन् तिनाहरू । रूप प्रतिको यस्तो घृणालाई कायमै राखी तिनीहरूले प्रथमत: चतुर्थ ध्यान सम्म अभ्यास गरेका हुन्छन् । चतुर्थ ध्यान लाभ गरि सके पछि सो ध्यानको लागि अभ्य.स गरि रहुञ्जेल जुन चाहिं रूपलाई आरम्मणको रूपमा प्रयोग गरि आएका हुन्छन् ती आरम्मणलाई त्यागी तिनका सत्तामा तिनीहरूले नाम धातुलाई आरम्मणको रूपमा ग्रहण गर्दछन् । नाम धातु विषयका आरम्मणलाई प्रयोग गरी पछि जुन चार वटा ध्यानहरू तिनी-हरूले लाभ गरेका हुन्छन् ती साविकको चतुर्थ ध्यान भन्दा निकै प्रवल हुन्छन् । तिनीहरू मृत्यु पछि रूप रहित, अरूपी ब्रह्माहरू भईकन पुनर्जन्म ग्रहण गर्दछन् ।

अब हामी नाम र रुप भएका ब्रह्माहरूका विषयमा केही चर्चा गरौं। ती ब्रह्माहरू बडा अनौठा जीवहरू हुन्छन्। तिनीहरू को देह पुरुष जातिका मनुष्यको देह जस्ता हुन्छन्। तिनीहरूको चक्षुन्द्रीयहरू, श्रोतेन्द्रीय, घ्राणेन्द्रीय, जिह्वा-इन्द्रीय र कायेन्द्रीय भए पनि केवल तिनीहरूको श्रोतेन्द्रीय र चक्षुन्द्रीयमा मात्र प्रसाद हुन्छन्। अरु इन्द्रीयहरूका प्रसाद हुँदैनन्। प्रसाद भनेको आंखालाई देख्न सकिने तुल्याउने, कानलाई सुन्न सकिने बनाउने, नाकलाई सुंघ्न सकिने बनाउने, जिह्वालाई आस्वाद लिन सकिने तुल्याउने र कायलाई स्पर्शको अनुभव गर्न सकिने तुल्याउने रुप हो भन्ने कुरा त माथि नै चर्चा गरि सकिएको छ। तसर्थ ती ब्रह्माहरु केवल देख्न र सुन्न मात्र सक्तछन्। तिनीहरु सुंघ्न, रस आस्वाद लिन र स्पर्शको अनुभव गर्न सक्तैनन्।

यसको हेतु पत्ता लगाउन पनि केही गाह्रो कुरो छैन। पूर्व जन्ममा ध्यानको अभ्यास गरि रहेका बखत तिनीहरुको इन्द्रीय वासनाहरु साह्रै नै दमन गरि सकिएका थिए। परिणाम स्वरुप चक्षु, श्रोत, घ्राण, जिह्वा र कायका सम्पूर्ण प्रसादहरु जुन इन्द्रीय वासनाहरुका जन्म स्थानहरु हुन्, ती सम्पूर्ण प्रसादहरु नै समूल नष्ट हुन सक्तथ्यो। किन्तु जीवको अस्तित्वको निम्ति आंखा र कानको सख्त जरुरत पर्ने भएकोले ती ब्रह्माहरुको आंखा र कानको प्रसाद मात्र बांकी रहेका हुन्छन्। अन्य तीन प्रसादको साथ साथै तिनीहरुमा जननका अंगहरु पनि हुंदैनन् अर्थात् ती ब्रह्माहरुका पुरुष वा स्त्री अंगहरु पनि हुंदैनन्।

ब्रह्माहरुको एकदमै सूक्ष्म रुप हुन्छन्। तिनीहरु केही खानेकुरा खांदैनन्। तिनीहरु अधिकांश समय ध्यान गरेर नै व्यतीत गर्दछन्। ध्यानको कारणले प्राप्त हुने प्रीति जुन हुन्छ त्यो प्रीतिको भोग नै तिनीहरुको अस्तित्व निमित्त पर्याप्त हुन्छ।

सम्पूर्ण प्राणीहरुको ३१ लोकहरु मध्ये ब्रह्माहरुको आयु सबै भन्दा लामो हुन्छ। एउटा सामान्य ब्रह्मा पनि यो संसारको

आयु भरि बांच्तछ । केही शक्तिशाला ब्रह्माहरु त कैयन् हजार संसारको आयु भन्दा वढी बांचतछन् ।

चक्रवाल भनेको के हो ?

माथि उल्लेख गरिएका ३१ लोकहरूको एउटा चक्रवाल हुन्छ । यस्ता चक्रवालहरू अन्तरीक्ष भरिमा अनन्त हुन्छन् ।

संसारको उत्पत्ति कसरी हुन्छ ?
संसारको निरोध कसरी हुन्छ ?

संसारको आयु एकदमै लामो हुन्छ । एक पटक एउटा भिक्षुले भगवान बुद्ध संग संसारको आयु कति लामो हुन्छ भनी सोधेको थियो । भगवान बुद्धले वर्षको आधारमा संसारको आयु विषयको उत्तर दिन सकिन्न भनी जवाफ दिनु भयो । अनि त्यो भिक्षुले कुनै उदाहरणको माध्यमद्वारा प्रश्नको जवाफ दिन सकिन्छ कि भनी पुन: सोध्नु भयो । भगवान बुद्धले उपमा – उदाहरण दिंदै के भन्नु भयो भने एउटा मान्छेले १२ मील उँचा, १२ मील लामो र १२ मील चौडा भएको पर्वतलाई सय वर्षमा एक पटक मखमलको कपडाले पुछ्दै गर्दा त्यो कपडाको पुछाइले त्यो १२ मील लामो पवत खिइएर लोप भइसक्ता पनि संसारको अन्त भइ सकेको हुन्न । आर्को अवसरमा भगवान बुद्धले आर्कै उदाहरण यसरी दिनु भयो । १२ मील उँचाइ, १२ मील लम्वाइ र १२ मील चौडाइ भएको चार वटा पर्खालले घेरिएको ठाउँलाई तोरीले भरी सय वर्षमा एक गेडा तोरी त्याहाँवाट झिक्दै कुनै मान्छेले फ्याँक्दै गर्दा त्यो ठाउँमा रहेको सम्पूर्ण तोरी झिकि सक्ताको समय सम्म पनि यो संसारको अन्त भएको हुंदैन । संसारको आयु यसरी अति नै लामो हुने भएकोले यस्तो आयुलाई असंख्य कल्प अर्थात् पालीमा असंख्यय्य कप्प भनिन्छ ।

संसारको अन्त्य हुने बेला हुंदा साविकको सूर्य देखि अलावा आर्को सूर्य पनि उत्पत्ति हुन्छ । त्यो दोश्रो सूर्यको रापले गर्दा

नदी नालाहरू सबै सुकेर जान्छन् । केही समय पछि तेश्रो सूर्य देखा पर्छ । त्यस पछि ठूला ठूला नदीहरू पनि सुक्छन् । केही समय पछि चौंथो सूर्य पनि उत्पन्न हुन्छ । त्यस पछि ठूला ठूला दह तलाउहरू पनि सुकेर जान्छन् । केही समय पछि पांचौ सूर्य पनि उदय हुन्छ । त्यसले गर्दा समुद्र र महा सागरहरू पनि सुकेर जान्छम् । तत्पश्चात केही समय व्यतीत भए पछि छैठौं सूर्य पनि उत्पत्ति हुन्छ । त्यस पछि हरेक वस्तुबाट धुंवा उड्न थाल्छ । जब त्यस पछि सातौं सूर्य देखा पर्छ, अनि सम्पूर्ण संसार नै आगोमा जल्न थाल्छ ।

आगोको अलावा, कहिले काहीं पानीले, कहिले काहीं आंधि वेरीले पनि संसारलाई नष्ट पार्छ । पानीबाट ससारको विनाश हुने बेलामा घनघोर बर्षा हुन थाल्छ । त्यो बर्षाको पानी सामान्य पानी जस्तो हुदैन । त्यो पानीले सम्पूर्ण बस्तुलाई पगालि दिन्छ ।

हरेक पटक चक्रवालहरूको विनाश हुंदा लाखौं लाख चक्रवालहरू संग संगै विनष्ट हुन्छन् । श्रृजना हुंदा पनि लाखौं लाख चक्रवालहरू एकै साथ श्रृजना हुन्छन् । आगोद्वारा चक्र-बालहरूको विनाश हुंदा प्रथम ध्यान भूमि सम्मका सम्पूर्ण लोकहरू विनष्ट हुन्छन् । पानीद्वारा चक्रवालहरूको विनाश हुदा, द्वितोय ध्यान भूमि सम्मका सम्पूण लोकहरू विनष्ट हुन्छन् । आंधिवेरीद्वारा विनाश हुंदा तृतीय ध्यान भूमि सम्मका सम्पूर्ण लोकहरू नष्ट हुन्छन् ।

लाखौं लाख चक्रवालहरूका सम्पूर्ण कुराहरूको नष्ट हुन लाग्ने समय संसारको आयु जति कै लामो हुन्छ। त्यसैले प्रलयको काललाई पनि असंख्यय्य कप्प अर्थात् असंख्य कल्प भनिन्छ ।

प्रलयको कारणले श्रृजना हुन आएको शून्यता व रिक्तता (शून्य कल्प) को काल पनि संसारको श्रृजना र विनाशको काल जतिकै लामो हुन्छ । त्यसैले शून्यताको समयलाई पनि असंख्यय्य कप्प अथात असंख्य कल्प भनिन्छ ।

नयाँ चक्रवालहरूको निर्माण काल आइ पुग्दा सर्व प्रथम घनघोर बर्षा हुन्छ । यो घनघोर वर्षाको काल देखि चक्रवालहरू-को अन्तिम शृजना हुंदा सम्म लाग्ने समय पनि संसार, विनाश र शून्यताको काल बराबर हुन्छ । तसर्थ यो निर्माण काललाई पनि असंख्यय्य कप्प अर्थात् असंख्य कल्प भनिन्छ ।

पहिलो चक्रवालहरू कहिले निर्मित भए र कहिले विनष्ट भए भन्ने कुरा भन्नु असम्भव छ । आदि अनन्त कालदेखि यसरी चक्रवालहरूको निर्माण र विनाश असंख्य पटक भइसकेका छन् ।

प्राणीहरू कहाँ जान्छन् ?

चक्रवालहरूको विनाश हुंदा ती चक्रवालहरूमा बसोवास गर्ने प्राणीहरूलाई के हुन्छ त ?

संसारको प्रलयको समय नजिक आइपुग्दा, अपरापरिय वेदनीय कम्म भनिने कर्मको अथाह संचितिमा जम्मा भएका केही कुशल कर्मको कारणले अपाय गतिका चार लोकका प्राणी-हरू त्याहाँबाट च्यूत भए पछि मनुष्य वा देवता भई पुनर्जन्म ग्रहण गर्दछन् । त्यस बखतका देवताहरू र मनुष्यहरू उपयुक्त ध्यानको अभ्यास गर्दछन् । तसर्थ तिनीहरूले बसोवास गरि आएका लोकको अन्त्य हुनु भन्दा निकै अगाडि नै तिनीहरू प्रलयद्वारा विनष्ट नहुने ब्रह्मलोकहरूमा ब्रह्माको रूपमा उत्पत्ति भई पुनर्जन्म ग्रहण गरि सक्छन् ।

नयाँ चक्रवालहरू

नयाँ चक्रवालहरूको उत्पत्ति भए पछि प्रलयबाट विनष्ट नभएका ब्रह्मलोकमा उत्पत्ति भइरहेका केही, त्याहांबाट च्यूत भएर ब्रह्मा भएर, कोही देवता भएर, कोही मनुष्य भएर पुनर्जन्म ग्रहण गर्दछन् । संसारको शुरूमा संस्वदेज जन्म वा उत्पत्तिको लागि हेतुहरू हुन्नन् । तसर्थ संसारको शुरूमा मानव जातिको पनि ओपपातिक उत्पत्ति नै हुन्छन् । संसारको शुरू

कालका मनुष्यहरू पनि मनुष्य भन्दा बढी ब्रह्मा जस्तै देखिन्छन् । तिनीहरू केही खांदैनन् । ब्रह्माहरूकै सदृश तिनीहरू पनि ध्यान अभ्यासद्वारा प्राप्त गरेका प्रीति द्वारा नै जीवन निर्वाह गर्दछन् । तिनीहरूले केही नखाने हुंदा तिनीहरूलाई दिशा पिशाव गर्नु पर्ने जरूरत पनि हुंदैन । तिनीहरूमा प्रजननका अंगहरू पनि हुंदैनन् । ध्यानको निरन्तर अभ्यासको कारणले गर्दा तिनीहरूको काम इच्छाहरू पनि पूर्णत: दमन गरिएका अवस्थमा हुन्छन् ।

परन्तु, केही समय व्यतीत भए पछि, यी मनुष्यहरू मध्ये केही मनुष्यहरूले पृथ्वीको सतहमा बनेको खुवा जस्तो वस्तु खान थाल्छन् । त्यो वस्तु लोप भए पछि तिनीहरूले एक प्रकारको मिठा लहराहरू खान थाल्छन् । यी लहराहरू पनि लोप भए पछि मानिसहरूले अन्न खान थाल्छन् । अन्न खान शुरू गरे पछि दिशा पिशाब गर्नु पर्ने भएर आउंछ । त्याहाँ देखि प्रजननका अंगहरूको उत्पत्ति हुन्छ । ब्रह्मा हुनु भन्दा अगाडि पहिले जो जो पुरूषहरू थिए तिनीहरूले पुरूष लिंगहरू प्राप्त गर्छन् । पहिलेका स्त्रीहरूले पनि स्त्री लिङ्गहरू नै प्राप्त गर्छन् । यी यौन अङ्गहरूको उत्पत्ति भएको कारणले गर्दा नै यौन आकर्षण बढ्दछ । त्यस बेला देखि संस्वेदज जन्महरू शुरू हुन्छन् ।

तेथ्रो विच्छेद

अन्य धर्महरू

अन्य धर्मका अनुसार, स्वर्ग चिरस्थायी हुन्छ । स्वर्गका सम्पूर्ण सत्वहरू पनि नित्य हुन्छन् ।

नरक नित्य हुन्छ । नरकका सब प्राणीहरू पनि नित्य हुन्छन् ।

बुद्ध धर्म

बुद्ध धर्ममा, न त नित्य लोकहरू छन् न नित्य प्राणीहरू नै हुन्छन् । उत्पत्ति हुने जो सुकैको जुन सुकै कुराको विनाश हुनै पर्छ । बुद्ध धर्मका अनुसार, नित्य रूपमा रहिरहने जीव वा जडको विचार नै प्रकृतिका नियमको विपरीत हुन्छ ।

चौथो विभेद

अन्य धर्महरूमा ईश्वर सर्व शक्तिवान् हुन्छ। आफूले सृजना गरेका सम्पूर्ण प्राणीहरूका भाग्य माथिको ईश्वरको पूर्ण नियन्त्रण हुन्छ। सम्पती वा दरिद्रता, शक्ति वा शक्तिहीनता, सुख वा दुःख, दीर्घायु वा अल्पायु, उच्च पद वा नीच पद, संक्षेपमा भन्नो हो भने प्राणीहरूको जीवन कालमा घट्ने सम्पूर्ण घटनाहरू ईश्वरकै सदिच्छा अनुसार घटित हुन्छन् र फैसला हुने दिनमा, ईश्वरले न आस्तिकहरूलाई स्वर्गमा र नास्तिकहरूलाई नरकमा पठाउँछ।

बुद्ध धर्म

भगवान बुद्धको भने प्राणीहरू उपर यस प्रकारको कुनै असीमित शक्ति वा नियन्त्रणहरू केही छैनन्। धम्म पदको गाथाहरू मध्ये एक गाथामा भगवान बुद्धले भन्नु भएको छ :– (दुःखबाट मुक्ति पाउनको लागि) "दान शील भावनामा आफै लाग्नु पर्दछ। बुद्धले त केवल बाटो देखाउन सक्छ।"

बुद्ध धर्मका अनुसार, कुनै पनि लोकमा पुनर्जन्म हुने कुरा वा कुनै पनि पुद्गल वा प्राणीका जीवनमा घटीत हुने कुनै पनि कुरा सो पुद्गलवा प्राणीले संचित गरेको कुशल वा अकुशल कर्मको हेतुद्वारा पूर्णतः निर्धारित हुन्छ, प्रभावित हुन्छ।

यो कुरालाई निम्न उपदेशमा स्पष्ट संग प्रतिबिम्बित गरिएको छ।

एक दिन भगवान बुद्ध नालान्दाको प्रवारिकको आम्रवनमा विहार गरि रहनु भएको बेलामा असिबन्तक पुत्र ग्रामणीले भगवान छेउ आई यसरी प्रश्न गऱ्यो – "पिस्स भूमिमा रहने वाला ब्राह्मणहरूले मानिसहरूलाई मृत्यु उपरान्त देवलोकमा पुनर्जन्म गराउन सक्छन् भन्ने कुरा सुनिन्छ। के बोधि ज्ञान लाभी भगवान बुद्ध पनि यसरी नै मानिसहरूलाई दिव्य लोकमा उत्पत्ति गराउन सक्नु हुन्छ ?"

अनि भगवान बुद्धले भन्नु भयो – "ग्रामणी ! यस विषयमा म तिमी संग केही कुराहरू सोध्दछु । आफ्नो इच्छानुसारको जवाफ देऊ । ग्रामणी ! मानौं कि एकजना व्यक्तिले ठूलो ढुंगा एउटा इनारमा खसाल्छ अनि पछि छेउ छाउका सारा व्यक्ति-हरूले मिली त्यो ढुंगालाई माथि सतहमा आउन बिन्ति भाउ गर्छन् । उनीहरूले त्यो ठूलो ढुंगा माथि सतहमा आवोस् भनी कैयन् बार प्रार्थना पनि गदछन् । यी बिन्ति भाउ तथा प्रार्थनाको कारणले, ग्रामणी ! के त्यो ठूलो ढुंगा माथि सतहमा आउने छ !

ग्रामणीले जवाफ दियो – "भन्ते ! त्यो ढुंगा माथि सतहमा आउन सक्दैन ।"

भगवान बुद्धले त्यस ग्रामणीलाई आर्को प्रश्न गर्नु भयो । ग्रामणी ! फेरी भनौं कि एउटा व्यक्तिले नौनी वा तेल भएको एउटा भांडोलाई इनार भित्र खसाल्छ र त्यो भांडो फुट्दछ । के त्यो फुटेको भांडोका टुक्राहरू इनारको पींध भित्र खस्दैनन् ? के त्यो पोखिएको नौनी वा तेल पानीको सतहमा तैरिंदैन ? अनि भनौं कि छेउ छाउका सारा व्यक्तिहरू जम्मा भई आफ्ना दुबै हात सादर अञ्जलीवद्ध गरी कपालमा राखी त्यो नौनी वा तेल पानी भित्र डुबोस् भनी कैयौं पटक प्रार्थना गर्छन । के ती प्रार्थनाहरूको कारण ग्रामणी ! त्यो नौनी वा तेल पानी मुनि डुब्ने छ ?

"होइन भन्ते ! त्यो नौनी वा तेल पानीमा डुब्ने छैन ।" ग्रामणीले जवाफ दियो ।

बुद्धले फेरि भन्नु भयो – ग्रामणी ! यी उदाहरणहरूका ढुंगा र नौनी वा तेल जस्तै मानिस हो । दान, शील र भावना-मा सतत: आफूलाई संलग्न नगरीकन अकुशल कर्मको सम्पादन गरि रहने व्यक्तिले दिव्य लोकहरूमा मेरो पुनजन्म होस् भनि जति सुकै प्रार्थना गरे तापनि मृत्यु पछि उसको पुनर्जन्म नरक

लोकमै हुनेछ। यदि कुनै व्यक्तिले दान, शील र भावनादि कार्यबाट आफूलाई कहिल्यै पनि विमुख गर्दैन भने जुन सुकै मानिसले त्यस मानिसको मृत्यु उपरान्त नरकमा मात्र त्यसले जन्म ग्रहण गरोस् भनी प्रार्थना गरे पनि, मृत्यु पछि उसको पुनर्जन्म कुनैं एक दिव्य लोक मै हुनेछ।

सत्वहरूलाई मृत्यु पछि चार अपाय गति मध्येको कुनै गतिमा जन्म गराउने अकुशल कर्महरू र सत्वलाई मृत्यु पछि मनुष्य वा देव वा ब्रह्मलोकमा जन्म ग्रहण गराउने कुशल कर्महरू- का सूचीहरू तल उल्लेख गरिएका छन् :–

मुख्य मुख्य अकुशल कर्महरूको सूची :

१) प्राणी हत्या
२) अदत्तादान वा चोरी
३) काम मिथ्याचार (आफ्नो पति वा पत्नी बाहेक अन्य पर पुरूष वा पर स्त्री संग गमन गर्ने कार्य)
४) सुरापान वा मद्यपान
५) असत्य भाषण
६) अभिध्या (अर्काको सम्पती प्राप्त गर्ने लोभ)
७) व्यापाद (आर्काको द्रोह गर्ने कार्य)
८) मिथ्या दृष्टि (मृत्यु पछि पुनर्जन्म हुदैन भन्ने विश्वास समेत)

नम्बर १, २, ३ र ४ काय अकुशल कर्म हुन्।
नम्बर ५ वचि अकुशल कर्म हो।
नम्बर ६, ७ र ८ मनो अकुशल कर्म हुन्।

मुख्य मुख्य कुशल कर्महरू

१) त्याग (उपकार)
२) प्राणातिपात - विरति, अदत्तादान - विरति, काम मिथ्या- चार - विरति, सुरापान विरति र मृषावाद विरति
३) ध्यान प्राप्त नहुञ्जेल चित्तलाई साधनाको अभ्यासमा लगाउने कार्य

नम्वर १ लाई दान भनिन्छ।
नम्वर २ लाई शील भनिन्छ।
नम्वर ३ लाई भावना भनिन्छ।

नम्बर १ र २ का कुशल कर्ममा लगनताका साथ संलग्न रहने पुद्गल मृत्यु पछि मनुष्य गति वा देव गतिमा पुनर्जन्म हुने गर्दछ।

नम्वर ३ को कुशल कर्म सम्पादन गर्नमा चित्त प्रमुदित हुने पुद्गल मृत्यु पछि ब्रह्मलोकमा पुनर्जन्म ग्रहण गर्दछ।

जहाँ सम्म ३१ विभिन्न लोकहरूमा पुनर्जन्म ग्रहण गर्ने सवाल उठ्दछ, कसले कुन धर्म मान्दछ भन्ने कुराको केही महत्व हुन्न। जुनसुकै धर्मको अनुगमन गरि रहने व्यक्तिले पनि ती लोकहरूमा पुनजन्म ग्रहण गर्न सक्तछन्। त्यसको लागि मुख्य आवश्यक हुने कुरा चाहिं कुनै पनि प्राणीले पूर्व जुनीमा सम्पादन गरी आर्जन र संचित गरेको कुशल वा अकुशल कर्म मात्र हुन्। कुलगत रूपबाट वा निष्ठाबाट बौद्ध नभएर पनि कोही पुद्गल-ले आफूलाई दान र शील धर्म पालन गर्ने काममा आफूलाई सततः संलग्न गराइ आएको छ भने त्यस्तो पुद्गलले मृत्यु पछि मनुष्य योनी वा देव योनीमा पुनर्जन्म ग्रहण गर्ने हुन्छ। कोही व्यक्ति अबौद्ध रहेर पनि आफ्नो मृत्युको अन्तिम घडी सम्म उसले ध्यानको साधना र अभ्यास गर्न सकेको छ भने निश्चय पनि मृत्यु उपरान्त सो पुद्गलको पुनर्जन्म ब्रह्मलोकमै हुनेछ। कुनै पुरूषले कुलगत रूपबाट बौद्ध भएर पनि दान, शील भावनादि कुशल कर्म नगरीकन केवल अकुशल कर्मको संचय गर्दछ भने मृत्यु पछि त्यस्ता पुरूषको पुनर्जन्म चार अपाय गति मध्ये कुनै एक गतिमा नै हुनेछ।

बुद्ध धर्मको मान्यता अनुरूप त, कुनै पनि व्यक्ति बौद्ध वा अबौद्ध जे सुकै रहेको किन नहोस्, उसको जीवन कालमा घटित

हुने सम्पूर्ण घटनाहरू र मृत्यु पछि प्राप्त हुने पुनर्जन्महरू पनि उसको आफ्नै कुशल वा अकुशल कर्मद्वारा पूर्णतः निर्देशित र निर्धारित हुन्छन् ।

परन्तु लोभ, दोष, मोह जस्ता चित्तका क्लेशहरू (विकार-हरू) लाई पूर्णतः निरोध गरी निर्मूल गर्ने इच्छा राख्ने व्यक्तिले बौद्ध बन्नु नितान्त जरूरी हुन्छ । किनभने चित्तका विकारहरू (क्लेशहरू) लाई पूर्ण रूपमा विनष्ट गर्न सक्ने मार्ग फल लाभ गर्नको निम्ति बुद्ध, धर्म र संघ माथि निष्ठा उत्पन्न हुनु पनि एउटा अत्यावश्यक कुरो हुन आउंछ ।

पुनर्जन्म

पुनर्जन्म कसरी ग्रहण गरिन्छ ?

प्राणीहरूका कुशल वा अकुशल कर्मकै कारण पुनर्जन्महरू ग्रहण गरिन्छ भन्ने कुरा त हामीलाई अब ज्ञात भयो । तर पुनर्जन्म कसरी ग्रहण गरिन्छ त ?

अनेक किसिमका प्राणीहरू मध्ये, मान्छेकै पुनर्जन्मको दृष्टान्त लिउँ । आफ्नो जीवन कालमा एउटा मानिलले सम्पादन गरेका असंख्य मानसिक, बाचिक र कायिक कर्महरूका कारणले गर्दा उसले असंख्य कुशल कर्म तथा अकुशल कर्मको आजन र संचय गर्दछ । अन्य मानसिक, बाचिक तथा कायिक कर्मको तुलनामा आफ्नो जीवन कालमा वढी मात्रामा अधिक नियमितताका साथ सम्पादन गरिएका उसका मानसिक कर्म, (चिन्तन गरिएका कुराहरू), बाचिक कर्म (मुखबाट प्रकाशमा ल्याइएका वचनहरू) र कायिक कर्म (शरीरद्वारा सम्पादन गरिएका कार्यहरू) लाई आचीण्ण कम्म (अर्थात् आचीर्ण कर्म) भनिन्छ । परोपकारीको लागि उसले जीवन भरि सम्पादन गरि आएका उसका दान कार्य नै आचीण्ण कम्म (आचीर्ण कर्म) हुन् । पुण्यात्मा व्यक्तिको लागि उसले जीवन भरि नै सदैव धारण पालन गरि आएको

शील कर्म नै आचीण्ण कम्म हुन्। डांकाको लागि आफूले जीवन भरि नै सम्पादन गरि आएका लूटमार, अपहरण र प्राणी हिंसादि कर्म नै आचीण्ण कम्म (अर्थात् आचीर्ण कर्म) हुन्।

मृत्यु शैय्यामा पडिरहेको व्यक्तिको सामु सामान्यतः यिनै आचीर्ण कर्महरू मध्येका कुनै एक कर्म नै रूप, शव्द, गन्ध, रस, स्पर्श वा धर्म जस्ता ६ आलम्वनहरू मध्ये कुनै एक आलम्बनको रूपमा प्रकट हुन्छ। किन्तु मृत्यु शैय्यामा पडिरहंदाको अवस्थामा व्यक्ति ज्यादै नै कमजोर भइ सक्ने हुनाले यस्तो अवस्थामा धम्मारम्मणहरू (अर्थात् धर्म आलम्बनहरू) नै अवसर उत्पन्न हुन्छन्।

यस कुरालाई एउटा उपमा दिएर व्याख्या गरौं। भनौं कि एकजना परोपकारी दाता मरणासन्न अवस्थामा पडिरहेको छ। उसले आफ्नो जीवन भरमा सम्पादन गरेका अनेकौं दान कृत्यहरू मध्ये खास गरीकन अस्पताल निर्माणको लागि दिएको दान कर्मलाई उसले स्मरण गर्दछ भने त्यही उसको निम्ति धम्मारमण (धर्म आलम्बनको) रूपमा प्रकट हुन्छ। यदि त्यस मरणासन्न परोपकारी दाताले अस्पताल निर्माणको लागि दान कार्य गरेको कुरा मात्रको स्मृति राख्तछ भने बौद्ध धर्मानुसार, त्यो धम्मारमण लाई कम्म (अर्थात् कर्म भनिन्छ। यदि त्यस पुरूषले अस्पताल भवन नै वा अस्पतालका औजारहरू वा अस्पतालका औषधीहरूलाई देख्तछ भने त्यसलाई कम्म निमित्त (अर्थात् कर्म निमित्त) भनिन्छ। कहिले काहीं उसले सम्पादन गरेका आचीर्ण कर्म मध्येका केही आचीर्ण कर्मले उसको पुनर्जन्म ग्रहण हुने लोक सित सम्बन्धित केही रूप वर्ण वा रूपाकारहरूको रूप लिई मरणासन्न व्यक्ति समक्ष प्रकट हुन सक्तछ। उदाहरणार्थ, मरणासन्न व्यक्तिलाई देवलोकमा पुनर्जन्म ग्रहण गराउन सक्ने आचीर्ण कर्मले प्रकट हुने अवसर प्राप्त गर्‍यो भने ती आचीर्ण

कर्मले मृत्यु शैय्यामा रहेका व्यक्तिलाई प्रिय कारक हुने कुनै रूपाकार वर्ण वा अत्यन्त सुन्दर जीवहरूका रूपबाट धम्मारमण (धर्म आलम्वन) का रूपमा उसको सामु प्रकट हुन सक्ने हुन्छ। उसले यस्तावर्ण, वा रूपाकार वा जीवहरूलाई देखेको खण्डमा त्यस आरम्मण (आलम्वन) लाई गति निमित्त भनिन्छ।

अब फेरि एउटा नराम्रो उपमा लिउं। भनौं कि एउटा चोर मरणासन्न अवस्थामा पडिरहेको छ। त्यस अवस्थामा भनौं कि उसले सम्पादन गरेका विभिन्न अकुशल कार्यहरू मध्ये खास गरीकन एउटा औषधि पसललाई लुटेको कुरा नै धम्मारमणको रूपमा प्रकट भयो। त्यस अवस्थामा उसले त्यस औषधी पसलमा लुटमार गरेको कुरो सम्मलाई स्मरण गऱ्यो भने त्यस निमित्तलाई कम्म भनिन्छ। उसले स्टीलको सेफ वा सो सेफ भित्र राखिएका वस्तु वा सेफ फोड्नलाई आफूले प्रयोग गरेका हतियार औजार आदि लाई नै देखेको खण्डमा त्यस आलम्बनलाई कम्म निमित्त (कर्म निमित्त) भनिन्छ। मरणासन्न त्यस चोरलाई नरकमा उत्पन्न गराउन सक्ने आचीर्ण कर्मले त्यस वखत प्रकट हुने मौका पाएको खण्डमा उसले त्यस वखत भयानक अग्निको ज्वाला वा डरलाग्दा रूपाकारहरू वा प्रेत पिशाच जस्ता जीवहरूलाई देख्ने छ। यस्ता दृष्यहरू देखेमा त्यस आलम्बनलाई गति निमित्त भनिन्छ।

निमित्तको माने हो लक्षण वा शकुन। कम्मको निमित्त भनेको त्यो शकुन हो जसले कुशल वा अकुशल कस्तो पुनर्जन्मको ग्रहण गरिंदै छ भन्ने कुराको पूर्व संकेत गर्दछ। कम्म निमित्त (कर्म निमित्त) भन्नाले जुन किसिमको पुनर्जन्म ग्रहण गर्ने हो सोको शकुन देखाउने रूप वा वस्तुलाई नै जनाउछ। यस्तो लोकमा पुनर्जन्म हुने भनी पूर्व लक्षण देखाउने भूमि वा लोकलाई गति निमित्त भनिन्छ।

मरणासन्न व्यक्तिको सामु ती तीन निमित्तहरू मध्ये कुनै न कुनै एक निमित्त धम्मारमणको रूपभा सो मर्न लागेको प्राणीको चित्तमा अवश्यमेव उत्पन्न हुने गर्दछ ।

कुशल धम्मारमण अर्थात् इष्टालम्वन (पालिमा इट्ठारम्मण) प्रकट भएमा वीथिहरू कुशल वीथि हुनेछन् । कुशल वीथिका कुशल जवनहरूले कुशल प्रतिसन्धि चित्त उत्पत्ति गराउने मार्ग प्रशस्त पारि दिन्छन् । फल स्वरूप मनुष्य लोक वा कुनै एक देवलोक वा कुनै एक ब्रह्मलोकमा प्रतिसन्धि ग्रहण गर्दछ ।

अनिट्ठारम्मण अर्थात् अनिष्टालम्बन (अकुशल धम्मारम्मण) को उत्पत्ति भएमा वीथिहरू अकुशल वीथि हुनेछन् । ती अकुशल वीथिका अकुशल जवनहरूले चार अपाय गति मध्येका कुनै एक अपाय गतिमा प्रतिसन्धि ग्रहण गराउने खालका अकुशल प्रतिसन्धि चित्तलाई उत्पत्ति हुने मार्ग प्रशस्त पारि दिन्छन् ।

प्राणीको जीवनको अन्तिम घडीमा उत्पन्न हुने आलम्वनले नै जीवको मृत्यु (च्यूति) पछिको पुनर्जन्मको स्वरूप र गतिलाई निर्धारण गर्दछ । त्यो आलम्वन भन्नु त्यस प्राणीले आफ्ना असंख्य जीवन काल देखि संचित गर्दै आएका अपरापरिय वेदनीय कम्म भनिने कर्मको विशाल भण्डार भित्रका कुशल वा अकुशल कर्मको प्रतिविम्व वा गोचर बाहेक अरू केही कुरो होइन ।

हामीले याहाँ सामान्य च्यूतिहरू (मृत्युहरू) का विषयमा चर्चा गर्‍यौं । आकस्मिक मृत्यु हुदा के हुन्छ त ? उपमाको लागि एउटा कमिलोलाई लिउं । त्यो कमिलोलाई फलाममा राखी ठूलो घनले हानेर मारौं । यस किसिमको आकस्मिक मृत्यु हुंदाको घडीमा पनि पुनर्जन्मको प्रक्रया साविक कै जस्तै हुन्छ । त्यस कमिलोको मृत्यु हुनु भन्दा अगाडि त्यसको पुनर्जन्मलाई निर्धारण गर्ने खालका कुनै न कुनै निमित्तको प्रकट हुने पर्छ । मृत्यु

निस्सन्देह आकस्मिक हो। किन्तु चित्तको प्रक्रया संचालन हुने गति पनि आश्चर्यजनक रूपबाट छिटो हुन्छ।

अपवादहरू

मृत्यु शैय्यामा पडिरहेको व्यक्तिको समक्ष आचीर्ण कर्मको उत्पत्ति नभई हुन्न भन्ने कुरालाई ठोकुवा नै गरी भन्न चाहिं सकिन्न। कति सम्म भन्न मात्र सकिन्छ भने सामान्यत: कुनै न कुनै निमित्तको प्रकट भई हाल्छ। कसै कसैको त के हुन्छ भने जीवनको अन्तिम घडीमा पनि उसले आफ्नो पुनर्जन्मको किसिमलाई निर्धारित गर्न सक्ने खालको एकदमै नयाँ कर्मको आर्जन पनि गर्ने सम्भावना रहन्छ। आफ्नो मृत्यु (च्यूति) को अन्तिम घडीमा आर्जन गरेको त्यस्तो कर्मलाई आसन्न कम्म (अर्थात् आसन्न कर्म) भनिन्छ। आसन्न कम्मको अर्थ हो जीवनको अन्तिम घडीमा संचित गरेको कर्म।

वास्तवमा एक्लो आसन्न कम्म (आसन्न कर्म) कुनै पनि व्यक्तिले आजीवन सतत: प्रयास गरी संचित गरेका उसको अनन्त कर्म समूह – आचीर्ण कर्म जति कै ठोस र वजनदार हुन सक्तैन। किन्तु, मृत्युको ठीक अघि मात्र आसन्न कम्म प्रकट हुने भएकोले यसले पुनर्जन्म माथि प्रभाव भने डाल्न सक्तछ। यसको लागि याहाँ एक बृद्ध, जर्जर गोरूको उपमालाई अगाडि राख्न सकिन्छ। बलिया बलिया र पुष्ट गोरूहरूका साथै एउटा बूढा, जर्जर गोरू भएको एउटा गाई गोरू थुन्ने कम्पाउण्डमा त्यो बृद्ध जर्जर गोरू नै कम्पाउण्डको द्वार अगाडि उभिरहेको छ भने त्यो गाई गोरू थुन्ने कम्पाउण्डको द्वार खुल्ना साथ कुन चाहिं गोरू पहिले द्वार बाहिर निस्कन्छ त? द्वारको अगाडि उभिरहेको कारणले गर्दा त्यो बृद्ध जर्जर गोरू नै द्वारबाट पहिलो निस्कने छ।

उदाहरणको लागि आफ्नो जीवनमा प्रशस्त धन सम्पतीलाई दान गरि सकेको र आजीवन प्राणातिपात विरति, अदत्तादान

विरति, काम मिथ्याचार विरति, मृषावाद विरति र मद्यपान विरति जस्ता पंच शीलहरूको धारण पालन गरि आएको व्यक्तिलाई लिउँ। भनौं कि मृत्युको शैय्यामा रही मरणासन्न पीडा हुंदाको घडीमा त्यो व्यक्तिले आफ्नो चिकित्सक डाक्टरलाई आफूलाई अति पीडा दिई आएको दर्दलाई तुरून्त कम पार्ने एउटा इन्जेक्शन दिने आग्रह गर्दछ। किन्तु डाक्टरको विचारमा त्यस बेलामा इन्जेक्शन दिनाले उपचार भन्दा बढी अपकार हुन सक्ने लागी डाक्टरले उसलाई भनेको इन्जेक्शन दिन नचाहने हुन्छ। डाक्टरले इन्जेक्शन दिन नमानेको देख्ता त्यो दानी व्यक्ति निकै रिसाउन सक्तछ। अनि त्यही क्रोध उत्पत्ति हुंदाकै घडी सो क्रोधलाई परित्याग नगरीकन निजको मृत्यु भएमा तिनै क्रोधयुक्त जवनहरूले नै चार अपाय गति मध्येका कुनै एक अपाय गतिमा त्यस दानी महोपकारीको पुनर्जन्म गराउन सक्तछ। एउटा सूत्रमा माथिको उदाहरणमा दिइए जस्तै एउटा घटनाको वर्णन गरिएको छ।

सूत्रमा उल्लेख गरिए अनुसार, एक जना भिक्षु भगवान बुद्धका समीप नै बस्दथ्यो। ऊ कायिक वाचिक दुष्कृत्यहरूबाट वञ्चित रहने विनयका सबै नियमहरूको पूर्ण निष्ठाका साथ धारण पालन गर्दथ्यो। किन्तु उसको मर्ने समयमा उसलाई अति नै लोभ लाग्ने चीवर वस्त्र नै धम्मारम्मणको रूपमा प्रकट भयो। यिनै अकुशल अनिष्टालम्बनको कारणले गर्दा त्यस भिक्षुको वीथिहरू अकुशल हुन पुगे। ती अकुशल वीथिहरूको जवन पनि लोभद्वारा पूर्णतः सम्प्रयुक्त भए। फल स्वरूप ती लोभयुक्त जवनले त्यस भिक्षुलाई तिर्यक योनीमा पुनर्जन्म ग्रहण हुने स्थितिमा पुऱ्याइ दियो।

दान, शील र ध्यानहरूले मात्र चार अपाय गतिमा पुनर्जन्म ग्रहण गर्नबाट सत्वहरूलाई रोक्न सकिन्छ भनी भन्न सकिन्न। किनभने अप्रत्याशित किसिमले अकुशल आसन्न कम्मको उत्पत्ति

हुने सम्भावना हुन्छ। यही अकुशल आसन्न कम्मको कारणले गर्दा अकुशल वीथिहरू उत्पत्ति हुन सक्ने छन् र फल स्वरूप जवनहरू अकुशल मूलका रूपमा रहेका क्लेशहरूद्वारा सम्प्रयुक्त भई चार अपाय गतिमा पुनजन्म ग्रहण गराउने कारण बन्न सक्तछ।

स्रोतापत्ति मार्ग फलको लाभ गरि सकेका पुद्गल मात्र चार अपाय लोकमा हुने पुनर्जन्मबाट बिलकुल विमुक्त हुन सक्तछ। किनभने स्रोतापत्ति मार्गले चार अपाय गतिमा पुनर्जन्म गराउन सक्ने खालका सम्पूर्ण चितका क्लेशहरूलाई जरै देखि उखेली फालिसकेको हुन्छ।

एउटा डांकाको उपमा लिउँ। कुनै डांकाले मर्न लागेको समयमा भनौं कि आफ्नो बृद्ध आमालाई प्रशस्त रूपिया दियो। रूपिया पाई हर्षले प्रफुल्लित भएको आफ्नो बृद्ध आमाको दृष्यले उसलाई पनि हर्षित तुल्यायो। उसको मृत्यु भन्दा केही पल अगाडि पैसा पाई हर्षले प्रफुल्ल भएकी उसकी आमाको धम्मा-रम्मणले अन्य आलम्वनलाई पूर्णतः प्रभावित गरेको हुन्छ। फलस्वरूप यिनै धम्मारम्मणको कारणले वीथिहरू सबै कुशल हुन्छन्। ती वीथिका जवन पनि मैत्रीद्वारा सम्प्रयुक्त हुन्छन्। ती मैत्रीपूर्ण जवनले त्यस डांकालाई देवताको रूपमा पुनर्जन्म ग्रहण गराइ दिने हुन्छ।

सूत्रमा एउटा जल्लादको उदाहरण पनि दिइएको छ। ताम्पदिप नामक व्यक्ति राजा बिम्बिसारको सेवामा रहेको एक जना जल्लाद थियो। उसलाई प्रत्येक दिन २/३ जवान अपराधी-हरूको शिरोच्छेदन गर्नु पर्दथ्यो। सेवा निवृत्त भइसके पछि एक दिन सो जल्लादलाई भगवान बुद्धका दुई जवान अग्रश्रावक मध्येका भिक्षु आयुष्मान सारिपुत्रको धर्मोपदेश श्रवण गर्ने अवसर प्राप्त भयो। आयुष्मान सारिपुत्रको धर्मोपदेशले उसमाथि ठूलो प्रभाव पार्‍यो र आयुष्मान सारिपुत्रको पछि पछि लागी उहाँको

अनुशरण गर्न थाल्यो। आयुष्मान सारिपुत्र कुनै एक ठाउँमा जांदै हुनु हुन्थ्यो। बीच बाटोमा, एउटा मात्तिएको सांढेले आई आफ्नो सिंगले हानी त्यस जल्लादको प्राण लिई दियो। किन्तु, त्यो जल्लादको मृत्युको घडीमा आयुष्मान सारिपुत्रको धर्मोपदेश न धम्मारम्मणको रूपमा उत्पन्न भएकोले उसका वीथिहरू सबै कुशल वीथिहरू भए। जवन पनि मुदिता सम्प्रयुक्त भए। यिनै पवित्र जवनहरूको कारणले त्यो जल्लादले देव योनीमा पुनर्जन्म ग्रहण गर्‍यो।

शान्तवना

परोपकारी व्यक्तिले अकुशल आसन्न कम्मको कारणले मृत्यु पछि तिर्यक योनीमा पुनर्जन्म ग्रहण गर्नु परे तापनि पुनर्जन्ममा उसले संचित गरेका कुशल आचीर्ण कर्मको कारणले गर्दा त्यो पशुको अवस्था अरू धेरै पशुहरूको भन्दा निकै राम्रो हुन्छ। भनौं कि त्यो परोपकारी व्यक्तिले मृत्यु पछि कुकुर योनीमा जन्म ग्रहण गर्‍यो रे। त्यो कुकुर पनि बहुतै पुलपुल्याइएको कुकुर हुने छ। त्यसलाई राम्रो पालन पोषण, राम्रो खानेकुरा र राम्रो हेरचाह प्राप्त हुने छ। त्यो कुकुर मानिसहरू र अन्य जनावरहरू बीच पनि सबैको प्रिय पात्र हुने छ। अपरापरिय वेदनीय कम्म भनिने त्यस सत्वले संचित गरेका कुशल कर्मको विपुल राशीले उसलाई असंख्य जन्महरूमा पनि असंख्य राम्रा कुराहरू उत्पन्न गराइ दिनेछन् र अरहन्त मार्ग फल प्राप्त गरी जातिलाई विशेष रूपमा निरोध नगरे सम्म निजलाई अनन्त जन्म जन्मान्तर सम्म ती कुशल कर्मले विपाकहरू पैदा गरि रहने हुन्छ।

माथि वर्णन गरिए अनुसार नै सम्पूर्ण प्राणीहरू मृत्यु पछि आ-आफूले संचित गरेका कुशल वा अकुशल कर्मको फल स्वरूप ३१ लोकहरू मध्ये कुनै न कुनै लोकमा उत्पत्ति हुन्छन्।

पंचम विभेद

अन्य धर्महरू

आत्मा

अन्य धर्महरूमा, सृष्टिकर्ता परमेश्वरले मनुष्यको पनि सृजना गरेका हुन् भन्ने कुराको मान्यता दिइन्छ। कुनै कुनै धर्ममा हंसलाई आत्मन भनिन्छ। भगवान बुद्धको समयमा आत्मनलाई अत्त अर्थात् आत्मा भनिन्थ्यो।

बुद्ध धर्म

अनात्मवाद

नाम रूपको सृजना कसैले गर्दैन। प्रकृतिका चार नियमहरूको अभिन्नता अर्थात् पृथ्वी, आप, तेज र वायु धातुहरूको अन्योन्याश्रितपना र अभिन्न रूपमा संगालि रहने स्वभावहरूको फलस्वरूप रूपको सृजना हुन्छ। मनः-धातुको स्वभाव (अर्थात् मनः-धातुको नियम) अनुरूप अनन्त असीमित मानसिक प्रकृया अर्थात् चित्तका कृत्यहरूका उत्पत्ति हुन्छन्।

यस अघि बुद्ध धर्म र अन्य धर्महरू बीच रहेको प्रथम विभेदको चर्चा गर्दा नै विज्ञान, संज्ञा, वेदना र संस्कार जस्ता चार गुणहरू अर्थात् मनका चार धर्म स्वभावहरू जस्तै विज्ञान, संज्ञा, वेदना र संस्कारका विषयमा उल्लेख गरिसकिएको छ।

१) चक्षु प्रसादको माध्यमबाट वर्ण आरम्मणले चित्तको संसर्गमा आउंदा,
२) श्रोत प्रसादको माध्यमबाट शब्द आरम्मणले चित्तको स्पर्श गर्दा,
३) घ्राण प्रसादको माध्यमबाट गन्ध आरम्मणले चित्तलाई स्पर्श गर्दा,
४) जिह्वा प्रसादको माध्यमबाट रस आरम्मणले चित्तलाई स्पर्श गर्दा,

५) काय प्रसादको माध्यमबाट स्पर्श आरम्मणले चित्तलाई स्पर्श गर्दा,

६) धम्म आरम्मणले सीधै चित्तलाई स्पर्श गर्दा, मनमा ती चार धर्म स्वभावहरूका उत्पत्ति हुन्छन् ।

लोभ, दोष, करूणा, पुण्य, प्रेम इत्यादि सत्वको चित्तमा सदैव उत्पन्न भइरहने कुरा होइनन् । चक्षु, श्रोत, घ्राण, जिह्वा, काय र मन इन्द्रीयहरू मध्ये कुनै एक इन्द्रीय द्वार मार्फत रुप, शब्द, गन्ध, रस, स्पर्श र धर्म जस्ता इन्द्रीय गोचरहरू मध्ये कुनै एक आलम्बनले चित्त (मन) लाई स्पर्श गर्दा, विज्ञान, संज्ञा, वेदना र संस्कार जस्ता चित्त र चैतसिक धर्महरूको उत्पत्ति हुने भएकोले लोभ, दोष, दया, करूणा, प्रेम जस्ता धर्महरू उत्पन्न हुन्छन् ।

थाहा पाउनु, सम्झना राख्नु, अनुभव गर्नु, चिन्तन गर्नु, विभाजन गर्नु जस्ता कृत्यहरू कुनै आत्मा वा अत्तको काम होइनन् । ती त केवल विज्ञान, संज्ञा, वेदना र संस्कार जस्ता चित्त तथा चेतसिक धर्महरूका काम हुन् ।

मनका यो चार धर्म स्वभावहरू यथा विज्ञान, संज्ञा, वेदना र संस्कारलाई कुनै व्यक्ति विशेषले श्रृजना गर्ने पनि होइन । यो चार धर्म स्वभावहरू मनो-धातु (मनः-धातु) को नियम वा धर्म स्वभाव अनुरूप उत्पन्न हुन्छन् । बुद्धत्व प्राप्ति पछि पांच जवान भिक्षुहरूलाई भगवान बुद्धले दिनु भएको दोश्रो धर्मोपदेश अनत्त लक्खण सुत्त (अर्थात् अनात्मा लक्षण सूत्र) मा यस कुरालाई बहुत स्पष्ट रूपमा सम्झाइएको छ ।

याहाँ यो कुरा पनि उल्लेख गरिनु जरूरी छ कि अनत्त लक्खण सुत्तको धर्मोपदेश भगवान बुद्धले पञ्च भद्र वर्गीय भिक्षु-हरूलाई दिनु भएको हो । वोधिसत्व छँदैमा भगवान बुद्धले बुद्धत्व लाभ गर्नको लागि अति कठीन र कष्ट दायक पथको

अवलम्बन गरिरहनु हुंदाकै बेलामा पांच जना भिक्षुहरू बोधिसत्वको शिष्यको रूपमा उहाँ संगै वस्दथे। किन्तु, जब बोधिसत्वले त्यस कठोन र शरीरलाई अति पीडा दायक मार्ग बुद्धत्व प्राप्तिको निम्ति अनुपयुक्त र गलत हो भनी सम्झनु भई परित्याग गर्नु भएको थियो त्यस बखत वाधिसत्वले बुद्धत्व लाभ गर्न नसक्ने विचार गरीं ती पांचै जवान चेलाहरूले भगवानको साथ छोडा गएका थिए। भगवान शास्ताले बुद्धत्व लाभ गर्नु भएपछि उहाँ नैं ती पांच जवान चेलाहरू वसेका ठाउँमा जानु भएको थियो। टाढैबाट भगवान बुद्धलाई आउनु भएको देखे पछि ती पांचै जवान चेलाहरूले आपसमा सल्लाह गरी उनीहरू संग बस्न चाहेमा भगवानलाई आश्रय सम्म दिने तर कठीन र कष्टदायक बुद्धत्वको मार्ग त्यागी पथभ्रष्ट भएका उहाँलाई सम्मानका साथ व्यवहार भने नगर्ने भन्ने अठोट उनीहरूले गरेका थिए। भगवान बुद्धले उनोहरूलाई मैले वुद्धत्व - सम्यक् सम्बुद्धत्व लाभ गरि सकें भन्नु हुंदा पनि उनीहरूले भगवानलाई विश्वास गरेका थिएनन्। त्यस पछि भगवानले उनोहरूलाई चतुरार्य सत्य अर्थात् दु:ख, दु:ख समुदय, दु:ख निरोध र दु:ख निरोध गामिनी प्रतिपद् मार्ग सत्यहरूका विषयमा प्रथम धर्मोपदेश गर्नु भई धर्म चक्र प्रवर्तन सूत्रको उपदेश गर्नु भएको थियो।

प्रथम धर्मोपदेश गरेको पांच दिन पछि, भगवान बुद्धले अनत्त लक्खण सुत्त नामक दोश्रो धर्मोपदेश गर्नु भएको हो। अनत्त लक्खण सुत्तको धर्मोपदेश श्रवण गर्ने बेला सम्ममा ती पञ्च भद्र वर्गीय भिक्षुहरूले भगवान शास्ताको मार्ग दर्शन भित्र रही विपश्यनाको भावनाको अभ्यास गरो श्रोतापत्ति मार्ग फल प्राप्त गरो सकेका थिए। विपश्यना भावनाको अभ्यासको क्रममा साधकहरूको चित्तको एकाग्रता उच्च स्तरमा पुगेको अवस्थामा उनीहरूले आफ्ना दोहर मन (नाम रूप) को अनित्य स्वभावलाई स्पष्ट रूपमा छर्लङ्ग देखे जानेका हुन्छन्। अनित्य स्वभावको

यही दर्शनको साथ साथै नै अनित्य नाम रूपले दुःख बाहेक केही दिन सक्तैन भन्ने तथ्यको ज्ञान दर्शन पनि स्वतः उत्पन्न हुन्छ। यही ज्ञान दर्शन, आलोकले नै नाम र रूप आफ्नै किसिमले चल्दछन्, नाम रूपको स्वभावलाई बाह्य धर्मबाट प्रभावित गर्न सकिन्न र नाम रूप धर्म आफ्नो गति आफ्नो स्वभावबाट कहिल्यै पनि अलग हुंदैन, कहिल्यै अलग गर्न सकिन्न भन्ने तथ्यको स्वतः ज्ञान दर्शन - आलोक उत्पन्न गराइदिन्छ।

अनत्त लक्खण सुत्त (अनात्मा लक्षण सूत्र)

एक समय भगवान बुद्ध वाराणसी ऋषिपत्तन मृगदावनमा विहार गरिरहनु हुंदा उहाँले पञ्च भद्र वर्गीय भिक्षुहरूलाई सम्बोधन गरी निम्न धर्मोपदेश दिनु भयो।

१) भिक्षुहरू ! रूप अनात्मा हो। यदि रूप आत्मा भई दिएको भए यस रूपमा रोगादि पीडा आफ्नो इच्छा विरूद्ध नहुनु पर्ने हो। [यो रूप आत्मा भएको भए रूप नित्य हुनु पर्ने हो, परिवर्तनशील, क्षेय धर्मी, व्यय धर्मी नहुनु पर्ने हो।] यो रूप आफूले चाहे जस्तो हुनु पर्ने हो। मेरो रूप यस्तो होस्, रूप मेरो यस्तो नहोस् भन्दा सोही बमोजिम हुनु पर्ने हो। तर रूप वास्तवमा यस्तो नहुने हुंदा, भिक्षुहरू ! रूप अनात्मा हो। त्यसैले रूपमा रोगादि पीडाहरू हुन्छन्। यो रूप यस्तो होस्, यस्तो नहोस् भने तापनि सो इच्छा बमोजिम कहिल्यै नहुने हो।

२) भिक्षुहरू ! वेदना अनात्मा हो। यदि वेदना आत्मा भएको भए आफ्नो इच्छाको विपरीत वेदना रोगादि पीडा युक्त नहुनु पर्ने हो। [यो वेदना पनि नित्य र अक्षेय धर्मी, अव्यय धर्मी, अपरिवर्तनशील हुनु पर्ने हो।] वेदना आफूले चाहे जस्तो हुनु पर्ने हो। मेरो वेदना यस्तो होस्, मेरो वेदना यस्तो नहोस् भनी कामना गर्दा सोही बमोजिम हुनु पर्ने हो। तर वेदना वास्तवमा यस्तो नहुने हुंदा, भिक्षुहरू ! वेदना अनात्मा हो।

त्यसैले वेदनामा रोगादि पीडा हुन्छन् । यो वेदना यस्तो होस्, यस्तो नहोस् भने तापनि सो इच्छा बमोजिम कहिल्यै नहुने हो ।

३) भिक्षुहरू ! संज्ञा अनात्मा हो । यदि संज्ञा आत्मा भई दिएको भए आफ्नो इच्छा विपरीत संज्ञा रोगादि पीडायुक्त नहुनु पर्ने हो । [यो संज्ञा पनि नित्य र अपरिवर्तनशील, अक्षेय धर्मी, अव्यय धर्मी हुनु पर्ने हो ।] यो संज्ञा आफूले चाहे जस्तो हुनु पर्ने हो । मेरो संज्ञा यस्तो होस्, मेरो संज्ञा यस्तो नहोस् भन्दा सोही बमोजिम हुनु पर्ने हो । तर संज्ञा वास्तवमा यस्तो नहुने हुंदा, भिक्षुहरू ! संज्ञा अनात्मा हो । तसर्थ संज्ञा रोगादि पीडा युक्त हुन्छन् । यो संज्ञा यस्तो होस्, यस्तो नहोस् भने तापनि सो कामना बमोजिम नहुने हो ।

४) भिक्षुहरू ! संस्कार अनात्मा हो । यदि संस्कार आत्मा भएको भए आफ्नो इच्छा विपरीत संस्कार रोगादि पीडायुक्त नहुनु पर्ने हो । [यो संस्कार पनि नित्य र अक्षय धर्मी, अव्यय धर्मी, अपरिवर्तनशील हुनु पर्ने हो ।] यो संस्कार आफूले चाहे जस्तो हुनु पर्ने हो । मेरो संस्कार यस्तो होस्, मेरो संस्कार यस्तो नहोस् भनी कामना गर्दा सोही बमोजिम हुनु पर्ने हो । किन्तु संस्कार वास्तवमा यस्तो नहुने हुंदा, भिक्षुहरू ! यो संस्कार अनात्मा हो । तसर्थ संस्कार रोगादि पीडायुक्त हुन्छन् । यो संस्कार यस्तो होस्, यस्तो नहोस् भने तापनि सो कामना बमोजिम नहुने हो ।

५) भिक्षुहरू ! विज्ञान अनात्मा हो । यदि विज्ञान आत्मा भइ दिएको भए आफ्नो इच्छा विपरीत विज्ञान रोगादि पीडायुक्त नहुनु पर्ने हो । [यो विज्ञान पनि नित्य र अक्षय धर्मी, अव्यय धर्मी, अपरिवर्तनशील हुनु पर्ने हो ।] यो विज्ञान आफूले चाहे जस्तो हुनु पर्ने हो । मेरो विज्ञान यस्तो होस्, मेरो विज्ञान यस्तो नहोस् भनी कामना गर्दा सोही बमोजिम हुनु पर्ने हो । तर

विज्ञान वास्तवमा यस्तो नहुने हुंदा, भिक्षुहरू ! यो विज्ञान पनि अनात्मा हो । तसर्थ विज्ञान रोगादि पीडायुक्त हुंछन् । यो विज्ञान यस्तो होस्, यस्तो नहोस् भने तापनि सो कामना बमोजिम नहुने हो ।

प्रश्नोत्तर

६) कसो हो त भिक्षुहरू ! रूप नित्य हो कि अनित्य ?
अनित्य हो, भन्ते !

जुन अनित्य हो त्यो दुःख हो कि सुख त ?
दुःख हो, भन्ते !

जुन दुःखदायक वस्तु छ त्यसलाई मेरो हो, म हुं, त्यो मेरो आत्मा हो भन्नु योग्य हुन्छ त ?
हुंदैन, भन्ते !

७) भिक्षुहरू ! वेदन नित्य हो कि अनित्य ?
अनित्य हो, भन्ते !

जुन अनित्य छ, त्यो दुःख हो कि सुख त ?
दुःख हो, भन्ते !

जुन दुःखदायक वस्तु छ त्यसलाई मेरो हो, म हुं, त्यो मेरो आत्मा हो भन्नु योग्य हुन्छ त ?
हुदंन, भन्ते !

८) भिक्षुहरू ! संज्ञा नित्य हो कि अनित्य ?
अनित्य हो, भन्ते !

जुन अनित्य छ, त्यो दुःख हो कि सुख त ?
दुःख हो भन्ते !

जुन दुःखदायक कुरो छ त्यसलाई मेरो हो, म हुं त्यो मेरो आत्मा हो भन्नु योग्य हुन्छ त ?
हुदैन, भन्ते !

९) भिक्षुहरू ! संस्कार नित्य हो कि अनित्य ?
अनित्य हो, भन्ते !

जुन अनित्य छ, त्यो दु:ख हो कि सुख त ?
दु:ख हो भन्ते ?

जुन दु:खदायक कुरो छ, त्यसलाई मेरो हो, म हुं, त्यो मेरो आत्मा हो भन्नु हुन्छ त ?
हुंदैन, भन्ते !

१०) भिक्षुहरू ! विज्ञान नित्य हो कि अनित्य ?
अनित्य हो, भन्ते !

जुन अनित्य छ, त्यो दु:ख हो कि सुख त ?
दु:ख हो, भन्ते !

जुन दु:खदायक कुरो छ, त्यलाई मेरो हो, म हुं, त्यो मेरो आत्मा हो भन्नु योग्य हुन्छ त ?
हुंदैन, भन्ते !

११) भिक्षुहरू ! त्यसै कारणले अतीत अनागत र वर्तमान, आफूसंग भएका आन्तरिक वा बाह्य, (स्थूल) ठूला वा साना, (सूक्ष्म) उत्तम वा हीन, टाढा वा नजिक रहेका जे जति पनि रूप छन् ती सम्पूर्ण रूपलाई मेरो होइन, म होइन, मेरो आत्मा होइन भनी यस प्रकारले यथार्थ यथाभूत रूपबाट सम्यक् प्रज्ञा ज्ञानद्वारा देख्नु जान्नु पर्दछ ।

१२) भिक्षुहरू ! अतीत, अनागत र वर्तमान आफूसंग रहेका आन्तरिक वा बाह्य, (स्थूल) ठूला वा साना (सूक्ष्म), उत्तम वा हीन, टाढा वा नजिक रहेका जे जति पनि वेदना छन् ती सम्पूर्ण वेदनालाई न म हुं, न मेरो आत्मा हो, न मेरो हो भनी यस प्रकारले यथार्थ यथाभूत रूपबाट सम्यक् प्रज्ञाद्वारा देख्न जान्नु पर्दछ ।

१३) भिक्षुहरू अतीत, अनागत र वर्तमान, आफूसंग रहेका आन्तरिक वा बाह्य, (स्थूल) ठूला वा साना (सूक्ष्म), उत्तम वा हीन, टाढा वा नजिक रहेका जे जति पनि संज्ञा छन् ती सम्पूर्ण संज्ञालाई मेरो होइन, म होइन, मेरो आत्मा होइन भनी यस प्रकारले यथार्थ यथाभूत रूपबाट सम्यक् प्रज्ञा ज्ञानद्वारा देख्नु जान्नु पर्दछ।

१४) भिक्षुहरू! अतीत, अनागत र वर्तमान, आफूसंग भएका आन्तरिक वा बाह्य, (स्थूल) ठूला वा साना (सूक्ष्म), उत्तम वा हीन, टाढा वा नजिक रहेका जे जति पनि संस्कार छन् ती सम्पूर्ण संस्कारलाई मेरो होइन, म होइन, मेरो आत्मा होइन भनी यस प्रकारले यथार्थ यथाभूत रूपबाट सम्यक् प्रज्ञा ज्ञानद्वारा देख्नु जान्नु पर्दछ।

१५) भिक्षुहरू! अतित, अनागत र वर्तमान, आफूसंग भएका आन्तरिक वा बाह्य, स्थूल (ठूला) वा सूक्ष्म (साना), उत्तम वा हीन, टाढा वा नजिक रहेका जे जति पनि विज्ञान छन् ती सम्पूर्ण विज्ञानलाई मेरो होइन, म होइन, मेरो आत्मा होइन भनी यस प्रकारले यथार्थ रूपबाट यथाभूत रूपबाट सम्यक् प्रज्ञा ज्ञानद्वारा देख्नु जान्नु पर्दछ।

१६) भिक्षुहरू! यस प्रकारले प्रज्ञा चक्षुबाट देख्न सक्ने र सुनेर बुझ्न सक्ने आर्य श्रावक रूपमा पनि विरक्त हुने हुन्छ, वेदनामा पनि विरक्त हुने हुन्छ, संज्ञामा पनि विरक्त हुने हुन्छ, संस्कारमा पनि विरक्त हुने हुन्छ र विज्ञानमा पनि विरक्त हुने हुन्छ।

१७) विरक्त भई विराग हुने हुन्छ। विराग भई (आशा जाल तृष्णाबाट) विमुक्त हुने छ। विमुक्त हुना साथ म मुक्त भएं भनी थाहा पाउने छ। आइन्दा जाति क्षीण भयो, ब्रह्मचर्य पूरा भयो, (अब दान, शील, भावनादि कार्य गर्नु पर्ने कार्य सबै

पूरा भए), गर्नु पर्ने कृत्य जति सबै गरि सकें, अब गर्नु पर्ने कार्य केही बांकी छैन, चौंथो आर्य मार्ग फल प्राप्त भयो। अब आइन्दा पुनर्जन्म हुनु पर्ने छैन भन्ने कुराको ज्ञान स्वतः प्राप्त हुने हुन्छ।

(जब कुनै पुद्गलले चौंथो मार्ग फल अर्थात् अरहन्त मार्ग फललाई लाभ गर्दछ, त्यस पछि त्यस पुद्गलका "जवनहरू" बांझो हुन्छन्। तो जवनहरू अब कुशल वा अकुशलबाट सम्प्रयुक्त हुन सक्तैनन्। जवनहरू विलकुल यसरी बांझो रहने हुनाले त्यस पुद्गलले अब फेरि कुशल वा अकुशलको संचय गर्न नसक्ने हुन्छ। त्यस्ता बांझो जवनहरूलाई "किरिया" (क्रिया) जवन भनिन्छ। तसर्थ अरहन्त मार्ग फल प्राप्त गरी निर्वाण लाभ गरेका पुद्गलहरूका निम्ति यस संसारमा सम्पादन गर्नु पर्ने कुनै कार्य भन्ने कुरा बांकी रहंदैन। त्यस जीवनमा आयु क्षीण भए पछि परम परिनिर्वाण प्राप्त हुने हुन्छ।) उपर्युक्त अनत्त लक्खण सुत्त-लाई बुझनको लागि नयां व्यक्तिहरूको लागि केही व्याख्यान सहित विवेचना गरिदिनु आवश्यक हुन्छ।

१) नाम र रूपलाई कसैले पनि सृष्टि गर्ने होइन। नाम रूप प्रकृतिका ६ नियम वा ६ धातु स्वभावको कारण उत्पत्ति हुन्छन् र सोही धातु स्वभावकै कारण विनाश पनि हुन्छन्। नाम रूप अनित्य नहोस्, क्षय धर्मी, व्यय धर्मी र परिवर्तनशील नहोस्, भनी वा नाम रूप नित्य होस् भनी कसैले आज्ञा, आदेश वा कामना गर्दैमा हुन सक्ने कुरा पनि होइन।

२) (क) पृथ्वी, आप, तेज, वायु र आकाश धातुको अन्योन्याश्रितपन र अपृथक्करणीयताको परिणाम स्वरूप रूपको निर्माण हुन्छ।

(ख) मनः धातुको स्वभावले गर्दा अविच्छिन्न रूपमा निरन्तर मानसिक प्रक्रिया (चित्त तथा चैतसिकका कृत्यहरू) चालु रहन्छ।

(ग) नाम र रूप अनित्य हुन् । त्यस कारण दुःखका हेतु हुन् । किनभने ६ धातु स्वभाव वा प्रकृतिका ती ६ नियमहरू सबै नै अनित्यताका शिकार छन् । अनित्यता नै तिनीहरूको मूल मन्त्र हो ।

(घ) तसर्थ नाम र रूपलाई अन्तिम रूपमा विश्लेषण विवेचना गर्दा त्याहाँ केवल ६ धातु स्वभावलाई मात्र फेला पारिन्छ । नाम रूपमा न त 'म" भन्ने हुन्छ, न "आत्मा" भन्ने हुन्छ, न "हंस" भन्ने कुरा नै केही हुन्छ । न रजहरू हुन्छन् न तरंगहरू (छालहरू) हुन्छन्, न ठोस द्रव्य वस्तु केही हुन्छन् न त, विशेष तरल वस्तु भन्ने नै केही कुरा हुन्छ ।

उपर्युक्त तथ्यहरूको आधारमा के नाम र रूप भनेको मेरो सम्पती हो, म नै नाम रूप हुं, मेरो इच्छाधीनका नाम रूप हुन् भनी भन्नु युक्ति संगत होला त ?

उपर्युक्त यथार्थ सत्यहरू र माथि उल्लेख गरिएका सम्पूर्ण तथ्यहरू सब नै चित्तलाई एकाग्र राखी समाधिलाई प्राप्त गर्ने सबै पुद्‌गलहरूले स्वयं देख्न जान्न सक्ने कुरा हुन् । तसर्थ समाधि-को लाभ गरी उपर्युक्त यथार्थ सत्यलाई देख्ने जान्ने प्रयास गर्नु पर्दछ ।

उपर्युक्त सत्यहरूलाई यथाभूत रूपबाट देख्ने जान्ने पुद्‌गल नाम रूप देखि एकदमै विरक्त हुने हुन्छ । यस प्रकारको विरक्ति-को उपयुक्त विकास भए पछि निरन्तर रूपवाट असंख्य कल्प देखि एक पछि आर्को आरम्मणमा लागी अभिरमण गरि आएका त्यस पुद्‌गलका चित्तहरू ती आरम्मण (तृष्णा जाल) हरू देखि एकदमै विकंपित विराग युक्त हुने छन् । यस प्रकारको पूर्ण विरागले सम्पूर्ण मानसिक क्लेशहरू र चित्तका आश्रवहरूलाई मरणान्त प्रहार गर्दछ । यसरी सम्पूर्ण क्लेश तथा आश्रवहरूबाट त्यस पुद्‌गलको चित्त पूर्ण रूपमा पछि विमुक्त हुनेछ । आश्रव रहित भई विमुक्त भए पछि त्यस पुद्‌गल स्वयंले म सम्पूर्ण

आश्रव तथा क्लेशहरूवाट विमुक्त भएँ। यस विमुक्तिको फल स्वरूप अव मृत्यु पछि मेरो पुनर्जन्म हुने छैन। मेरो ब्रह्मचर्य पूरा भयो र मैले दान, शील, भावनादि गर्नु पर्ने कृत्य सबै पूर्ण गरें। अव यस संसारमा मैले गर्नु पर्ने केही बांकी रहेन भन्ने कुराको ज्ञान दर्शन प्राप्त गर्ने हुन्छ। निर्वाण प्राप्त गरें भन्ने कुराको ज्ञान यसरी निजलाई स्वत: प्राप्त हुनेछ।

अनात्माको यो सिद्धान्त यति गम्भीर छ कि वहुसंख्यक वौद्धहरूलाई पनि यस सत्यलाई स्वीकार्न बहुतै कठीन पर्दछ। भगवान बुद्धले अनात्मवादको उपदेश गर्नु भएको हो भनी मात्र उनीहरू दु:ख पूर्वक मात्र यस सत्यलाई स्वीकार्दछन् तथापि कंयन् वौद्धहरूमा त कस्तो धारणा रहेको हामी पाउंछौं भने प्रत्येक मानवमा हंस भन्ने एउटा बस्तु हुन्छ र यही हंसले गर्दा नै मानिसले जान्ने, थाहा पाउने, वेदनाको अनुभव गर्ने, स्मृति राख्ने, बिचार गर्ने, चिन्तन गर्ने, योजना बनाउने, काम गर्ने क्षमता प्राप्त गर्दछ। यी वौद्धहरूले पनि विपश्यना ध्यान भावनाको अभ्यास गरी कम से कम प्रथम मार्ग फल अर्थात् श्रोतापत्ति मार्ग फललाई लाभ गरि सकेपछि मात्र उनीहरूको "हंस" प्रतिको साविकको धारणा र विश्वास समाप्त हुन्छ।

नित्य वा अनित्य

अन्य धर्महरूको अनुसार आत्मा चिरस्थायी हुन्छ। बुद्ध धर्मको अनुसार चित्त र चेतसिकहरू अर्थात् वेदना, संज्ञा, संस्कार र विज्ञान नामक चार नाम धातुहरू आंखाको एक पलकको समयावधि भित्र वा बिजुली चम्काइको एक क्षणिक घडी भित्र कैयन् हजार पटक उत्पत्ति भई विनाश भइ सक्छन्।

आदेश दिन सकिने वा नसकिने

अन्य धर्महरूका अनुसार ईश्वरका मर्जी बमोजिम आत्मा अमर र चिरस्थायी हुन्छ। बुद्ध धर्मका अनुसार नाम रूपलाई कसैले भनेर पनि नित्य वा चिरस्थायी बनाउन सकिंदैन।

बुद्ध धर्म अन्य धर्महरू भन्दा मौलिक रूपबाट भिन्नै खालको धर्म हो। भगवान बुद्धले अन्य वादहरूलाई अत्त धर्महरू अर्थात् आत्मावादी धर्महरू भन्नु भएको छ। बुद्ध धर्म चाहिं अनात्म-वादी धर्म हो।

छैठौं विभेद

अन्य धर्महरू

अन्य धर्महरूको अन्तिम लक्ष हो अनन्त, अजरामर जीवन र अनन्त सुख पाइने स्वर्गको लाभ गर्नु वा स्वर्गमा पुग्नु।

बुद्ध धर्म

बुद्ध धर्मको मूल उद्देश्य चाहिं पुनर्जन्म (जाति) लाई निरोध गर्नु हो।

सातौं विभेद

अन्य धर्महरू

प्राणी मात्रलाई स्वर्ग वा नरकमा पठाउने महान् शक्ति ईश्वर वा परमेश्वरमा निहित रहेको हुंदा अन्य धर्मका अनुयायीहरूले –

१) परमेश्वर प्रति अनन्य निष्ठा राख्नै पर्दछ र

२) परमेश्वरलाई पूजा अर्चना गरी प्रार्थना गर्नै पर्दछ।

बुद्ध धर्म

बुद्ध धर्ममा पनि, बुद्ध प्रति अनन्य निष्ठा वा श्रद्धा हुनु पर्छ। बुद्ध प्रति अनन्य श्रद्धा नराख्ने अनुयायीहरूले भगवान बुद्धले इच्छा गरे अनुसार उनीहरूले गर्नु पर्ने काम मत्र नगर्ने हुन्छन्।

बुद्ध धर्मावलम्वीहरूले पनि बुद्धलाई दुःखलाई निर्मूल रूपबाट निरोध गर्ने मार्गको प्रदर्शन गर्नु भएका महान् परोपकारी शास्ताको रूपमा सम्झना गर्दै कृतज्ञतावश पूजा अर्चनादि गरी प्रार्थना गर्नु पर्दछ।

किन्तु बौद्धको लागि बुद्ध धर्मको लक्ष हासिल गर्नको लागि केवल श्रद्धा, पूजा र प्रार्थना गर्दैमा पर्याप्त हुन्न। बुद्धका

अनुयायीले त भगवान बुद्धले उपदेश दिनु भएको नियम अनुसार विपश्यना ध्यान भावनाको अभ्यास गर्नै पर्दछ ।

विपश्यना भावना गर्ने तौर तरीकाहरूमा पनि विस्तृत रूपमा प्रकाश पारिएका छन् । जाति (पुनर्जन्म) लाई निरोध गर्ने उद्देश्यले नै विपश्यना ध्यान भावनाको साधना र अभ्यास गरिने भएकोले पुनर्जन्मका हेतुहरू के के हुन् भन्ने विषयमा संक्षेपमा याहाँ चर्चा गरिने छ । जातिका हेतुहरू हुन् :–

१] दिट्ठि (अर्थात् दृष्टि) । २] विचिकिच्छा (अर्थात् विचिकित्सा) । ३] सीलब्बतपरामास (अर्थात् शील व्रत परामर्श) । ४] काम राग । ५] पटिघ (अर्थात् प्रतिघ) । ६] इस्सा (अर्थात् ईर्ष्या) । ७] मच्छरिय (अर्थात् मात्सर्य) । ८] मान । ९] भव राग । १०] अविज्जा (अर्थात् अविद्या) ।

उपर्युक्त हेतुहरूलाई प्राणीलाई पुनर्जन्मसंग आवद्ध राख्ने दश संयोजनहरू पनि भनिन्छ । तिनीहरूलाई एक शब्दमा भन्ने हो भने तण्हा अर्थात् तृष्णा भनी भन्न सकिन्छ ।

१] दिट्ठि (अर्थात् दृष्टि)

आत्मा वा हंस वा अत्त नामक केही वस्तु हुन्छ भन्ने धारणा, विश्वासलाई दिट्ठि वा दृष्टि भनिन्छ ।

२] विचिकिच्छा (अर्थात् विचिकित्सा)

बुद्धले बोधि ज्ञान प्राप्त गर्नु भएको हो कि होइन ? बुद्ध सर्वज्ञ सम्यक् सम्बुद्ध हो कि होइन ? बुद्धका उपदेशहरूबाट के त सांच्चिकै पुनर्जन्म (जाति) को निरोध हुन सक्तछ ? बुद्ध शासनमा चार आर्य मार्ग फल लाभ गरेका पुद्गलहरू विद्यमान् छन् भन्ने कुरा के सांचो हो ? यस्ता यस्ता शंका उपशंका र सन्देहहरूलाई विचिकिच्छा वा विचिकित्सा भनिन्छ ।

३] सीलब्बत परामास (अर्थात् शीलव्रत परामर्श)

भगवान बुद्धले देखाउनु भएको आर्य अष्टाङ्गिक मार्ग देखि अतिरिक्त अनन्त चिरस्थायी सुख आनन्द प्राप्त गर्ने अरू पनि धेरै पथहरू छन् भन्ने विश्वासलाई सीलब्बत परामास अर्थात् शीलव्रत परामर्श भनिन्छ ।

४] काम राग

प्रिय-मनाप-इष्ट रूप, प्रिय-मनाप-इष्ट शब्द, प्रिय-मनाप-इष्ट गन्ध, प्रिय-मनाप-इष्ट रस र प्रिय-मनाप-इष्ट स्पर्श प्रतिको मोह आकर्षणलाई काम राग भनिन्छ ।

५] पटिघ अर्थात् प्रतिघ

क्रोध, भय, घृणा, नैराश्य अरूलाई खराब गर्ने वा अरूलाई बिगार्ने अकुशल कामना, चिन्ता, शोक, सन्ताप, दुःख, दौर्मनस्य आदिलाई पटिघ अर्थात् प्रतिघ भनिन्छ ।

६] इस्सा (अर्थात् ईर्ष्या)

आफू भन्दा अरूको राम्रो भएको विषयलाई देखेर, सुनेर, पढेर आफू दुःखि हुने जलन हुने स्वभावलाइ इस्सा अर्थात् ईर्ष्या भनिन्छ ।

७] मच्छरिय (अर्थात् मात्सर्य)

कुनै पनि कामको सफलतामा, सौन्दर्यमा, धन सम्पतीमा, उन्नति विकास इत्यादिमा अरू कसैले आफ्नो बराबरी गर्न लागेको कुरा देख्दा, सुन्दा वा पढ्दा मनमा हुने दुःख वा जलनलाई मच्छरिय अर्थात् मात्सर्य भनिन्छ ।

८] मान

कुनै पनि विषयमा अभिमान हुनुलाई मान भनिन्छ ।

९] भव राग

देव वा ब्रह्मा भई पुनर्जन्म हुने इच्छालाई भव राग भनिन्छ।

१०] अविज्जा (अर्थात् अविद्या)

नाम र रूपको यथार्थ यथाभूत स्वभाव गुणलाई नजान्नुलाई अविज्जा अर्थात् अविद्या भनिन्छ।

कसले मार्न सक्तछ

उपर्युक्त दश संयोजन मध्ये कुनै वा केही मात्र संयोजन भए पनि पुद्गलहरूले पुनर्जन्म बाध्य भएरै ग्रहण गर्नु पर्दछ। जाति (पुनर्जन्म) हुना साथ जरा, व्याधि, मरण, प्रिय संगको वियोग, अप्रिय संगको वियोग, दुःख, दौर्मनस्य, शोक, परिदेव, उपायास इत्यादि भइ हाल्छन्। जातिको निरोध भए पछि मात्र जरा, व्याधि, मरण आदि निरुद्ध हुन्छन्। तसर्थ यस्ता अनन्त दुःख चक्रबाट मुक्त हुन चाहने व्यक्तिहरूले निम्नानुसार ती दश संयोजनहरूलाई तोड्नु पर्दछ, ती दश संयोजन रूपी डोरीहरूलाई टुक्रा टुक्रा पारी चूर्ण गरि दिनु पर्दछ र ती दश संयोजनलाई नाश गरी दिनु पर्दछ।

दश संयोजन भनिने ती मानसिक क्लेशहरू, चित्तका आश्रव-हरूलाई चार आर्य मार्गबाट मात्र निशेष रूपमा निर्मूल गर्न सकिन्छ। अरू कुनै शक्तिबाट तिनलाई नाश गर्न सकिंदैन।

ती चार मार्गहरू निम्नानुसार छन् :-

१] सोतापत्ति मग्ग अर्थात् श्रोतापत्ति मार्ग।
२] सकदागामी मग्ग अर्थात् सकृदागामी मार्ग।
३] अनागामी मग्ग अर्थात् अनागामी मार्ग।
४] अरहन्त मग्ग अर्थात् अरहन्त मार्ग।

१] श्रोतापत्ति मार्ग लाभ हुना साथ माथि लेखिएका दश संयोजन मध्येका प्रथम, द्वितीय र तृतीय संयोजनहरू बिलकुलै टुट्दछन् वा निर्मूल हुन्छन्।

श्रोतापत्ति मार्ग लाभी व्यक्तिलाई श्रोतापन्न भनिन्छ। त्यस्तो श्रोतापन्न व्यक्ति साविकमा आत्मा वा अत्त वा हंस इत्यादि हुन्छ भन्ने धारणामा विश्वास गर्ने खालको व्यक्ति भए पनि प्रथम आर्य मार्गलाई लाभ गरि सके पछि त्यसले आफूमा त्यस प्रकारको सम्पूर्ण विश्वास समूल नष्ट भइसकेको देख्तछ। उसले अनात्माको सिद्धान्तलाई अब विना कुनै प्रयास र कठिनाइबाट सहजै स्वीकार गर्न सक्ने स्थितिमा रहेको अवस्थामा आफूलाई भेट्टाउंछ। बुद्ध द्वारा उपदिष्ट मार्ग नै मात्र आर्य मार्ग प्राप्त गर्ने मार्ग हो भन्ने कुरामा पनि उसको आफ्नो विश्वास एकदम सुदृढ रहेको हुन्छ। श्रोतापत्तिको यो प्रथम मार्गलाई प्राप्त गरि नसकुञ्जेल आफू एकदमै निष्ठावान भक्त र बहुतै पण्डित विद्वान रही शैशवावस्था देखि नै आर्य श्रावक (भिक्षुं) संघमा प्रवेश गरी भिक्षु धर्मलाई धारण र पालन गरिआएको भए तापनि त्यस प्रकारका पृथग्जन व्यक्तिको मनमा बुद्ध र उहाँका उपदेशहरूका बारेमा कहिले काहीं शंका उपशंका र सन्देह उत्पन्न हुने सम्भावना रही रहन्छ। प्रथम मार्गको लाभ गरिसकेका व्यक्तिको मनबाट सदा सर्वदाको लागि यस्ता शंकाहरू निर्मूल भएर जान्छन्। प्रथम मार्गले यस्ता शंका उपशंकाहरूलाई सृजना गर्ने चित्तका क्लेशहरूलाई नै निर्मूल हुने गरी नाश गरिदिइ सकेको हुंदा यस्ता शंका तथा उपशंका-हरू श्रोतापन्नको चित्तमा कहिल्यै पनि अब उत्पन्न हुन सक्तैनन्।

श्रोतापन्न व्यक्ति साविकमा एकदमै खराब किसिमको मानिस रहिआएको भए तापनि श्रोतापत्ति मार्गको लाभ गरी सके पछि त्यस व्यक्तिले अब कुनै हालतमा पनि प्राणी हत्या गर्ने, चोरी गर्ने, काम मिथ्याचार गर्ने, असत्य बोल्ने र सुरापान गर्ने जस्ता साविकको काम निजले गर्न सक्ने छैनन्। यसरी सो व्यक्तिको कांचुली नै फेरिनु निश्चय पनि अति रोचक दृष्य हुन्छ।

श्रोतापन्न पुद्गलले विपश्यना भावनाको अभ्यास गर्न छोडेको खण्डमा पनि उसले बढीमा सात वटा भन्दा बढी पुनर्जन्म

ग्रहण गर्नु नपर्ने हुन्छ। ती प्रथम तीन संयोजनहरू नै दश संयोजनमा उल्लेख भएका सम्पूर्ण मानसिक क्लेशहरूका मूल आधार हुन्। तसर्थ मूल आधार नै निर्मूल भए पछि अन्य संयोजनहरू स्वत: विनाश हुनु नै पर्ने भएकोले सात जन्म भन्दा वढी ती बांकी संयोजनहरू कायम रहन सक्तैनन्। जस्तो रूखलाई जरामा चारैतिर काटिदिए पछि केही निश्चित समय भित्र नै सो रूख स्वत: मरिहाल्छ, त्यसरी नै श्रोतापन्न भई सके पछि सात जन्म भन्दा वढी समय सम्म ती बांकी संयोजनहरू कायम रहन सक्तैनन्। तिनको विनाश अवश्यम्भावी हुन्छ। किन्तु श्रोतापन्न पुद्गलले विपश्यना ध्यान भावनाको अभ्यासमा सतत: लागेको खण्डमा सम्पूर्ण आश्रवहरूलाई पूर्ण रूपमा निर्मूल गर्न लाग्ने समयलाई अझ छोटयाउन सकिन्छ।

२] श्रोतापन्न पुद्गलले विपश्यना ध्यानको अभ्यासलाई जारी राखेको खण्डमा उसले सकृदागामी मार्ग नामक द्वितीय मार्गलाई प्राप्त गर्न सक्तछ। सकृदागामी मार्ग फल प्राप्त गर्ने पुद्गललाई सकृदागामी भनिन्छ। यस मार्गले दश संयोजन मध्येका बांकी रहेका सात संयोजनहरू कुनैलाई निर्मूल भने गर्दैन। परन्तु यस मार्गले ती बांकी चित्त मैलहरूलाई एकदम शक्तिहीन कमजोर पारिदिन्छ। ती चित्त मैलहरू, आश्रवहरूको शक्तिहीनताको कारणले गर्दा सकृदागामीले अब दुइटा बाहेक वढी पुनर्जन्म ग्रहण गर्नु नपर्ने हुन्छ।

३] सकृदागामी पुद्गलले विपश्यना भावनाको अभ्यासलाई जारी राखेको खण्डमा तेश्रो मार्ग, अनागामी मार्गलाई प्राप्त गर्न सक्तछ। यो तृतीय मार्ग – अनागामी मार्ग लाभी व्यक्तिलाई अनागामी भनिन्छ।

त्यो अनागामी मार्गले चौथो, पांचौं, छैठौं र सातौं संयोजनहरूलाई पनि निर्मूल गरिदिन्छ। तसर्थ अनागामीमा इष्ट रूप, इष्ट शब्द, इष्ट गन्ध, इष्ट रस र इष्ट स्पर्श प्रतिको कुनै तृष्णा

आकर्षण बांकी रहंदैन। उसमा पांचौं, छैठौं र सातौं संयोजनमा उल्लेखित क्रोध, भय र अन्य क्लेशहरू पनि बांकी रहंदैन। अनागामीले त्यसैले अब एउटा जन्म बाहेक बढी ग्रहण गर्नु पर्दैन। अनागामीको मृत्यु पछि उसले ब्रह्माहरुको पांच शुद्धावास भूमिहरू मध्येको कुनै एक शुद्धावास लोकमा पुनर्जन्म ग्रहण गर्दछ।

४] अनागामी मार्ग फल प्राप्त गरिसके पछि पनि त्यस अनागामीले विपश्यना भावनाको अभ्यास गर्ने काम जारी नै राखेको खण्डमा उसले चतुर्थ र अन्तिम मार्ग - अरहन्त मार्गलाई पनि प्राप्त गर्नेछ। अरहन्त मार्ग फल प्राप्त गर्ने पुद्गललाई अरहन्त भनिन्छ। अरहन्त मार्गले बांकी ३ संयोजनहरू जस्तै आठौं, नवौं र दशौं संयोजनलाई निर्मूल गरिदिन्छ। यसरी अरहन्त सम्पूर्ण चित्त मयलहरू आश्रवहरुबाट पूर्णतः बिमुक्त हुन्छ। अरहन्तको परिनिर्वाण हुंदा जरा, व्याधि, मरण, शोक, परिदेव, दुःख, दौर्मनस्य, उपायास, प्रिय संगको वियोग दुःख, अप्रिय संगको संयोगको दुःख आदि ल्याइने पुनर्जन्म समेतको अन्त्य हुन्छ। अरहन्तको पुनर्जन्म हुंदैन। भव चक्रबाट अरहन्त पूर्णतः सदाको लागि विमुक्त हुन्छ।

निब्वाण अर्थात् निर्वाण

बुद्ध धर्मको अध्ययन गर्ने सबैले निर्वाण भन्ने शब्दलाई अवश्य नै सुनेको हुन्छ। निर्वाणको अर्थ के हो? चतुर्थ आर्य मार्ग द्वारा सम्पूर्ण आश्रवहरूलाई निर्मूल गरिसके पछिको मानसिक अवस्थालाई नै निर्वाण भनिन्छ। अरहन्तको मृत्यु पछि पुनर्जन्मको अन्त्य हुनुलाई पनि निर्वाण भनिन्छ। अरहन्तको मृत्यु पछि एक चित्त पछि आर्को चित्तलाई अविच्छिन्न रूपबाट जन्म दिंदै आएको अनन्त कल्प देखिको चित्तको प्रक्रयाको निरोध हुनुलाई पनि निर्वाण भनिन्छ। निर्वाणको संक्षेपमा अर्थ हो निरोध। निशेष रूपबाट निरोध हुनु नै तसर्थ निर्वाण हो।

के गर्नु पर्छ त ?
मार्ग लाभ गर्नको लागि के गर्नु पर्छ ?

प्रथम कदम

मार्ग प्राप्त गर्ने पहिलो कदम हो शील पालन गर्नु। प्राणातिपात, अदत्तदान, काम मिथ्याचार, असत्य वचन र सुरापानबाट विरत रहने व्यक्तिलाई शील पालन गरिरहेको व्यक्ति भनी भनिन्छ। अथवा, कसैले भन्न चाहन्छ भने त्यस्ता व्यक्ति शील सम्पन्न व्यक्ति पनि भन्न सकिन्छ।

द्वितीय कदम

समाधि प्राप्त गर्नु दोश्रो कदम हो। समाधि भनेको मानसिक एकाग्रता वा चित्तको एकाग्रता देखि भिन्न कुरा केही होइन। बाहिर नदगुरीकन कुनै एउटा आरम्मणमा नै स्थिर भएर रहन सक्ने चित्तको क्षमता वा शक्तिलाई समाधि भनिन्छ। त्यस प्रकारको शक्ति प्राप्त गर्ने व्यक्तिलाई समाधियुक्त व्यक्ति भन्न सकिन्छ।

कुनै कुनै बौद्ध विद्वानहरू समाधिलाई सूक्ष्म दर्शक यन्त्र, माइक्रोस्कोप पनि भन्दछन्। मांस चक्षुबाट देख्न नसकिने कतिपय कुराहरूलाई वैज्ञानिकले सूक्ष्म दर्शक यन्त्र, माइक्रोस्कोपद्वारा देख्न सके झैं, एउटा योगिले पनि समाधिको माध्यमबाट चर्म चक्षुबाट देख्न नसकिने नाम रूपको यथार्थ स्वभावलाई देख्न सक्तछ।

तृतीय कदम

योगिले आफूले प्राप्त गरेको समाधिको माध्यमबाट आपनो काय र मनलाई नियालेर हेर्नु पर्दछ। आपनो देह र मनको सच्चा यथार्थ स्वभावलाई देख्नु नै अन्ततोगत्वा: मार्ग प्राप्तिको लक्ष सम्म डोऱ्याएर लैजाने कार्यको शुभारम्भ हुनु हो। मग्ग अर्थात् आर्य मार्गलाई प्रज्ञा पनि भनिन्छ। तसर्थ मार्ग लाभ गर्ने व्यक्तिलाई प्रज्ञावान व्यक्ति पनि भन्न सकिन्छ।

शील, समाधि र प्रज्ञा प्राप्त गर्ने विधि सम्बन्धमा बुद्ध धर्ममा विस्तृत रूपमा प्रकाश गरिएको पाइन्छ ।

परिचय भाग २

बुद्ध धर्मावलम्वीहरूका लागि ५ लक्षहरू छन्, जुन निम्न प्रकारका छन् ।–

१) पकति सावक अर्थात् प्रकृति श्रावक
२) महासावक अर्थात् महा श्रावक
३) अग्ग सावक अर्थात् अग्र श्रावक
४) पच्चेक बुद्ध अर्थात् प्रत्येक बुद्ध
५) बुद्ध अर्थात् सम्यक् सम्बुद्ध

१) पकति सावक

प्रकृति श्रावकको अर्थ हो बुद्धका साधारण शिष्य वा श्रावक। सम्पूर्ण आश्रवहरूलाई निर्मूल गरिसकेका साधारण अरहन्तलाई प्रकृति श्रावक भनिन्छ । अरहन्तहरूको सख्या प्रशस्त छन् ।

२) महा श्रावक

महा श्रावक भनेको बुद्धको महान् शिष्य वा श्रावक हो । महा श्रावक भन्ने पुद्गल त्यस्तो अरहन्त हुन्छ जसले प्रज्ञामा, ऋद्धि शक्तिमा र अन्य धेरै कुराहरूमा विशेष स्थान प्राप्त गरेको हुन्छ । भगवान बुद्धका अस्सी जना महा श्रावकहरू थिए ।

३) अग्र श्रावक

अग्र श्रावक भनेको भगवान बुद्धको प्रधान शिष्य हो । बुद्धका दुई जवान अग्र श्रावक थिए । एक अग्र श्रावक प्रज्ञा ज्ञानमा बुद्ध पछिको सबैं भन्दा प्रज्ञावान थियो भने आर्को अग्र श्रावक ऋद्धि शक्तिमा बुद्ध पछिको दोश्रो ऋद्धि शक्ति सम्पन्न थियो ।

४) प्रत्येक बुद्ध

प्रकृति श्रावक, महा श्रावक र अग्र श्रावकहरूका हकमा बुद्धको मार्ग दर्शन प्राप्त गरेर मात्र ती महानुभावहरू अरहन्त

बन्न समर्थ हुन्छन् । किन्तु, प्रत्येक बुद्धको हकमा कुरो एक्कदमै भिन्न हुन्छ । प्रत्येक बुद्धलाई आश्रवहरूलाई समूल नाश गर्नको निम्ति कसैको पनि पथ प्रदर्शन र मार्ग दर्शनमा आवश्यकता हुंदैन । ऊ आफैं आफ्नो मार्गलाई पत्ता लगाउंछ । तर सम्यक् सम्बुद्धको विपरीत, प्रत्येक बुद्ध आफूले प्राप्त गरेको सो ज्ञानलाई अन्य लोकजनलाई दुःखको अन्त्य गराउने मार्ग सम्म प्राप्त हुने गरी धर्मोपदेश दिन असमर्थ हुन्छ । बुद्ध शासनको लोप भइसके पछि मात्र प्रत्येक बुद्धहरू उत्पन्न हुन सक्तछन् । प्रत्येक शब्दको याहाँ अर्थ हो घटी वा कम वाला ।

५) बुद्ध

आर्य सत्य जम्मा चार प्रकारका हुन्छन् यथा, १) दुःख २) दुःख समुदय, ३) दुःख निरोध र ४) दुःख निरोध गामिनी प्रतिपद् ।

ती चतुरार्य सत्यलाई कसैको शिक्षा उपदेशको सहारा विना आफै जान्ने र चतुरार्य सत्यका सम्बन्धमा प्रत्येक सत्यको तीन तीन प्रकारले बाह्र आकारबाट यथार्थ विशुद्ध ज्ञान दर्शनलाई स्वयं लाभ गरी अन्य लोकजनलाई पनि ती आर्य सत्यको ज्ञान लाभ हुन सक्ने गरी धर्मोपदेश दिन सक्ने व्यक्तिलाई बुद्ध, सम्यक् सम्बुद्ध भनिन्छ ।

कुनै कुनै संसारमा शुरू देखि अन्त सम्म पनि कुनै पनि बुद्ध उत्पन्न नहुने पनि हुन्छन् । कहिले काहीं एक बुद्ध हुन्थे । कहिले काहीं दुई बुद्ध पनि उत्पन्न हुन्थे । कुनै पनि संसारमा पांच जवान भन्दा बढी बुद्ध उत्पन्न हुन सक्तैन । वर्तमान संसारमा चालु भद्र कल्पमा पहिले नै चार जवान बुद्धहरू उत्पन्न भइसके । भविष्यमा निकै लामो समय पछि एक जना बुद्धको उत्पत्ति हुनेछ ।

बुद्ध धर्मका ग्रन्थहरूमा उल्लेख भए अनुसार संसारमा उत्पत्ति भइसकेका बुद्धहरूको संख्या गंगाजीका बालुवाको संख्या भन्दा बढी हुन्छ ।

बाटोहरू

प्रकृति श्रावक हुन चाहने पुद्गलहरूको लागि यत्तिकै मार्ग तय गर्नु पर्छ भनी कुनै निश्चित मार्ग तोकिएको देखिन्न। महा श्रावक, अग्र श्रावक, प्रत्येक बुद्ध र सम्यक् सम्बुद्ध हुनको निमित्त इच्छुक साधकहरूले अवलम्बन गर्नु पर्ने मार्ग तोकिएका छन्। तो सबैले विभिन्न मात्रा र समय सम्म दश पारमिताहरू पूर्ण गर्नु पर्दछ। पारमिता भनेको संक्षेपमा भन्ने हो भने, आफ्नो लक्ष वा निर्दिष्ट स्थान सम्म पुग्नलाई हरेक इच्छुक व्यक्तिले पूरा गर्नु पर्ने कर्तव्य पथहरू हुन्। बुद्ध धर्ममा दश पारमिता, दश उप पारमिता र दश परमार्थ पारमिताको वर्णन पाइन्छ।

बुद्ध धर्मावलम्वीले ती ५ लक्ष मध्ये कुनै एक लक्षलाई आफ्नो लागि रोज्नु पर्दछ। आर्य श्रावक (अर्थात् प्रकृति श्रावक) को प्रथम लक्ष प्राप्त गर्न खोज्ने व्यक्तिले वर्तमान जीवन अवधि मै कम से कम प्रथम आर्य मार्ग (अर्थात् श्रोतापत्ति मार्ग) लाई प्राप्त गर्न भर मग्दूर प्रयास गर्नु पर्दछ। बांकी चार लक्षहरू प्राप्त गर्न चाहने व्यक्तिहरूले चाहिं यसै जीवनमै मार्गलाई प्राप्त गर्ने गरी त्यति टाढा सम्म जाने प्रयास गर्नु नपर्ने हुन्छ किनभने उनीहरूले प्रथम आर्य मार्गलाई प्राप्त गरिहालेको खण्डमा उनीहरूले सात वटा भन्दा बढी पुनर्जन्म ग्रहण गर्नु नपर्ने हुन जांदा दश पारमिताहरू सबैलाई पूर्ण गर्ने अवसर नै उनीहरूले नपाउने हुन जानेछ।

बुद्ध धर्म र आधुनिक विज्ञान

– आर. बि. वन्द्य

मानव सोचाइमा विज्ञान र प्रविधिको प्रभाव

विज्ञान र प्रविधिको क्षेत्रमा भएको अभूतपूर्व विकास र त्यस विकासको बढ्दो विश्वव्यापी प्रचार र प्रसारको फल स्वरूप उदय भएको आजको भौतिकवादी मानव सभ्यताको विकास र विस्तारले संसार भरिमै मानव सोचाइ र चिन्तन, धारणा र दृष्टि, इच्छा र आकांक्षामा ठूलो परिवर्तन ल्याइदिएको परिणाम स्वरूप आधुनिक मानिसको सामाजिक र सांस्कृतिक, नैतिक र धार्मिक मूल्य र मान्यताहरू, आग्रह र आकर्षण, प्रवृति र प्राथमिकतामा पनि समयको साथ साथै परिवर्तन हुंदै गरेका प्रत्यक्ष लक्षणहरू सर्वत्र देखा पर्न थालेका छन्। आधुनिक शिक्षाको प्रचार र प्रसारले ल्याएको पश्चिमी हावा, बिचार र सभ्यताको बढ्दो प्रभावको कारण आज विश्व भरिकै सर्वसाधारण शिक्षित जनमा पनि आ–आफ्ना पूर्व स्थापित सामाजिक एवम् धार्मिक मूल्य र मान्यताहरूलाई पुन: सन्देहको दृष्टिबाट हेरी तर्कपूर्ण विवेकको आधारमा परीक्षण, समीक्षा र पुनरावलोकन गर्ने सामान्य प्रवृतिले क्रमश: प्रोत्साहन पाउन थालेको देखिन्छ भने आधुनिक वैज्ञानिकहरू र वैज्ञानिक शिक्षाबाट प्रभावित आजका बुद्धिजीवी वर्गमा व्यक्ति, घर, परिवार, समाज र राष्ट्रले अध्ययन र अनुसन्धान गर्नु पर्ने, अभ्यास र आचरण गर्नु पर्ने, अनुशरण र अवलम्बन गर्नु पर्ने जुनसुकै बिषयमा रूढीबादी मत र दृष्टि, अन्ध श्रद्धा र बिश्वासको आधारमा होइन, अपितु तर्क

र विवेक न्याय र औचित्यको आधारमा हरेक विषयलाई स्वतन्त्रता पूर्वक वैज्ञानिक रूपमा अध्ययन र अनुसन्धान, प्रयोग र परीक्षण अनुभव र उपयोग गरी हेरी जांची मात्र कुनैं पनि विषय वस्तुलाई स्वीकार्ने र ग्रहण गर्ने, समर्थन गर्ने र अनुशरण गर्ने नयाँ पद्धति र प्रबृतिले उत्तरोत्तर रूपमा प्रोत्साहन र प्राथमिकता पाउन थालेको स्पष्ट देखिन्छ ।

भौतिकवादी युगको विसंगति

वैज्ञानिक खोज र अनुसन्धानको युगले एकातिर बुद्धिजीवीको समुदायमा मानव सोचाइको परिधि, क्षेत्र र विषयलाई यसरी खुला र विस्तृत गरी जुनसुकै मानवीय समस्या र विषयलाई वैज्ञानिक किसिमबाटै अध्ययन र अनुसन्धान गर्ने प्रबृतिलाई जन्माएको छ भने भौतिकवादी सभ्यता र व्यक्तिवादी दृष्टि-कोणले बढो प्रश्रय पाएको आजको युगले सर्वसाधारण जनमा आफ्नै स्वार्थलाई मात्र सर्वोपरि महत्व दिने प्रबृतिलाई पनि प्रोत्साहित गर्न थालेबाट सामान्यतः मानव मन र मस्तिस्कमा स्वार्थपूर्ण विकृतिले पनि प्रश्रय पाउन थालेको हुंदा आज विश्वमा सर्वत्र आपसी स्वार्थ बाझिएको कारणले व्यक्ति व्यक्तिमा, समाज समाजमा, राष्ट्र राष्ट्रमा कलह, विग्रह र अशान्ति फैलिएको पनि छ । यसले गर्दा आजको मानिस सदैव सम्भावित नक्षत्र युद्ध र परमाणु युद्धको भयावह परिणामबाट संत्रस्त भई बांच्न विवश छ । भौतिक विकासको क्षेत्रमा उन्नतिको चुलीमा पुगेका पश्चिमी जगतमा जहाँ सांसारिक दुःख, भय, त्रासलाई केही क्षणको लागि भए पनि बिर्सी पलायनवादी जीवन व्यतित गर्न लागू पदार्थको उपभोगको कृत्रिम उपायको अवलम्वन गरी दुर्व्यसनमा लागी पतित जीवन जिएर हिंड्ने प्रबृतिले आज युवा पिंढीलाई बिस्तारै बढ्दो मात्रामा समाउन खोजिरहेको आभास पाइन थालेको छ भने एक थरी बुज्रुगहरूमा त्यहीं भौतिकवादी सभ्यताको विकास र व्यक्तिमुखी दृष्टिकोणको अन्ध अवलम्वन र अनुशरणले मात्र

मानव समुदायमा शान्तिमय वातावरण र क्लेश रहित चिर सुख र शान्तिको लाभ हुन सक्तो रहेन छ भन्ने तथ्यको गम्भीर आभास भई शान्ति पथको खोजिमा पश्चिमी विद्वानहरूले पूर्वीय जगतको प्राचीन धर्म, संस्कृति र सभ्यताको अध्ययन र अनुसन्धानमा बढ्दो अभिरूची प्रदर्शन गर्दै यस दिशातर्फ आफ्नो समय, श्रम र साधनको उपयोग गर्न थालेका पनि पाइन्छन् ।

आधुनिक युगको दिशाबोध

यसरो विज्ञान र प्रविधिको विकासको आजको युग हर मानवीय समस्याको समाधानको खोजीमा स्वतन्त्रतापूर्वक लाग्ने अनवरत अध्ययन र अनुसन्धानको युग भएको छ, न्याय र विवेकको आधारमा, तर्क र औचित्यको आधारमा, प्रयोग, परीक्षण र अनुभवको आधारमा नयाँ नयाँ ज्ञान र सिद्धान्तको खोजी गर्ने, परम्परागत धर्म र दर्शनको नवीन अध्ययन र अनुसन्धान गर्ने युग भएको छ । ईशा पूर्व छैठौं शदीको युग र त्यस पछिका केही शताब्दी सम्मका युगमा पनि तत्कालीन धार्मिक सामाजिक परम्परामा आएको विकृतिलाई सुधार गर्न नै नयाँ नयाँ विचारकहरू, नयाँ नयाँ दार्शनिकहरू, नयाँ नयाँ धर्मगुरूहरू विश्वका विभिन्न भागमा उदय भएका थिए भन्ने तथ्यलाई इतिहासमा राम्ररी अङ्कित गरिएको पाइन्छ । भगवान बुद्ध पनि त्यही युगको हुनु हुन्थ्यो, त्यही युगकं खोजीको परिणाम थियो भनेमा अतिशयोक्ति हुने छैन ।

भौतिकवादी सभ्यताको चरम विकासको परिणाम स्वरूप उत्पत्ति भएको सामाजिक विकृति र अशान्तिको वातावरणको कारण आजको युग पनि शान्तिको खोजीको युग भएको छ, सुख शान्तिको सदाकांक्षाको युग भएको छ । विज्ञान र प्रविधिको उच्चतम विकासले पैदा गरेका अत्याधुनिक अध्ययन र अनुसन्धानका साधनद्वारा सुसम्पन्न आजको युगका विचारकहरू

खुल्ला मन मस्तिष्क लिई पूर्वाग्रहबाट सर्वथा मुक्त रही वैज्ञानिक पद्धतिको आधारमा पुराना विचार, धर्म र सिद्धान्तलाई पुन: परीक्षण गरी सही रूपमा अभ्यास र अवलम्बन गर्न र नयाँ नयाँ ज्ञान र विचारहरू पहिल्याउन प्रयत्नशील देखिंदैछन्, कटिबद्ध देखिंदैछन्, क्रमश: सक्षम देखिंदैछन् । तसर्थ आजको युग पुन: खुला चिन्तनको युग रहेको प्रतीत हुन्छ । गम्भीर चिन्तन र मनन, अध्ययन र अनुसन्धान, साधना र अभ्यासको लागि वर्तमान समय उपयुक्त समय हुने लक्षण देखिंदैछ ।

हो, आजको मानिसलाई केवल धर्म गुरूको कोरा आदेश र निर्देशन, परम्परागत स्वर्गको लोभ र आकर्षण र नरकको भय र त्रासले मात्र वशमा राख्न सकिन्न, चित्त बुझाउन सकिन्न, उसको आस्था, निष्ठा, श्रद्धा र विश्वासलाई जित्न सकिन्न । विज्ञान र प्रविधिले आज सम्ममा उसलाई उपलब्ध गराइसकेका साधनहरू र औजारहरूको समेत अधिकतम सदुपयोग गरी आजको मानिस आफ्ना पुराना मूल्य र मान्यता, धर्म र दर्शन, दृष्टि र धारणा, मत र सिद्धान्तलाई वैज्ञानिक अध्ययन पद्धतिको आश्रय लिई न्यायपूर्ण तर्क र विवेकपूर्ण अध्ययनको आधारमा पारख गरेर हिंड्ने, खोजी गरेर हिंड्ने, अनुभव र अभ्यास गरेर हेर्ने स्वतन्त्रताको पक्षपाती छ र यस प्रकारको उन्मुक्त वातावरण-को पक्षमा छ । ऊ विचारको संकीर्णता होइन, वैचारिक विशालताको पक्षधर छ, पूर्वाग्रह होइन, वैज्ञानिक प्रयोग र अनुभवको पक्षधर छ । त्यसैको कारण आज पनि पश्चिमी जगत-मा आफ्ना कुलगत परम्पराको विपरीत पूर्वीय जगतका पुराना धर्म र दर्शन, मूल्य र मान्यता, मत र विश्वासको व्यापक रूपमा अध्ययन र अनुसन्धान भइरहेको छ, बढ्दो मात्रामा अनुभव र अभ्यास गर्ने जमर्को भइरहेको छ, क्रमिक रूपमा अनुशरण र आचरण भइरहेको छ । यो प्रवृत्ति विश्व भरि नै आज फैलिंदो छ, विस्तारित हुंदैछ, प्रसारित हुंदैछ ।

बुद्ध धर्मको प्राथमिकता

आज भन्दा २६०० बर्ष अघि पनि भगवान बुद्ध अन्ध आस्तिकलाई भन्दा विवेकशील नास्तिकलाई बढी रूचाउनु हुन्थ्यो । कारण अन्ध आस्तिकमा श्रद्धाको बाहुल्य हुन सक्छ तर विवेकी नास्तिक सत्य र तथ्यको खोजीमा सतत: अग्रसर हुन सक्छ । सत्यलाई यथार्थ रूपमा साक्षात्कार गरे पछि आफू विश्वस्त भएर उसले सद्धर्मको सही अनुशरण गर्ने सम्भावना हुन्छ । सत्य मार्गमा अनि पर्वत झैं निश्चल र स्थिर भएर आत्म-विश्वासका साथ उसले बस्न सक्तछ, अड्न सक्तछ र सम्यक् रूपबाट अभ्यास र आचरण गर्न सक्तछ ।

वौद्ध धर्मले खोजको प्रबृतिलाई सदैव सर्वत्र प्रोत्साहित गरेको पाइन्छ यो कम महत्वपूर्ण संयोग होइन । त्यसैले विभज्ज-वादी बुद्ध धर्मलाई आजका प्रबुद्ध वर्ग वैज्ञानिक धर्मले सम्बोधन गर्न मन पराउंछन् । आधुनिक विज्ञानको उपलब्धि र बुद्ध धर्मको देन संग तुलना गरीकन गरिने अध्ययनले आज त्यसैले सम-सामयिक महत्व राख्तछ । २५७५ वर्ष अघि प्रतिपादित बुद्ध धर्म आजको विज्ञानको तुलनामा कुन कुन क्षेत्रमा कति अगाडि छ यस लेखमा संक्षेपमा चर्चा गर्ने प्रयास गरिने छ ।

सर्वोत्तम प्राणी मानिस र आध्यात्मिक खोज

यस पृथ्वीका सम्पूर्ण जीवधारी प्राणीहरू मध्ये मनुष्य नै हर प्रकारको दृष्टिबाट सर्वोत्तम, सर्वोत्कृष्ट र सुविकसित प्राणी ठहरिन आउंछ र यस सत्यलाई स्वीकार्ने दिशामा प्राचीन धर्म शास्त्रदेखि आधुनिक जीव शास्त्र जीव विज्ञान समेतमा कतै कहिल्यै मतभेद रहेको छैन । मानिस एक चिन्तनशील, भावुक, तर्कप्रिय, अनुमान शक्तियुक्त, विचारवान र विवेलशील प्राणी मात्र होइन, ऊ प्राकृतिक ज्ञान, स्थूल एवम् सूक्ष्म भौतिक एवम् रसायन शास्त्रीय ज्ञान जस्ता लौकिक ज्ञानदेखि लिएर नाम रूप-का धर्म स्वभाव, ६ प्रकारका धातुहरू समेतका परमार्थ धातु

स्वभाव, नाम रूपका उत्पत्ति, स्थिति र भङ्ग स्वभाव, यावत् हेतु धर्म र ती हेतु धर्मका निरोध धर्म स्वभाव, अनेक लौकिक लोकोत्तर ज्ञान, सम्पूर्ण ससंस्कृत धर्म धातुदेखि असंस्कृत निर्वाण धातु स्वभाव सम्मका लोकोत्तर परमार्थ प्रज्ञा ज्ञान समेतका अधिकारी रहि आएको छ । अन्य प्राणीहरू जहाँ आहार, भय, मैथुन, निद्रा जस्ता लोक व्यवहारमै भूली सोही व्यवहारमै चुर्लुम्म डुबीकन आफ्ना जीवन आफ्ना काल व्यतीत गर्दछन् भने मानिसले आफ्नो र आफू वरिपरिका संसार मात्रको रहस्य जान्ने बुझ्ने जिज्ञासा सम्ममा पनि सीमित नरही यस संसारको उत्पत्ति, विकास र विनाश कहाँ कहिले कसरी भएको वा हुने हो, प्राणी मात्रको जन्म र मृत्यु कहाँ कहिले कसरी हुन्छ र किन हुन्छ, प्राणीको अतीत जीवन थियो कि थिएन, मृत्यु पछि जीवनको अन्त्य हुन्छ कि हुन्न, जाति जरा व्याधि मरण भयबाट मुक्ति सम्भव छ कि छैन, प्राणीको जन्म, कर्म र मृत्युलाई नियन्त्रणमा राख्न सकिन्छ कि सकिन्न, कर्म फल र पुनर्जन्म, इहलोक र परलोकलाई आफ्नो इच्छानुकूल वशमा राख्न सकिन्छ कि सकिन्न, संसार र जाति, कर्म र मृत्युलाई नियन्त्रण, कुन मार्गद्वारा कसरी गर्न सकिन्छ भन्ने जस्ता जड र चेतन, सांसारिक र गैह्र सांसारिक, लौकिक र पारलौकिक, सकालिक र अकालिक, प्रज्ञप्ति र परमार्थ धर्म, संवृति सत्य र परमार्थ सत्य जस्ता धर्म अर्थ काम मोक्षादि चतुः वर्ग देखि निर्वाण, परिनिर्वाण सम्मका विषयमा ज्ञान, प्रज्ञा, अभिज्ञा, आलोक प्राप्त गर्न अनादि काल देखि अध्ययन अनुसन्धान, चिन्तन मनन, अन्वेषण गवेषण, खोज खबर, विश्लेषण विवेचना, जपतप, भाव भक्ति, साधना अभ्यास, ध्यान भावना आदि कार्यमा लगनशील भई सततः प्रयास गर्दै आइरहेको छ । यसैको क्रममा यस जगतमा आ–आफ्ना ज्ञान र दर्शन, प्रज्ञा र अनुभव, शिक्षा दिक्षा, मान्यता र परम्परा अनुकूल अनेक वाद र विद्या, अनेक शास्त्र र विज्ञान, अनेक धर्म र दर्शन, दृष्टि र धारणा, आस्था र विश्वास, मत र मतान्तरका उत्पत्ति र विकास,

व्याख्यान र विवेचना, प्रस्तुतीकरण र प्रतिपादन भए गरिएका छन् । मानिसका आ-आफ्ना शक्ति र सामर्थ्य, समझ र विवेक, इच्छा र अभिलाषा, आस्था र अभिरूची, निष्ठा र विश्वास, लक्ष र उद्देश्य, ज्ञान र प्रज्ञाको स्तर अनुकूल बिभिन्न ज्ञान र विज्ञान, धर्म र दर्शन, मत र मतान्तर धारण र पालन गरिआएका छन्, अनुशरण र अनुकरण गरिआएका छन्, अभ्यास र आचरण गरिआएका छन् । धर्म र दर्शनको नाउंमा "भस्मीभूतस्य देहस्स पुनरागमनं कुतः, अतः ऋणं कृत्वा घृतं पिवेत्" भन्ने जस्ता उच्छेद दृष्टि देखि "सर्वधर्मान् परित्यज्य मामेकं शरणं व्रज अहं त्वाम् सर्वपापेभ्यो मोक्षयिष्यामि, मा शूचः" भन्ने जस्ता भक्तिवादी दृष्टि, ईश्वर छैन, धर्म पाप छैनन्, कम र विपाक छैनन्, पुनर्जन्म छैन भन्ने जस्ता नास्तिक दृष्टि देखि परमं ब्रह्म परमात्मा, सृष्टिकर्ता परमेश्वर, सृष्टि कान्ता लोकेश्वर सम्मका आस्तिक वाद, द्वैतवाद र अद्वैतवाद देखि नेति नेतिको सूक्ष्म दर्शन, शून्यवादी दर्शन देखि हेतुवाद-कर्मवाद-विभज्जवाद सहित-को अनत्तवादी गम्भीर दर्शन सम्मका धर्म र दर्शन, दृष्टि र सिद्धान्त, वाद र मतमतान्तरहरू प्रस्तुत र प्रतिपादन भए गरिएका छन् । आ-आफ्ना श्रद्धा निष्ठा र विश्वास अनुसारका मत वा वादलाई सर्वश्रेष्ठ, सर्वोत्तम, निर्विकल्प ठहऱ्याउन विज्ञ श्रद्धावानहरू, भक्त पण्डित जन र आस्तिक विद्वत् वर्ग आपसमा धर्म शास्त्रार्थ, बहस पैरवी, सत्संगत, धर्म साकच्छा, धर्म श्रवण र प्रवचन प्रचार र प्रसार गर्ने कार्यमा संलग्न रहन्छन् भने पूर्वाग्रह पोडित अल्पज्ञ अन्धा अनुयायीहरू र अन्ध भक्तहरूका बीच आपसमा अनावश्यक वादविवाद, अनुचित जोर जुलुम र अनुपयुक्त प्रचार प्रसार भई झैं झमेला र झगडा व्यर्थका तर्क र वितर्क, आपसी मनमुटाव र भेदभाव पनि भए गरिएका पाइन्छन् । सम्पूर्ण धर्म र दर्शनको मूल उद्देश्य नै प्राणी मात्रको दुःखबाट मुक्तिको प्रयास र "वसुधैव कुटुम्बकम्" को भावनाको जागरण हुनु पर्छ भन्ने मानवोपयोगी मूल सत्यलाई नबुझदा आ-आफ्ना

वाद र मतलाई जबर्जस्ति अरू माथि थोपर्न चाहने कारणले गर्दा मानव इतिहासले मानव मानवका बीच असंख्य रीस इबी, ईर्ष्या द्वेष, मारकाट घात प्रतिघात, संघर्ष र झगडा चलेको पनि देखि सकेको छ, कैयन् सभ्यताको उत्थान र पतन भएको पनि हेरेको छ र धर्म र दर्शनको नाउंमा स्वयं धर्मकै मर्मको पनि घोर अवहेलना र उपेक्षा उपहास् र परिहास हुने काम भए गरेको पनि देखेको छ ।

दर्शन र दार्शनिक

धर्म र दर्शन भन्ने कुरा वास्तवमा जीवनको बहुत उत्कृष्ट विचार, उन्नत विवेक, गम्भीर प्रज्ञा र प्रगाढ चिन्तनको विषय हुंदा विशाल हृदयको व्यापक दृष्टिबाट चिन्तन र मनन गरिने र आचरण र अभ्यास, धारण र पालन गरिने विषय हुन् । ससारका यावत् सत्व प्राणीको दु:ख दर्द प्रति भित्री अन्त:स्करण देखि नै हमदर्दी र सम्वेदनशील रही मैत्री, करुणा, मुदिता, उपेक्षा जस्ता चतुर्ब्रह्म विहारमा विहार गरी "वसुधैव कुटुम्वकम्" को पुण्य सिद्धान्त र भावनालाई अंगाली अज्ञानीजनको अज्ञानता प्रति करूणाको वर्षा गर्ने ब्यक्ति नै वस्तुत: सच्चा अर्थमा धार्मिक र दार्शनिक मानिन्छ । जीवन र संसारलाई तुच्छ सम्झी लोकोत्तर ज्ञानको खोजीमा संलग्न रहने यस्ता पुद्गल जाति वा वर्गगत संकीर्णता, पुरोहितवादी सीमित स्वार्थ, रूढीबूढो चलनको घेराबाट सर्वथा माथि उठेको हुनु पर्छ । धर्म भनेको कुरा स्वेच्छाले स्वअनुभूतिले धर्मको मर्म र रहस्यलाई जानी बुझीकन आ-आफ्ना आस्था र विश्वास, लक्ष र उद्देश्य अनुकूल मुक्तिको विशुद्ध कामनाले सच्चा हृदयले अवलम्वन र अनुशरण गरिने परिशूद्ध धर्माचरण अनुशासन हो । धर्म र दर्शनका विषयमा कुनै पनि काम कुरा हुंदा गर्दा पूर्वाग्रहबाट सर्वथा मुक्त रही ज्ञानोपार्जन गर्ने विशुद्ध नियतले स्वतन्त्रतापूर्वक स्वेच्छाले स्व-अनुभूतिको आधारमा यस्ता काम कुरा हुनु गरिनु बाञ्छनीय हुन्छ ।

दुई किसिमका धर्म

यस संसारमा प्रचार, प्रसार र प्रचलनमा रहेका विभिन्न धर्म, मत वा सिद्धान्तहरूलाई व्यापक रूपबाट वर्गीकरण गर्ने हो भने तिनलाई आत्मावादी धर्म र अनात्मावादी धर्म, मानवको अनन्त शक्ति र सामर्थ्य माथि जोड दिने प्रज्ञावाद र ईश्वरीय सत्ताको सर्वशक्तिमान शक्ति माथि निर्विकल्प विश्वासलाई जोड दिने निष्ठावाद वा कर्मवाद र अकर्मवाद जस्ता दुई समूहमा वर्गीकरण गर्न सकिन्छ। बौद्ध धर्म र हिन्दु धर्म दुबैले देवी देवताहरूको मान्यता कुशलाकुशल कर्म र तिनका विपाकको मान्यता र अतीत जीवन र पुनर्जन्मको सिद्धान्तको मान्यता प्रदान गर्ने भएकोले संसारका अन्य धर्म र वाद भन्दा बौद्ध धर्म र हिन्दु धर्म एकदम फरक रहेको पाइन्छ भने केवल बुद्ध धर्मले मात्र 'अत्ता हि अत्तनो नाथो" को दर्शन र हेतुवाद विभज्जवाद माथि जोड दिनाको साथै "सब्बे संखारा अनिच्चा, सब्बे संखारा दुक्खा र सब्बे धम्मा अनत्ता" भन्ने त्रिलक्षणलाई आफ्नो धर्म र दर्शनको आधार मान्ने भएकोले अनत्तवादी धर्मको रूपमा बुद्ध धर्मको मात्र एउटा अलग अस्तित्व र भिन्न आदर्श कायम रहेको पाइन्छ ।

बुद्ध धर्म र विज्ञान बीचको सामीप्यता

आधुनिक वैज्ञानिकको नजरबाट हेर्दा पनि बुद्ध धर्मले वैज्ञानिक धर्मको मान्यता पाएको देखिन्छ। किनभने अनन्त ज्ञानको खोजीमा संलग्न आधुनिक वैज्ञानिकले जसरी कुनै पनि सिद्धान्तको प्रतिपादन गर्दा निश्चित ज्ञात तथ्यहरू र अनुमानहरू-बाट अध्ययनको काम शुरू गरी आफ्नो अध्ययन र अनुसन्धान, प्रयोग र परीक्षणको माध्यमवाट सो तथ्य प्रमाणित गरेर मात्र स्वयंको अनुभूतिको आधारमा सो सिद्धान्त ठीक हो भनी प्रति-पादन गर्दछ, बुद्धले पनि धर्मको क्षेत्रमा त्यसरी नै वैज्ञानिकले झैं खुल्ला मनले सत्य पत्ता लगाउने उद्देश्यले स्वयं तपस्या गरी

गहन अध्ययन, मनन, चिन्तन गरी परीक्षा गरीकन मात्र चतुरार्य सत्य मध्यम प्रतिपदको प्रतिपादन गर्नु भएको पाइन्छ । बुद्ध धर्मावलम्वीलाई यो धर्म ग्रहण गर्दा आधुनिक विज्ञानकैं तौर तरीका अनुरूप व्यक्ति स्वयंले जाँची बुझी परीक्षा गरी आफ्नं अनुभव, ज्ञान र विवेकबाट सत्य सिद्ध गरेर मात्र धर्म ग्रहण गर्न आह्वान गरिएको छ। बुद्ध धर्मका केही विशेषता हुन्–सु-आख्यात हुनु, आदौ कल्याणं, मध्ये कल्याणं, पर्यवसान कल्याणं" हुनु, अकालिक हुनु र एहि पस्सिको हुनु । वैज्ञानिकलाई विज्ञानको अध्ययनमा जसरी हालसम्म प्रतिस्थापित सिद्धान्तहरूलाई काम चलाउ सिद्धान्त (Working hypothesis) सम्म मानी सन्देह-को दृष्टिले आफ्नो अध्ययन प्रारम्भ गर्ने छुट रहन्छ, त्यसरी नै प्रतिस्थापित धर्म माथि सन्देह गरी आफ्नै बुद्धि, विवेक, ज्ञान र अनुभवको कसौटीमा घोटी परीक्षा गर्दा पनि सत्य देखिएमा मात्र यो धर्म ग्रहण गर्ने छुट र स्वतन्त्रता बुद्ध धर्ममा मात्र पाइन्छ । (हेर्नोस्-केसपुत्तिय सुत्त, अंगुत्तर निकाय) । तसर्थ आधुनिक वैज्ञानिकको दृष्टिबाट पनि यो धर्म विशुद्ध वैज्ञानिक छ । आधुनिक विज्ञान र बुद्ध धर्मका वीचको एउटा असाधारण समानता र सामाप्यको क्षेत्र यहाँबाट प्रारम्भ हुन्छ ।

बुद्ध धर्म र अन्य धर्ममा विभेद

बुद्ध धर्मका विशिष्ट विद्वान् उपासक वर्माका भूतपूर्व प्रधानमन्त्री ऊ नु को विचारमा बुद्ध धर्म र संसारका अन्य धर्महरूका बीचमा निम्न सात विषयमा मौलिक भिन्नता रहेको पाइन्छ । यथा,

प्रथम विभेद

अन्य धर्ममा संसारलाई सृष्टि गर्ने एकदम शक्तिशाली पर-मात्माको अस्तित्वको मान्यता पाइन्छ ।

बुद्ध धर्मले पृथ्वी, आप, तेज, वायु, आकास र मन धातुको स्वभावको परिणाम स्वरूप उत्पत्ति हुने नाम रूपको संयोग र

प्रवाहलाई नै संसारको उत्पत्ति, स्थिति र विनाशको हेतु मान्ने हुंदा यस धर्ममा नाम रूपलाई सृजना गर्ने ईश्वरीय सत्ताको मान्यता पाइन्न ।

द्वितीय विभेद

अन्य धर्ममा ईश्वर र देवताहरू बास गर्ने देवलोक-१, मनुष्य लोक-१, पशुलोक-१, र नरक लोक-१ गरी कूल चार लोकको अस्तित्व मानिन्छ ।

बुद्ध धर्मले २० ब्रह्मलोक, ६ देवलोक, १ मनुष्यलोक, र ४ अपायलोकको अस्तित्वलाई मान्दछ ।

तृतीय विभेद

अन्य धर्मका अनुसार स्वर्ग र स्वर्गवासी देवताहरू नित्य र अजरामर हुन्छन् ।

बुद्ध धर्मका अनुसार अनित्यताको सर्वव्यापी नियमको अपवाद भन्ने कुनै सत्ता र लोक छैन ।

चतुर्थ विभेद

अन्य धर्मका अनुसार सर्वशक्तिमान् ईश्वरकै इच्छा अनुसार संसार चल्दछ र लोकजनले स्वर्ग र नरकमा प्रवेश पाउँछन् ।

बुद्ध धर्मले हेतुवाद र कर्मवादलाई मात्र मान्यता दिन्छ र संसारको सुख दुःख, स्वर्ग र नरकवास जम्मै कुशलाकुशल कर्मका विपाक हुन् भन्ने कुरालाई मान्दछ ।

पञ्चम विभेद

अन्य धर्ममा आत्मा र परमात्माको मान्यता हुन्छ ।

बुद्ध धर्मले अनात्मवादलाई आफ्नो दर्शनको मूल आधार मानिआएको छ ।

षष्ठम विभेद

अन्य धर्मको अन्तिम लक्ष हो अनन्त सुखवाला स्वर्गवास र अजरामर जीवनको लाभ गर्नु ।

बुद्ध धर्मको मूल उद्देश्य चाहिं जाति (पुनर्जन्म) लाई निःशेष रूपवाट निरुद्ध गरी निर्वाण प्राप्त गर्नु हो ।

सप्तम विभेद

अन्य धर्मले प्राणी मात्रलाई सुख र दुःख, स्वर्ग र नरकको फल दिन सक्ने सर्वशक्तिमान् परमेश्वर प्रति अनन्य निष्ठा राख्नै पर्ने र ईश्वरको पूजा अर्चना गर्नै पर्ने वाध्यता गरेको पाइन्छ ।

बुद्ध धर्मले बुद्ध प्रतिको श्रद्धा, पूजा र प्रार्थनाले मात्र निर्वाण सुलभ हुने कुरालाई मान्यता नदिई निर्वाणलाई साक्षात्कार गर्न पुद्गल स्वयंले विपश्यना भावनाको अभ्यास गर्नै पर्ने कुरामा जोड दिन्छ । किनभने भगवान बुद्धले भन्नु भएको छः–

"तुम्हेहि किच्चं आतप्पं अक्खातारो तथागता ।
पटिपन्ना पमोक्खन्ति झायिनो मारबन्धना ।।"

धम्मपद २०.४ (२७६)

अर्थ

तिमीहरूले स्वयं नै आ–आफ्ना काम गर्नु पर्दछ । तथागतले केवल मार्ग मात्र देखाइदिन्छ । ध्यान गर्ने मार्गमा जाने ध्यानी मार बन्धनवाट मुक्त हुन्छ ।

धर्मपद २०.४ (२७६)

बुद्ध धर्म र मानव धर्म

बुद्ध धर्मले मानिसलाई कुनै वाह्य शक्तिको दासता स्वीकार्ने शिक्षा दिनको विपरीत मानवोचित प्रज्ञाको विकास गर्न उत्प्रेरित गर्दछ । भदन्त डा. के. श्री धम्मानन्दको शब्दमा भन्ने हो भने बुद्ध धर्मले "मानिसको आफ्नो भाग्य आफ्नै हातमा छ र जीवनका सर्वोत्कृष्ट लक्ष हासिल गर्न सक्षम बन्न आवश्यक शक्ति र

प्रज्ञा मानिससंग आफैसंग छ र आफूसंग भएको यही अन्तर्निहित शक्ति र प्रज्ञाको विकास गरेर नै जीवनको सर्वोच्च लक्ष (निर्वाण) प्राप्त गर्न सकिन्छ भनी जोड दिई बुद्ध धर्मले मानिसको आत्म-निर्भरताको भावलाई समुचित रूपबाट सम्बर्द्धन गरिदिन्छ र मनुष्य जातिको प्रतिष्ठाको सम्वर्द्धन गर्दै मानिसलाई उसको बुद्धि विवेकको क्षमतालाई सुहाउने गरी समुचित सम्मान प्रदान गर्दछ ।" यो धर्मले धर्मको प्रयोजनको निम्ति मानिस होइन कि मानिसको उच्चतम हित, उन्नति र सहयोगको निम्ति धर्मको प्रयोजन हुन्छ भन्ने कुरालाई सिकाउँछ ।

बुद्ध धर्मलाई राम्ररी अध्ययन गर्ने सुअवसर नपाएका विद्वत् वर्ग, खास गरीकन पश्चिमी विद्वानहरूमा बुद्ध धर्ममा दैवी शक्ति र देवताहरूको अस्तित्वको कुनै मान्यता छैन भन्ने गलत धारणा रहेको पाइन्छ । वास्तवमा बुद्ध धर्मले पूर्व कुशल कर्मका कारणले अनेक ऋद्धि शक्ति सम्पन्न भएका देवताहरू र ब्रह्माहरूको अस्तित्वलाई मान्यता प्रदान मात्र गरेको छैन कि के कस्ता पुण्य कर्म गर्नाले कुन कुन देवलोक र ब्रह्मलोकमा जन्म ग्रहण गरिन्छ भन्ने विषयमा समेत यस धर्ममा विस्तृत चर्चा गरिएको पाइन्छ । विभिन्न मात्राका लौकिक लोकोत्तर ऋद्धि, सिद्धि, शक्ति र ज्ञान प्राप्त विभिन्न लोकका देव ब्रह्माहरूलाई मान्यता गरी श्रद्धा व्यक्त गर्ने बुद्ध धर्मावलम्बी बुद्ध धर्मबाट च्यूत वा भ्रष्ट हुन्छ भन्ने कुरा होइन । बुद्ध धर्म र संघलाई कृतज्ञतावश श्रद्धा प्रकट गर्न पूजा अर्चना गरे जस्तै अनेक मात्रामा ऋद्धि, सिद्धि, शक्ति र ज्ञान सम्पन्न विभिन्न देव शक्र ब्रह्माहरूलाई पनि पूजा अर्चना गर्दछ भने बुद्ध धर्मले कसैलाई निषेध गरेको छैन । हो, सम्यक् दृष्टिवाला बुद्ध धर्मावलम्वीले अनित्य दुःख र अनात्माका सर्वव्यापी नियमबाट कोही पनि अपवाद छैन भन्ने कुरालाई सदैव स्मरण गर्नु पर्दछ र केवल श्रद्धा, अर्चना, पूजापाठ, भक्ति उपासनाबाट नै मुक्ति-निर्वाण पाइन्छ भन्ने गलत धारणालाई

पन्छयाउन सक्नु पर्दछ। बुद्ध शासनको उदय कालमा शील समाधि सहितको उच्चस्तरको लोकोत्तर प्रज्ञाले सीधै निर्वाणलाई नै प्राप्त गर्न सक्ने सुअवसर सुलभ भइरहेको बेलामा स्वयं निर्वाणलाई लाभ गर्न सदुपयोग हुन सक्ने दुर्लभ मनुष्य जीवनको समय अन्य काम कुरामा खर्च गर्नु कतिको हितकारक र बुद्धि-मतापूर्ण हुन्छ भन्ने प्रश्न चाहिं भिन्नै प्रश्न हुन्छ। श्रावक प्रत्येक बुद्धयान (महायान), तन्त्र मन्त्र सहजयान समेत अनेक यान र सम्प्रदायमा विभाजित बौद्ध धर्म सबैले त्रिलक्षण धर्म स्वभावलाई मान्यता प्रदान गर्नाको साथै निर्वाण धर्मलाई लाभ गर्नुलाई नै आफ्नो अन्तिम लक्षको रूपमा मानिआएको पाइन्छ। भिन्नता छ भने सो लक्ष प्राप्त गर्न अपनाइने मार्गमा छ, तरीकामा छ, विधि विधानमा छ, तिनका प्राथमिकता निर्धारणमा छ। वस्।

मानव जातिको लागि सबै भन्दा महत्वपूर्ण विषय केही छ भने स्वयं मानिस नै छ भनी प्रसिद्ध पश्चिमा विद्वान कविले भनेको थियो। आज पनि सत्य यही छ। आधुनिक विज्ञानको द्रुततर विकासको गतिको बावजूद पनि मानव जातिको लागि अझै संसारको उत्पत्ति र विनाशको विषय जत्ति रहस्यपूर्ण छ त्यतिकै रहस्यमय विषय मानिस स्वयंको उत्पत्ति र विनाशको विषय रहिरहेकै छ। रोहितस्स देवपुत्रको प्रश्नको जवाफमा (हेर्नोस्– अंगुत्तर निकाय, चतुक्क निपात, रोहितस्स देवपुत्र सम्बन्धी) भगवान बुद्धले पनि भन्नु भएको थियो– 'आयुष्मान्! यही साढे तीन हात भरको लामो संज्ञायुक्त शरीरमा नै म लोक (संसार) को प्रज्ञप्ति गर्दछु, लोक-समुदयको, लोक-निरोध-को र लोक-निरोधतिर लैजानेवाला मार्गको प्रज्ञप्ति गर्दछु।" यसबाट पनि सम्पूर्ण ज्ञानको प्रारम्भ मानिसमै हुने तथ्य प्रष्ट हुन्छ।

विज्ञानको उपलब्धिपूर्ण विकास

अन्तर्मुखी धर्म र दर्शनले संसार र मानिसको रहस्यको व्याख्या गर्न विभिन्न सिद्धान्त र मतहरू प्रतिपादन गरे झैं बहिर्मुखी

आधुनिक विज्ञान पनि विगत केही शताब्दी देखि प्रकृति, मनुष्य र संसारकै रहस्यहरूको खोजीमा सक्रिय रूपमा संलग्न रहिआएको छ। भौतिक एवम् रसायन शास्त्रको क्षेत्रमा भएको महान् प्रगतिले आजको मानव समुदायलाई संसार, प्रकृति र यिनका उपलब्धिहरूका बारेको ज्ञानमा ठूलो वृद्धि भएको छ भने जीव विज्ञान, जनन विज्ञान (Genetics) र आनुवंशिक इन्जिनियरिंग (Genetic Engineering) को क्षत्रमा भएको अभूतपूर्व विकासबाट अचेतन, अर्द्ध चेतन र सचेतन प्राणीहरूको उत्पत्ति, संतती र विकासको विषयको मानव ज्ञान राशीमा पनि अप्रत्याशित रूपबाट अभिबृद्धि भएको पाइन्छ। आज समय र दूरी माथिको मानिसको अधिकार र नियन्त्रण बढ्दो छ। स्थूल र सूक्ष्म, आन्तरिक र बाह्य शक्ति माथिको मानिसको ज्ञान र पहुंच फलिदो छ। अन्तरीक्ष, आकाश र कालको खोजी बढ्दो मात्रामा जारी छ। आजको मानिस एक पृथ्वी, एक सौर्य मण्डल र एक ज्योतिर्मण्डल विषयको ज्ञानमा मात्र सीमित परिमित छैन। बल्कि यस संसारमा सयौं हजारौं अल्याखौं ज्योतिमण्डलहरू विद्यमान छन् भन्ने कुराको ज्ञान र आभास आजको मानिसलाई छ। बुद्धका जीवनीको सिलसिलामा ठाउँ ठाउँमा वर्णन गरिएका बुद्ध जन्म सम्बन्धी असाधारण घटनाबाट प्रकम्पित दश हजार लोक धातु र असंख्य चक्रवालको अस्तित्व र प्रभावलाई आजको वैज्ञानिकले वैज्ञानिक खोजकै क्रममा छिटै प्रमाणित गर्ने स्थिति नआउला भन्न सकिन्न। धर्म र दर्शनले आन्तरिक साधन र प्रज्ञा ज्ञानका आधारमा प्रतिपादन गरेका कतिपय कुराहरूको सत्यतालाई प्रमाणित गर्ने वा अन्यथा साबित गर्ने अवस्थामा आज विज्ञान आइपुगेको छ। आजको विज्ञानले आफ्ना सिलसिलावद्ध बस्तुगत अध्ययन र अनुसन्धानको परिणामबाट कतिपय मानिसका पुराना धारणाहरू, धार्मिक अन्धविश्वासहरू र कोरा अनुमान र कल्पनाहरूलाई गलत र निःसार प्रमाणित गरिदिएको छ भने कतिपय धार्मिक र दार्शनिक मान्यताहरू र विश्वासहरूलाई वैज्ञानिक

विश्लेषणबाट समेत सत्य सावित गरिदिएको पनि छ। किनभने विज्ञानले कुनै पनि कुरालाई यसको वाह्य स्वरूपको भरमा मात्र मोहित भई वा पूर्वाग्रहद्वारा पीडित भई स्वीकार वा अस्वीकार गर्दैन। वरू त्यस कुरालाई केलाई, फारी र अनेक प्रकारका प्रयोग र परीक्षण गरी निस्केको तथ्यलाई विश्लेषण गरेर मात्र वैज्ञानिक कुनै पनि कुराको निस्कर्षमा पुग्दछ र ग्रहण गर्दछ।

भौतिक विज्ञान र बुद्ध धर्म

भौतिक क्षेत्र र रासायनिक क्षेत्रमा आज विज्ञानले ठूलो विकास गरिसकेको छ। सामान्य व्यक्तिको मांस चक्षुको अगाडि हाड, छाला, मासु, सुन, चाँदी, माटो, ढुंगा, फलाम, हावा, पानी, किरण आदिका रूपमा देखिने भौतिक पदार्थलाई सूक्ष्मातिसूक्ष्म रूपमा विभाजित गर्दै केलाउँदै लगी सूक्ष्म दर्शक यन्त्रको सहायताले विज्ञानले प्रत्येक पदार्थलाई कण कणमा, अणु अणुमा र विद्युत तरंग स्वभावका परमाणु परमाणुमा मात्र विभाजन गर्न सफल भएको होइन, सामान्य सूक्ष्मदर्शक यन्त्रको सहायता सम्मले पत्ता लगाउन नसकिने अति सूक्ष्म रूप परमाणुलाई पनि आजको विज्ञानले गणित, अति सूक्ष्मदर्शक विशिष्ट यन्त्र र रासायनिक प्रक्रियाको आधार लिई ती विद्युत तरंग स्वरूपका परमाणुलाई इलेक्ट्रन, प्रोटन र न्यूट्रन जस्ता विद्युत गति वा तरंग सम्ममा विश्लेषण गर्न सफल भएको छ। सो परमाणु भित्र रहेका इलेक्ट्रन, प्रोटन, न्यूट्रनको संख्या र गतिलाई समेत पहिचान गरी आज विज्ञानले कुन कुन परमाणु भित्रको केन्द्रिका (Nucleus) मा के कति संख्यामा प्रोटन र न्यूट्रन हुन्छन् र कुन कुन परमाणुका ती केन्द्रिकालाई के कति इलेक्ट्रनले कुन कक्षमा कसरी फन्को लगाइ रहेका हुन्छन् भन्ने विस्तृत कुरा सम्म मात्र पत्ता लगाएको होइन कि केन्द्रिका र इलेक्ट्रनका कक्ष भित्र शून्य स्थान (आकाश) हुन्छ र ती इलेक्ट्रनले प्रकाशको गतिले अर्थात् झण्डै १,८६,०००

मील प्रति सेकेण्डको गतिले केन्द्रिकालाई फन्का मारिरहेका हुन्छन् भन्ने कुरा पनि सिद्ध गरेको छ। विज्ञानले हामीलाई के पनि बताएको छ भने पृथ्वी १००० मील प्रति घण्टाको दरले घुमिरहेको छ र यस्तै घुम्दै घुम्दै ३६५ दिनमा स्वयं सूर्यलाई पनि पृथ्वीले फन्को मार्ने गर्दछ। सूर्यको विशाल मण्डल नक्षत्र प्रणाली १३ मील प्रति सेकेण्डका दरले घुमिरहेको छ भने नक्षत्र प्रणालीले २०० मील प्रति सेकेण्डका दरले आकाश गंगालाई र सम्पूर्ण आकाश गंगाले १०० मील प्रति सेकेण्डका दरले अति दूरस्थ ज्योतिर्मण्डलका साथ साथै एक आकाशीय विन्दुलाई केन्द्र मानी घुमिरहेको छ। यसरी विज्ञानले के सिद्ध गरेको छ भने हाम्रा मांश चक्षु अगाडि स्थीर देखिने स्थूल पृथ्वी, सूर्य, नक्षत्र, आकाश गंगा, ज्योतिर्मण्डल सबै घुमिरहेछन् सम्पूर्ण विश्व, पृथ्वी, पदार्थ आदिका मूल भौतिक आधारका रूपमा रहेका रूप धातु पदार्थका अति सूक्ष्मातिसूक्ष्म रूपका विद्युत तरंग स्वभावका परमाणुका इलेक्ट्रन पनि केन्द्रिकालाई केन्द्र बिन्दु मानी घुमिरहेका छन्। एक एक परमाणु स्वयंमा एक एक सौर्य मण्डल सरह छ। यसरी सारा संसार नै गतिशील भइरहेको छ। सम्पूर्ण विश्व नै घुमिरहेका छन्। यस संसारमा द्रव्य र उर्जा दुई सत्ता होइनन्। उर्जा र द्रव्यमान एक अर्कामा परिवर्तन हुन सक्छन्। उर्जाको वृद्धिको कारणले द्रव्यको मात्रामा वृद्धि हुन्छ भने द्रव्यको गतिशीलतावाट उर्जाको उत्पत्ति हुन्छ। उपर्युक्त विश्लेषणको क्रममा नै विज्ञानले यो पनि सिद्ध गरेको छ कि व्यवहारमा हामीलाई स्थूल, ठोस र स्थीर पदार्थको रूपमा देखिने वहुत साह्रो र कडा वस्तु पृथ्वी देखि लिएर संसारमा पाइने यावत् रूप धातु पदार्थ जे जति छन् ती सबै नै वास्तवमा नित्य प्रवाहको अवस्थामा रही असंख्य शिघ्रताका साथ उत्पत्ति र विनाश हुंदै निरन्तर परिवर्तनका अवस्थामा रहेका तिनै विद्युत कणहरू वा तरंगहरू जस्तै प्रोटन, न्यूट्रन र इलेक्ट्रनवाट निर्मित हुनाले ती सबै वस्तुहरू क्षण क्षणमै परिवर्तन हुने स्वयंमा

एक घडी पला विपला पनि स्थीर नरहने, गतिशील अनित्य तरंग वा तरंग स्वभाव मात्र हुन्। ती तरंगहरू उत्पत्ति हुंदै गतिशील हुँदै विनाशमा प्राप्त भइरहेका छन्। आजको विज्ञानले बुद्ध धर्ममा उल्लेख गरिएको "संसरन्ति'ति संसार" को परिभाषालाई वैज्ञानिक विश्लेषणबाटै प्रमाणित गर्दै रूप धातु विशेषको अनित्यता र परिवर्तनशीलतालाई सिद्ध गरेको छ। यथार्थमा संसार गतिशील छ, परिवर्तनशील छ, अनित्य छ। यस संसारका यावत् पदार्थ वस्तुतः जरैदेखि गतिशील छन्, परिवर्तन शील छन्, अनित्य छन्। विज्ञानको विकासले बीसौं शताब्दीमा आएर संसार प्रतिको बौद्ध दृष्टिकोणलाई र बौद्ध अनित्यवाद-लाई निरापवाद रूपमा स्वीकार गरेको छ। जुन कुरा अनित्य छ, जुन कुराको निरन्तर परिवर्तन र व्यय धर्मलाई एक क्षण पनि रोक्न सकिन्न त्यो सुख हुन सक्तैन। त्यस्ता कुरा स्वतः दुःखको कारण हुनु पर्छ। किनभने यसको दुःख यसको उत्पत्ति र विनाशमै निहित छ, अन्तर्निहित छ। वौद्ध दर्शनमा दुई प्रमुख आधारशीला -अनित्य र दुःखलाई यसरी आज विज्ञानले भौतिक विश्लेषण गरेरैं प्रमाणित गरिसकेको छ।

जनन विज्ञान र बुद्ध धर्म

भौतिक विज्ञानको इलेक्ट्रोनिक्स र माइक्रोइलेक्ट्रोनिक्स र रसायन विज्ञानको क्षेत्रमा भएको प्रगतिले आज मानव जीवनको रहन सहन र दैनिक जीवनका कैयन गतिविधिहरू माथि ठूलो प्रभाव पारिसकेको छ र मानिसको जीवनमा भौतिक सुख सुविधा जुटाउन यसले ठूलो मदत पुऱ्याएको छ। त्यस्तै जीव विज्ञान-जनन विज्ञान (जेनेटिक्स) र आनुवंशिक इन्जिनियरिंग (जेनेटिक इन्जिनियरिंग) को क्षेत्रमा भएको अभूतपूर्व प्रगतिले मानव जीवनको शारीरिक, बौद्धिक, आर्थिक, सामाजिक र सांस्कृतिक पक्षमा निकट भविष्यमै महत्वपूर्ण प्रभाव र परिवर्तन ल्याउने पूर्व संकेतहरू देखा परिसकेका छन्। भौतिक शास्त्रीले स्थूल

पदार्थलाई सूक्ष्मातिसूक्ष्म रूपमा परमाणु, प्रोटन, न्यूट्रन, इलेक्ट्रन सम्ममा विभाजित गरे झैं जनन विज्ञान र आनुवंशिक इञ्जिनियरिगको क्षेत्रमा जनन शास्त्रीहरूले प्राणी मात्रमा पाइने एक कोषोय (Single cell) जीवहरू जस्तै बैक्टेरिया (Bacteria) र भाइरसहरू (Viruses) को जीवाणुकोष (cell) को पहिचान गर्नाको साथै जीवधारी प्राणीहरू र मानव शरीरका अंग प्रत्यंगहरूलाई समेत सूक्ष्मातिसूक्ष्म रूपबाट फार्दै विभाजित गर्दै केलाउँदै लगी के कुरा पत्ता लगाएका छन् भने एक सामान्य मानिसको शरीरमा ११ पाइन्ट रगत हुन्छ भने एक जना मानिसको शरोरमा करीव दश खरब जति सूक्ष्म रूपका जीवाणु कोषहरू हुन्छन् । स्त्री र पुरुष दुवै जातिका मानव शरीरमा पाइने यो जीवाणु कोषहरू मध्ये अधिकांशको जीवन निमित्त केन्द्रिका (Nucleus) को जरूरत पर्दछ । प्रत्येक जीवाणु कोष स्थित केन्द्रिकामा जोडा जोडाका रूपमा रहने २३ जोडा केन्द्रिका रेशाहरू (Chromosomes) अर्थात् ४६ वटा केन्द्रिका रेशाहरू हुन्छन् । जैविक अणु, डि. एन. ए. (Deoxyribose Nucleic Acid or DNA) भनेको यिनै केन्द्रिका रेशाको एक भाग हो । डि. एन. ए का अणुहरू मिली वंशाणु बनेका हुन्छन् । तसर्थ डि. एन. ए. का एक अशका रूपमा रहेको वंशाणु (Gene) ले आमाबाबुका स्वरूप, लक्षण, स्वभाव र अन्य गुण जस्ता वंशानुगत गुण (genetic information) लाई तिनका सन्ततीमा प्रसारण गर्दछन् । मानव शरीरमा करीब दश खरबको संख्यामा विद्यमान रहेका यी जीवाणु कोषको प्रत्येकको आकार नै एक मिलिमीटरको सय खण्डको एक खण्ड भन्दा सूक्ष्म रूपको हुन्छ भने ती जीवाणु कोषको पनि सूक्ष्म रूपको केन्द्रिकामा रहने २३ जोडा केन्द्रिका रेशाहरू अर्थात् ४६ केन्द्रिका रेशाहरू कति सूक्ष्म हुन्छन् भन्ने कुरा स्वतः कल्पना गर्न सकिन्छ । लामो धागोको आकारको केन्द्रिका रेशाको पनि खण्ड मात्र रहेको मसीनो लामो धागोको रूपमा देखिने जैविक अणु, डि. एन. ए. को चौडाइ त

अरु केवल ३४ ए (अर्थात् ३४ आंग्स्ट्राङ) मात्र हुन्छ। यसरी ३४ ए मात्र चौडाइको जैविक अणु, डि. एन. ए. को लम्बाइमा पनि करीव १०,००० वंशाणुहरू रहन्छन्। तसर्थ वंशाणुको रूप त यति सूक्ष्मतर हुन्छ कि यसलाई सूक्ष्म दर्शक यन्त्रबाट पनि देख्न सकिंदैन। १ ए भनेको १ मिलिमीटरको एक करोड खण्डको एक खण्ड मात्र हो भन्ने कुरा यहाँ उल्लेखनीय छ। यसबाट जनन विज्ञान र आनुवंशिक इन्जिनियरिंग जस्ता आधुनिक जीव विज्ञानले सूक्ष्मातिसूक्ष्म रूपलाई निकै सूक्ष्मताका हद सम्म विश्लेषण र विभाजन गर्न सकेको कुरा स्पष्ट हुन्छ।

बुद्ध धर्ममा पनि आमाको गर्भमा प्रतिसन्धि ग्रहण गरी जीवन शुरू गर्ने मानिस जस्ता जीवधारी प्राणीहरूको जीवन पूर्व-जन्मका बीज एक, आमाको रस धातु बीज एक र बाबुको रस धातु बीज एकको संयोगबाट बनेको सूक्ष्म अति साना मांसचक्षुले देख्न कठीन पर्ने कलल रूपबाट शुरू हुन्छ भन्ने कुरा समुल्लेख भएको पाइन्छ। कर्म, चित्त, ऋतु, आहारका हेतुबाट उत्पन्न यिनं रूप सन्ततीका धारा वा प्रवाह अविच्छिन्न रूपबाट जारी भई मानिस क्रमशः बाल, तरूण र वयस्कको रूपमा वृद्धि हुन्छ र यो रूप सन्ततीका प्रवाह कायम रहेसम्म रूप जीवित भइ-रहन्छ भन्ने कुरा पनि सो ग्रन्थमा उल्लेख गरिएको छ। आधुनिक जीव विज्ञानले पनि मनिस स्वयं बाबुबाट प्राप्त पुरूष लैङ्गिक (male gammete) को केन्द्रिका (Nucleus) र आमाबाट प्राप्त स्त्री लैङ्गिक (Female gammete) को केन्द्रिकाको संयोगबाट उत्पन्न भएको युग्मज (Zygote) नामक एक सूक्ष्म कोष (कलल रूप) बाट वृद्धि भई शुरू भएको हो भन्ने कुरा सिद्ध गरेको छ। मानिसका जीवाणु कोषहरू माइटोसिस नामक विभाजन क्रियाबाट स्वतः विभाजित हुंदै डबलिंदै चौबरिंदै निरन्तर नयाँ नयाँ आफ्नै किसिमका कोषहरू उत्पन्न गर्दै जान्छन्। माइटोसिस (Mitosis) को यिनै कोषहरूको निरन्तर विभाजन

क्रयावाट थरी थरीका कोषहरू निर्मित भई मानिसका हात, गोडा, मुटु, कलेजो, आन्द्रा, मगज, हाड आदि थरी थरीका अग प्रत्यंगहरू उत्पन्न हुन्छन् । प्रत्येक जीवनले खाएको खाद्य पदार्थबाट नयाँ नयाँ कोषहरू बनाउँछन् र शरीरको गठन हुन्छ । शरीरका विभिन्न क्रयाहरू संचालन गर्न आवश्यक शक्ति कोषहरू वा खाद्य पदार्थका मृदुदहन (Slow combustion) बाट प्राप्त हुन्छ । मानव शरीरमा नयाँ नयाँ तन्तुहरू (tissues) निर्माण हुने र पुराना तन्तुहरू क्षय हुने रासायनिक क्रया निरन्तर रूपमा चलि नै रहन्छन् । पुराना तन्तुहरूको क्षयको दांजोमा नयाँ नयाँ तन्तुहरूको उत्पत्तिको प्रक्रया बढी रहेर नै युग्मज नामक सूक्ष्म कलल रूपवाट शुरू भएको मानिस क्रमशः वालक, तरुण र पूर्ण वयस्कको रूपमा विकसित हुन, वृद्धि हुन सकेको हो । नयाँ तन्तुहरूको निर्माण हुनुको दर भन्दा पुराना तन्तुहरूको क्षय दर बढी हुँदै गएमा शरीर पनि क्षीण हुँदै जरताको विकास हुने हुन्छ । मानिसको जीवनको निमित्त जीवाणु कोषहरूको आवश्यकता रहे जस्तै ती जीवाणु कोषहरू मध्ये अधिकांश कोषको जीवन निम्ति केन्द्रिकाको जरूरत पर्दछ । केन्द्रिकालाई कोषबाट झिकिदिने हो भने बाँकी साइटोप्लाजम (Cytoplasm) को तत्काल मृत्यु भई हाल्छ । यसरी आधुनिक जीव विज्ञानले आमा-वावुको रस धातु बीजका संयोगद्वारा निर्मित अति सूक्ष्म कलल रूपवाट मानिसको जीवन प्रारम्भ भई रूप सन्ततीको प्रवाहको कारण मानिसको वृद्धि हुन्छ र जीवित रूप कायम रहन्छ भन्ने बुद्ध धर्मको कथनलाई वैज्ञानिक विश्लेषणबाट पनि सत्य प्रमाणित गरेको छ ।

आधुनिक जीव विज्ञानका अनुसार जीवाणु कोषहरूका माइटोसिस नामक विभाजन क्रयाबाट निरन्तर रूपमा टुक्रिँदै चौर्रिदै निरन्तर रूपमा नयाँ नयाँ जीव कोषहरूको उत्पन्न हुने र वृद्धि हुने प्रक्रयाबाट नै जीवनको वृद्धि हुने कुरा माथि चर्चा गरिसकिएको छ । किन्तु आनुवंशिक बिज्ञानका अनुसार पुरुष

र स्त्री जातिका जीवाणु कोषहरूबाट आमाको गर्भमा प्रतिसन्धि ग्रहण गर्ने समय अघि पुरुष लैङ्गिक अथवा शुक्रकीट र स्त्री लैङ्गिक अर्थात् डिम्ब कोष बन्नु अघि ती जीवाणु कोषका ४६ केन्द्रिका रेशाहरू भने मिओसिस (Meiosis) को कोष विभाजन क्रयाबाट आधा आधामा विभाजित भई मनोप्लवाइड (Monoploid) बन्दछन् र यसरी मिओसिसको कोष विभाजन क्रयाबाट विभाजित भई बनेका २३ केन्द्रिका रेशा मात्र भएको पुरुष लैङ्गिक र २३ केन्द्रिका रेशा भएको स्त्री लैङ्गिकको सयोग बाट युग्मज (zygote) नामक जीव कोष उत्पत्ति हुँदा भने सो युग्मजमा ४६ केन्द्रिका रेशा वा २३ जोडा नै केन्द्रिका रेशा बन्न पुग्दछन् । ती केन्द्रिका रेशाले आफ्ना विभाजन प्रक्रयामा आफ्नो बनोट र स्वरूपलाई यथावत कायमै राख्दछन् र साथै माइटोसिस द्वारा कोषको निरन्तर विभाजन र वृद्धिको कारणबाट मानिसको जीवनको प्रारम्भ र वृद्धि हुन्छ । यसरी लाखौं कोष विभाजन भई वंशको तन्तु बन्दा पनि यसले आफ्नो वनोटलाई कायमै राखेकै कारणवाट जीवधारी प्राणीहरू र मानव जातिमा आफ्ना सन्ततीमा आमाबाबुकै वंशाणुगत गुण प्रसारण हुन सकेको हो । मानिसको मनोप्लवाइड बन्दा १६,७७७२१६ तरीकावाट कोषका केन्द्रिका रेशाहरूको बितरण हुन सक्ने कुरा पनि प्रजनन-शास्त्रीहरूले अनुमान गरेका छन् । मानव जातिमा पुस्तौं पुस्ता सम्मका सन्तान दर सन्तानमा पनि जिवाणु कोषको केन्द्रिकामा रहने केन्द्रिका रेशाको संख्या २३ नै जोडा अर्थात् ४६ नै कायम रहनुको मूल कारण पनि यही हो ।

जीवधारीमा पाइने रक्त कोष, जीव कोष; केन्द्रिका, केन्द्रिका रेशा, डि. एन. ए. समेतको विस्तृत र गहिरो विश्लेषण, विभाजन र विवेचनाको क्रममा आधुनिक विज्ञानले एउटा ठूलो जीव विज्ञान विषयको आविष्कारकै रूपमा यसरी के कुरा पत्ता लगाएको छ भने जीवाणु कोषहरूका केन्द्रिकाहरूमा रहेका

केन्द्रिका रेशाका डि. एन. ए. मा आमाबुबावाट छोराछोरीमा वंशानुगत गुण प्रसारण गर्ने वंशाणु नामक अति सूक्ष्म जीव तत्व-हरू दशौं हजारको संख्यामा विद्यमान रहेका हुन्छन् । वंशाणु भनेको वस्तु लामो धागोको आकारको सूक्ष्म केन्द्रिका रेशाको एक भागको रूपमा रहेको एकदम झीनो सूक्ष्म धागो जस्तै देखिने जैविक अणु डि. एन. ए. को एक भाग हो । आमाबाट प्राप्त एक वंशाणु र बाबुबाट प्राप्त एक वंशाणु समेत दुई वंशाणु मिली एक जोडा सह-वंशाणु (a pair of allelles of gene) बनेको कारणले कुनै खास वंशानुगत गुण बन्दछ र सूक्ष्म दर्शक यन्त्रद्वारा पनि नदेखिने यही सूक्ष्म रूप पदार्थ वंशाणु नै हरेक प्राणीको वंशानुगत गुण प्रसारण गर्ने इकाइ हो भन्ने कुरा प्रजनन शास्त्री-हरू (Geneticians) ले सिद्ध गरेका छन् । यी वंशाणुहरू बहुत तीव्र गतिमा डबलिंद चौबरिंद निरन्तर रूपबाट आफू समानका रूपहरू तयार गर्दै बृद्धि हुन्छन् र आफू रहेका शरीरका अन्य अग प्रत्यंगहरूलाई पनि निश्चित ढगबाट विकसित हुन मद्दत यिनी-हरूले पुऱ्याउँद छन् ।

मानिसका सन्तती मानिस नै हुनु र आमाबाबुकै स्वरूपमा सन्तती हुनुमा मात्र होइन, मानिसका हात गोडामा ६ औंला हुनु वा नहुनु, जिब्रो दोब्र्याउन सक्नु वा नसक्नु, हातको बूढी औंला पछाडि पट्टि तन्काउन सक्नु वा नसक्नु, कानको लोती जोडिनु वा नजोडिनु, तालु खुइलिनु वा नखुइलिनु आदि जस्ता खास खास वंशानुगत गुणहरू खास खास वंशाणुहरूकै कारण हुन्छन् । त्यसरी नै मानिसको पुड्को हुनु, अग्लो हुनु, मोटो हुनु, दुब्लो हुनु, जेहेन्दार हुनु, बुद्धु हुनु, मधुमेह, क्षयरोग, शारीरिक विकृति जस्ता रोग हुनु वा नहुनुमा ऋतु, आहार र वातावरणको प्रभावको साथसाथै वंशाणुको पनि धेर मात्रामा नियन्त्रण रहेको हुन्छ । प्राय जसो कुनै खास वंशानुगत गुणको निम्ति कम्तीमा बाबुबाट प्राप्त खास एक वंशाणु शुक्रकीटबाट र आमाबाट प्राप्त

खास एक वंशाणु डिम्बबाट गरी एक जोडी वंशाणु प्राप्त हुनु जरुरी हुन्छ। मानिस कालो हुनु वा गोरो हुनु जस्ता कुनै कुनै खास गुणमा भने चार, छ वा आठ वंशाणुले नियन्त्रण गरेका हुन्छन्।

आधुनिक विज्ञान अनात्म दर्शन तिर

केन्द्रिका रेशाको रासायनिक विश्लेषणबाट वंशानुगत गुण प्रसारण गर्ने वंशाणुहरू वास्तवमा डिअक्सिराइबोन्यूक्लिक एसिड नामक एक प्रकारको न्यूक्लिक एसिडबाट बनेको भन्ने कुरा थाहा भएको छ भने केन्द्रिका रेशा स्वयं वंशानुगत गुण बाहक जैविक अणु, डि. एन. ए. र प्रोटिन हुन् भन्ने कुरा ज्ञात भएको छ। यसरी वंशाणुहरू डि. एन. ए. कै अणुहरूबाट बनेका हुन्। डि. एन. ए. भनेको थुप्रै न्यूक्लिओटाइड्स नामक रसायनहरू साथै संलग्न भई मसीनो सूक्ष्म धागोको रूपमा देखिने रसायन हो। न्यूक्लिओटाइड्स नामक रसायन ५ कार्बन परमाणु सहित सुगर (Sugar), फोस्फोरिक एसिड (phosphoric acid) र नाइट्रोजनयुक्त आधार बस्तु (purine or pyrimidine) बाट निर्मित एक प्रकारको योग (Compound) मात्र हो भन्ने कुरा पनि सिद्ध भइसकेको छ।

एक एक जोडो वंशाणुले एउटा एउटा गुण निर्धारण गर्ने कुरा माथि चर्चा गरिसकिएको छ। कहिले काहीं डि. एन. ए. स्वरूपमा परिवर्तन भई वंशाणुमा उत्परिवर्तन (Mutation) हुन सक्छ। यस्तो परिवर्तनको कारणले गर्दा एकै जाति (species) का प्राणीहरूमा पनि सन्ततीका स्वरूपमा भिन्नता आउने गर्दछ।

यसरी आधुनिक विज्ञानले प्राणी मात्रको जीवनको आधार रहेका सूक्ष्म जीवाणु कोषहरू र ती जीवाणु कोषहरूका डि. एन. ए. मा रहने अति सूक्ष्मतर रूप वंशाणु सम्मलाई पहिचान गरी

तिनका उत्पत्तिका विधि, वृद्धिका विधि र जीवनको निरन्तरता कायम रहने विधि सम्वन्धमा विस्तारपूर्वक सूक्ष्म रूपवाट विश्लेषण विवेचना गर्न सफल भएतापनि ती जीवाणु कोष र वंशाणुको उत्पत्तिका हेतु के हुन्, किन जीवकोषहरू माइटोसिस विभाजन क्रियावाट वृद्धि हुन्छन् भने युगमज रूप निर्माण हुनु अघि केन्द्रिका रेशाहरूलाई मिओसिस विभाजन क्रियावाट विभाजित हुन किन कर लाग्दछ भन्ने कुराको उत्तर भेट्टाउन सकेको छैन । यस विषयमा बुद्ध धर्ममा उल्लेख भएको सूक्ष्म विश्लेषणलाई हेरौं ।

बुद्ध धर्मको कथन

बुद्ध धर्मका अनुसार कर्म, चित, ऋतु र आहारका हेतुहरूवाट रूपहरू वन्दछन् । प्राणीको अतीत कर्मको हेतुवाट वर्तमान जीवनका जीव भनिने जीवित रूप, हृदय भनिने हृदय वस्तु रूप, स्त्रीको आकार उत्पत्ति हुनाको हेतु भइरहेको इत्थि भाव रूप, पुरुषको आकार उत्पत्ति हुनाको हेतु भई रहेको पुम्भाव रूपका साथै चक्षु, श्रोत, घ्राण, जिह्वा र कायवाट देख्न सकिने, सुन्न सकिने, सुंघ्न सकिने, रस चाख्न सकिने र स्पर्श ग्रहण गर्न सकिने माध्यम वनेका क्रमशः चक्षु प्रसाद रूप, श्रोत्र प्रसाद रूप, घ्राण प्रसाद रूप, जिह्वा प्रसाद रूप र काय प्रसाद रूपहरू उत्पत्ति हुन्छन् । विभिन्न किसिमका चित्तका हेतुवाट अनेक किसिमका चित्तज रूप कलापहरू, किसिम किसिमका काय-कर्म रूप वचन-कर्म रूप र मन-कर्म रूपहरू उत्पत्ति हुन्छन् । ऋतुको कारणले चतुर्महाभूत धातु चारका रूपवाट अनेक किसिमका ऋतुज कलाप रूपहरू उत्पन्न हुन्छन् भने आहारको कारण चतुर्महाभूत धातु चारका रूपवाट उदर भित्रका आहारज रूप कलाप देखि अनेक किसिमका आहारज रूप कलापहरू उत्पन्न हुन्छन् । कर्मवाट उत्पन्न चतुर्महाभूतका कलाप र चित्तवाट उत्पत्ति भएका चतुर्महाभूतका कलापका वीचमा आकाश धातु

विद्यमान रही आकाश धातुले ती दुई थरीका रूप कलापलाई परिच्छेद गरी छुट्याएका हुन्छन् । यसैले गर्दा एक अर्का कलापको उत्पत्ति र विनाश प्रक्रया पनि एकै समान रहेको हो । (हेर्नोस्- लेखकको पञ्च आलोक पुस्तकको पेज नं. ४३, ५१–६०)। ती रूप सन्ततीको धारा वा प्रवाह अविच्छिन्न रूपबाट जारी भइरहेसम्म मात्र रूपको जीवित भइरहन्छ । एक पटक सो रूप सन्ततीको धारा विनाश भई अवरुद्ध भइ सके पछि पुनर्वार ओषधी वा पथ्य आहार भोजन सेवनबाट मात्र यसलाई पुनर्जीवित गर्न सकिन्न । यसरी बुद्ध धर्ममा आमाको रस धातु वीज र बाबुको रस धातु बीजको संयोगबाट निर्मित सूक्ष्म कलल रूपबाट मानिसको जीवन प्रारम्भ भई बृद्धि हुन्छ र रूप सन्ततीका धारा कायम रहेसम्म जीवित रहन्छ भनी उल्लेख भए सम्मको कुरालाई आधुनिक जीव विज्ञानले पनि भौतिक एवम् रासायनिक विश्लेषण समेतबाट सत्य हो भनी प्रमाणित गर्न सकेको छ । तथापि ती वंशाणु स्वयं निर्माण हुनु पर्ने कारण, वंशानुगत गुण प्रसारण गर्ने कारण, क्रम रहित तरीकाको संयोगबाट पनि छोरा वा छोरीकै रूपमा उत्पत्ति हुनु पर्ने निश्चित कारण, एमिनो एसिडबाट वनेका न्यूक्लिक एसिडमा जीवित रूप सम्भव हुन आउने कारणलाई वैज्ञानिकहरूले पहिल्याउन सकेका छैनन् । बुद्ध धर्मका अनुसार पुद्गलहरूका सञ्चित कर्मका विविधताले गर्दा विभिन्न परिस्थितिमा जन्म हुने र तिनीहरूको स्वरूप र चरित्रमा अनेकता रहेका हुन्छन् भने चित्तका अनेकताले गर्दा पुद्गलहरूका सोचाई, चिन्तन र काम कार्वाहीमा विविधता देखिन्छन् । विभिन्न वंशानुगत गुणहरूको व्याख्यानले मात्र प्राणी मात्रका चरित्र, स्वरूप र सोचाई चिन्तन र काम कार्वाहीका विविधतालाई व्याख्यान गर्न सकिन्न । आधुनिक जीव विज्ञानले पुरूष शुक्रकीटमा हुने २३ जोडा केन्द्रिका रेशा मध्ये २२ जोडा एउटै प्रकारका हुने र बाँकी एक जोडा रेशा मध्ये एउटा अंकुसे प्रकारको रेशा हुने र आर्को छोटो प्रकारको रेशा

हुने तर स्त्री डिम्बकोषमा भने अलि लाम्चा खालका एकै प्रकार-का २३ जोडा केन्द्रिका रेशा हुने हुनाले मिओसिस प्रकृया अन्तर्गत पुरुष लैङ्गिक र स्त्री लैङ्गिकको संयोगबाट युगमज बन्दा शुक्रकीटमा रहेको अंकुशे केन्द्रिका रेशाको संयोगबाट छोरो उत्पत्ति हुने र छोटो प्रकारको केन्द्रिका रेशाको कारणबाट छोरी उत्पत्ति हुने सम्म कुरालाई विश्लेषणबाटै पत्ता लगाए तापनि युगमज बन्दा केन्द्रिका रेशाहरूको संयोग क्रम रहित तरीकाबाट हुने हुंदा सो विज्ञानका अनुसार सम्भाव्यताको सिद्धान्तकै आधारमा मात्र छोरा वा छोरीको निर्धारण हुने कुरा स्पष्ट हुन्छ। बुद्ध धर्मका अनुसार भने छोरो वा छोरी हुने कुरा अतीत कर्मका हेतुबाट पूर्णत: निर्धारित हुन्छन् । भगवान बुद्धले सर्वज्ञ ज्ञानबाट हेरी अतीत कर्मका हेतुले पुम्भाव (पुरुष भाव) रूप र इत्थि भाव (स्त्री भाव) रूपको उत्पत्ति हुने सत्य पत्ता लगाउनु भएको हो । आजका वैज्ञानिकहरू वर्तमान जीवनको भौतिक एवम् रासायनिक विश्लेषण ज्ञान क्षेत्र सम्म मात्र सीमित छन् । भौतिक वा रासायनिक विषय भन्दा बुद्धका गोचर, ध्यानीको ध्यान, कर्मको विपाक र लोक उत्पत्तिको प्रकृया अत्यन्त सूक्ष्म र अत्यन्त जटील भई सामान्य साधकहरूले सम्म पनि अवबोध अनुबोध गर्न नसकिने खालका भएर होला, बुद्ध धर्ममा बुद्ध विषय, ध्यान विषय, कर्म विपाक विषय र लोकका उत्पत्ति विषयलाई अचिन्तनीय र अविचार्य भनी अंगुत्तर निकाय, चतुक्क निपात, अपण्णक वर्ग ७, अचिन्तेय्य सूत्रमा समुल्लेख गरिएको छ ।

मानिसलाई रोगी वा निरोगी बनाउने सूक्ष्मातिसूक्ष्म जिवाणुहरू वैक्टेरिया र भाइरसहरूका स्वरूप, स्वभाव र शक्ति-लाई वैज्ञानिक विश्लेषणको प्रकृयाबाट पनि राम्ररी पहिचान गर्न सकिएको हुंदा केही शताब्दी अघि सम्म मानिसका मृत्युका मुख्य कारण रहेका बिफर, हैजा, विषम ज्वर, जस्ता कतिपय रोगहरू-लाई आज विज्ञानले निर्मूल प्राय: गर्न सफल भइसकेको छ भने

कतिपय ठूला ठूला रोगहरूका निदानको प्रारम्भ भइरहेको छ। आनुवंशिक इन्जिनियरिंगको प्रविधिवाट आज स्व-प्रजनन (In-breeding) र पर-गर्भाधान (cross fertilization) को माध्यमवाट बोट विरूवाको बिउ बीजनका नश्ल सुधार गरी अधिक उत्पादनशील विउ वीजनका उत्पादन र विकास गर्न मात्र सफल भएको होइन कि पशु पंक्षीको जगत्मा पनि आज विज्ञानले स्व-प्रजनन र पर-गर्भाधानका माध्यमवाट नश्ल सुधार गरी उत्पादन वृद्धि गर्ने प्रक्रिया व्यापक रूपमा प्रयोग भइरहेकै छ। आनुवंशिक इन्जिनियरिंगको प्रविधिबाट स्वस्थ मानिसको शरीर कोषवाट इन्सुलिन वंशाणुलाई छुट्याई yeast को कोषमा रहेका डिअक्सिराइवोन्यूल्किक एसिड अर्थात् डि. एन. ए. संग जोडी विकास गरिएको इन्सुलिनको औषधी अमेरिकामा निर्माण भई मधुमेह रोग निको पार्न सो औषधी वजारमा आज ह्यूमुलिनको नाउँवाट विक्री भइरहेको छ। क्यान्सर जस्ता भयानक रोगलाई निर्मूल गर्ने औषधीको निर्माण पनि आज आनुवंशिक इन्जिनियरिंगको प्रविधिबाट मात्र सम्पन्न हुन सक्ने स्थिति देखिएको छ। आज सन्तती सुधार गर्ने, बढी अन्न दिने र रोग नलाग्ने विरूवाको नयाँ जाति निकाल्ने काममा संसार भरमा हजारौं वैज्ञानिकहरू दिलचस्पीका साथ तल्लीन भई कार्यरत छन्। आनुवंशिक इन्जिनियरिंगको प्रविधिबाट सम्बन्धित वंशाणुहरूको सम्मिश्रणबाट कडा से कडा रोगलाई निर्मूल गर्ने औषधी वनाउने, खेतमा रासायनिक मल राख्नु नपर्ने गर्ने, र मानव जातिलाई अत्यावश्यक प्रोटिन र पोषण तत्व बनाउन सक्ने जीवाणुहरू कृत्रिम रूपबाट तयार गर्ने सम्भाव्यताको अध्ययन र अनुसन्धानमा हजारौं विश्वका वैज्ञानिकहरू सक्रियताका साथ संलग्न छन्।

मानिसमा रहेका अनन्त शक्ति अनन्त पुण्य कर्मका फल हुने भएकोले मनुष्य जन्मलाई बुद्ध धर्ममा दुर्लभ जुनी मानिएको छ। भौतिक र रासायनिक ज्ञान मात्र होइन लौकिक र लोकोत्तर

प्रज्ञा ज्ञान समेतलाई लाभ गरी चित्त र चैतसिकहरू जस्ता नाम धातु स्वभावका निरन्तर उत्पत्ति, स्थिति र भङ्ग हुने स्वभाव धर्मका प्रक्रियालाई समेत छुट्याई बुद्ध धर्मका पांचै आलोकलाई समेत लाभ गरी स्वयं निर्वाण धर्मलाई साक्षात्कार गर्न सक्ने क्षमता र सामर्थ्य पनि मानिसमा नै रहेको छ। त्यसैले भगवान बुद्धले "किच्छो मनुस्स पटिलाभो" अर्थात् "मनुष्य जुनीमा जन्म हुनु दुर्लभ छ" भनी भन्नु भएको छ।

बुद्ध धर्मको तुलनामा आधुनिक विज्ञानको स्थिति

आधुनिक विज्ञानको विभिन्न क्षेत्रमा भएका चमत्कारपूर्ण प्रगति निश्चय नै आश्चर्यजनक छ तर यो भन्दा आश्चर्यजनक संयोगको कुरा के छ भने अति सूक्ष्म दर्शक विशिष्ट यन्त्रहरू र जटील सूक्ष्मतर रासायनिक प्रक्रियाको ज्ञानको सहयोग भएर पनि उपर्युक्त वैज्ञानिक ज्ञानको प्रगतिले अझै पनि २५७५ बर्ष अघि भगवान बुद्धले आफ्ना अलौकिक प्रज्ञा ज्ञानद्वारा विश्लेषण विवेचना गरी देखाउनु भएको नाम रूप धर्मको उत्पत्ति, स्थिति र विनाशको केही छेउ सम्म मात्र स्पर्श गर्न आउन सकेको छ। आधुनिक बिज्ञानले भगवान बुद्धले चतुर्महाभूत धातुका उत्पत्ति र विनाश र जीवको उत्पत्ति र बृद्धिको प्रसंगमा भन्नु भएका पदार्थहरू र रूप धातुहरूको उत्पत्ति र तिनका अनित्यता सम्बन्धी केही पक्षलाई वैज्ञानिक खोजबाट प्रमाणित गरे तापनि सम्पूर्ण विषयमा संबृति सत्य र परमार्थ सत्य प्रज्ञप्ति र परमार्थ धर्म स्वभावका साथै नाम धातु स्वभावको उत्पत्ति, स्थिति र विनाश-को विषयमा खोजी गर्ने काम अझै निकै नै बांकी छ। यस विषयमा तल संक्षेपमा केही चर्चा गरिने छ।

बुद्ध धर्ममा उल्लेख भए अनुसार चतुर्महाभूत अर्थात् पृथ्वी, आप, तेज र वायु धातुहरू कर्मबाट उत्पत्ति हुने धातुहरू चार, चित्तबाट उत्पत्ति हुने धातुहरू चार, ऋतुबाट उत्पत्ति हुने धातुहरू चार र आहारबाट उत्पत्ति हुने धातुहरू गरी चार किसिमका

धातुहरू हुन्छन् र भिन्न भिन्न उत्पत्तिका कारण मुताबिक आ-आफ्ना हेतुका कारण ती चार धातुहरू एउटा पिण्ड वा स्कन्धको रूपमा निरन्तर रूपमा उत्पत्ति भइरहन्छन् । कर्मबाट बनेको वा चित्तबाट उत्पत्ति भएका पृथ्वी, आप, तेज र वायु धातुहरूको स्कन्ध वा पिण्डलाई एउटा एउटा कलाप भनिन्छ । कर्मबाट निर्मित चतुर्महाभूतको कलाप र चित्तबाट उत्पत्ति भएका चतुर्महाभूतको कलापको बीचमा आकाश धातु विद्यमान रही आकाश धातुले ती दुई कलापलाई परिच्छेद गरी छुट्याएको हुन्छ ।

साना ठूला संसारका सबै प्रकारका रूपहरू जे जति छन् जुन बस्तुहरूलाई संसार भरि नै विभिन्न प्रकारका बस्तुहरूको नाउँबाट गलत तरीकाबाट ग्रहण गरी धारणा लिई आएका छन् ती सम्पूर्ण रूपहरूको धारणा विषयलाई परमार्थ प्रज्ञा ज्ञानको आधारमा विश्लेषण, विवेचना र परिच्छेद गरी हेरेमा ती बस्तुहरूमा धातुहरूकै राश, धातुहरूकै समूह, धातुहरूकै संग्रह र धातुहरूकै थुप्रा बाहेक केही भेट्टिने छैनन् । (हेर्नोस्- लेखकको पञ्च आलोक पुस्तकको पेज नं. २५)

आधुनिक विज्ञानले प्रत्येक रूप पदार्थको सूक्ष्मातिसूक्ष्म रूप, परमाणुलाई समेत विश्लेषण गरी परमाणु इलेक्ट्रोन, प्रोटन र न्यूट्रन जस्ता विद्युत तरंगहरूबाट बनेका छन् र परमाणुको केन्द्रिका र इलेक्ट्रनका कक्ष बीचमा शून्य स्थान आकाश हुन्छ भन्ने कुरा प्रमाणित गर्दै बुद्ध धर्मको रूप पदार्थको परिभाषा संग समीप हुने परिभाषा गरेको पाइन्छ । तापनि बुद्ध धर्ममा भनिए अनुसार कर्म, चित्त, ऋतु, आहार मध्ये कुनै पनि एकबाट उत्पत्ति हुने चतुर्महाभूत मध्येको रूप कलाप कुनै एकमा एक चतुर्महाभूत प्रधानको रूपमा रहे पनि अन्य तीन महाभूतका गुणहरू पनि विद्यमान हुन्छन् भन्ने कुरा सम्म जसरी सूक्ष्म रूपबाट परिभाषित भएको छ त्यस हदसम्म आधुनिक भौतिक शास्त्रले पनि रूप पदार्थको विश्लेषणबाट परिभाषित गर्न सकेको देखिन्न ।

यसबाट भौतिक ज्ञान र प्रज्ञा ज्ञानको प्रतिवेध शक्तिमा अझै फरक रहिआएको स्पष्ट देखिन्छ ।

बुद्ध धर्मका अनुसार आमाको गर्भमा प्रतिसन्धि लिने सत्वहरू तीन बीजहरूबाट वृद्धि हुन्छन्-पहिलेका पूर्वजन्मका बीज-१, आमाको रस धातुको बीज-१ र पिताको रस धातुको बीज-१। उपर्युक्त तीन बीज रूपी हेतुका कारणले कलल रूपको सूक्ष्म रूपबाट मानिसको जीवन शुरूबाट भई कर्म, चित्त, ऋतु र आहारको कारणले नाम र रूपको निरन्तर उत्पत्ति र वृद्धि भई पूर्ण रूपमा विकसित हुन्छ । नाम रूपमा पृथ्वी, आप, तेज, वायु, आकाश नामक रूप धातु पाँचमा कर्म चित्त ऋतु आहार नामक हेतु धर्म चार, विज्ञान नामक नाम धातु एक र वत्थु (वस्तु) र आरम्मण (आलम्बन) भन्ने हेतु २ गरी ६ धातुहरूका हेतु धर्म ६ समावेश हुन्छन् । क्षण क्षणमै परिवर्तन हुंदै उत्पत्ति स्थिति र विनाशको रूपबाट नित्य प्रवाह मात्रका रूपमा रहेका यी नाम रूपको प्रवाह नै जीवन हुंदा जीवन र जीवनका सम्पूर्ण अंग प्रत्यंगहरू अनित्य छन् ।

जीव विज्ञानको क्षेत्रमा भएको आधुनिक विकासले जीवधारीका जीवाणुकोष, तिनका केन्द्रिका र केन्द्रिका रेशाहरू, ती रेशाका जैविक अणु, डि. एन. ए. र वंशाणुको विश्लेषणबाट शुक्रकीट र डिम्बकोषको संयोगबाट आमा र बाबु दुवैबाट प्राप्त हुने वंशाणु समेत भई बनेको युग्मज कोषबाट मानव जीवनको शुरू हुन्छ र प्राणीको जीवनको मूल आधारका रूपमा रहेका जीवाणु कोषको वंशाणु वास्तवमा डि. एन. ए. र आर. एन. ए. नामक न्यूक्लिक एसिडबाट बनेका हुन्छन् ती न्यूक्लिक एसिडका आधार एमिनो एसिड २० प्रकारका हुन्छन् भनी पत्ता लगाएबाट बुद्ध धर्ममा उल्लेख भएको आमाको रस धातु बीज र बाबुको रस धातु बीजबाट कलल नामक सूक्ष्म रूपको उत्पत्ति हुने कुरा सम्मलाई वैज्ञानिक विश्लेषणबाटै प्रमाणित गरेको पाइन्छ

भने डि. एन. ए. बास्तवमा न्यूक्लिओटाइड्स नामक रसायन मात्र हो र ती न्यूक्लिओटाइड्स नामक रसायन बास्तवमा ५ कार्बन परमाणु सहित सुगर, फोस्फोरिक एसिड र नाइट्रोजन युक्त आधार वस्तुबाट निमित एक प्रकारको योग (Compound) मात्र हो भन्ने कुरालाई सिद्ध गरेबाट बुद्ध धर्ममा भनिए अनुसार नाम रूपबाट मानिसको देह पञ्चस्कन्धलाई फारी फारी केलाई हेरेमा नाम रूप धर्ममा परमाणु प्रमाण पनि कुनै सारभूत ठोसभूत नित्य र अपरिवर्तनशील बस्तु भन्ने केही पाइने छैन भन्ने कथनलाई वैज्ञानिक अनुसन्धानबाट नै प्रमाणित गर्न खोजेको प्रष्ट देखिन्छ । बुद्ध धर्मका अनुसार प्राणी मात्रका अंग प्रत्यंगहरू-का बारेमा सूक्ष्मातिसूक्ष्म रूपबाट विश्लेषण गरेर हेरेर लगेमा प्राणी मात्रमा पञ्चस्कन्धको प्रक्रियादेखि भिन्न केही ठोसभूत बस्तु-लाई फेला पार्न सकिन्न । बास्तवमा जीव मात्रको विश्लेषणमा पाइने कुरा नै रूप स्कन्ध, वेदना स्कन्ध, संज्ञा स्कन्ध, संस्कार स्कन्ध र विज्ञान स्कन्ध नामक पञ्च स्कन्धका समूह मात्र हुन् र यो सबै धर्महरू पल पलमै परिवर्तन भई अनित्यताका शिकार छन् । पुद्गलको बनोटमा स्कन्धहरूको समूह जो छ यसमा कुनै ठोस तत्व, स्थीर तत्व भनेको केही हुन्न । जुन पञ्च स्कन्ध स्वयं अनित्य छन्, क्षण क्षण पल पलमै परिवर्तनशील छन् र एक घडीबाट अर्को घडी सम्म पनि जुन कुराले आफ्नो साविकको स्वरूपलाई संरक्षण गर्दैन भने त्यस्ता कुरा अवश्यमेव अनात्मा हुनु पर्दछ भन्ने कुरा पनि स्वतः स्पष्ट हुन्छ । बुद्ध धर्मको तेश्रो आधारशीला यही अनत्तवाद वा अनात्मावाद हो । आजको वैज्ञानिकको अगाडि अझै यस संसारमा थुप्रा र महत्वपूर्ण रहस्य-हरू बाँकी छन् जुन कुराको यथार्थतः वैज्ञानिक विश्लेषण हुन सकेको छैन । जन्म र मृत्युकै सर्वसामान्य घटना चक्रलाई लिउँ । यो सामान्य भइकन पनि आदिकालदेखि समाधान खोज्दै आएको कठोनतम प्रश्न मध्येको समस्या हो । मानिस वा प्राणी किन कहिले कसरी जन्मिन्छन् किन कहिले कसरी मर्दछन्, मृत्यु पछि

जन्म हुन्छ कि हुन्न, जन्म हुने भएमा कहाँ कुन लोकमा कहिले पुनर्जन्म ग्रहण गर्छन्, मृत्युवाट बच्ने उपाय छ कि छैन भन्ने कुराको जवाफ फेला पार्न सकिने आधार सम्म पनि हालसम्म विज्ञानले फेला पार्न सकेको छैन। त्यसैले वैज्ञानिकको लागि स्वयं मानिस नै अझै रहस्यको विषय रहेको छ। संसार पनि अझै रहस्यकै विषय छ।

आधुनिक विज्ञानको भौतिक शास्त्रीय र रसायन शास्त्रीय विकासले रूप पदार्थलाई सूक्ष्मातिसूक्ष्म रूपको परमाणु, इलेक्ट्रन, प्रोटन र न्यूट्रनको विद्युत तरंग स्वभाव सम्मको अस्थीर प्रवाह सम्ममा विश्लेषण र विभाजन गर्न सफल भए पनि र जीव विज्ञानको क्षेत्रमा भएको प्रगतिले जीवधारीका जीवाणुकोषमा रहेका केन्द्रिका, केन्द्रिका रेशा, जैविक अणु डि. एन. ए. र वंशाणु सम्मलाई पहिचान गरी तिनका माइटोसिस र मिओसिसको प्रकृया सम्मलाई विश्लेषण गर्न सफल भए तापनि जीव अर्थात् नाम रूपको मूल हेतु मध्येका हेतु-कर्म र तिनका विपाक र कर्म-बाट उत्पत्ति हुने नाम रूपको वास्तविक स्वरूप सम्बन्धमा वैज्ञा-निकले सत्य कुरा सबै अझै पत्ता लगाउन नसकेको हुंदा आजका भौतिकवादी वैज्ञानिकहरू बुद्ध धर्मको भाषा अनुसार कर्म सम्मोहमै डुबेकै छन्। तसर्थ उनीहरू पञ्च आलोक मध्येका कर्म शक्यता ज्ञान आलोकवाट सर्वथा दुरीमै रहेका प्रतीत हुन्छन्। "सब्बेसत्ता कम्मसका ...." को धर्मलाई यथार्थ रूपमा नबुझेका भौतिकवादी वैज्ञानिकहरू संसारको उत्पत्ति र विनाश-को सम्पूर्ण इतिहासलाई भौगोलिक र भूगर्भिक अध्ययनवाट नै पत्ता लगाउने अठोटमा छन् भने कर्म र तिनका विपाकको अचिन्तनीय स्वरूपलाई नबुझेकै कारणले वैज्ञानिक विकासको आधारमा मानिसको जीवन सुखी र सुसमृद्ध र शान्तिमय र आनन्ददायक वनाउने प्रयासमा संलग्न छन्। हो विज्ञानले आज मानव जातिलाई यस अघि कहिल्यै उपभोग गरे भन्दा बढी

प्राकृतिक नियम माथिको नियन्त्रण, शक्ति र अधिकार प्रदान गरेको छ। यसले सांसारिक प्राणीहरूको दुःख र हैरानीलाई केही हदसम्म राहत प्रदान गरेको पनि छ। किन्तु वर्तमान भौतिक उन्नतिको इतिहासले पनि यस तथ्यलाई स्पष्ट रूपमा संकेत गरिसकेको छ कि भौतिक उपायहरूकै अनुशरणबाट मानव जातिको लागि यस पृथ्वीलाई स्वर्गमा परिणत गर्न सकिन्छ भनी चिन्तन गर्ने भ्रममा मानिसले पर्नु मुनासिव हुन्न। किनभने बढ्दो वैज्ञानिक विकासको फल स्वरूप पनि आज मानिस जीवनबाट भय, त्रास, दुःख, दर्द र खतरा हट्दै जानको बदलामा मानिसहरू आज अनेक किसिमका युद्ध र अशान्तिको भय अन्तरायादि खतराहरूबाट बढ्दो मात्रामा सन्त्रस्त भई अनिश्चितताको वातावरणमा बाँचिरहनु परेका छन्। भगवान बुद्धले अप्रमादी भई निर्वाण धर्मलाई नै साक्षात्कार गर्ने प्रयास गर्न सम्पूर्ण लोक जनलाई आह्वान गर्नु भएको कारण पनि त्यसैले होला। बुद्ध धर्मले बुद्धका गोचरहरू, ध्यानी जनको ध्यान विषय, कर्म विपाक र लोकको उत्पत्ति विषयलाई अविचार्य अचिन्तनीय ठह-याई लोकको उत्पत्ति विषयलाई वैज्ञानिक अध्ययनबाट पत्ता लगाउने कार्यलाई होइन, अपितु सम्पूर्ण संस्कार धर्म जति अनित्य, दुःख र अनात्मा हुन् भन्ने परमार्थ सत्यलाई बुझी अप्रमादी भई निर्वाण धर्म साक्षात्कार गर्ने काममा लाग्ने प्रेरणा प्रदान गरेको पाइन्छ। आधुनिक विज्ञानले भौतिक र रासायनिक विश्लेषणको आधारमा रूप धातु पदार्थहरू वास्तवमा सूक्ष्मातिसूक्ष्म रूपमा परमाणु र सो अन्तर्गतका इलेक्ट्रन, प्रोटन र न्यूट्रन जस्ता अस्थीर तत्वहरूको क्रमरहित संयोग र प्रवाह मात्र हुन् र जीवधारी प्राणीका जीवाणु कोषहरू पनि नित्य उत्पत्ति हुंदै विनाश भइरहेका अनित्य कुराकै संयोग र प्रवाह मात्र हुन् भनी पहिचान गरे पनि आधुनिक विज्ञानले सम्पूर्ण जड र जीवित रूपलाई यथार्थ रूपमा नाम रूप धर्म स्वभाव मात्र हुन् भनी ठोकुवा गरी नसकेकोले बुद्ध धर्ममा उल्लेख भए बमोजिमका संज्ञा विपल्लास, चित्त

विपल्लास र दृष्टि विपल्लासबाट भौतिकवादी वैज्ञानिक र तिनका अनुयायीहरू अभिमुक्त हुन सकेका छैनन् । फलस्वरूप आधुनिक विज्ञानको नजरबाट कर्म, चित्त, ऋतु, आहारबाट बनेका ६ धातुहरूको परमार्थ धर्म स्वभावलाई अझै राम्ररी चिन्न जान्न नसकिएको अवस्था बाँकी रहंदा आधुनिक विज्ञानले धर्म व्यवस्थान ज्ञान र प्रत्यय परिग्रह ज्ञान आलोकलाई आफ्नो ज्ञान क्षेत्र भित्र अझै समावेश गर्न सकेको देखिन्न । विज्ञानले आफ्नो विकासको क्रममा रूप धातु पदार्थ र जीवित रूपको अनित्यतालाई वैज्ञानिक विश्लेषणबाट प्रमाणित गरेको देखिए पनि परमार्थ नाम धातु स्वभाव सहितको नाम रूप धर्मको त्रि-लक्षण गुण धर्मलाई यथाभूत रूपबाट जान्न बुझ्न सकिने ज्ञानको विकास गरिसकेको नदेखिंदा बुद्ध धर्ममा उल्लेख गरिएको लक्षण सम्मोहबाट पनि आधुनिक वैज्ञानिक विमुक्त रहन सक्ने देखिन्न । कर्म शक्यता ज्ञान आलोक, धर्म व्यवस्थान ज्ञान आलोक, प्रत्यय परिग्रह ज्ञान आलोक र लक्षण प्रतिवेध ज्ञान आलोकको लाभ नभई निर्वाण सम्मोहको विनाश हुन नसक्ने कुरा बुद्ध धर्ममा उल्लेखित छ ।

आधुनिक विज्ञान भन्दा परको आलोक पञ्च आलोक

तसर्थ अग्गमहापण्डित डा. लेडि सयादोको कथनानुसार लौकिक मार्ग (भौतिक मार्ग) को . . . अनुशरणले लौकिक ज्ञान (प्रज्ञप्ति) को मात्र लाभ हुनेछ । बीचको मार्ग (अर्थात् मध्यम स्तर) को मार्गको अनुशरण गरी चतुर्महाभूतको अध्ययन, मनन, चिन्तन गर्दै गई पूर्णताको हदसम्म पुग्न सकिने हो भने प्राचीन ऋषि मुनिहरू र आधुनिक वैज्ञानिकहरूले लाभ गरे जस्तै अनेक औषधीहरू, अनेक यन्त्रहरू, धातुका अनेक भौतिक एवम् रासायनिक तत्वहरू बारेमा राम्रो ज्ञान प्राप्त हुने छ ।" निर्वाण धर्मलाई लाभ गर्नु छ भने बुद्ध धर्ममा उल्लेख भए अनुसारका पांच आलोकलाई नै प्राप्त गर्न सक्नु पर्दछ ।

अलिन चर्याँ अर्थात् पञ्च आलोक नामक अभिधर्म सम्बन्धी गम्भीर पुस्तकमा लेखक अग्गमहापण्डित डा. लेडि सयादोको नामबाट सुप्रशिद्ध विशिष्ट बौद्ध विद्वान् भिक्षु ञाण महास्थविरले स्थविरवादी बुद्ध धर्मका अभि धर्म पक्षीय गम्भीर धर्म दर्शनलाई व्याख्या गर्ने क्रममा कम्म सम्मोह, धम्म सम्मोह, पच्चय सम्मोह, लक्खन सम्मोह र निब्बान सम्मोह जस्ता पांच सम्मोह-बाट मानव जीवनमा हुने दोषहरू र कर्म शक्यता ज्ञान, धर्म व्यवस्थान ज्ञान, प्रत्यय व्यवस्थान ज्ञान, लक्षण प्रतिवेध ज्ञान र निर्वाण प्रतिबेध ज्ञान जस्ता पांच आलोकबाट प्राप्त हुने अमूल्य उपलब्धिलाई विस्तारपूर्वक चर्चा गर्नु भएको पाइएकोले बुद्ध धर्मको महत्व बुझ्न सो पुस्तक एकदम उपयोगी छ। कर्म सम्मोह र कर्म शक्यता ज्ञानको चर्चा गर्दै सो पुस्तकमा यस संसारमा सम्पूर्ण मिथ्या दृष्टि नै कर्म सम्मोहबाट उत्पन्न हुने हुंदा यो कर्म सम्मोह अति भयावह कुरा हो भन्ने कुरा देखाइएको छ भने आदि रहित भवचक्रमा रूमल्लिरहेका प्राणीहरूका लागि कर्म शक्यता ज्ञान आलोक नै मात्र शरण स्थान हो भन्ने कुरा पनि प्रष्ट पार्न खोजिएको छ। नाम रूप सम्बन्धमा पृथ्वी धातु, आप धातु, तेज धातु, वायु धातु, आकाश धातु र विज्ञान धातु सहितका ६ धातुहरूका विषयमा प्रज्ञा लाभ भए पछि मात्र धर्म सम्मोहको निरोध भई धर्म व्यवस्थान ज्ञान आलोक प्राप्त हुने कुरा सविस्तार उपमा सहित उल्लेख गरिएको छ (हेर्नोस्- पञ्च आलोकको पेज नं. २०-५०) भने प्रत्यय सम्मोह अन्धकारबाट कारक दृष्टि र वेदक दृष्टिको उत्पत्ति हुने विषयलाई विवेचना गर्दै पृथ्वी, आप, तेज, वायु, आकाश नामक रूप धातु ५ मा कर्म, चित्त, ऋतु, आहार नामक हेतु धर्म ४, विज्ञान भन्ने नाम धातु १ र वत्थु र आरम्मण भन्ने हेतु धर्म १ गरी यो ६ धातुहरूका हेतु धर्म ६ का विषयमा ज्ञान आलोक प्राप्त भएमा मात्र प्रत्यय परिग्रह ज्ञान आलोक प्राप्त हुने कुरामा प्रकाश पारिएको पाइन्छ। सो पुस्तकमा नाम रूपका अनित्यता, दुःख र अनात्मा जस्ता त्रि

लक्षणहरू विषयमा नजानिनु लक्षण सम्मोह हो भनिएको छ भने चतुर्महाभूत धातु चार, आकाश धातु एक र विज्ञान धातु एक समेत जम्मा धातु ६ को उत्पत्ति र विनाशलाई पानीको फिंजको उपमा समान निरन्तर रूपबाट जाति, मरण, अनित्यलाई विपश्यना ज्ञानबाट हेरी जान्न सकिएमा मात्र लक्षण त्रय प्रतिवेध ज्ञान आलोक प्राप्त हुने कुरालाई सविस्तार उपमा र उदाहरण सहित बिवेचना गरिएको पाइन्छ। बुद्ध धर्ममा पांचौं सम्मोह र पांचौं आलोकको रूपमा रहेका निर्वाण सम्मोह र निर्वाण प्रतिवेध ज्ञान आलोकका विषयमा पनि सो पुस्तकमा संक्षेपमा चर्चा गरिएको पाइन्छ। असंखत धातु स्वभाव निर्वाणलाई शब्दबाट व्याख्यान गर्नु कठिन हुने कुरा मात्र होइन, स्वयं प्रज्ञाको विकास नगरी यस विषयलाई राम्ररी बुझ्न पनि सकिन्न। तसर्थ निर्वाणलाई यथार्थ रूपमा अववोध गर्न अध्ययन भन्दा बढी अभ्यासमा नै जोड गर्नु फलदायी हुन्छ। बरू सो पुस्तकको भाग ३ मा अनत्तानिसंसको चर्चा गर्दै सत्काय दृष्टि नै सम्पूर्ण अकुशल धर्मको मूल कसरी हुन आउँछ भन्ने विषयमा व्याख्यान गरिएको छ र सत्काय दृष्टिको कारणले गर्दा अकुशल विपाकहरू पैदा हुन वाध्य हुन्छन्। सत्काय दृष्टि विद्यमान रहुन्जेल सम्म देवलोक ब्रह्मलोक जस्ता लोकमा पुनर्जन्म ग्रहण गर्नेले पनि पुन: चार अपाय लोकमा जन्म ग्रहण गर्न जान सकिने सम्भाब्यता लिएरै जीवन यापन गर्न वाध्य हुने कुरामा सविस्तार प्रकाश गरिएको पाइन्छ।

बुद्ध धर्मकोमहत्तालाई बुझ्न अभिधर्मको नै अध्ययन र अभ्यास को बढी खाँचो पर्दछ। बुद्ध धर्मको अभिधर्म विषय भने अपेक्षाकृत बडी कठीन, सूक्ष्म र जटील देखिन्छ। सामान्य पाठकको निम्ति आवश्यक हुने सरल र सरस शैली अभिधर्ममा भेट्टाउन गाह्रो हुन्छ। तसर्थ अभिधर्मको रसा-स्वादन गर्न धैर्यपूर्वक अध्ययन गर्ने समय, प्रज्ञा र उत्साहको मांग हुनु अपेक्षित हुन्छ। अभिधर्मको अध्ययनबाट थाहा हुन्छ वौद्ध दर्शन वास्तवमा हेतुवाद कर्मवादमा आधारित छ र आधुनिक विज्ञानके सदृश विभज्जवाद यसको मूल

विश्लेषणको तरीका हो। बौद्ध ग्रन्थको अध्ययन, मनन र विश्लेषणबाट सिद्ध हुन्छ कि जहांसम्म धर्म र सत्यको प्रश्न छ शाक्यमुनि बुद्ध वास्तवमा क्रान्तिकारी रूपमा यर्थार्थबादी, कर्मवादी हेतुवादी र विभज्जवादी हुनुहुन्छ।

उप संहार

बुद्ध धर्ममा उपलब्ध अभिधर्म पक्षीय ज्ञान आलोक र आधुनिक विज्ञानबाट उपलब्ध लौकिक ज्ञानको सर्सरति मात्र पनि यसरी तुलना गर्दा के पाइन्छ भने २५७५ बर्ष अघि भगवान बुद्धले प्रतिपादन गर्नु भएका धर्म र दर्शनका कतिपय सत्य एवम् तथ्यलाई आधुनिक विज्ञानले गणित सूक्ष्मातिसूक्ष्म दर्शक विशिष्ट यन्त्रहरू र रासायनिक साधनहरूको सहयोगबाट भर्खर भर्खरै भने झैं पुनः पत्ता लगाउन थालेको छ। किन्तु आजको विज्ञानले बुद्ध धर्ममा सविस्तार विश्लेषणात्मक तरीकाबाट नाम रूप धर्मको विभाजन र पहिचान गरिए झैं पहिचान गर्ने काममा लाग्ने हो भने यसले अझै पनि यस दिशामा निकै समय, साधन र बुद्धिको लगानी गर्नु पर्ने छ र यस्तो क्षेत्र प्रशस्त नै बांकी रहेको देखिन्छ।

समाधिको माध्यमद्वारा उच्चस्तरको लोकोत्तर प्रज्ञा ज्ञानबाट मात्र पहिचान र अवबोध गर्न सकिने सूक्ष्मातिसूक्ष्म नाम धर्म स्वभावहरूको पहिचान मात्र पनि लौकिक ज्ञान क्षेत्रको लागि अति नै कठीन मानिन्छ भने भौतिक ज्ञान कै माध्यमद्वारा सम्पूर्ण नाम रूप धर्म स्वभावलाई यथार्थ रूपमा अवबोध हुने गरी विश्लेषण विभाजन र पहिचान गर्नु कहाँ सम्म सम्भव हुन्छ र कहिले सम्ममा सम्पूर्ण संस्कारलाई समूल नश्ट गरी निर्वाण धर्म लाभ गर्न सकिने मार्गको अस्तित्वको पहिचान वैज्ञानिक पद्धतिको अनुशरणबाट विज्ञानले गर्न सकिने हो भन्ने प्रश्न आधुनिक वैज्ञानिकहरूको लागि ठूलो हांकको रूपमा रहि नै रहेको र रहि नै रहने सम्भावना छ। बहुसंख्यक शान्ति कामी धार्मिक जनका लागि त भौतिक सुख सुविधाले मात्र सांच्चिकैको सुख

शान्ति लाभ हुन सक्तछ र त्यसबाट चिरस्थायी मानव हित र विश्व कल्याण सम्भव हुन्छ भन्ने धारणालाई त्यागी सही आध्यात्मिक मार्गको समुचित आचरण र अभ्यास कार्यमा सतत: प्रयत्नशील रही मनुष्य जुनीको दुर्लभ समयलाई चांडो से चांडो वास्तविक सुख शान्ति उपशमको लाभ गर्ने दिशामा अप्रमादिपूर्वक उपयोग गर्नु गराउनु नै श्रेयष्कर हुन्छ, धर्मको संकेत, प्रेरणा र प्रोत्साहन यसै तिर देखिन्छ । अस्तु ।

बुद्धोपदेशको सार

सब्ब पापस्स अकरणं कुसलस्स उपसम्पदा ।
सचित परियोदपनं एतं बुद्धानुसासनं ।।

अर्थ

कुनै पनि प्रकारको पाप नगर्नु, कुशल कर्म मात्र सम्पादनगर्नु, आपनो चित्तलाई सदैव परिशुद्ध राख्नु, यही नै बुद्धहरूको उपदेशहो ।

बुद्ध धर्मको सिद्धान्त

य धम्मा हेतुप्पभवा, तेसं हेतु तथागतो आह ।
तेसंच यो निरोधो, एवम् वादी महासमणो ।।

अर्थ

हेतुद्वारा उत्पत्ति भएका जति पनि धर्महरू छन्, तिनको हेतु तथागतले बताउनु भएको छ । ती सबका निरोध बारेमा पनि तथागतले उपदेश दिनु भएको छ । यही तथागतको धर्म हो ।

बुद्धका अन्तीम वचन

हन्ददानी भिक्खवे, आमन्तयामी वो, वयधम्मा संखारा, अप्पमादेन सम्पादेथ ।

अर्थ

हे भिक्षुहरू ! तिमीहरूलाई आमन्त्रण गर्दैछु । कर्म, चित्त, ऋतु र आहारवाट उत्पत्ति भएका सम्पूर्ण संस्कार धर्म जति नाशवान छन् । तसर्थ अप्रमादी भई राम्ररी (निर्वाण प्राप्त हुने गरी) जीवनको लक्ष सम्पादन गर ।

निब्बानस्स पच्चयो होतु ।

शुद्धिपत्र

क्र.सं.	पाना नं.	हरफ	अशुद्ध	शुद्ध
१	४	१५	धर्न ले	धर्मले
२	४	१६	निर्भता को	निर्भरताको
३	६	१७	रहि न रहेको	रहि नै रहेको
४	६	२०	उादेश	उपदेश
५	१३	१८	जगल	जंगल
६	१५	१५	सा	सो
७	१७	२१	मागले	मार्गले
८	२०	८	यस्यो	यस्तो
९	२२	७	दशन	दर्शन
१०	२३	४	असख्य	असंख्य
११	२५	७	दुद्धले	बुद्धले
१२	२५	१५	निलज्जताका	निर्लज्जताका
१३	३२	११	भर पर्नु	भर पर्नु पर्ने
१४	३२	१२	मोलिक	मौलिक
१५	३४	७	न	नै
१६	३४	९	ने	नै
१७	३५	१	अवश्यसेव	अवश्यमेव
१८	३५	२८	कमान्तको	कर्मान्तको
१९	३६	२१	रूपपा	रूपमा
२०	३७	२४	घाषित	घोषित
२१	४३	२१	निस्ति	निम्ति
२२	४६	४	नेतिवता को	नैतिकताको
२३	४८	१	वैज्ञानिव लाई	वैज्ञानिकलाई
२४	५१	२१	विल्लेषणमा	विश्लेषणमा
२५	५६	५	बर	घर
२६	५७	१६	वतै	कतै
२७	५७	२६	संसगं	संसर्ग

क्र.सं.	पाना नं.	हरफ	अशुद्ध	शुद्ध
२८	५९	२७	प्रकाशक	प्रकाशको
२८ क	६२	१० र २१	जवनहरूले	चित्तहरूले
२९	६४	१७	ससग	संसर्ग
३०	६७	१६	वसवित्त	वसवत्ति
३० क	६८	२८	संस्वेदज	जरायुज
३१	७२	८	वााउने	बनाउने
३२	७२	१२	स्पश	स्पर्श
३३	७२	२१	हुदंनन्	हुदैनन्
३४	७५	१	युग्दा	पुग्दा
३५	७६	७	अबस्थमा	अवस्थामा
३५ क	७६	१८	संस्वेदज	जरायुज
३६	७७	१३	अफै	आफैं
३७	८०	१२	पुनजन्म	पुनर्जन्म
३८	८१	१६	मानिलले	मानिसले
३९	८१	१८	आजन	आर्जन
४०	८८	५	न	नै
४१	९१	२४	विाश्यनाको	विपश्यनाको
४२	९१	२७	दोहर	देह र
४३	१००	१५	धम	धर्म
४४	१०३	८	वियोग	सयोग
४५	१०९	३	दर्शनमा	दर्शनको
४६	११७	११	कम	कर्म
४७	१२६	१६	सौय	सौर्य
४८	१२८	१	गतिशाल	गतिशील
४९	१२९	१९	अश	अंश
५०	१३३	३६	धर	धरं
५१	१३८	२६	पुायवर्मका पल	पुण्य कर्मका फल
५२	१३९	१३	२५७५	३५७६
५३	१४२	४	निमित	निर्मित

सि.नं.	पाना नं.	हरफ	अशुद्ध	शुद्ध
५४	१४८	८	२५७५	२५७६
५५	ख	११	परिप्कृत्त	परिष्कृत
५६	छ	८	विपस्सन्नो	विप्पसन्नो
५७	छ	९	सलो न	सुत्वान
५८	क	३	वतै	कतै
५९	क	५	भावबबोधक	भावाबबोधक
६०	क	१३	पूण	पूर्ण
६१	क	१८	सुप्रतिप्टित	सुप्रतिष्ठित
६२	ड	२	स ाने	सक्ने
६३	त	८	लेखवको	लेखकको
६४	त	२२	“दि प्रिन्सिपल्स अफ बुद्धिज्म: थ्योरो बुद्धिज्म”	एण्ड प्राक्टिस
६५	न	१५	आवौ	आदौ
६६	फ	१२	विद्वन्	विद्वान्
६७	भ	१०	सञ्ञाय	सग्गाय

1061/Acc. 9069

लेखक परिचय

सम्पादक – श्री आर. बि. वन्द्य ।

शिक्षा – एम. ए. (अर्थशास्त्र) ।

अतिरिक्त रूची – साहित्य र धर्म दर्शनको सेवा ।

साहित्य – विभिन्न मासिक पत्रिकाहरूमा साहित्यिक रचनाहरू प्रकाशित ।

धर्म र दर्शन – हाल सम्ममा बुद्ध धर्म विषयका नौ वटा पुस्तक प्रकाशित ।

भ्रमग – भारत, चोन, श्रीलंका, माल्दीभ्स, थाइल्याण्ड, फिलिपिन्स, सिंगापुर, हङकङ्ग, अष्ट्रेलिया, पपुआ न्यूगिनी, इटाली, संयुक्त अधिराज्य, फ्रान्स, इराक, युगोस्लाभिया आदि ।

मान पदवी र प्रशंसा पत्र – प्रवल गोरखा दक्षिण वाहुबाट विभूषित । नेपाल बौद्ध परियत्ति शिक्षाबाट प्रशंसा पत्र र फिलिपिन्स वागियोको 'वाइज मेन्स क्लव' बाट प्रथम मानार्थ सदस्यता प्रदान ।

धार्मिक संघ संस्थाको सदस्यता – श्री शाक्य सिंह महाविहार, थैना, ललितपुर, श्री सुमंगल विहार, ललितपुर र श्री नगर मण्डप श्री कीर्ति महाविहार, कीर्तिपुर, काठमाडौंका आजीवन सदस्य ।

धार्मिक दृष्टिकोण– उदारवादी आर्य मार्गको उदार अवलम्वन र अनुशरणबाट व्यक्तिगत हित सुख मङ्गलका साथै विश्व शान्ति प्राप्तिमा सकारात्मक योगदान पुग्ने विश्वास ।

खास्तीमान शाक्य
सम्पादक "द स्क्रिप्ट"